# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

बखतबहादुर थापाको जन्म २०२२ साल माघ २९ गते मध्यपश्चिम भेरी अञ्चल दैलेख जिल्लाको दुल्लु भेगमा पर्ने गमौडी ८ राजाकाँध गाउँको सामान्य परिवारमा भएको हो । बाबु मोतीराम थापा र आमा विस्ना थापाका छोराका रूपमा जन्मिएका बखतबहादुर थापाले प्रवेशिकासम्मको औपचारिक अध्ययन गरेका छन् । अनौपचारिक शिक्षाको रूपमा कम्प्युटर सम्बन्धी अध्ययन गरेर कम्प्युटर प्राविधिक बनेका छन् । थापाले साहित्य सिर्जनामा पचासको दसकको उत्तरार्द्धदेखि कलम चलाउन थालेका हुन् । साहित्यकार थापाले सर्वप्रथम २०५५ सालमा **ज्वाला सन्देश** पत्रिकामा **दैलेख** शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्य क्षेत्रमा लागेका हुन् । नेपाली साहित्यमा कविता लेखनबाट प्रवेश गरेका बखतबहादुर थापा आख्यानकारका रूपमा परिचित छन् । आख्यानका क्षेत्रमा सक्रिय थापाका **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४) र **जङ्गे** (२०७१) शीर्षकका चार उपन्यास तथा **आघात** (२०६२) र **कम्प्युटर आतङ्क** (२०६९) कथा सङ्ग्रह प्रकाशित छन् । फुटकर रूपमा कविता, नियात्रा, निबन्ध लेखे पनि थापाको विशेष योगदान भने आख्यान विधामा नै रहेको पाइन्छ ।

बखतबहादुर थापा नेपाली साहित्यको उत्तरार्द्ध चरणको नवचेतनावादी अनि उत्तरआधुनिकतावादी कालमा आख्यान विधामा उदाएका साहित्यकार हुन् । आख्यानकार थापाका कथा, उपन्यासले सामाजिक यथार्थवादी प्रवृत्तिलाई अङ्गालेका छन् । यिनका उपन्यासहरूमा गरिबी तथा बेरोजगारीका कारण विदेसिन बाध्य नेपाली युवाहरूको दयनीय स्थिति, नेपालको दुर्गम स्थानका मानिसहरूले भोगेका दुःख पीडा, गरिबले चाहेजति शिक्षा हासिल गर्न नसक्ने अवस्था, विदेशमा नेपालीले भोगेका विविध समस्या, भाषाको कारणबाट पाईने दुःख पीडा, यसबाट उत्पन्न मानसिक समस्या, असफल प्रेम, दाम्पत्य जीवन, असफल पारिवारिक जीवनको चित्रण, नारीका पीडा, बालविवाह तथा बहुविवाह, जाँड रक्सी र चेलिबेटी बेचबिखन जस्ता कुलत र कुकर्म, पश्चिम नेपालको परम्परा, संस्कृति र त्यहाँको सामाजिक, आर्थिक परिस्थिति, नेपाली युवाहरूले विदेशलाई आफ्नो कर्मथलो बनाएर जस्तोसुकै समस्या भोग्न र जस्तोसुकै काम गर्न बाध्य भएको अवस्था, नेपालको राजनैतिक विकृति अनि प्राविधिक क्षेत्रमा हुनेगरेका प्राविधिक ठगी, नेपाली जनता प्राविधिकबाट थाहै नपाई ठगिईरहेको यथार्थताको चित्रण, नेपालको

राजनैतिक अवस्था कमजोर हुँदा नेपाली जनताले भोग्नुपरेको आर्थिक समस्याको त्रासदीपूर्ण प्रस्तुति, सत्ताकेन्द्रको दृष्टि नपुगेको विकट, विकराल अवस्थाको चित्रण, नेपालीले भोग्नुपरेको गरिबी, बेरोजगारी, विस्थापन, अमानवीय व्यवहार र अनेकन कठिनाईको स्वभाविक चित्रण, बालवालिका र वृद्धहरूले भोग्नुपरेको पीडा, छोरीचेलीको बिडम्वना, दुर्व्यसनको शिकार भएका युवापुस्ता, राष्ट्रिय समस्याले आफ्नो परिवेश आक्रान्त भएकाले युवाहरू त्यसलाई बढारेर फाल्न लागि परेको प्रस्तुति पाउन सकिन्छ । सामान्य विषयवस्तुलाई उपन्यासको रूपमा ढाल्न सफल थापाले आफ्नो जन्मस्थानबाट नै उपन्यासको कथावस्तुलाई टपक्क टिपेका छन् । नेपालको दुर्गम पहाडी जनजीवनको झलक पहिलो उपन्यासबाट चौथो उपन्याससम्म नै पाउन सकिन्छ । सबैजसो उपन्यासमा मध्यपश्चिम नेपालको दुर्गम पहाडी क्षेत्रको जीवनशैलीलाई उठाईएको छ । थापाले उपन्यासमा माओवादी युद्वकालको त्रासदीपूर्ण अवस्थाको चित्रण समेत गरेका छन् । समग्रमा उनका उपन्यासहरू सरल र सम्प्रेष्य छन् ।

## १.२ शोधसमस्या

बखतबहादुर थापाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका भए तापनि मुख्य रूपमा उनी आख्यान सिर्जनामा तल्लिन रहेकाले उनी आख्यानकारका रूपमा परिचित छन् । आख्यान विधा अन्तरगत उपन्यास विधामा कलम चलाउने थापाका हालसम्म चारवटा उपन्यासहरू प्रकाशित छन् । यी उपन्यासहरूको पत्रपत्रिकामा सामान्य चर्चा परिचर्चा गरिए पनि विशेष रूपमा अध्ययन हुन सकेको छैन । यिनै विविध विषयवस्तुका आधारमा प्रस्तुत शोधमा निम्नलिखित समस्याहरू रहेका छन्-

(क) बखतबहादुर थापाको जीवनी र व्यक्तित्व केकस्तो रहेको छ ?

(ख) बखतबहादुर थापाको औपन्यासिक यात्रा केकस्तो रहेको छ ?

(ग) बखतबहादुर थापाका उपन्यासहरू केकस्ता रहेका छन् ?

(घ) बखतबहादुर थापाको औपन्यासिक प्रवृत्तिहरू केकस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकार बखतबहादुर थापाको उपन्यासकारिता शीर्षकको शोधकार्यको समस्या कथनमा देखिएका समस्याहरूको समाधान खोज्नु नै शोधपत्रको मुख्य उद्देश्य भएकोले तिनको समाधान गर्न निम्नानुसारका उद्देश्य निर्धारण गरिएको छन्-

(क) बखतबहादुर थापाका जीवनी र व्यक्तित्वका विभिन्न पक्षको अध्ययन गर्नु,

(ख) बखतबहादुर थापाको औपन्यासिक यात्राको विश्लेषण गर्नु,

(ग) बखतबहादुर थापाको उपन्यासको विश्लेषण गर्नु,

(घ) बखतबहादुर थापाको औपन्यासिक प्रवृत्तिको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने बखतबहादुर थापा एक सामाजिक उपन्यासकारका रूपमा परिचित छन् । उनका उपन्यासले जीवन्त समाजलाई उभ्याएका भए तापनि उनको बारेमा गहन अध्ययन हुन सकेको पाइदैन । नेपाली साहित्यको क्षेत्रमा थापाका कृतिहरूले दिएको योगदानको कदर हुन सकेको पाइदैन । बखतबहादुर थापाका बारेमा हालसम्म भएको अध्ययनले उनलाई आख्यानकारका रूपमा त चिनाएको छ तर उनी कस्ता किसिमका आख्यानकार हुन्, उनका उपन्यासले उठाएका विषयवस्तुले कस्तो समाजलाई दर्साएको छ भन्ने बारेमा खासै जानकारी भएको पाइदैन । यिनका बारेमा हालसम्म जेजति अध्ययन भएका छन्, ती अध्ययन केवल परिचयात्मक एवम् जानकारीमूलक मात्र रहेको देखिन्छ । अत : उनका बारेमा हालसम्म जेजति अध्ययन भएका छन् यहाँ ती अध्ययनको समीक्षात्मक प्रस्तुति गरिएको छ ।

जगत उपाध्याय 'प्रेक्षित'ले **परदेश** (२०५८) उपन्यासको 'शुभकामनाका दुई शब्द' शीर्षक भूमिका लेखमा बखतबहादुर थापाले आफ्ना उपन्यासमा नेपाली समाजको वास्तविकता उतारेका छन् । नेपाली समाजको वास्तविकता उतारेकाले यिनलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिन्न सकिन्छ भनेका छन् । थापाका उपन्यासमा निम्नवर्गीय नेपालीहरूले भोग्ने गरेका दुःख, पीडा र सङ्घर्षको यथार्थ चित्रण भएको उल्लेख गर्दै धन कमाउने आशामा विदेसिन बाध्य नेपाली युवाहरूका लागि **परदेश** उपन्यास प्रेरणाको स्रोत बन्ने कुरा उल्लेख गरेका छन् ।

श्रीष भण्डारीले, "विपन्न नेपाली समाजको यथार्थ प्रतिविम्व : **परदेश,"** (**कान्तिपुर**, २०५८ मङ्सिर ९)' शीर्षक लेखमा विभिन्न कोणबाट **परदेश** उपन्यासको विश्लेषण गरेका छन् ।

मधुसूदन गिरीले **कुहिरो र काग** (२०६१) उपन्यासको 'उपन्यासकार थापालाई परिषद्को शुभकामना' शीर्षक भूमिका लेखमा २/४ महिना घरमा श्रीमती र छोराछोरीसँग र बाँकी ८/१० महिना गुन्युँचोलो र भोटोको खोजिमा अनि ठुन्के साहुको ऋणको डोको उतार्ने सपना बोकेर कुल्ली कवाडी र ढवौनी गर्न मुग्लान पस्न बाध्य पश्चिम नेपालका अधिकांश नेपालीको जीवनकथा हो । यो उपन्यास मध्यपश्चिमका पहाडदेखि भित्रीमधेस हुँदै काठमाडौँसम्मको परिवेश रहेको बताउदैं स्वदेशमै पनि सीप सिकेर कर्म गर्न सकेमा जीवन, परिवार र समाजमा एक स्वावलम्बी र कर्मठ बनेर बाँच्न सकिने बताएका छन् ।

लीला लुइटेलले, 'स्वच्छन्दतावादी उपन्यासकार' (**अन्नपूर्ण पोष्ट,** २०६१ भदौ ५) शीर्षक समालोचनात्मक लेखमा **परदेश** उपन्यास स्वच्छन्द, हार्दिक तथा भावुक प्रेमको प्रस्तुति हो, यस उपन्यासमा मानवतावादी भावनालाई महत्त्वकासाथ प्रस्तुत गरिएको छ भन्ने धारणा व्यक्त गरेकी छिन् ।

"चौकीदारीदेखि उपन्यास लेखनसम्म" '(**कान्तिपुर**, २०६३ फागुन २२) 'शीर्षक लेखमा बखतबहादुर थापाले भोगेका दुःख कष्टका साथै उनको उपन्यास लेखनको विभिन्न पक्ष माथि चर्चा गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेलले **कालचक्र** (२०६४) उपन्यासको "प्राविधिक ठगी र जनयुद्धको जीवन्त कथा : कालचक्र" शीर्षकको भूमिकामा पेसाले कम्प्युटर प्राविधिक रहेका थापाको यस उपन्यासले कम्प्युटर प्राविधिकले अनभिज्ञ ग्राहकहरूलाई विश्वासमा पारेर गर्ने ठगी विश्वासिलो पाराले दारा धसेर मुटु निकाल्ने खालको निर्दयी हुन्छ भने जनयुद्धको कारणले देशमा बस्न नसकिने, विदेशमा टिक्न नसकिने भयावह स्थिति, दुर्गम ग्रामीण भेगका जनताहरूको गरिबी, विवशता, बाध्यता र विरह व्यथाको प्रस्तुति, माओवादी र सरकारी सेना छुट्याउन नसक्दाका त्रासद स्थितिको चित्रण, युद्धको भयावह र विभत्स वर्णन, आफन्त मारिएकाहरूको बेहाल स्थिति आदिको मार्मिक चित्रण पाइन्छ भनेका छन् । यस उपन्यासको सन्दर्भमा नेपाली साहित्यकै अहिलेसम्मकै सर्वोत्कृष्ट कृति नभए तापनि वा यसमा कतिपय कमजोरीहरू भएतापनि तथाकथित ठूला गनिएका तथाकथित लेखकका तथाकथित कृतिहरुभन्दा यो उपन्यास निकै उच्च कोटिको छ भन्ने धारणा व्यक्त गरेका छन् ।

ध्रुवचन्द्र गौतमले **कालचक्र** (२०६४) उपन्यासको आवरणमा उपन्यास **कालचक्र**मा एउटा प्रतिभाशाली उपन्यासकारको झलक देख्न पाइनुका साथै अनुभवी लेखन देख्न पाइने, संङ्घर्ष अनि

जनयुद्धका बारेमा लेखिएका प्रसङ्गहरू मार्मिक छन् भन्ने कुरा व्यक्त गरेका छन् । उपन्यासको शैली मिठो, सरल र रोचक छ । प्रस्तुत उपन्यासका लागि थापालाई शुभकामना दिदै भविष्यमा वहाँबाट अन्य यस्तै राम्रा मौलिक कृतिहरू आउने आशा रहेको कुरा व्यक्त गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०६४) नामक पुस्तकमा आधुनिक नेपाली उपन्यासको आलोचनात्मक यथार्थवाद अन्तर्गत बखतबहादुर थापाका उपन्यासको चर्चा गरेका छन् । थापाका उपन्यास सरल, सहज र संवेदनापूर्ण जीवनका प्रस्तुतिमा टिकेका छन् र रेखीय ढाँचामा लेखिएका छन् भन्ने कुरा व्यक्त गरेका छन् । उपन्यासका बारेमा सुवेदीले सामाजिक जीवनका कथ्यहरू विषयवस्तु बनेर उपन्यासमा आएको बताएका छन् ।

**अन्नपूर्ण पोष्ट** संवाददाताले "उपन्यासमा जीवनको चित्र", (**अन्नपूर्ण पोष्ट,** २०६५ वैशाख ७) साहित्यिक वार्तामा बखतबहादुर थापासँग उपन्यासको विषयवस्तुको बारेमा अन्तरवार्ता लिँदै आफूले देखे भोगेका दुःख, कष्ट, सङ्घर्षलाई उपन्यासमा उतारिएको छ भन्ने धारणा व्यक्त गरिएको छ ।

अशोक सिलवालले "प्राविधिक ठगीका कुरा" (**राजधानी दैनिक,** २०६५ जेठ ४) शीर्षक लेखमा प्रविधि जानेको घमन्डमा इमानदारीलाई बन्धक बनाएर प्रविधिको प्रयोग गर्ने आम मानिसको कसरी घाँटी रेटिन्छ भन्ने मर्मस्पर्शी प्रसङ्गहरूको माला हो **कालचक्र** भन्ने कुरा व्यक्त गरेका छन् ।

राजेश कोइरालाले "प्राविधिक उपन्यास" (**कान्तिपुर,** २०६५ जेठ ४) शीर्षक लेखमा पेसाले कम्प्युटर प्राविधिक बनेका थापा राजधानीमा कम्प्युटरका तानावाना बुनिरहने, फुर्सदमा अक्षर टिपेर सिङ्गार्न व्यस्त छन् । **कालचक्र** कम्प्युटर र यसका विभिन्न काला-सेता पक्ष र जनयुद्धको सेरोफेरोमा घुमेको छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।

शिखर आरोहणले "कालचक समय र नेपाली साहित्य" (**नयाँ प्रकाश,** २०६५ जेठ २०) लेखमा कम्प्युटर व्यवसायमा व्याप्त गोरखधन्दा अथवा चालवाजी र नेपालको तत्कालीन द्वन्द्वलाई **कालचक्र**मा अत्यन्तै राम्रो तथा सुन्दर रूपमा सजाईएको छ । प्राविधिक विषय पढेर गरेको ठगीलाई सन्तुलन गर्दा हाम्रो जीवन धरासायी तथा दुःखद हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

शिखर आरोहणले **शब्द संयोजन** (२०६५ जेठ) मा बखतबहादुर थापाले **कालचक्र** उपन्यासमा घटना, परिवेश, तथा विचारलाई सुन्दर र पूर्ण रूपमा प्रस्तुत गरेका छन् । पात्रहरूको

प्रस्तुति बेजोड रहेको छ । एउटा सफल उपन्यासमा हुने यस्ता गुणहरूलाई अत्यन्तै कलात्मक तवरले प्रस्तुत गरिएको **कालचक्र** पढ्नै पर्ने उपन्यास हो भनेका छन् ।

कपिल घिमिरेले "चलचित्र हेरेजस्तो पुस्तक : कालचक्र" (**गोरखापत्र,** २०६५ असोज ११) शीर्षक लेखमा **कालचक्र** उपन्यासको अध्ययनबाट एउटा सूचना प्रविधिसँग आबद्ध बिक्री मर्मत केन्द्रमा भएका दिनानुदिनका घटनाक्रमको चलचित्र हेरेजस्तो भान हुन्छ र कतिसम्म उपभोक्तालाई शोषण गर्दछ भन्ने ज्ञान पाठकलाई समेत गराउँछ । यथार्थतामा यो उपन्यास गरिबी र पछौटेपनबाट उत्पन्न विवशता र देशले जनयुद्धताका भोगेको चेपुवा स्थितिको एउटा जीवन्त दस्तावेज हो भन्ने धारणा उल्लेख गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) मा बखतबहादुर थापाका उपन्यासहरूलाई आधुनिक नेपाली उपन्यासको चौथो चरणअन्तर्गत समावेश गरेका छन् । बखतबहादुर थापाका उपन्यासमा सामाजिक विषयवस्तु, आदर्शोन्मुख यथार्थवादिता, आलोचनात्मक यथार्थवादिता, हार्दिक स्वच्छन्द प्रेम जस्ता प्रवृत्ति रहने कुरा समेत प्रस्तुत गरेका छन् ।

सुनिता बरालले "परदेश : भोक्ता परदेशीको कथा", (**लुना**, २०७० चैत - २०७१ वैशाख) शीर्षक पुस्तक समीक्षामा परदेश उपन्यासले यथार्थवादी धारलाई अङ्गालेको छ । प्रत्येक नेपालीका आ-आफ्नैं पीडा र समस्या छन् । जसले आफ्नो गाउँठाउँलाई माया मारेर परदेशमा भौतारिन बाध्य बनाउँछ । विदेशमा गएर बगाउने आँशु र पसिना आफ्नै देशको माटोमा बगाउने हो भने सुन फलाउन सकिन्छ भन्ने सन्देश दिएको छ । बाह्र वर्ष अगाडि प्रकाशित परदेशको कथा बोकेको यस उपन्यासको सान्दर्भिकता वर्तमान अवस्थामा अझ बढी देखिन्छ भन्ने धारणा व्यक्त गरेकी छन् ।

नगेन्द्रले "आधुनिक जङ्गे", (**राजधानी दैनिक**, २०७२ असार ५) को कृति समीक्षामा उपन्यास जङ्गेको कथावस्तु मध्यपश्चिमी क्षेत्रसँग जोडिएको बताइएको छ । उपन्यासका पात्रहरू सहज र स्वभाविक गतिमा आफ्ना क्रियाकलापमा लागेको देखिनाले पात्र जीवन्त छन् चाहे ती तरुणीवयमैं आत्महत्या गर्ने लफी होस् वा कमला होस् वा जङ्गेकी प्राणप्यारी जुना होस् । फ्ल्यासब्याक प्रविधिको सहाराद्वारा उपन्यास लेखिएको पनि बताएका छन् ।

शीतल गिरीले "एक सार्थक उपन्यास :जङ्गे", (**शब्द संयोजन,** २०७२ असोज) पुस्तक समीक्षामा पश्चिम नेपालको कथावस्तुलाई उठाईएको उपन्यासमा नेपालीले भोग्नुपरेको गरिबी,

बेरोजगारी, विस्थापन, अमानवीय व्यावहार र अनेकन कठिनाइलाई स्वभाविक पारामा चित्रण गरिएको छ । शासनको केन्द्रमा रहनेहरूको बुद्धि विवेक अदूरदर्शी भएको भाव व्यक्त गरेका छन् । वास्तवमा **जङ्गो** उपन्यास गाउँघरको यथार्थ हो भनेका छन् ।

कमल सुवेदीले "अनागरिक र सीमान्तकृतको मार्मिक गाथा जङ्गे", (**लुना**, २०७२ असोज-कार्तिक) शीर्षक समीक्षामा सत्ता केन्द्रको दृष्टिमा नपुगेको विकट वस्तीका नागरिकहरू काठमाण्डौँका आँखामा नागरिकताको प्रमाणपत्र भएर पनि अनागरिक छन् । आफूलाई अनागरिकको दर्जा गराईरहेकाहरू त्यो गाउँका कर्मशील जनताहरूले गाउँ निकाला गर्ने सम्मको सामर्थ्य राख्दछन् । राज्यबाट अनागरिक सरह भएका सीमान्तकृत नागरिकको पीडा अवतरित भएको छ भन्ने कुरा व्यक्त गरेका छन् ।

शैलेन्दुप्रकाश नेपालले "सामाजिक क्रान्तिको सूचक", (**मधुपर्क,** २०७२ कार्तिक) मा उपन्यासकार बखतबहादुर थापाको नवीनतम औपन्यासिक कृति **"जङ्गे"** सामाजिक क्रान्तिको सूचकका रूपमा देखापरेको छ । यो उपन्यासले वर्तमान नेपालको सामाजिक, राजनीतिक, आर्थिक एवम् शैक्षिक परिदृश्यलाई यथार्थ रूपमा उतार्ने चेष्टा गरेको पाइन्छ । सुधारवादी, सङ्घर्षशील, सचेत पात्र जङ्गेको नायकत्त्वमा संरचित प्रस्तुत उपन्यासका पात्रहरू सशक्त र जीवन्त छन् । यिनले नेपाली ग्रामीण समाज तथा सहरिया प्रवृत्तिको यथार्थ प्रतिनिधित्व गरेको देखिन्छ । स्थानीय समस्यामा केन्द्रित रहेर राष्ट्रको राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक र शैक्षिक सुधार समय सापेक्ष नभएकोले जनता बढी पीडित भईरहेको सङ्केत गरिएको छ । समसामयिकताले पूर्ण उपन्यासको भाषामा स्थानीयताको रङ प्रशस्त भेटिएको कुरा व्यक्त गरेका छन् ।

माथि प्रस्तुत गरिएको विभिन्न व्यक्तित्वका टीका टिप्पणी, लेखक तथा समालोचकका समीक्षा बाहेक उनको उपन्यासकारितालाई समेट्ने गरी कुनै किसिमको अध्ययन, अनुसन्धान अहिलेसम्म भएको पाईदैन । यस्ता प्रतिभाशाली आख्यानकारको बारेमा व्यवस्थित तवरले अध्ययन अनुसन्धान नहुनु दुःखद कुरा हो । उनको बारेमा जेजति अध्ययन भएको छ त्यसबाट उनलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा जान्न सकिन्छ । उनको सर्वाङ्गीण पक्षलाई समेटेर जीवनी, व्यक्तित्व र कृतित्वसँगै उपन्यासकारिताको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

बखतबहादुर थापा नेपाली साहित्यको आख्यान विधामा कलम चलाउने आख्यानकार हुन् । आख्यान विधाको सामाजिक यथार्थवादी उपन्यासमा सशक्त रुपले कलम चलाउने थापाका

हालसम्म चारवटा उपन्यास प्रकाशित भईसकेका छन् । लामो समयदेखि नेपाली साहित्यको सेवा गर्दै आएका साहित्य साधक थापाका बारेमा विभिन्न पत्रपत्रिकामा छिटफुट रूपमा चर्चा परिचर्चा र टिप्पणी गरिनु बाहेक विस्तृत र व्यवस्थित अध्ययन अनुसन्धान नभएको परिप्रेक्ष्यमा गरिने अध्ययन र अनुसन्धान औचित्यपूर्ण देखिन्छ । समवर्ती र उत्तरवर्ती साहित्यिक व्यक्तित्वहरूका लागी उनको उपन्यासको अध्ययन प्रेरणादायी बन्नुका साथै उनका बारेमा जिज्ञासु भएर पनि पूर्ण नभएका व्यक्तिलाई पूर्णरूपमा जानकारी गराउन यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । उनका उपन्यासहरूको आधारमा उनको उपन्यासकारिता केलाउने प्रस्तुत  शोध कार्यको औचित्त्य रहेको छ साथै उनको औपन्यासिक व्यक्तित्वको बारेमा अध्ययन विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्येताहरूलाई पनि यस शोध कार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा उपयोगी र महत्त्वपूर्ण छ । यही नै प्रस्तुत शोधपत्रको औचित्य हो ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका एक हस्ति बखतबहादुर थापाको उपन्यासकारिताको अध्ययन एवम् विश्लेषण यो शोधकार्यको क्षेत्र हो । बखतबहादुर थापाका जीवनका विभिन्न पाटाको चर्चा गर्दै उनका प्रकाशित उपन्यासहरूको अध्ययन विश्लेषण गरिएको छ । २०७३ सालसम्म प्रकाशित भएका उपन्यासहरूको अध्ययन विश्लेषण गरी उनको औपन्यासिक व्यक्तित्वको मात्र अध्ययन गर्नु यस शोधकार्यको सीमा हो ।

## १.७ सामाग्री सङ्कलन विधि

यस शोधकार्यलाई विश्वसनीय, पूर्ण बनाउनको लागि पुस्तकालयीय अध्ययन विधिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोधनायक स्वयम्सँग पनि सम्पर्क गरिएको छ । यसका लागि अन्तरवार्ता, प्रश्नावली आदिका माध्यमबाट आवश्यक सामाग्री सङ्कलन गरिएको छ । मूलतः थापाका प्रकाशित उपन्यासहरूलाई नै मुख्य आधार सामाग्री बनाई तिनैका केन्द्रीयतामा अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोधविधि

यो शोधपत्रलाई व्यवस्थित गर्ने क्रममा शोधको सिद्वान्त तथा नियमअनुसार सङ्कलित सामाग्रीलाई वर्णनात्मक, ऐतिहासिक, तुलनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । साथै प्राप्त सामाग्रीकै आधारमा उपन्यासको अध्ययन, विश्लेषण गरी समीक्षात्मक निष्कर्ष निकाली सामान्यीकरणसहित मूल्याङ्कन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेद र शीर्षकहरूमा विभाजन गरिएको छ-

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : बखतबहादुर थापाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : बखतबहादुर थापाको औपन्यासिक यात्रा

चौथो परिच्छेद : बखतबहादुर थापाका उपन्यासहरूको विश्लेषण

पाँचौं परिच्छेद : बखतबहादुर थापाका औपन्यासिक प्रवृत्ति

छैटौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

# दोस्रो परिच्छेद

# बखतबहादुर थापाको सङ्क्षिप्त परिचय

## २.१ बखतबहादुर थापाको जीवनी

बखतबहादुर थापा नेपाली साहित्यका एक क्रियाशील सर्जक हुन् । नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका थापा आख्यानकारका रूपमा स्थापित हुन पुगे । नेपाली साहित्यमा कविता, कथा, उपन्यास विधामा कलम चलाउने बखतबहादुर थापा एक सफल कम्प्युटर प्राविधिक हुन् । कम्प्युटर प्रविधिलाई आफ्नो पेसा बनाएका थापाका कथा सङ्ग्रह, उपन्यास, कविता प्रकाशित भईसकेका छन् । यिनी दैलेखी समाज सेवाबाट सम्मानित भईसकेका छन् । यिनका साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व रहेका छन् । साहित्यिक व्यक्तित्वमा कवि, कथाकार र उपन्यासकार व्यक्तित्व आदि रहेका छन् । साहित्येतर व्यक्तित्वमा प्राविधिक व्यक्तित्व रहेको छ । साहित्य क्षेत्रमा सक्रिय थापाको समग्र जीवनीको अध्ययनको विश्लेषण यस शोधकार्यमा गरिएको छ ।

### २.१.१ जन्म र जन्मस्थान

बखतबहादुर थापाको जन्म २०२२ माघ २९ गते मध्यपश्चिम नेपालमा अवस्थित भेरी अञ्चल, दैलेख जिल्लाको दुल्लु भेगमा पर्ने गमौडी-८ राजाकाँध भन्ने दुर्गम गाउँको सामान्य परिवारमा भएको हो ।[१] यिनका बाबुको नाम मोतीराम थापा र आमाको नाम बिस्ना थापा हो । यिनी मोतीराम थापाका दुई श्रीमतीबाट जन्मिएका छ छोरा र चार छोरीमध्ये काहिँला तथा कान्छी श्रीमती बिस्ना थापाबाट जन्मिएका जेठा छोरा हुन् ।[२] ठूलो परिवार भएकोले आर्थिक अवस्था सामान्य रहेको देखिन्छ । आफ्नो वाल्यकाल दुल्लुको वन जङ्गलमा गाई बाखा चराउँदै बिताएका हुन् । उनले गाउँकै विद्यालयबाट प्राथमिक शिक्षा आर्जन गरी विजया मा.वि. दुल्लुमा कक्षा दस सम्मको अध्ययन गरेर २०४२ सालमा प्रवेशिका परीक्षामा समोल भए तर नियमित र व्यवस्थित पढाई नहुँदा उत्तीर्ण हुन सकेनन् ।[३] प्रवेशिका परीक्षा पछि ड्राईभिङ सिक्ने रहर बोकी दिल्ली तिर लागे । भारतमा धेरै हण्डर ठक्कर खाएर कम्प्युटर मर्मत गर्ने काम सिकेर काडमाडौं फर्किए । हाल काठमाडौंमा कम्प्युटर प्राविधिक बनेर आफनो जीवन गुजारा गरिरहेका छन् । हाल यिनी काठमाडौं गुहेश्वरी फाँटमा श्रीमती र दुई छोराका साथमा आफ्नैं घरमा रहेका छन् ।

---

१. खगेन्द्रप्रसाद लुइटेल, 'प्राविधिक ठगी र जनयुद्धको जीवन्त कथा: कालचक्र,' बखतबहादुर थापा, **कालचक्र** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६४),पृ.क ।

२. ऐजन ।

३. ऐजन ।

### २.१.२ बाल्यकाल र स्वभाव

बखतबहादुर थापाको परिवार ठूलो भएको र पारिवारिक आर्थिक अवस्था सामान्य रहेको हुँदा बाल्यकाल त्यति सुखपूर्वक बितेको देखिँदैन । गाउँघरमा गाई,बाख्रा चराउँदै, घाँस दाउरा गर्दै बितेको देखिन्छ । यिनको बाल्यकालको स्वभाव मिलनसार थियो । यिनी आँटिलो र साहसी स्वभावका थिए ।[४] कुनै काम गर्न सोचेपछि पुरा गरेर छाड्ने स्वभावका थिए । विशेष गरी खेलकुदमा रमाउन चाहन्थे । स्कूले जीवनमा एक सय देखि चारसय मिटरसम्मको दौड र सटफुट हान्ने खेलमा सामेल भएर पुरस्कार समेत जितेका थिए ।[५]

### २.१.३ शिक्षादीक्षा

बखतबहादुर थापाको अक्षराम्भ घरबाटै भएको थियो । सामान्य परिवारमा जन्मेका थापाले परिस्थितिजन्य कारणबाट खासै शिक्षा हासिल गर्न सकेनन् । यिनी गाउँकै विद्यालयबाट प्राथमिक शिक्षा हासिल गरी विजया मा.वि. दुल्लुमा कक्षा दससम्मको अध्ययन गरेर वि.स. २०४२ सालमा प्रवेशिका परीक्षामा सामेल भए । परीक्षामा असफल भए पश्चात् पैसा कमाउने ध्येयका साथ मुग्लानी लाहुरेहरूको छाँटकाँटमा थापा कलिलै उमेरमा घरपरिवार छोडी सुर्खेत झरे । सुर्खेतमा केही वर्ष बिताएपछि ड्राईभिङ सिक्ने रहरमा दिल्ली गए । भारततिरको खासै जानकारी नभएका थापाले भारतमा अनेक हण्डर खाए । विशेषतः हिन्दी भाषा नजान्दा भारतीयहरूबाट निकै नमिठो दुर्व्यवहार भोग्न पुगे । तर आफ्नो पारिवारिक अवस्थाको विचार गरी आईपरेका दुःख कष्टलाई झेल्दै टाईपराईटर, फोटोकपी फ्याक्स मेसिन मर्मत गर्न सिके ।[६] यसरी अनौपचारिक रूपमा यिनले टाईप गर्ने तथा फोटोकपी गर्न सिके । मोटर ड्राईभर बन्ने सुरले दिल्लीतिर हान्निएका बखतबहादुर थापा अनेक दुःख कष्टका अनेक आरोह अवरोह पार गर्दै आफ्नो जीवनको गति अगाडि बढाईरहेका छन् । अहिले यिनी कम्प्युटर मात्र नभएर फ्याक्स, फोटोकपी लगायत अनेक विद्युतीय यन्त्र मर्मत गर्ने उच्च प्राविधिक बनिसकेका छन् । यी सबै सन्दर्भलाई हेर्दा यिनी पढेर नभई परेर प्राविधिक बन्न पुगेको देखिन्छ । औपचारिक शिक्षा कक्षा दससम्मको मात्र भए पनि यिनले जीवनमा धेरै शिक्षा अनौपचारिक रूपमा हासिल गरेका छन् । अनौपचारिक शिक्षाका रूपमा विभिन्न सङ्घर्षबाट बटुलेका ज्ञानका साथै कम्प्युटर सम्बन्धी ज्ञानले उनलाई आजको अवस्थासम्म ल्याईपुऱ्याएको हो । यही कम्प्युटर सम्बन्धी सीपबाट आज पर्यन्त उनको गुजारा चलिरहेको छ ।

---

४.लीला खरेल, **बखतबहादुर थापाको जीवनी व्यक्तित्व र कृतित्व** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग,२०७०), पृ २० ।

५.ऐजन ।

६.ऐजन ।

### २.१.४ पारिवारिक स्थिति र आर्थिक अवस्था

बखतबहादुर थापाको जन्म सामान्य ग्रामीण परिवारमा भएको हो । खेती किसानी गरेर गुजारा चलाउनुपर्ने थियो । घरायसी आर्थिक अवस्था कमजोर र परिवार ठूलो भएको कारण वर्ष दिन भरी काम गर्दा पनि राम्ररी खान लाउन पुग्दैन थियो । दुई छाक टार्नको लागि मुग्लान पसेर जस्तोसुकै काम गर्न बाध्य हुनुपर्ने र दुईचार पैसा कमाएर घर चलाउनुपर्ने अवस्था थियो । मुगलान पसेर जेजस्तो काम गर्न बाध्य थापा दिल्लीमा गएर टाईपराईटर, फ्याक्स, फोटोकपी मेसिन मर्मत गर्ने काम सिक्छन् । आफ्नो घरको आर्थिक अवस्थाको राम्रोसँग ख्याल गर्न सक्ने लगनशील र मेहनती छन् । कमजोर आर्थिक अवस्थाका कारण राम्रोसँग शिक्षा हासिल गर्ने अव सर नपाएकाले अनौपचारिक रूपमा कम्प्युटर सम्बन्धी ज्ञान हासिल गरी कम्प्युटर प्राविधिक बनेका छन् । पहिलेको तुलनामा आफ्नो आर्थिक अवस्था सुदृढ बनाएका छन् । दिल्लीमा कम्प्युटर प्रविधिको काम सिकेर काठमाडौं आएका थापाले हाल डिल्लीबजारमा आफ्नै कम्प्युटर वर्कसप खोलेर व्यवस्थित जीवन बिताइरहेका छन् ।[७]

### २.१.५ रुचि

सुर्खेतबाट ड्राइभिङ् सिक्न भनि भारत पसेका थापाको रुचि विशेषतः ड्राईभिङ पेसामा देखिन्छ । मानिस जुन किसिमको वातावरण परिवेशमा हुर्कन्छ, बढ्छ उसको स्वभाव पनि सोही अनुरुप हुने गर्दछ । सामान्य परिवारमा जन्मिएका थापाको स्वभाव शान्त र सौम्य किसिमको छ । आफूभन्दा ठूलालाई आदर सम्मान गर्ने र सानालाई माया गर्ने बानी उनमा छ । सामान्य पहिरनमा रहने साथै बाह्य आकर्षण र तडक भडकबाट टाढै रहन रुचाउँदछन् । आफ्नो कर्तव्य र जिम्मेवारी पुरा गर्न सधै क्रियाशील रहन्छन् । साहित्य रचना गर्न र साहित्यिक पुस्तक अध्ययन गर्नमा आनन्द मान्दछन् ।

बखतबहादुर थापाको अर्को रुचिको क्षेत्र भनेको साहित्य सिर्जना र साहित्यक कृतिको अध्ययन हो । साहित्यका माध्यमबाट विगतमा आफूले भोगेका दुःख पीडालाई समायोजन गर्दै समाजमा हुने वास्तविक घटनाहरू पाठक सामु पुऱ्याएर समाजको वास्तविक अवस्था केकस्तो छ, समाजको रुपान्तरण कसरी गर्न सकिन्छ, भन्ने सन्देश दिन चाहन्छन् । साहित्यिक कृतिहरूमा लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्य र आख्यानकार ध्रुवचन्द्र गौतमका कथा उपन्यास पढ्नमा विशेष रुची भएको बताउँदछन् । गोर्कीको **'आमा'** उपन्यास र कालिदासको **'मेघदूत'**

---

७. ऐजन ।

खण्डकाव्यले उनलाई साहित्य प्रति अभिरुचि बढाएको देखिन्छ ।[८] घरभित्रका व्यवहारिक काम र बाहिरका कामहरू पनि उत्तिकै रुचिका साथ  गर्दछन् । सङ्गीतमा समेत रुचि रहेको बताउने थापा आधुनिक गीत र हिन्दी भाषाका गजलहरू सुन्न मन पराउँछन् ।[९] लगनशील र मिलनसार स्वभावका थापा जोसुकैसँग सजिलै घुलमिल हुन सक्दछन् । नरम र मीठो बोली बोल्ने थापा आँटिलो र सहासी स्वभावका छन् । आफूले आँटेको काम पुरा गरेर छाड्ने उनको बानी छ ।

### २.१.६ विवाह र सन्तान

परम्परागत हिन्दु प्रचलन अनुसार १७ वर्षकै उमेरमा २०३९ सालमा दैलेख जिल्लाको रावतकोट निवासी तेजबहादुर कार्कीकी जेठी श्रीमती सेतु कार्कीबाट जन्मिएकी जेठी छोरी लक्ष्मी कार्कीसँग बखतबहादुर थापाको विवाह भएको हो । सानै उमेरमा विवाह गरेका थापाको विवाहको समयमा अध्ययन पनि पुरा भएकै थिएन । विद्यालयमा अध्ययनरत रहँदा नै विवाह गरेका थापाका दुई छोरा छन् ।[१०]

### २.१.७ सम्मान तथा पुरस्कार

नेपाली साहित्यमा क्रियाशील बखतबहादुर थापा सक्रिय साहित्य साधक हुन् । साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप साहित्य सर्जकलाई सम्मान पुरस्कार प्रदान गर्ने गरिन्छ । तर नेपाली साहित्य सिर्जनामा लामो समयदेखि तल्लीन थापालाई हालसम्म खासै विशेष सम्मान तथा पुरस्कार प्रदान गरिएको पाइदैन । दैलेखी समाजसेवाले नेपाली साहित्यमा योगदान पुऱ्याए बापत २०६४ सालमा सम्मान गरेको थियो । हालै यिनलाई दीप-गोविन्द स्मृति सम्मान (२०६९-०७०) द्वारा सम्मानित गरिएको छ ।[११] स्कूले जीवनमा खेलकुदमा सहभागी भएर केही पुरस्कार पाएको बताउछन् । यसका अतिरिक्त उनलाई कुनै पनि सङ्घसंस्थाबाट सम्मान र पुरस्कार प्रदान गरेको देखिँदैन । नेपाली साहित्यमा गरेको योगदानअनुसार उनले प्राप्त गरेको सम्मान उनका असङ्ख्य पाठकको सद्भाव, माया, ममता र लेखनप्रतिको प्रतिक्रिया हो ।

### २.१.८ लेखनका लागि प्रेरणा र प्रभाव

कमजोर आर्थिक स्थितिका कारण बखतबहादुर थापा उचित शिक्षा हासिल गर्नबाट वञ्चित रहे । त्यस्तै परिवारका अरू सदस्यले शिक्षादीक्षा हासिल नगरेका कारण परिवारबाट साहित्य सिर्जनामा खासै प्रेरणा मिलेन । थापालाई सर्वप्रथम साहित्यप्रति रुचि जगाईदिने काम

---

८. ऐजन ।
९. ऐजन ।
१०. ऐजन ।
११. ऐजन, पृ. २५ ।

विराटनगर बासी एकजना पत्रकारले गरेका हुन् । उनी अहिले ती पत्रकारको नाम भुलेको बताउछन् ।[१२] ड्राईभिङ सिक्न दिल्ली गएका थापाले त्यहाँ पाएका दुःख, कष्टका तितामिठा अनुभूति सङ्गालेका छन् । २०४८ सालतिर उनी दिल्लीबाट काठमाडौँ आएर पुतलीसडकको एउटा होटलमा बस्दा ती पत्रकारसँग भेट भएको र तिनलाई भारतमा आफूले पाएको दुःख, कष्ट सुनाउँदा लेखेर दिनुहोस् म कुनै पत्रिकामा छपाइदिन्छु भनेका थिए । उनले आर्थिक अभावका कारण तत्काल लेख्न नसकेको र ती पत्रकारको कुरा भुल्न पनि नसकेको बताउँछन् । त्यसपछि उनले २०५० सालदेखि काठमाडौँको कमलादी स्थित *'पेसिफिक अफिस अटोमेसन सेन्टर'* मा काम गर्न थालेको र त्यस अफिसका सञ्चालक राजीव सिन्हाले लेखनमा प्रेरणा र हौसला दिएको कुरा स्वयम् बताउँछन् ।[१३] नेपाली साहित्यमा उनी लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन** र ध्रुवचन्द्र गौतमका कथा र उपन्यासहरूबाट प्रभावित देखिन्छन् ।[१४] उनको साहित्य लेखनमा पनि यिनै कृतिहरूले प्रभाव पारेको स्वयम्ले स्विकारेका छन् । यसका अतिरिक्त उनले नेपाली साहित्यका गुरुप्रसाद मैनाली, रमेश विकल, भवानी भिक्षु, मदनमणि दीक्षित, आदिका साहित्यिक कृतिहरूलाई आफ्नो साहित्य सृजनाको आदर्श स्रोत मानेका छन् ।[१५] साथै हिन्दी साहित्यका कथाकार प्रेमचन्दका कथाहरू अनि रसियन साहित्यकार गोर्कीको **आमा** उपन्यास, महाकवि कालिदासको **मेघदूत** खण्डकाव्यबाट पनि प्रभाव ग्रहण गरेको बताउँछन् ।[१६] यिनले प्रा. डा. खगेन्द्रप्रसाद लुइटेललाई समेत आफ्नो साहित्यिक लेखनको प्रेरणा स्रोत मानेका छन् ।[१७]

### २.१.९ लेखनको प्रारम्भ र प्रकाशन थालनी

बखतबहादुर थापाले २०५५ सालमा दैलेखी समाज सेवाबाट प्रकाशन हुने **ज्वाला सन्देश** पत्रिकामा **'दैलेख'** शीर्षकको कविता प्रकाशन गरी आफूलाई साहित्यकारको रूपमा उभ्याएका हुन् । लेखनको प्रारम्भ कविता विधाबाट सुरु गरे पनि उनलाई आख्यान विधाले उच्च स्थानमा पुऱ्याएको छ । हालसम्म उनले साहित्य रचनामा आख्यानलाई नै प्राथमिकता दिएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरु यसप्रकार छन् ।

---

१२.बखतबहादुर थापाबाट प्राप्त जानकारी ।
१३.ऐजन ।
१४.लीला खरेल, पूर्ववत्, पृ.२५ ।
१५.ऐजन ।
१६.ऐजन ।
१७.बखतबहादुर थापाबाट प्राप्त जानकारी ।

| क्र.स | प्रकाशित कृति | विधा | प्रकाशक | प्रकाशन साल |
|---|---|---|---|---|
| १. | **परदेश** | उपन्यास | मोतीराम थापा | २०५८ |
| २. | **कुहिरो र काग** | उपन्यास | मध्यपश्चिमाञ्चल साहित्य परिषद | २०६१ |
| ३. | **कालचक्र** | उपन्यास | रत्न पुस्तक भण्डार | २०६४ |
| ४. | **जङ्गे** | उपन्यास | ओरिएन्टल पब्लिकेशन | २०७१ |

## २.२ बखतबहादुर थापाको व्यक्तित्व

मानिसको जीवनसँग अन्योन्याश्रित सम्बन्ध राख्ने एउटा महत्त्वपूर्ण पाटो व्यक्तित्व हो । व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण र संस्कार साथै समकालीन साथीहरूको सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । उसमा रहेको सिर्जनशील प्रतिभा, चिन्तन, मनन् तथा उच्च महत्त्वाकाङ्क्षा, शिक्षादीक्षाले पनि गम्भिर प्रभाव पारेको हुन्छ । व्यक्तित्व मानिसको पहिचान हो । व्यक्तित्वका आधारमा उसमा निहित विशेषताहरूलाई ठम्याउन सकिन्छ । सामान्यतया व्यक्तित्व दुई प्रकारको हुन्छ ।

### २.२.१ साहित्यिक व्यक्तित्व

बखतबहादुर थापा साहित्यका विविध विधामा कलम चलाउने साहित्यिक स्रष्टा हुन् । साहित्यिक विधामा प्रवेश गर्दा बखतबहादुर थापा कवि बनेर प्रवेश गरेका थिए । हालसम्म सबैभन्दा बढी कलम चलाएको विधा आख्यान हो । सर्वप्रथम प्रकाशित रचना वि.सं. २०५५ सालमा ज्वाला सन्देश पत्रिकामा प्रकाशित **दैलेख** शीर्षकको कविता हो ।[१८] उनका कथा सङ्ग्रह, उपन्यास प्रकाशित भैसकेका छन् । प्रथम प्रकाशित पुस्तककार कृति **'परदेश'** (२०५८) उपन्यास हो । २०५८ सालबाट अनवरत रूपमा आख्यान सिर्जनामा साधनारत थापाका साहित्यिक व्यक्तित्वलाई निम्नानुसार चर्चा गरिएको छ :-

#### २.२.१.१ कवि व्यक्तित्व

बखतबहादुर थापा साहित्य क्षेत्रमा प्रवेश गर्दा कवि बनेर प्रवेश गरेका थिए । उनले सर्वप्रथम कविता विधालाई अङ्गालेका थिए । २०५५ सालमा **ज्वाला सन्देश** पत्रिकामा प्रकाशित **'दैलेख'** शीर्षकको कविता थापाको प्रथम प्रकाशित कविता हो । यस कविताले नै थापालाई साहित्यमा प्रवेश गराएको थियो । यो कविता भन्दा बाहेक उनका कुनै कविता वा कविता सङ्ग्रह प्रकाशित भएका छैनन् ।[१९] प्रकाशनको हिसाबले **दैलेख** मात्र एउटा कविता हो । यस कविताले थापालाई कविको रूपमा चिनाएको छ ।

---

१८.ऐजन ।
१९.ऐजन ।

### २.२.१.२ उपन्यासकार व्यक्तित्व

बखतबहादुर थापा आख्यान विधामा कलम चलाउने सफल आख्यानकार हुन् । आख्यान विधाको श्रीबृद्धिमा टेवा पुऱ्याउन सफल आख्यानकार थापाका हालसम्म चारवटा चर्चित उपन्यास प्रकाशित भईसकेका छन् । सर्वप्रथम **परदेश** (२०५८) उपन्यास लिएर साहित्य क्षेत्रमा देखापरेका थापाका (२०७३) सम्म आईपुग्दा **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४) र **जङ्गे** (२०७१) जस्ता उपन्यास प्रकाशित भइसकेका छन् । आफूले देखेको र भोगेको घटनाक्रमलाई **परदेश** उपन्यासमा कथावस्तु बनाएका छन् । **कुहिरो र काग** उपन्यासमा पश्चिम नेपालको सामाजिक सांस्कृतिक, चालचलन, विकृति, विसङ्गतिलाई टपक्क टिपेर राखेका छन् । हार्दिक स्वच्छन्द प्रेमको अभिव्यक्ति पाइने **कुहिरो र काग** उपन्यासमा बालविवाह, बहुविवाह, चेलीबेटी बेचविखन, मदिरापान, व्यभिचार जस्ता सामाजिक समस्याबाट उत्पन्न मानसिक पीडाको प्रस्तुति पाइन्छ ।[२०] **कालचक्र** उपन्यासमा कम्प्युटर प्रविधिकहरूले सोभ्का मानिसलाई ठग्ने र पैसा कुम्ल्याउने प्रवृत्तिका साथै जनयुद्धले मानिसलाई पारेको प्रभावलाई उपन्यासको विषयवस्तु बनाएका छन् ।[२१] **जङ्गे** उपन्यासमा राज्यले वेवास्ता गरेको पश्चिम नेपालका नागरिकले भोग्नुपरेको पीडा, व्यथा, दुःख वेदनालाई उतारेका छन् ।[२२]

यिनै उपन्यासले थापालाई उपन्यासकारका रूपमा चिनाएका छन् । समाजमा घटेका विभिन्न घटनाहरूलाई उपन्यासको विषयवस्तु बनाएर समाजका त्यस्ता घटनालाई जीवन्त बनाउने प्रयत्न गरेका छन् । आफूले देखे भोगेको जीवनका अंश समावेश नगरी उपन्यास बन्न सक्दैन भन्ने धारणा राख्ने थापाका उपन्यासहरूमा समाजको यथार्थ चित्रण पाइन्छ । थापाका अधिकांश उपन्यास आफू बाँचेको समाजको परिवेशबाट सृजना गरिएको पाइन्छ । यिनका उपन्यासमा नेपाली समाजमा विद्यमान गरिबी, बेरोजगारी, अशिक्षा, अज्ञानता, अन्याय, अत्याचारको विरोध, शोषकले शोशित माथि गर्ने अन्याय उत्याचारको चित्रण पाइन्छ ।[२३] धन कमाउने, साहुको ऋृण तिर्ने र घर व्यवहार सुदृढ गर्ने आशामा पश्चिम नेपालका मानिसहरु भारतका विभिन्न ठाउँमा गएर कुल्ली, कवाडी काम गर्न बाध्य छन् । उपन्यासमा पश्चिम नेपालका नेपालीले नेपाल राज्यभरिका नेपालीको प्रतिनिधित्व गरेका छन् । पहिले पहिले भारत पस्ने नेपालीहरू हाल खाडी मुलुकतर्फ आकर्षित भएका छन्। थापाले उपन्यासमा समाजमा

---

२०. खगेन्द्रप्रसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास,** (काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९) पृ. २८३ ।
२१. कमल सुवेदी, 'अनागरिक र सीमान्तकृतको मार्मिक गाथा जङ्गे' **लुना** (२०७२ असोज कार्तिक) पृ. ४९ ।
२२. ऐजन ।
२३. ऐजन ।

व्याप्त विकृति विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरेका छन् । यसबाट माथि उठ्नुपर्ने विषय प्रस्तुत गरेका छन् ।

### २.२.१.३ कथाकार व्यक्तित्व

बखतबहादुर थापाले आख्यान विधामा उपन्यासका साथसाथै कथाका विधामा पनि आफ्नो कलम दौडाएका छन् । हालसम्म उनका **आघात** (२०६२), **कम्प्युटर आतङ्क** (२०६९) कथा सङ्ग्रह प्रकाशित भईसकेका छन् । **आघात** कथा सङ्ग्रहमा २० वटा कथा सङ्गृहित छन् । **कम्प्युटर आतङ्क** कथा सङ्ग्रहमा २५ वटा कथाहरू रहेकाछन् ।[२४] थापाले उपन्यासमा जस्तै कथामा पनि सामाजिक विषयवस्तुलाई कथावस्तु बनाएका छन् । **आघात** कथा सङ्ग्रहमा धनीमानीले गरिबहरूलाई गर्ने तुच्छ व्यवहार, घृणा, हेला, तिरस्कार, रेस्टुरेन्टमा काम गर्ने केटीहरूको विवशता, बाध्यता, उनीहरूको दुःखद जीवन, महिलाले छोराछोरी जति भएपनि भगवानको वरदान मानेर स्वीकार्नु पर्ने अवस्थाको चित्रण पाइन्छ ।

**कम्प्युटर आतङ्क** कथा सङ्ग्रहका कथाहरूमा गरिबी, बेराजगारी, अशिक्षा, अज्ञानता, अन्धविश्वास, माओवादी युद्धका विविध पक्षको चित्रण, बिना कारण हुने गरेको बन्दको असर, कम्प्युटर, मोबाइल प्रयोग गर्न नजान्दाको पीडा आदि विषयवस्तुलाई कथावस्तु बनाइएको छ । यी कथा सङ्ग्रहहरूले थापालाई कथाकारका रूपमा चिनाएको छ ।

### २.२.१.४ नियात्राकार व्यक्तित्व

बखतबहादुर थापाका कविता, कथा, उपन्यास जस्तै छिटफुट रूपमा नियात्रा पनि प्रकाशित भएका छन् । उनका समकालीन साहित्यमा घाउ, स्याल, भग्नावशेष जस्ता नियात्रा प्रकाशन भएका छन् । नियात्रा संस्करण भने प्रकाशित भएका छैनन् ।[२५]

### २.२.२ साहित्येतर व्यक्तित्व

बखतबहादुर थापा साहित्य सृजनाका साथै अन्य कार्यमा पनि सङ्लग्न छन् । जीवन जिउने माध्यमको रूपमा प्राविधिक पेसा अपनाएका छन् । सुर्खेतबाट ड्राइभिङ सिक्ने अभिलाषाले भारतका विभिन्न ठाउँमा पुगेका छन् । भारतको बारेमा राम्रो जानकारी नभएका र भाषाको समस्या भएकाले अनेक दुःख कष्ठ सहेर दिल्ली पुगे । दिल्लीमा टाइपराइटर पसलमा काम गर्न थालेका थापाको साहित्येतर व्यक्तित्व यसप्रकार छन् :

---

२४. बखतवहादुर थापाबाट प्राप्त जानकारी ।
२५. ऐजन ।

### २.२.२.१ प्राविधिक लेखक व्यक्तित्व

बखतबहादुर थापा पेसाले कम्प्युटर प्राविधिक हुन् । यिनले आफ्नो जीवनको लक्ष्य ड्राइभिङ पेसालाई बनाएका थिए । ड्राइभिङ सिक्नको लागि भारतको दिल्लीसम्म पुगेका थापा अन्त्यमा आएर कम्प्युटर प्राविधिक बन्न पुगे । महत्त्वाकाङ्क्षी र लगनशील थापा दिल्लीमा पुगेर टाइपराइटर पसलमा काम गर्दा गर्दै टाइपराइटर मर्मत गर्न सिक्न पुगे ।[२६] भारतमा दुई वर्ष बिताएर नेपाल फर्केपछि काठमाडौँमा आएर टाइपराइटर मर्मत केन्द्र खोल्ने विचार गरे । अनुभवको प्रमाणपत्र चाहिने हुदा फेरि दिल्ली गए । त्यहाँ टाइपराइटर मर्मत केन्द खोलेर काम गर्न थाले । काठमाडौँ आएर दुई-तीन महिना जति अर्काकै टाइपराइटर पसलमा काम गरे पछि आफैँ टाइपिङ इन्स्टिच्युट खोलेर काम गर्न थाले ।[२७] त्यस कामबाट जीविका चलाउन धौ धौ परेकाले यिनी कम्प्युटर हार्डवेयर सिक्ने उद्देश्यले न्यूरोडको कम्प्युटर सोरुममा पुगे । त्यहाँ पनि कम्प्युटर हाडवेयर सिक्ने धोको पुरा नहुने देखि २०५० सालमा खुलेको कम्प्युटर सोरुममा काम गर्न थाले । त्यही कम्प्युटर सम्बन्धी काम गर्दागर्दै कम्प्युटर प्राविधिक बने ।[२८] पछि आफै कम्प्युटर हार्डवेयर वर्कसप खोलेर स्वाभिमानपूर्वक जीवनको गाडी हाँकिरहेका छन् । मोटर ड्राइभर बन्ने सुरले दिल्लीतिर हानिएका बखतबहादुर थापा अनेका हण्डर र ठक्कर सहदै अन्ततः कम्प्युटर ड्राइभर भएर आफ्नो जीवन अगाडि बढाइरहेका छन् । अहिले यिनी कम्प्युटर मात्र नएर फ्याक्स, फोटोकपी, लगायत अनेक विद्युतीय यन्त्र मर्मत गर्ने उच्च प्राविधिक बनिसकेका छन् । यी सबै सन्दर्भलाई हेर्दा यिनी पढेर नभइ परेर प्राविधिक बन्न पुगेका स्पष्टै देखिन्छ ।[२९]

## २.३ जीवनी व्यक्तित्व र साहित्य लेखन बीचको अन्त : सम्बन्ध

नेपालको मध्यपश्चिम दैलेखको दुल्लुको दुर्गम गाउँमा जन्मिएका बखतबहादुर थापाले धेरै दुःख कष्टका साथ जीवनको गति अगाडि बढाएको पाइन्छ । सानैमा भारत छिरेका थापाले भारतमा पनि धेरै दुःख सहेर कम्प्युटर प्राविधिक बन्न पुगे । आफूले जीवनमा भोगेका दुःख, कष्ट, आरोह, अवरोह, आफूले बाँचेको समाजको सामाजिक, राजनीतिक सांस्कृतिक परिवेशलाई उपन्यासमा टपक्क टिपेका छन् । यही समाजको वरिपरि रहेर दुःख कष्ट, वेदनालाई उपन्यासमा उतारेका छन् । साहित्य सृजनाका लागि उनले आफू जन्मेको समाजको परिवेश, चालचलन

२६. खगेन्द्रप्रसाद लुइटेल, प्राविधिक ठगी र जनयुद्धको जीवन्त कथा, **कालचक** पूर्ववत् पृ.ख ।
२७. ऐजन ।
२८. ऐजन ।
२९. ऐजन ।

रहनसहनलाई प्रमुख विषयवस्तु बनाएका छन् । यसकै सेरोफेरोमा साहित्य सृजना गरेका छन् । उनका प्रत्येक उपन्यासमा उनको आफ्नै भोगाइ कतै न कतै पाइन्छ । उनको श्रष्टा व्यक्तित्वमा आख्यानकार व्यक्तित्व नै प्रमुख देखिन्छ । उनी उपन्यास लेखनमा बढी लागि परेको देखिन्छ । उनको उपन्यास लेखनको भाषाशैली सरल, सहज र स्पष्ट छ । सरल भाषाशैली प्रयोग गर्ने थापाले उपन्यासको माध्यमबाट पाठकको मन जित्न सफल भएका छन् । बखतबहादुर थापाको जीवनी, व्यक्तित्व, र साहित्य सृजनाका बीच एक अर्कामा अन्त : सम्बन्ध स्पष्ट देख्न सकिन्छ ।

## २.४ निष्कर्ष

दैलेखको सामान्य परिवारमा जन्मेका बखतबहादुर थापाले नियमित र व्यवस्थित पढाई नहुँदा पवेशिका परीक्षा उत्तीर्ण गर्न नसके पनि साहित्य साधनमा तल्लीन रहेका छन् । नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका बखतबहादुर थापाका हालसम्म चारवटा उपन्यासहरु प्रकाशित भएका छन् । ड्राईभिङ पेसा रुचिको विषय भएपनि प्राविधिक विषयमा दक्ष बनेका छन् । लक्ष्मी प्रसाद देवकोटाको **मुनामदन** खण्डकाव्य र ध्रुवचन्द गौतमका कथा र उपन्यासबाट प्रभावित बनेका छन् । साहित्य प्रति रुचि जगाईदिने काम बिराटनगर बासी एक जना पत्रकारले गरे । सर्वप्रथम प्रकाशित रचना वि.सं. २०५५ सालमा ज्वाला सन्देश पत्रिकामा प्रकाशित **दैलेख** शीर्षकको कविता हो । यस कविताबाट उनको कवि व्यक्तित्व झल्किएको छ । **परदेश, कुहिरो र काग**, **कालचक्र** र **जङ्गे** उपन्यासका माध्यमबाट उपन्यासकारका रुपमा चिनिएका छन् । **आघात**, **कम्प्युटर आतङ्क** कथा सङ्ग्रहका माध्यमबाट कथाकारका रुपमा चिनिएका छन् । कम्प्युटर हार्डवेयर सम्बन्धी काम गर्ने बखतबहादुर थापा पेसाले कम्प्युटर प्राविधिक छन् । साहित्य सृजनाका लागि आफू जन्मेको समाजको परिवेश, चालचलन, रहनसहनलाई विषयवस्तु बनाएका छन् । आफ्ना दु:ख, कष्ट, सङ्घर्षलाई उपन्यासमा उतारेर जीवन्त बनाउने प्रयास गरेका छन् ।

# तेस्रो परिच्छेद

# बखतबहादुर थापाको औपन्यासिक यात्रा

## ३.१ पृष्ठभूमि

बखतबहादुर थापाको २०५८ सालमा **परदेश** उपन्यासको प्रकाशनसँगै औपन्यासिक यात्राको सुरूआत औपचारिक रूपबाट भएको हो । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएको यो यथार्थवादी उपन्यास हो । **काग र कुहिरो** २०६१ सालमा प्रकाशनमा आएको उपन्यास हो । यस उपन्यासमा मध्यपश्चिमका मानिसहरूको जीवनशैली, बालविवाह, बहुविवाह, अज्ञानता जस्ता घटनालाई यथार्थ रूपमा देखाइएको छ । २०६४ सालमा **कालचक्र** र २०७१ सालमा **जङ्गे** नामक उपन्यास प्रकाशनमा आएका छन् । पहिलेका दुई उपन्यासले भन्दा पछिल्ला उपन्यासले भिन्दै प्रवृत्ति अङ्गालेको हुनाले नयाँ मोड लिएको छ । पछिल्ला उपन्यासमा प्राविधिक विषयमा हुने गरेको ठगी र जनयुद्धको जीवन्त कथा, समाजका धूर्त, फटाहा, ठगलाई समाजबाट नै बहिष्कार गर्नुपर्ने सुधारवादी चेतनालाई मूल विषयवस्तु बनाएर उपन्यासको रचना गरिएको छ । यी उपन्यासमा सामाजिक यथार्थवादका साथै आलोचनात्मक यथार्थवादको प्रयोग गरिएको छ । थापाका हालसम्म प्रकाशित चारवटा उपन्यासको आधारमा यिनको औपन्यासिक यात्रालाई निम्नलिखित चरणमा विभाजन गरिएको छ ।

## ३.२ पहिलो चरण (वि.सं. २०५५ देखि २०६१ सम्म)

यो चरण बखतबहादुर थापाको आभ्यासिक चरण हो । यस चरणमा प्रकाशित भएका उपन्यासहरू **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१) हुन् । यस चरणमा थापाले स्पष्ट रुपले साहित्यको कुनै एक मात्र क्षेत्र चयन गरेको पाइदैन । साहित्य क्षेत्रमा आकर्षित गर्ने साहित्यकारमा लक्ष्मीप्रसाद देवकोटा, ध्रुवचन्द्र गौतम आदिलाई मान्छन् ।[३०] विराटनगर बासी एक पत्रकारले साथै कमलादी स्थित पोसेफिक अफिस अटोमेसिन सेन्टरका सञ्चालक राजिव सिन्हाले साहित्य सृजनामा प्रेरणा दिएको पाइन्छ । [३१] यस चरणमा प्रकाशित उपन्यासहरुमा पश्चिम नेपालको यथार्थ घटनालाई कथावस्तु बनाइएको छ । उपन्यास **परदेश**मा पश्चिम नेपालका मानिसले भोग्नुपरेका सामाजिक आर्थिक दुःख पीडा, समाजमा रहेको विकृति, विसङ्गतिले निम्त्याएको असामाजिक अवस्था, बेरोजगारीका कारण विदेसिन वाध्य नेपालीको यथार्थ चित्रण गरिएको छ ।

---

३०. लीला खरेल, पूर्ववत्, पृ. ३३ ।
३१. बखतबहादुर थापाबाट प्राप्त जानकारी

यस उपन्यासमा दैलेखदेखि भारत हुँदै काठमाडौँसम्मको कथावस्तु बुनिएको छ । भर्खर विवाह गरेका युवकहरू आफ्ना बा-आमा, श्रीमती सबैलाई गाउँ घरमा छाडेर धन कमाउने आशामा र घर व्यावहार सुदृढ बनाउने आशामा भारत पलायन हुन बाध्य छन् । पश्चिम नेपालका नेपाली युवकहरू भारतमा जुनसुकै काम गर्न बाध्य भएका छन् ।

उपन्यास **काग र कुहिरो**मा पश्चिम नेपालको दैलेखमा नेपाली युवावर्गमा छरिएको विकृति विसङ्गतिको चित्रण गरिएको छ । पश्चिमी समाजमा रात्रीको समयमा युवायुवतीहरू भेला हुने, दोहोरी खेल्ने, रासलीलामा व्यस्त रहने गर्नाले समाजमा विकृति छरिएको छ । यस्ता विकृति, विसङ्गतिले समाजमा असामाजिक अवस्था भित्रिएको छ । बाल विवाह, बहुविवाह, जाँडरक्सी, चेलीवेटी बेचबिखनले समाज अस्तव्यस्त बनेको छ ।

यस चरणका उपन्यासमा दुर्गम क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको भोक, शोकको समस्या, गरिबी, बेरोजगारीको समस्या, दुई छाक खानको लागि विदेसिनु पर्ने स्थिति, जाँडरक्सी, जुवातासको युवावर्गमा परेको नराम्रो लतले समाजमा मौलाएको विकृति, विसङ्गति, चेलीबेटी बेचबिखन, नारी हिंसा, दुःख पीडा, बालविवाह, बहुविवाह आदिको चित्रण पाइन्छ । गाउँघरका यस्ता आर्थिक, सामाजिक पक्षलाई समेटी उपन्यासको रुप दिन खोज्नु उनको उपन्यासकारिताको राम्रो पक्ष हो । यस चरणमा ठोस उपन्यास लेख्न खोज्ने प्रयास भएको छ ।

### ३.३ दोस्रो चरण (वि.सं. २०६२ देखि २०७० सम्म)

यस चरणमा **कालचक्र** (२०६४) उपन्यास प्रकाशित गरेका छन् । उपन्यासको सिङ्गो जीवन, लामो कथानक, विशाल वातावरण जस्ता कुरामा आफ्ना सटिक अनुभूति र प्रभाव समेट्दा समेट्दै पनि उनी कथा सङ्ग्रह प्रकाशन गर्न पुग्छन् । यो चरणमा उनको उपन्यास सृजना खारिएको छ । यस चरणमा प्रकाशित आख्यानमा पश्चिम नेपालका नेपालीको दुःख, पीडा, वेदना माओवादी सशस्त्र युद्धले नेपाली समाजमा पारेको प्रभावलाई पाठक समक्ष पुर्‍याउने प्रयत्न गरेका छन् । यस चरणका उपन्यास खारिएका, माझिएका र सम्प्रेष्य छन् ।[३२] यस चरणमा प्रकाशित उपन्यास **कालचक्र** यसको उदाहरण हो । यस चरणका उपन्यासमा सामाजिक यथार्थको झल्को पाइन्छ ।

---

३२. ऐजन पूर्ववत पृ. ३४

आफ्नो गाउँ ठाउँको सानातिना घटनाहरूलाई कथावस्तु बनाएर उपन्यास सिर्जना गर्ने थापाले **कालचक्र** उपन्यासमा गाउँघरको मात्र नभइ काठमाडौँको यथार्थ घटनालाई उपन्यासमा टपक्क टिपेका छन् । प्राविधिक विषय जानेका मानिसहरूले कसरी सर्वसाधारणलाई ठगी गर्छन् भन्ने विषयलाई छर्लङ्ग्याएका छन् । प्रविधि जानेको घमण्डमा इमान्दारीलाई बन्धक बनाएर प्रविधिको प्रयोग गर्ने मानिसको कसरी घाटी रेटिन्छ भन्ने मर्मस्पर्शी प्रसङ्गको प्रयोग पनि **कालचक्र** उपन्यासमा गरिएको छ ।[३३]

माओवादी जनयुद्धले नेपाली समाजमा पारेको सकारात्मक, नकारात्मक दुवै पक्षलाई पनि उपन्यास **कालचक्र**मा प्रस्तुत गरिएको छ । जनयुद्धको समयमा नेपाली जनताले भोगेका दुःख, पीडा, वेदना, हिंसा बलात्कार, नेपाली जनताले घरवार बिहिन भएर आफ्नो गाउँठाउँ नै छोड्नुपरेको अवस्था आदिको मर्मस्पर्शी प्रसङ्ग पनि उल्लेख गरिएको छ ।

### **३.४ तेस्रो चरण** (**२०७१ देखि हालसम्म**)

यस चरणमा देखापरेको उपन्यास **जङ्गे** हो । यस उपन्यासमा ग्रामीण जीवनको फोटोकपीका साथै त्यही गाउँका उपज गाउँलेहरूको काठमाडौँ आगमन पछिको नियति पनि पोखिएको छ । रोजगारीका नाममा हुने ठगीहरू, राजनीतिको नाममा हुने गरेका दुषित कर्महरू र काठमाडौँले मोफसल र सुदूर गाउँलाई हेर्न गिद्देदृष्टि पनि कृतिमा समेटिएको छ । **जङ्गे** सत्ताकेन्द्रको दृष्टि नपुगेको विकट वस्तीको जिउँदो कथा हो । त्यहाँका नागरिकहरू काठमाडौँका आँखामा नागरिकताको प्रमाणपत्र भएर पनि आनागरिक छन् । आफूलाई अनागरिकको दर्जा गराइरहेकाहरूलाई त्यो गाउँका कर्मशील र श्रमशील जनताहरूले गाउँ निकाला गर्ने सम्मको सामर्थ्य राख्छन् । जङ्गे पारिवारिक र सामाजिक सुनामीका बीच लक्ष्यप्रति दृढ छ । यो नेपाली स्वाभिमानको प्रतीक हो । यस उपन्यासमा नेपालीले भोग्नुपरेका बेरोजगारी, गरिबी, विस्थापन, अमानवीय व्यवहार र अनेकन कठिनाइलाई स्वाभाविक पारामा चित्रण गरिएको छ । बालबालिका र बृद्धहरूले भोग्नुपरेको पीडा छोरीचेलीको बिडम्बना, दुर्व्यसनको शिकार युवापुस्ता जस्ता राष्ट्रिय समस्याले आफ्नो परिवेश आक्रान्त भएको परिवेश यस उपन्यासमा पाइन्छ । शासनको केन्द्रमा रहनेहरुको बुद्धि, विवेक अदूरदर्सी भएको भाव व्यक्त गरेका छन् । यो उपन्यास पहाडी गाउँघरको प्रतिनिधि उपन्यास  हो ।  गाउँघरको यथार्थ चित्रण हो ।  गाउँघरका महिलाको दुर्दान्त

३३.खगेन्द्रपसाद लुइटेल, **नेपाली उपन्यासको इतिहास**, पूर्ववत्, पृ. २८३ ।

छायाँ हो । यस उपन्यासले वर्तमान बोलेको छ । ठग, धूर्त, फटाहाहरू मौलाउने कारण खोतलेको छ । यस उपन्यासले नेपालको सामाजिक, राजनीतिक एवम् आर्थिक, शैक्षिक परिदृश्यलाई यथार्थ रूपमा उतार्ने चेष्टा गरेको छ । यस उपन्यासमा दीनहीन गाउँले जनताका पीडा र व्यथालाई कारुणिकताका साथ प्रस्तुत गरिएको छ । यसको सापेक्षतामा राजधानीको विसङ्गत, विकृत रङ्गरौसपूर्ण छाडापनको चित्र खिचिएको छ । शहरको सुन्दर बाह्य स्वरूप र कुरुप वा विकृत आन्तरिक अवस्थाको यथार्थ चित्रण पाइन्छ । उपन्यास यथार्थवादी र अग्रगमनकारी देखिएको छ । उपन्यासले जीवनवादी सोचको प्रवाह गरेको छ ।

## ३.४ निष्कर्ष

प्रथम चरणमा **परदेश**, **कुहिरो र काग** उपन्यास प्रकाशित गरेका उनी उपन्यास लेखनको आभ्यासिक चरणमा थिए । यस चरणको प्रथम प्रकाशित उपन्यास **परदेश**ले उपन्यास लेखनको अभ्यासलाई जनाउँछ । **कुहिरो र काग** यसै चरणको अर्को उपन्यास हो । यस उपन्यासमा पश्चिम नेपालमा प्रचलित बालविवाह, बहुविवाहले ल्याएको विकृतिको व्याख्या गरिएको छ ।

दोस्रो र तेस्रो चरणमा प्रकाशित उपन्यासले उपन्यास लेखनमा सशक्तता देखाएका छन् । उनका पछिल्ला उपन्यासमा खारिएको लेखनी पाउन सकिन्छ । प्राविधिक विषय जानेको मानिसले कसरी सोझा साझा मानिसलाई ठग्छन् र आफ्नो कुम्लो पोको पार्छन भन्ने देखाएका छन् । राजधानीबाट विकटमा रहेका स्थानको सत्ता केन्द्रमा रहेका मानिसले कसरी वेवास्ता गर्छन भन्ने विषय प्रस्तुत गरेका छन् ।

कम्प्युटर प्राविधिक रहेका थापा साहित्य क्षेत्रमा प्रवेश गरी साहित्यिक प्राविधिक पनि बनेका छन् । नेपालको मध्यपश्चिममा भएका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक विषयवस्तुका साथै प्राविधिक क्षेत्रमा भएका प्राविधिक ठगी र जनयुद्धले नेपाली समाजमा पारेको प्रभावलाई सफल रूपमा उपन्यासमा उतारिएको छ ।

# चौथो परिच्छेद

## बखतबहादुर थापाका उपन्यासको विश्लेषण

### ४.१ उपन्यास विश्लेषणको प्रारूप

साहित्यका प्रमुख चार विधा कविता, आख्यान, नाटक र निबन्धमध्ये उपन्यास आख्यान विधा अन्तर्गत पर्ने साहित्यको नवीनतम विधा हो ।[३४] उपन्यासलाई वर्तमान साहित्यको सबैभन्दा लोकप्रिय विधाका रूपमा लिएको छ । यसलाई गद्यमा लेखिएको महाकाव्य पनि भन्ने गरिन्छ ।[३५] साहित्यिक विधाका कृतिको निर्माणका लागि निश्चित घटक वा अवयवहरूको मेल आवश्यक भएझैं उपन्यास पनि अनेक अवयव र अङ्गहरूको मेलबाट निर्माण भएको हुन्छ ।[३६] साहित्यका हरेक विधाका कृतिहरू झै उपन्यास पनि एउटा विशिष्ट संरचना भएकाले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयवहरू छन् ।[३७] उपन्यासलाई आकृति प्रदान गर्ने वा उपन्यासको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटक भनिन्छ ।[३८] कृतिलाई स्वरुपगत पूर्णता प्रदान गर्ने आवश्यक अङ्ग वा अवयवहरु नै त्यसका संरचक घटक वा तत्त्वहरू हुन् ।[३९] उपन्यासका तत्त्वहरू कथानक, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैलीय विन्यासको सामान्य परिचय दिएको छ ।

### ४.१.१ कथानक

उपन्यासको एक अनिवार्य तत्त्व कथानक हो । उपन्यासको मूल ढाँचा निर्माण गर्ने काम कथानकले गर्दछ । घटना, स्थिति, अवस्था वा प्रसङ्गहरूको योजनाबद्ध विन्यासलाई कथानक भनिन्छ । कथानक साहित्यिक कृतिमा घटित घटनाहरूको शृङ्खलाका साथै लेखकको अन्त : सम्बन्धित कार्यव्यापारको सुविचारित छनौटको परिणाम, विन्यासको चयन र द्वन्द्वको आयोजना पनि हो ।[४०]यसले घटनाहरूका बीचको सम्बन्धको ढाँचा वा तिनको कार्यकारण सम्बन्धलाई सङ्केत गर्छ ।[४१] घटना कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ । यसले मूलतः कालक्रमद्वारा श्रृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ ।[४२] कथानक भनेको कार्यकारण श्रृङ्खलामा विन्यस्त घटनाहरूको पुञ्ज हो । यसमा कुनै

३४. ऐजन पृ. १ ।
३५. ऐजन ।
३६. ऐजन पृ. ३९ ।
३७. ऐजन ।
३८. ऐजन ।
३९. ऐजन ।
४०. ऐजन, पृ. ३९ ।
४१. ऐजन, पृ. ३९ ।
४२. ऐजन

कार्य हुनको लागि स्पष्ट कारणको आवश्यकता पर्छ । घटनाहरूको विकास आदि, मध्य र अन्त्य श्रृङ्खलामा बाँधिएको हुन्छ । विषयवस्तुका आधारमा कथानक सामाजिक, धार्मिक, पौराणिक, ऐतिहासिक यथार्थवादी आदि विभिन्न प्रकारका हुन्छन् ।[४३] घटना प्राप्त गर्ने कथानकका प्रमुख स्रोतहरूमा इतिहास, पुराण, मनोभावना कल्पना, यथार्थ आदिलाई लिइन्छ ।[४४] कथानकमा द्वन्द्वको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । परस्पर विरोधी दुई व्यक्ति, शक्ति वा परिस्थितिका बीचमा हुने सङ्घर्षलाई द्वन्द्व भनिन्छ ।[४५] आन्तरिक र बाह्य गरी द्वन्द्व दुई प्रकारको हुन्छ । कुनै सहभागीको अन्य सहभागी, समाज, प्रकृति, भौतिक जगत आदिका बीचमा हुने सङ्घर्षलाई बाह्य द्वन्द्व भनिन्छ । सहभागी विशेषको मनका दुई विरोधीभाव वा विचारहरूका बीचमा हुने सङ्घर्षलाई आन्तरिक द्वन्द्व भनिन्छ ।[४६] कथानकले उपन्यासका घटनाक्रमलाई बाँध्दै अगाडि बढेको हुन्छ ।

### ४.१.२ सहभागी

कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ ।[४७] उपन्यासमा घटनाको विकास गर्न वा कथानकको गति प्रदान गर्न सहभागीको महत्त्वपूर्ण भूमिका रहन्छ । सहभागी कथानकमा आवद्ध हुन्छन् र तिनैले कथानकलाई गतिशील तुल्याउँछन् ।[४८] कृतिमा सहभागीहरूको सहभागिता वक्ता, श्रोता, सम्बोधक, सम्बोधित, प्रेषक, प्रापक आदिका रूपमा हुन्छ । कृतिमा पुरुष, स्त्री, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, गतिशील, स्थिर, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्च, बद्ध, मुक्त आदि अनेक प्रकारका सहभागीहरूको सहभागिता रहन्छ । यी विभिन्न खालका चरित्रहरूका बीचमा हुने पारस्पारिक सम्बन्ध तथा द्वन्द्वले कथानकलाई जीवन्त र सहभागीहरूलाई सक्रिय तुल्याउँछ ।[४९] कृतिमा पात्रहरूको आ-आफ्नै विशेषताहरू हुन्छन् । उपन्यासकार आफ्ना भावनाहरू अभिव्यक्त गर्न सहभागीको प्रयोग गर्छन् र उपन्यास सफल बनाउँछन् ।

### ४.१.३ परिवेश

कृतिमा प्रयुक्त सहभागीले कार्य व्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावतरणलाई परिवेश भनिन्छ ।[५०] खासमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले

४३. ऐजन ।
४४. ऐजन, पृ. ४१ ।
४५. ऐजन, पृ. ४३ ।
४६. ऐजन, पृ. ४४ ।
४७. ऐजन ।
४८. ऐजन, पृ. ४५ ।
४९. ऐजन ।
५०. ऐजन ।

कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ ।[५१] उपन्यासमा सहभागीहरूले कार्य गर्ने र घटनाहरू घट्ने समय, ठाउँ र वातावरणलाई बुझाउने परिवेश अन्तर्गत समयविशेष वा स्थानविशेषको रीतिस्थिति, चालचलन, आचार, व्यवहार, रहनसहन, भेषभुषा, सोचाइ, अनुभव आदि पनि पर्दछ ।[५२] आन्तरिक र वाह्य गरी परिवेश दुई किसिमका हुन्छन् । उपन्यासमा बाहिरको भौतिक परिवेशलाई वाह्य र मानसिक परिवेशलाई आन्तरिक परिवेश भनिन्छ । परिवेश भित्र पर्ने देश, काल, वातावरणले उपन्यासमा कथानकको विकासमा विशेष भूमिका खेल्छ ।

### ४.१.४ उद्देश्य

जुन प्रयोजनका लागि कृति लेखिएको हुन्छ त्यस प्रयोजनलाई उद्देश्य भनिन्छ ।[५३] कृति सिर्जनाको प्रयोजनमूलकता नै उद्देश्य हो । बिना उद्देश्य कुनै पनि कृतिको रचना गरीदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिकै लागि लेखिन्छ ।[५४] उपन्यासको प्रमुख उद्देश्य विशेषतः जीवनका कुनै पक्ष विशेषका यथार्थको चित्रण गर्नु नै हुन्छ । कुनै उपन्यासमा यो तत्त्व प्रत्यक्ष देखिने गरी रहेको हुन्छ भने कुनैमा कृति भित्रै परोक्षरुपले अन्तरनिहित भएको हुन्छ । प्रत्यक्ष वा परोक्ष जुन रुपले भए पनि अनिवार्यतः रहने हुदा उद्देश्य उपन्यासको एउटा संरचक घटक हो ।[५५]

### ४.१.५ दृष्टिविन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिविन्दु भनिन्छ ।[५६] सामान्यतया हेराइको कोण वा परिप्रेक्ष्यलाई जनाउने दृष्टिविन्दु कृतिको प्रस्तुतीकरणसँग सम्बन्धित संरचक घटक हो ।[५७] दृष्टिविन्दुले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक समक्ष पुऱ्याउने तरिकालाई पनि बुझाउँछ । दृष्टिविन्दुले कृतिलाई ठोस आकृति संरचनागत पूर्णता प्रदान गर्न तथा कृतिको वसतुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन मद्दत पुऱ्याउँछ ।[५८] कृतिको प्रस्तुति प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुमा गरिन्छ । कतिपय कृतिमा मिश्रित दृष्टिविन्दुको पनि प्रयोग गर्न सकिन्छ । प्रथम पुरुष दृष्टिविन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । तृतीय पुरुष दृष्टिविन्दु, सर्वज्ञ, सीमित, वस्तुगत गरी तीन किसिमको हुन्छ । उपन्यासमा प्रस्तुत हुने दृष्टिविन्दु जुन भएपनि उपन्यास सम्प्रेषणीय र संवेदनशील भएमा उचित हुन्छ ।

---

५१. ऐजन ।
५२. ऐजन ।
५३. ऐजन, पृ. ५१ ।
५४. ऐजन ।
५५. ऐजन ।
५६. ऐजन ।
५७. ऐजन ।
५८. ऐजन ।

### ४.१.६ भाषाशैलीय विन्यास

कृतिलाई प्रस्तुत गर्ने माध्यम भाषा हो । लेखकले आफ्ना भावनाहरू कृतिमा प्रकट गर्दा भाषाको सहारा लिने गर्छ । भाषालाई साहित्यको माध्यम घटक मानिन्छ । कृतिको संरचक घटकका सन्दर्भमा भाषाशैलीय विन्यास भनेको भाषा (सङ्केत, साङ्केतिक), शैली (चयन, अग्रभूमीकरण, प्रयुक्ति विविधता), बिम्ब, प्रतीक, अलङ्कार, मिथ आदिको व्यवस्थापन हो ।[५९] भाषालाई साहित्यको माध्यम घटक र शैलीलाई योजक घटक मानिन्छ । उपन्यास प्रस्तुत गर्ने माध्यम भाषा भएकाले यो उपन्यासमा नभई नहुने तत्त्व हो । उपन्यासमा क्लिष्ट र दुरुह नभएर सरल, सहज, बोधगम्य र सम्प्रेषणीय भाषाको प्रयोग गरिनुपर्छ ।[६०] कृतिगत सन्दर्भमा लेखकीय अभिव्यक्तिको तरिका वा ढाँचालाई शैली भनिन्छ । उपन्यासलाई व्यवस्थित बनाउन भाषाशैलीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा प्रयोग गरिने भाषाशैली व्यवस्थित र शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिनुपर्छ । यिनै उपन्यास विश्लेषणका प्रारुपहरुका आधारमा बखतबहादुर थापाका उपन्यासहरुको विश्लेषण गरिएको छ ।

## ४.२ 'परदेश' उपन्यासको विश्लेषण

### ४.२.१. परिचय

**परदेश** उपन्यास बखतबहादुर थापाको प्रथम प्रकाशित उपन्यास हो । यस उपन्यासलाई २०५८ सालमा प्रथमपटक मोतीराम थापाबाट प्रकाशित गरिएको हो । यस उपन्यासको आवरण पृष्ठमा एशिया महादेशको वृतचित्र बनाईएको छ । जसको सिरानमा एक हातमा वैशाखीको सहारा र एक काँधमा झोला बोकेको एकजना बुढो मानिस कतै हिड्दै गरेको छ । मध्यभागमा पिठ्युँमा भारी बोकेको एक जना युवक कतै हिड्दै गरेको छ । पछाडिको आवरण पृष्ठमा लेखकको फोटो सहित परिचय पाइन्छ । तल्लो भागमा लेखकले परदेशको बारेमा पोखेको आफ्नो अनुभूति पाइन्छ । आकार प्रकारका दृष्टिले उपन्यास मध्यम आकारको छ । आवरण पृष्ठ को सिरानमा उपन्यासको शीर्षक परदेश सामाजिक उपन्यास भनेर जनाइएको छ । यसबाट यो उपन्यासको परिचय पाउन सकिन्छ । आवरण पृष्ठ भन्दा अगाडिको पृष्ठमा जगत् उपाध्याय प्रेक्षितले 'शुभकामनाका दुई शब्द' शीर्षकमा उपन्यासमा नेपाली समाजको वास्तविकता उतारेकाले थापालाई सामाजिक यथार्थवादी उपन्यासकार मान्न सकिने बताएका छन् । ३३१ पृष्ठमा संरचित उपन्यास **परदेश** दुई भागमा विभाजित छ । पहिलो भागमा १३९ पृष्ठ र १८

५९. ऐजन, पृ. ५५।
६०. ऐजन पृ. ५६ ।

शीर्षकमा फैलिएको छ । दोस्रो भागमा १९२ पृष्ठ र २० शीर्षकमा फैलिएको छ ।

बखतबहादुर थापाले उपन्यास **परदेश**मा आफूले परदेशमा भोगेको दुःख, पीडा, सङ्घर्ष, वेदना आदिलाई साहित्यिक रुप दिएर पाठक समक्ष पुऱ्याएका छन् । यस उपन्यासमा पश्चिम नेपालका नेपालीको दुःख, पीडा, धन कमाउन भारत गएर जस्तोसुकै काम गर्न बाध्य हुनुपर्ने अवस्थाको चित्रण गरेका छन् । भारतीयले नेपालीलाई गर्ने दुर्व्यवहार यस उपन्यासमा पाइन्छ ।

### ४.२.१.१ कथानक

नेपालको मध्यपश्चिम दैलेख जिल्लाको दुर्गम गाउँको निम्नवर्गीय परिवारमा जन्मेको प्रेम आफ्नो गाउँ छाडेर धन कमाउने र पारिवारिक आर्थिक अवस्था सुदृढ बनाउने आशामा घरपरिवार र श्रीमती छाडेर भारततिर लाग्छ । घरपरिवार सबैको चाहना गाउँघरमा नै सानोतिनो नोकरी गरेर बसोस् तर परदेश नजाओस् भन्ने थियो । प्रेम घर परिवारको चाहना विपरीत भारत प्रस्थान गर्छ । कहिल्यै घरबाट बाहिर नगएको प्रेम विविध दुःख, कष्ट सहदै भारत पुग्छ । भारतमा उसलाई सबैभन्दा बढी दुःख हिन्दी भाषा बोल्न नजान्दाको हुन्छ ।  भारतको अल्मोडा पुगेको प्रेम आफ्ना गाउँले  दाजुभाइसँग  केही  दिन त्यही बस्छ । अल्मोडामा हर्केसँग बसेर बाँकेश्वर तिर लाग्छ । बाँकेश्वरमा गाउँको साँल्दाइसँग भेट हुन्छ । प्रेम आदरपूर्वक साँल्दाइको खुट्टा ढोग्छ । आर्शिवाद दिदै साँल्दाइ गाउँघरको हालखबर प्रेम मार्फत बुझ्छ । साँल्दाइको परिश्रम बानीले गाउँमा साँल्दाइकी श्रीमतीका सान अन्यको भन्दा बेग्लै हुन्छ । त्यो देखेर प्रेमकी श्रीमती जल्ने गरेको प्रेम सम्झन्छ । प्रेम, लालु र साँल्दाइ खाना खाँदै गफ गर्न थाल्छन् । भोलिपल्ट दिउँसो खोलामा नुवाइ धुवाइ गरेर ठूल्दाइको तास खेल्ने ठाउँमा पुग्छन् । ठूल्दाइलाई खाना खान समय दिएर प्रेम तास खेल्न थाल्छ । उसको दिल्ली जाने उद्देश्य भएकाले साथीभाइसँग दिल्ली गएर केही सीप सिक्ने लक्ष्य लिएको प्रेम दिल्ली तर्फ लम्कन्छ ।

आफ्नो दृढ अठोटका साथ दिल्ली प्रस्थान गरेको प्रेम अनेक कठिनाइका साथ दिल्ली स्थित मायापुरी पुग्छ । मायापुरीमा गाउँको फूलबहादुरसँग उसको भेट हुन्छ । फ्याक्ट्रीमा चौकीदारीको काम गर्ने फूलबहादुर र गाउँको सरुप्याको सल्लाह अनुसार प्रेम चक्रनाथ शास्त्रीलाई भेट्न “सिनियर सेक्रेटरी स्कुल विर्लामन्दिर” पुग्छ । चक्रनाथ शास्त्रीले चियापसलमा लगेर प्रेमको परिचय लिए । एक टुक्रामा “सुदर्सन पार्क सि. अठार” ठेगाना दिएर फेरि भेट्न आउन आग्रह गरे । आफ्नै छिमेकी गाउँले कालीप्रसाद गोर्खाको अफिसमा चौकीदारीको काम पाएको थियो । चौकीदारी गर्नु भन्दा केही सीप सिकेर सदाका लागि आफ्नो जीवन सुधार्न चाहाने प्रेमलाई

चौकीदारको काम गर्न मन परेन । चक्रनाथ शास्त्रीले बोलाए झैं ऊ चक्रनाथ शास्त्री कहाँ पुग्यो । चक्रनाथ शास्त्रीले टाइपराइटर बनाउने पसलमा काम खोजी दिए । प्रेमले त्यहाँ काम गर्न थाल्यो । टाइपराइटर बनाउने पसल भएकाले टाइपिङ सिक्न नपाइनाले प्रेम टाइपिङ सिक्न केही समय त्यहाँ काम गरेर अर्को टाइपरराइटर मर्मत केन्द्रमा काम गर्न थाल्छ । प्रेमले काम गर्ने पसलको मालिक राजेन्द्रले काम सिक्न लाग्ने तीन वर्षसम्मको तलब नमिल्ने बताउँछ । काम सिक्न पाउने हुनाले उसले काम गर्छ । लगनशील, मेहनती प्रेम इमान्दारपूर्वक काम गरेर साहुलाई खुशी पार्छ । प्रेम टाइपरराइटर मर्मतको काम पनि चाडै नै सिक्छ । प्रेम गुरुजीको सेवा गर्न पछि पर्दैन । गुरुजीले पनि प्रेमको ख्याल गर्छ खाएको नखाएको, बिरामी भएको, नभएको, पैसा छ छैन आदि । बिरामीको नाटक गरेको प्रेमलाई गुरुजी आराम गर्न अफिसमा नैं कपडाको गुन्टा ल्याइदिन्छ र खाना पनि दिन्छ । यसैमा प्रेम आराम गर्दै निदाउँछ । वास्तवमा गुरुजीले प्रेमलाई आफ्नो मन जितेकाले पसलमा बस्न दिएको हुन्छ । प्रेम बिरामीको नाटक गरी गोदाममा सुतेर रातभरी भए पनि गोदामका मेसिन बनाउँदै बिगार्दै गरेर तीन वर्षको काम तीन महिनामा सिक्न चाहन्छ । लगनशील प्रेमले दुई महिनामा धेरै सिकिसकेको हुन्छ । सर्पराजले प्रेमको बुवाले लेखेको चिठी लिएर आउँछ । प्रेमले आजसम्म घरमा चिठी पठाएको थिएन । चिठीको महत्त्व बुझेको पनि थिएन । कसरी चिठीले सपनालाई विपनामा बदल्दो रहेछ भन्ने थाहा पायो । चाडै घर फर्कने कुरा गर्दै प्रेम घरमा चिठी पठाउँछ । एक दिन काममा जुटिरहेको बेला प्रेम गुरुजीसँग आफूले काम जानेको र सर्टिफिकेट लिन लायक भएको बताउँछ । गुरुजीले हुन्छ भन्छ तर स्ट्याम्प प्याडहरू आफ्नो घरमा लगेर लुकाउँछ । यो कुराले प्रेम प्रमाणपत्रको लालच त्याग्न बाध्य हुन्छ । प्रेम घर जान भनी फूलबहादुरको डेरामा पुग्छ । त्यहाँ पुगेपछि उसले गौरी नजिकै गाउँको टीका भन्ने मानिससँग पोइल गई । अहिले यही भारतको अमहवादमा सिकिस्त बिरामी छे भन्ने सुन्छ । यो सुनेर प्रेम आफू माथि ठूलो बज्रपात परेको ठान्छ । अफ्नो चेतना किन नउडेको, सधैं सधैंका लागि किन बेहोश नभएको भन्ने सोच्न थाल्छ । गौरी नाम सुन्ने वित्तिकै उसलाई आफ्नी श्रीमती हो भन्ने लाग्छ । प्रेम गुरुजीको पसलमा पुग्छ । गाउँबाट कोही आएर श्रीमती बिरामी छे भन्छ । म गाउँ जानु पर्‍यो भनेर सुनाउँछ । गुरुजीले प्रेमको कुरा सुनी उसलाई घरजाने खर्च दिन्छ र छिटै आउन आग्रह गर्छ । प्रेम गुरुजीसँग पैसा लिएर पुरानो दिल्ली बसपार्कबाट अहमवादतिर लाग्छ । उपन्यासमा यति कथा अगाडि बढेपछि पहिलो भागको कथानक समाप्त भएको छ ।

उपन्यासको दोस्रो भागमा गौरीको खबरले विक्षिप्त बनेको प्रेम अहमवाद पुग्छ । किरण इलेक्ट्रोनिक्स कम्पनी पुगेको प्रेम आफू टेक्निसियन भएकाले नोकरीको खोजीमा आएको

बताउँछ । प्रेमको नोकरी किरण इलेक्ट्रोनिक्समा मिल्छ । ऊ यही कम्पनीमा काम गर्न थाल्छ । नोकरीको पहिलो दिन सन्तोसजनक नै बिताउँछ । एकदिन ग्राहकसँग फोटोकपी बनाउन प्रेम एउटा फ्याक्ट्रीमा पुग्छ । फ्याक्ट्रीमा काम गर्ने चौकीदारसँग परिचय गर्दा एउटै जिल्लाका परेछन् । प्रेम र सुभाष एक होटलमा गए जहाँ टीका काम गर्थ्यो । सुभाषले टिकालाई भेट्न बोलायो । टीका नाम सुन्ने बित्तिकै प्रेमको सातो गयो । प्रेम र टीका दुवैको भेट भयो । सुभाष टीकासँग पैसा माग्छ । टीका श्रीमती बिरामी भएको बताउँछ । प्रेमले सेठजीसँग भनेर गौरीको उपचारको लागि व्यावस्था मिलाउँछ । प्रेम दिल्लीबाट फोनमा गौरीको उपचारको बारेमा त्यही काम गर्ने नर्स सविता मार्फत बुझ्छ । गौरीको उपचारमा सुधार भईरहेको थाहा पाउँछ । दिनैपिच्छे अस्पतालमा फोन गरी गौरीको हालचाल बुझ्ने प्रेमसँग सविताको राम्रो चिनजान हुन्छ । सविताले विशेष प्राथमिकताका साथ गौरीको उपचारमा ध्यान दिन्छे । प्रेम सुभाषको कोठाबाट निस्केर नर्सिङहोम तिर जान लाग्छ । बाटामा उसको सवितासँग भेट हुन्छ । एक आपसमा गफगाफ गर्दै छुटिन्छन् । गौरीको डिस्चार्ज हुने दिने प्रेम नर्सिङहोम तिर लाग्छ । दुई चार जना मानिसले एक जना आईमाईलाई समातेर भऱ्याङ्गबाट ओर्लदै गरेको देखेर गौरी नै हो भन्ठानेर टाढाबाट हेर्ने विचारले बाटो काट्दै गर्दा ट्रकले किचेर त्यही नर्सिङहोममा भर्ना हुनपुग्छ । तीन दिन पछि होस आउँदा ऊ अस्पतालको बेडमा हुन्छ । सविता उसको छेउमा नै रोइरहेकी हुन्छे । सविता प्रेमको सेवा, सहयोग र उपचारमा व्यस्त रहन्छे । सविताले चौकीदार विष्णुलाई चौकीदारी छाडेर प्रेमको रेखदेख र चाकरीमा लगाउँछे । प्रेमको अफिसका स्टाफ, साहुजी पनि प्रेमलाई भेट्न नर्सिङहोम आउछन् । प्रेमको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिन्छन् । सविताका बुवा, आमाले पनि प्रेमको बारेमा जानकारी लिन्छन् । सविताको माया ममता र सहयोग तथा विष्णुको साथ र सहयोग पाएको प्रेम विस्तारै निको हुदै जान्छ । उसमा सविताको माया दिनप्रतिदिन थपिदैछ । अब प्रेम वैशाखीको सहाराले थोरबहुत हिड्न थाल्छ । सविताको बुवाले ट्रकवालासँग तीनलाख पचासहजार रुपैयाँ मिलाई दिन्छन् । केही पैसा नेपालको खातामा जम्मा गरेको हुन्छ । केही पैसा प्रेमको उपचारको लागि राखिन्छ । प्रेममा पनि सविताको माया जाग्न थाल्छ । ऊ सविताका प्रत्येक अङ्गप्रति मोहित बन्छ । सविताको माया ममता सहयोग, हेरचाह, विष्णुको साथ सहयोगका साथै प्रेमको अस्पताल बसाई सहज बन्दै गइरहेको हुन्छ । यस्तै अवस्थामा अचानक एक दिन सविताको हजुरबुबाको नेपालमा मृत्यु भएकाले प्रेमलाई अस्पतालमा नैं छाडेर बुबा आमासँगै सविता पनि नेपाल आउँछे । प्रेम विष्णुको साथ सहयोगका साथै अस्पतालमा नै दिन बिताइरहेको हुन्छ । सविता गएको केही दिन पछि अस्पतालबाट प्रेमको

डिस्चार्ज हुन्छ । नक्कली दारी, कपाल लगाएर प्रेम तक्दिरानन्द बन्छ । तक्दिरानन्दको रुप धारण गरेर ऊ अस्पतालबाट गौरीलाई भेट्न निस्कन्छ । विष्णुलाई आफ्नो डेरामा खाना बनाउन पठाएर तक्दिरानन्द बनेर गौरीलाई भेट्न निस्केको प्रेमको अचानक सवितासँग बाटोमा भेट हुन्छ । भरसक सवितालाई छलेर आफ्नो बाटो लाग्न चाहे पनि प्रेमले सवितालाई छल्न सकेन । सविताको साथमा उनको घरतिर लाग्छ । तक्दिरानन्द बन्नुको तात्पर्य पनि खुलस्त पार्छ । प्रेम सविताको घर पुग्छ । चारैतिर पर्खालले सुरक्षित तुल्याइएको रातो रङ्गको दुईतले बरण्डा सहितको घरको अगाडि सजिएको बगैंचाले सुशोभित तुल्याइएको सविताको घर देखेर प्रेमको मन फुरुङ्ग हुन्छ । रमाको चन्चले बानीले प्रेमलाई सहजता मिल्छ । सविता प्रेमको रेखदेखका लागि पहाडमा बुवा आमालाई छाडेर बैनी रमालाई लिएर आएकी हुन्छे । सविता र प्रेम डुल्न बजार निस्कन्छन् । एक आपसमा माया बसिसकेको हुन्छ । मिठा-मिठा गफगाफका साथ दिनभरी रमाइलो गरी घर फर्कन्छन् । सवितासँग विष्णुकोमा जाने भनी हिडेको प्रेम विष्णुकोमा पुगेर दारी, कपाल, नक्कली लगाएर नक्कली भेष धारणा गरी गौरीलाई भेट्न जान्छ । टीका बस्ने गरेको पहिलो होटलमा पुग्दा प्रेमको टीकासँग भेट हुन्छ गौरीसँग हुदैन । प्रेमबाट तक्दिरानन्द बनेको प्रेमले टीकालाई उसको विगतको स्मरण गराउँछ । आफू तक्दिरानन्द भएकोले जन्तर मन्तर गरी जन्तर बनाएर लगाउँदा सबै राम्रो बन्दै जाने बताउँछ र विष्णुको डेरा फर्कन्छ । सवितासँग विष्णुकोमा जान भनि फेरि एक्लै हिड्यो । विष्णुकोमा पुगेर नक्कली दारी, कपाल लगाएर तक्दिरानन्द बन्यो । कागजमा गालीका शब्द लेखेर जन्तर भनेर टीका र उसकी श्रीमती गोरीलाई बाँध्न लगाएर त्यहाँबाट बिदा हुन्छ । गौरीलाई भेट्ने प्रेमको इच्छा अधुरो नै रहन्छ । अब सविता प्रेमलाई एकछिन पनि छोड्न चाहन्न । ऊ राती पनि प्रेमकै कोठामा सुत्न पुग्छे । यस्तो अवस्थामा पुगेकी सवितालाई छाडेर प्रेम घर जाने कुरा गर्छ । यसले भागेर जाने तर विष्णुलाई त्यसबारे थाहा दिने निर्णय गर्छ । विष्णु सवितालाई सबै कुरा सुनाउँछ । सविताले मनले नमाने पनि राम्ररी नै जान सल्लाह दिन्छे र विष्णुलाई बसपार्कसम्म प्रेमलाई पुऱ्याउन लगाउँछे । प्रेम विष्णुलाई घर नभइ काठमाडौं जाने र इलेक्ट्रोनिक्स ममर्त सेन्टर खोलेर उनीहरूलाई बोलाउने आश्वासन दिन्छ । सविता निकै दुःखी हुन्छे । प्रेमलाई वसपार्क पुऱ्याएर सविता र विष्णु घर फर्के भने प्रेम काठमाडौं लाग्यो ।

सवितासँग बिदा भएर काठमाडौंका लागि छुटेको प्रेम रुपैडिया नाका काटेर नेपाल छिरेपछि आफ्नो मातृभूमिलाई मलाई क्षमा गर, दसाले कुत्कुत्याएर कुन दिन यो गेटबाट छिरेछु भन्दै माफी माग्छ । प्रेम नेपालगञ्जबाट काठमाडौं तर्फ लाग्छ । सवितासँग छुटेको केही दिन पछि

प्रेम काठमाडौँ पुग्छ । न्यूरोडको एउटा इलेक्ट्रोनिक्स इन्स्टिच्युटमा दुई घण्टा पढाउने काम पनि पाउँछ । प्रेमले पुतलीसडकमा इलेक्ट्रोनिक्स सामान बनाउने र बेच्ने सटर पनि पायो । बस्नको लागि कोठा पाउन सकेको थिएन । यसपछि सवितालाई फोन गरेर सबै कुरा बताउँछ । बस्ने डेराको बन्दोवस्त गरेर यतै बेलाउने कुरा गर्दै बिदा हुन्छ । एक दिन आफ्नै काकालाई तक्दिरानन्द बनेर आफ्नो दर्सन गराएर फर्कन्छ । प्रेमले आफैँले पढाउने विद्यार्थी प्रकाशलाई सहयोगीको रूपमा राखेको हुन्छ । ऊ पुनः सवितालाई प्रेम फोन गर्छ । सविता प्रेमलाई झुक्याउने उद्देश्यले हजुरको बाटो हेरेकी छैन अर्कै मानिस आफ्नो लागि रोजीसकेको बताउँछे । प्रेम विक्षिप्त बनेर कोठातिर फर्कन्छ । उसले सवितालाई आफ्नो सबैभन्दा नजिकको मानिस ठानेको हुन्छ । यस कुराले प्रेम बिरामी समेत परेको हुन्छ । यस्तै विरक्तिएको समयमा एक दिन विष्णु प्रेमलाई थाहा नै नदिई सवितालाई लिएर प्रेमको कोठामा आईपुग्छ । दुवैजना एक्कासी देख्दा प्रेम आश्चर्य चकित हुन्छ । साथै धेरै खुशी पनि हुन्छ । गुहेश्वरीमा विवाह गर्ने भएकाले सामान किन्न प्रेम, सविता र विष्णु न्यूरोडमा जान्छन र सामान किन्छन् । दोस्रो दिन गुहेश्वरी गएर विवाह गर्छन् । दिन प्रति दिन प्रेमको पसल चकाचक हुनथाल्यो । अहमवादवाट सासू, ससुरा र साली आए । सवैले प्रेमलाई उत्साहित तुल्याउदै हरप्रकारको सहयोग गरे । सविता दुई जिउकी भएकीले श्रीमतीलाई छोरी ज्वाइँको सहयोग गर्न अह्राउदै सालीलाई लिएर प्रेमको ससुरा अहमवाद तर्फ फिर्ता गए । दिन बित्तै गयो सविताको गर्भधारणको नवौं महिना लाग्यो । एक दिन अचानक सविता भऱ्याङबाट लड्छे र वीर अस्पतालको आकस्मिक कक्षमा भर्ना हुन पुग्छे । सविताको छोरा जन्मन्छ । छोरो जन्मेको केही समयपछि उसको होस आउँदा प्रेमसँग केही भन्न खोजेकी हुन्छे तर सक्दिन । केही समयमा नै सविता यो संसारबाट सदासदाका लागि बिदा हुन्छे । सविताको मृत्युले विक्षिप्त बनेको प्रेम छोराको मुखसम्म नहेरी आईघाटमा गएर टोलाएर बस्छ । प्रकाशले छोरो सविता जस्तै छ, छोरो हेरेर चित्त बुझाउनु पर्छ भनेपछि वीर अस्पताल आएर छोरो हेरेर रुन थाल्छ । अस्पतालमा चार पाँच दिन बिताएपछि छोरो लिएर सासूसँग डेरामा आउँछ । सविताले जन्माएकोले छोराबाट पनि सविताकै बासना आएको ठानी र सविताको धेरै याद आईरहेकाले सविताकै नाम उल्टो बनाएर छोराको नाम बितास राख्छ ।

सविताको मृत्यु भएको धेरै दिन पछि अहमवादबाट प्रेमका ससुरा काठमाडौं आईपुग्छन् । ससुरा आएपछि कति सासूलाई दुःख दिइराख्ने भन्ने सोचेर अब सासूलाई पनि बिदा दिने सोचमा हुन्छ । घर गएर आफ्ना बुबा आमा लिएर आउने अनि सासू ससुरालाई बिदा दिने कुरामा प्रेम सहमती जनाउँछ । प्रेम घर पुगेर नआउन्जेल बितास सासूले हेर्ने गरी प्रेम र विष्णु घरतर्फ

लाग्छन् । सुर्खेतबाट मास्तिर नाक ठोकिने उकालो छ । प्रेमलाई हिड्न गाह्रो पर्छ । एउटा खुट्टाको खासै भर छैन । उसलाई उकालाले नै निहुँ खोजे जस्तो लाग्छ । आफ्नै देशको धर्ती देखि डराएको भान हुन्छ । तीन घण्टाको बाटो अठार घण्टा लगाएर बल्लतल्ल प्रेमले उकालो काट्यो । प्रेम पुनः तक्दिरानन्द बाबा बन्दै अगाडिको बाटो तय गर्छ । आफ्नो ठाउँका नागवेली परेका पहाडहरुको रमणीय दृश्य, कलकलाउँदा छहराहरू ओगली रहेको डाँडा-काँडाहरूको अनुपम सौन्दर्यसँग प्रेम मोहित बन्दै बाटो काटिरहेको हुन्छ । तक्दिरानन्दको भेष धारण गरेको प्रेमको बाटोमा बास बसेको ठाउँमा आफ्नो बुबा र काकासँग भेट हुँदा पनि प्रेमले चिनजान गर्दैन । ६ महिना देखि मौनधारणामा बसेको भन्न लगाउने प्रेमले आफ्नो बुबाको दुःख देखेर कसैले नदेख्ने गरी तुरुक्क आँसु झार्छ । अर्को बास प्रेमकी फुपूकोमा बस्छन् । फुपूसँग पनि तक्दिरानन्दको रुपधारणा गरी ६ महिनादेखि मौनधारणा बसेको नाटक गर्छ । केही दिनको कठिन हिडाई पछि रातको समयामा घर पुग्छन् । घर भित्र कोही गानगुन गरेको आवाज सुनिन्छ । उनीहरू बाहिरै बसेर गानगनु सुन्छन् । भित्रबाट प्रेम गौरीको आवाज सुन्छ । गौरी आफूले देखेको सपना बताइरहेकी हुन्छे । जुन सपना प्रेमको विगतसँग मेल खाइरहेको हुन्छ । गौरी आफूले कान्छा बा की छोरी गोरीलाई भेटेको जो टीकासँग पोइला गएकी थिई । उसले आफू अहमवादमा बिरामी भएको सयमा प्रेमले धेरै सहयोग गरेकाले आफू बाचेको बताएको कुरा बजैलाई सुनाउँछे । गौरीको यो कुराले बजैले प्रेम गौरी र गोरीको चक्करमा त परेन भनेर सोच्छे । गौरी र आमाको यस्तो कुरा प्रेम घर बाहिरबाट सबै सुनिरहेको हुन्छ । आमाका कुरा सुनेर हो आमा भन्दै प्रेम आमाका काखमा बेहोस हुन पुग्छ । केही छिनपछि होस आउदा चारैतिर भाइबहिनीहरू थिए । गौरी हातमा पानी लिएर बसेकी थिइन् । गौरीलाई देखेर एकाएक रोकिन पुग्यो । विष्णु फेरि बेहोस होला भन्छ । प्रेम फेरि अब अन्तिमपटक बेहोस हुन मन लागेर आयो भन्छ । यत्तिकैमा यो उपन्यासको कथानक सकिन्छ ।

यसरी दैलेखदेखि दिल्ली, काठमाडौं हुदै फेरि दैलेख नै फर्किएको यस उपन्यासको कथानक विभिन्न घटनाहरूको समूचित संयोजनबाट संरचित छ । यस उपन्यासको विकास क्रमिक विन्यासमा आवध्द छ । कथानक सरल र सपाट छ । मूल घटनासँगै कथानक सलल बगेको छ । बीचबीचमा आएका केही सानातिना घटनाहरूले मूल कथानकलाई सशक्त बनाएका छन् । कथानक लेखकको कथनबाट प्राप्त भएर कथाको भोक्ता पात्रको रूपमा वा कथयिता लेखककै अनुभूत प्रतिक्रियाका रूपमा प्रकट भएको पाइन्छ । सामान्य घटनाबाट कथावस्तु सुरु भएर विभिन्न भागमा विभिन्न शीर्षकमा कुनै प्रमुख त कुनै सहायक कथावस्तुका रूपमा रहेका छन् ।

यस उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म उपन्यासकार आफैं प्रस्तुत भएका छन् । उपन्यासको विषयवस्तु र घटनालाई हेर्दा सामाजिक यथार्थवादी देखिन्छ । यस उपन्यासमा नेपालीहरू धन कमाउन भारत गएका छन् भने हाल नेपालीहरू धन कमाउन खाडीमुलुक तिर जान्छन् । उपन्यासमा धन कमाउन भारत गएका नेपालीहरुको दुःख, पीडा, वेदना प्रस्तुत गरिए पनि अन्त्यमा उपन्यास सुखान्तमा टुङ्गिएको छ ।

### ४.२.१.२ सहभागी

उपन्यास **परदेश**मा कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी पात्रलाई विभाजन गर्न सकिन्छ । यस अनुसार उपन्यासका प्रमुख पात्र प्रेम र सविता रहेका छन् । सहायक पात्रका रूपमा विष्णु, राजेन्द्र, सविताको बुबा रहेका छन् । गौणपात्रको रूपमा हर्कबहादुर, गौरी, साँल्दाइ, ठूल्दाई, सरुप्या, फूलबहादुर चक्रनाथ शास्त्री, लाला, लालाकी श्रीमती र छोरी, सविताकी आमा, विर्खबहादुर, भीमबहादुर थापा, लालु, नाक्चो, प्याक्चा, राजेश, भैया, हरिजी, सुभाष, रमेश, टीका, डा. प्रकाशन जैन, किरण इलेक्ट्रोनिकको मालिक, अन्य नर्सहरू, प्रेमका बुबा, आमा, प्रकाश, रिक्सावाल, टेम्पुवाला, चटपटेवाला, होटलवाला आदि रहेका छन् ।

लिङ्गका आधारमा स्त्री पात्रको तुलनामा पुरुष पात्र बढी रहेका छन् । उपन्यासमा प्रेम, विष्णु, सविताको वुवा, राजेन्द्र, हर्कबहादुर, साहिँल्दाइ, ठुल्दाइ, सरुप्या, फूलबहादुर चक्रनाथ शास्त्री, नाक्चो, विर्खवहादुर, डा. प्रकाश, प्रकाश, सुभाष, टीका, रिक्सावाला, प्रकाशको बुवा आदि पुरुष पात्र हुन् । सविता, गौरी, गोरी, सविताकी आमा, रमा स्त्री पात्र हुन् ।

स्वाभावको आधारमा प्रेम, सविता, विष्णु, सविताको बुवा, राजेन्द्र, चक्रनाथ शास्त्री गतिशील पात्र हुन् । हर्कबहादुर, साहिँल्दाइ, ठूल्दाइ, सरुप्या, फूलबहादुर, नाक्चो, विर्खबहादुर, सुभाष, डा.प्रकाश, प्रकाश, रिक्सा वाला, सविताकी आमा, रमा, सविताको बुवा, गौरी स्थिर पात्र हुन् ।

जीवनचेतनाका आधारमा उपन्यासमा वर्गीय र व्यक्तिगत पात्रहरू रहेका छन् । यस उपन्यासमा राजेन्द्र, गौरी, गोरी, रमा, सविताकी आमा, डा.प्रकाश, प्रकाश, प्रकाशको बुवा, व्यक्तिगत पात्र हुन् । प्रेम, सविता, विष्णु, सविताको बुवा वर्गीय पात्र हुन् ।

आसन्नताको आधारमा प्रेम, सविता, विष्णु, सविताको बुवा, राजेन्द्र, हर्कबहादुर, साहिँल्दाई, ठूल्दाइ, सरुप्या, फूलबहादुर, चक्रनाथ, नाक्चो, प्याक्चा, विर्खबहादुर, सुभाष, प्रकाश, रिक्सावाला मञ्चीय पात्र हुन् । डा. प्रकाश, टीका, गौरी, गोरी, रमा, सविताकी आमा, प्रकाशको बुवा नेपथ्य पात्र हुन् ।

आबद्धताका आधारमा प्रेम, सविता, विष्णु, सविताको बुवा, राजेन्द्र, हर्क बहादुर, साहिँल्दाइ, ठूल्दाइ, चक्रनाथ, सुभाष, फूलबहादुर बद्ध पात्र हुन् । गौरी, गोरी, रमा, सविताकी आमा, टीका, रिक्सावाला मुक्त पात्र हुन् ।

**उपन्यासका पात्रहरुलाई तल तालिकामा देखाइएको छ :**

| क्र.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | प्रेम | $ | - | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| २ | सविता | - | $ | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| ३ | विष्णु | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| ४ | सविता को बुबा | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| ५ | राजेन्द्र | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ६ | हर्कबहादुर | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| ७ | सदिल्दाई | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| ८ | ठुल्दाई | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| ९ | सरुप्या | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| १० | कुल बहादुर | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| ११ | चक्रनाथ | $ | - | - | - | $ | $ | - | $ | - | $ | - | - | $ | - | $ |
| १२ | नाम्चो | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| १३ | प्याम्चा | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| १४ | विर्ख बहादुर | $ | - | - | - | $ | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| १५ | सुभाष | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | - | $ | $ | - |
| १६ | डा. प्रकाश | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | $ | - |
| १७ | प्रकाश | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | - | $ | $ | - |
| १८ | रिक्सा वाला | - | - | - | - | $ | $ | - | - | $ | - | $ | - | $ | - | $ |
| १९ | सविताकी आमा | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | - | $ | - | $ |
| २० | रमा | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २१ | प्रकाशका बुवा | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २२ | गौरी | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |

उपर्युक्त आधारमा यहाँ प्रमुख र सहायक पात्रहरुको चरित्र चित्रण गरिएको छ ।

### १. प्रेम

यस उपन्यासको प्रमुख पुरुष पात्र प्रेम हो । ऊ लगनशील र मेहनती छ । सानै उमेरमा विवाह गरी घरको दुःखलाई सुखमा बदल्न सारा परिवारलाई घरमा छोडी भारत पसेको हुन्छ । ड्राइभिङ सिक्ने उद्देश्यले दिल्ली पुगेको प्रेम भारतका विभिन्न ठाउँमा दुःख कष्ठ सहेर कम्प्युटरको ड्राइभर बन्न पुग्छ । चौकीदारी गर्न नचाहाने प्रेम टाइपराइटर मर्मत पसलमा काम गरी टाइपराइटर फोटोकपी, फ्याक्स मर्मत गर्न जान्दछ साथै टाइपिङ पनि सिक्दछ । आफ्नै देशमा

काम गर्न चाहाने प्रेम दिल्लीबाट घर जान भनि हिँडेको फूलबहादुरको डेरामा आएपछि गौरी छिमेकी गाउँको टीकासँग पोइला गएर हाल अहमवादमा बिरामी छे भन्ने सुन्छ र अहमवादतिर लाग्छ । अहमवादमा एक इलेक्ट्रोनिक्स पसलमा काम गर्दै गौरीको उपचार गराउन अप्रत्यक्ष रूपमा सहयोग गर्छ । गौरीलाई एक झल्को देख्न नर्सिङहोम पुगेको प्रेम ट्रकले किचेर त्यही अस्पतालमा भर्ना हुन्छ । उसको हेरचाह नर्स सविता र उसको परिवारबाट हुन्छ । आफ्नो उपचारमा सङ्लग्न सविता र प्रेमको माया सुरु हुन्छ । एक अर्का बिना बाँच्न नसक्ने हुन्छन् । उपचारमा सुधार आएपछि प्रेम काठमाडौँ फर्केर इलेक्ट्रोनिक्स पसल खोल्छ । सवितालाई काठमाडौँ बोलाएर उनीसँग विवाह गर्छ । सविताको बच्चा जन्माएपछि मृत्यु हुन्छ । सविताको मृत्यु पश्चात छोराको हेरचाह गर्न आफ्ना आमा बुवा लिन आफ्नो जन्मथलो दैलेख आएको प्रेमले गौरी पोइल नगई गोरी गएको हो भन्ने थाहा पाउँछ । आफूले राम्रोसँग नबुझि गौरीको बारेमा नानाभाती नराम्रा कुराहरू सोचेर गौरीलाई गाली गरेकाले पश्चाताप गर्दै आफ्नै आमाको काखमा बेहोस हुन्छ । होस खुलेपछि पनि गौरीलाई हेर्न नसक्ने हुन्छ । आफ्नो अज्ञानताको खाडलमा आफैं पिरोली रहेको हुन्छ ।

प्रेमबाट उपन्यासको कथावस्तु सुरु भएर उसैसँग अन्त्य पनि भएको छ । प्रेमले आफ्नो जीवनमा विभिन्न दुःख कष्ट सहेर सीप सिकेर इलेक्ट्रोनिक्स पसल खोली काठमाडौँमा सुखसँग दिन बिताइरहेको हुन्छ । तर यो सुख त्यती लामो समयसम्म टिक्दैन । केही महिना सुख हासोको साथमा बिताएको प्रेमको जीवन सधैं दुःख र कष्टसँग मात्र बितेको छ । उपन्यासको सुरुआत देखि अन्त्यसम्म प्रेमको भूमिका प्रमुख छ । प्रेमकै केन्द्रीयतामा कथानक अगाडि बढेकाले यस उपन्यासको प्रमुख पात्र प्रेम हो । उपन्यासमा पाठक वर्गको सहानुभूति प्रकट हुने हुँदा ऊ अनुकूल पात्र हो । परिस्थिति र परिवेश अनुसारको कार्य गर्दै जाने प्रेम गतिशील पात्र हो । आफ्नो देश छाडी परदेशमा गएर दुःख कष्ट सहेर जीवन सुखमय बनाउन चाहने तर सुखमय बनाउन नसक्ने वा सुखमय नभएका सम्पूर्ण नेपालीहरुको प्रतिनिधि पात्र भएकाले वर्गीय पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । उसलाई उपन्यासबाट निकाल्दा उपन्यास खलबलिने वा उपन्यास नै पूर्ण नहुने हुँदा बद्ध पात्र हो ।

**२ सविता**

सविता यस उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासकी प्रमुख नारी पात्र भए पनि उसको भूमिका उपन्यासको दोस्रो भागदेखि मात्र भएको छ । अहमवादको एउटा नर्सिङहोममा नर्सको रूपमा काम गर्ने सविता दुर्घटनामा परेको प्रेमको उपचार गर्दागर्दै उसलाई प्रेम गर्न

थाल्छे । अस्पताल देखि आफ्नो घरमा रहुन्जेलसम्म प्रेमको रेखदेख सेवा आफैले सम्हाल्छे । प्रेम काठमाडौँ आएपछि सविता पनि आउछे र प्रेमसँग विवाह गर्छे । छोरो जन्मेपछि सविताको मृत्यु हुन्छ । सविता अनुकूल पात्र हो । परिस्थिति र परिवेश अनुसार परिवर्तित हुनसक्ने सविता गतिशील पात्र हो । नारीहरुका वास्तविक र यथार्थ समस्याहरू भोग्ने र सङ्घर्ष गर्दै जीवन चलाउने वर्गीय चरित्रकी पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले ऊ मञ्चीय पात्र हो । यो बद्ध पात्र हो ।

### ३. विष्णु

विष्णु यस उपन्यासको सहायक पात्र हो । यसको भूमिका उपन्यासमा दोस्रो भाग देखि भएको छ । विष्णु अहमवादको नर्सिङ्होममा चौकीदारीको रूपमा काम गरिरहेको हुन्छ । प्रेमको दुर्घटना पश्चात नर्सिङ्होममा विष्णुको प्रेमसँग भेट हुन्छ । सविताले चौकीदारी छोडेर प्रेमको रेखदेखमा लगाएकी हुन्छे । विष्णु खुशीसाथ प्रेमको रेखदेख गर्छ । प्रेमको विश्वासिलो पात्र बनेको विष्णु काठमाडौँ नै आएर प्रेमसँग बस्छ । प्रेमको हरहालमा साथ दिन्छ । ऊ यस उपन्यासमा गतिशील पात्रका रूपमा देखिएको छ । ऊ स्थिर जीवनचेतना भएको वर्गीय पात्र हो । उपन्यासमा कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । उपन्यासको कथावस्तु अगाडि बढाउन सहयोग गर्ने भएकाले बद्ध पात्र पनि हो ।

### ४. सविताको बुबा

यस उपन्यासको अर्को सहायक पात्र सविताको बुबा हो । उपन्यासमा उसको उपस्थिति दोस्रो भागदेखि मात्र भएको छ । ऊ भारतको सरकारी कार्यलयमा काम गर्ने भारतीय कर्मचारी हो । प्रेमको दुर्घटना पछि सविताको माध्यमबाट प्रेमसँग उसको भेट हुन्छ । सविताको बुबाले प्रेमलाई किच्याउने ट्रकको मालिकसँग प्रेमले दुर्घटनामा पर्दा पाउने पैसा उपलब्ध गराउने काम गरेको हुन्छ । दुर्घटनामा परि लङ्गडो भएको प्रेमलाई आफ्नी छोरीको इच्छा अनुसार विवाह गरिदिन मञ्जुर भएको सविताको बुबा गतिशील पात्र हो । स्थिर जीवनचेतना भएको वर्गीय पात्र हो । प्रत्यक्ष कार्यव्यापार भएकाले मञ्चीय पात्र हो । ऊ बद्ध पात्र पनि हो ।

### ५. गौण पात्र

यस उपन्यासमा रहेका अन्य पात्रहरू गौण भूमिकामा देखापरेका छन् । हर्कबहादुर, साहिल्दाइ ठूल्दाइ, रिक्सावाला, प्याक्चा, सरुप्या, फूलबहादुर, राजेन्द्र, हरिजी, सुभाष, टीका, प्रकाश, चटपटेवाला,गोरी, पानवाला, ट्रकका मान्छे, सविताकी आमा, रमा, प्रेमका आमाबुवा,

काकाकाकी, गौरी, चक्रनाथ शास्त्री, लाला, लालाकी श्रीमती र छोरी, विर्खबहादुर, भीमबहादुर, लालु, राजेश भैया, डा. प्रकाश जैन, नर्सहरु आदि यस उपन्यासका गौण पात्रहरू हुन् । यी पात्रहरूले सबैखाले वर्गको प्रतिनिधित्व गरेका छन् । भरिया, कुल्ली, चौकीदारी, व्यापारी जस्ता काम गरेर आफ्नो जीवन यापन गरिरहेका छन् । धेरैजसो पात्रहरू नेपालबाट रोजगारीका लागि भारत गएर दुःख सुख गरी जीवन धान्न बाध्य भएका छन् ।

### ४.२.१.३ परिवेश

यस उपन्यासको परिवेश मूलतः नेपालको दैलेख, सुर्खेत, नेपालगञ्च, भारतका रुपेडिया, वलेरी, बिर्लामन्दिर, रानीखेत, बाकेश्वर, मायापुरी, नानपारा, उत्तरकाशी, दिल्ली, अहमवाद हुदै नेपालको काठमाडौँबाट पुनः दैलेखसम्म पुगेको छ ।

प्रेम दैलेखबाट सुर्खेत हुदै भारत पसेपछि भारतमा धेरै वर्ष काम सिकेको,दुर्घटनाबाट सवितासँग चिनजान भइ छोरो जन्मेर सविताको मृत्यु पश्चात मात्र घरफर्केकाले भारतका विभिन्न स्थानहरूमा डुलेर विभिन्न किसिमका दुःख, कष्ट, सहेर सीप सिक्छ । उपन्यासको समय यति नै हो भनेर किटान गर्न सकिदैन । उपन्यासको प्रमुख पुरुष पात्र भारतबाट फर्केर आफ्नै व्यवसाय सञ्चालन गर्न थालेको प्रेमको जीवन सुखमय बन्न सकेको देखिदैन । यस उपन्यासमा प्रस्तुत सबै जसो घटनाहरू दुःखलाग्दा छन् ।

यस उपन्यासको प्रमुख पात्र प्रेमको सुरु देखि अन्त्यसम्मका सबै घटनाहरू दुःखदायी छन् । पश्चिम नेपालका युवाहरूको प्रतिनिधित्व गरेको प्रेम आफ्नो जीवन धान्न भारतका विभिन्न स्थानमा दुःख कष्ट गर्ने प्रमुख पात्र हो । प्रेम नेपाल र भारतका जुन जुन स्थानमा पुग्छ उसले दुःख नै पाएको हुन्छ । उपन्यासको पहिलो भागमा प्रेमको जीवनमा कँही पनि सुखद अवस्था देखिदैन । दुःखद नै देखिन्छ । दोस्रो भागको मध्यतिर थोरै मात्रामा खुशीयालाी आएको देखिए पनि उपन्यासको अन्त्यसम्म दुःखद अवस्था नै छ । उपन्यास **परदेश**को परिवेश प्रारम्भदेखि दुःखद बनेको छ । उपन्यासमा जति पनि कथनीय घटनाहरू घटेका छन् ती सबै दुःख वातावरणमा नै घटेका छन् । यस उपन्यासको परिवेश अत्यन्त दुःखपूर्ण देखिएको छ ।

### ४.२.१.४ उद्देश्य

यो उपन्यासमा बखतबहादुर थापाले भारत पलायन भएका नेपाली युवाहरुले भारतमा पाउने गरेको दुःख, कष्ट, पीडा, व्यथाको यथार्थ चित्र उतारेका छन् । यस उपन्यासले नेपाली युवाहरू परदेशमा जस्तो सुकै काम गर्न पछि पर्दैनन्, तर आफ्नो देशमा जोतखन गर्न पछि हट्छन् भन्ने यथार्थता देखाएको छ ।

उपन्यासकारले यस उपन्यासको माध्यमबाट विदेशमा गएर पसिना बगाउनु भन्दा सीप सिकेर आफ्नो देशमा नै केही व्यापार व्यावसाय गरेर बस्नु उचित हुन्छ भन्ने सन्देश दिन खोजेका छन् । आफ्नो देशमा केही उन्नती हुदैन भन्ने सोच्ने नेपाली युवाहरू परदेशमा कमाइने धन सहज देखि परदेसिन्छन् र त्यहाको दुख कष्टलाई सहजै स्वीकार्छन् । उपन्यासको प्रमुख पात्र प्रेमका माध्यमबाट अर्काको देशमा पसिना बगाउनुभन्दा परदेशमा नै भए पनि सीप सिकेर आफ्नै देशमा पसिना बगाउनुपर्छ । यसैमा सम्पूर्ण नेपालीको भलाई हुन्छ भन्ने देखाउनु उद्देश्य यस उपन्यासको रहेको छ । उपन्यासकारले भारतमा देखेका भोगेका वास्तविक घटनावलीलाई यस उपन्यासको कथावस्तु बनाएर प्रस्तुत गर्नु उपन्यासको उद्देश्य हो । यस उपन्यासमा विहान बेलुकाको छाक टार्न धौधौ पर्ने नेपालीहरुले आफ्नो आर्थिक अवस्था सुधार्न परदेशमा भोग्नु परेको दुःख, पीडा, वेदना, सङ्घर्षको यथार्थ चित्र उतारिएको छ । पात्रहरूका माध्यमबाट प्रेमका अमर भावनाहरू अनि देशभक्ति र मातृभूमिको माया प्रेम पनि झल्काइएको छ ।

विदेसिएका नेपालीहरूको दुःख वेदना प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य हो । जन्मथलो छाडेर विदेसिएका नेपालीहरुले विदेशी समाजमा बिताइरहेको जीवन गाथा प्रस्तुत गर्नु अर्को मुख्य विशेषता हो । सामाजिक यथार्थलाई सरल र सफल रूपमा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

### ४.२.१.५ दृष्टिविन्दु

उपन्यासमा प्रस्तुत गरिएको कथानकको कथयिता उपन्यासकार आफै हुन् । यस उपन्यासमा उपन्यासकार 'म' पात्रका रूपमा प्रस्तुत भएका छन् । उपन्यासकार स्वयम्ले पात्र, परिवेश र घटनाहरूको वर्णन गरेका छन् । म पात्रका रूपमा रहेका उपन्यासकार स्वयम् यस उपन्यासमा उपस्थित भएकाले यस उपन्यासमा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । उपन्यास शृङखला अगाडि बढ्ने क्रममा 'म' पात्रले उपन्यासमा आएको अन्य पात्रका मनको भावना प्रस्तुत गरेका छन् साथै पात्र-पात्र बीच कुराकानी गर्न समेत लगाएका छन् । कुनै कुनै ठाउँमा उपन्यास बाहिरै रहेर पनि उपन्यासको कथावस्तु अगाडि बढाएको हुनाले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग समेत गरिएको छ ।

प्रेम, सविता उपन्यासका प्रमुख पात्र हुन् । यिनीहरुको केन्द्रीयतामा उपन्यासको सम्पूर्ण कथा वस्तु घुमेको छ । यिनै पात्रहरूले जीवनमा भोग्नु परेको दुःख, पीडा र सङ्घर्षलाई उपन्यसमा वर्णन गरिएको छ । प्रेमले नेपाली युवाहरू कामको खोजीमा भारत तिर जाने पैसा कमाउने धुनमा जस्तोसुकै काम गर्न पनि उद्यत्त हुनु भन्दा सीप सिकेर नेपालमानै काम गर्न

सकेमा जीवन, परिवार र समाज एक स्वाभलम्बी र कमर्ठ बनेर बाँच्न सकिने सन्देश दिन खोजेको छ ।

### ४.२.१.६ भाषाशैलीय विन्यास

यस उपन्यासको भाषा सरल, सहज र बोधगम्य छ । चलनचल्तीमा रहेको सामान्य बोलीचालीको भाषा प्रयोग गरिएको छ । तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोग गर्ने गरेको पाइन्छ । उपन्यास नेपाल हुँदै भारतका विभिन्न ठाउँमा पुगेकाले भारतीय हिन्दी भाषाको प्रयोग बढी नै छ । जस्तैः ए क्या चाताहा है मुझसे ? एकाएक मुझे ए कप्टी बोला (पृष्ठ, २९) अच्छा तु ए पाता, पैसा देगा या नही ? (पृष्ठ ३०) अरे बहादुर क्यु चुपचाप बैठे हो ? (पृष्ठ, ३७) लगता है फिर गाली दिया, ओ कन्डक्टर ! उसको निचे उतारो (पृष्ठ, ३९) देख लिया आप लोगो ने, क्या बोलता हे, भिखारी समझ रहा है (पृ.८५) आदि । पश्चिम नेपालका युवाहरूको प्रतिनिधि यस उपन्यासको प्रमुख पात्र प्रेमले हिन्दी बोल्न नजान्दा टुटेफुटेको हिन्दी भाषाको प्रयोग पनि गरेको देखिन्छ । जस्तोः किन उतार्देगा, पानीमा पादे जैसा कुरा करता है, भारतीय ल्याङवीज नदी आता, नहितो लाटा क्यूँ बनेगा (पृ.३९) भैया बस खराब हो गया (पृ.००), यहा से लक लगाउनेका सिस्टम विग्रको हाया अच्छा तु बहार निकल तो सही, मै बताती हुँ (पृ.४४) आदि । मलिन मुहार, बादल, रौदनको समुन्द्र निश्छल जलप्रवाह, गगनचुम्बी पहरा आदि बिम्ब र प्रतीकको प्रयोगले उपन्यासको भाषामा शिष्टता प्रदान गरेको छ । जस्तो देश उस्तै भेष, (पृ.९),काम न काजको ( पृ.९), मरेको बाघको जुँगा उखेल्ने (पृ.५९), अल्छिका कुरा बाह्र हात लामा (पृ.५९), बाघ गयो बुद्धि आयो (पृ.१२५), आफै त महादेव कसले देला बर उतानो पर(पृ.१५२), रिस पाली आफू पिर बुद्धि पालि अरु पिर (पृ.२२५) न रहे बाँस न बजे बाँसुरी (पृ.२०९) मुखमा राम राम बगलीमा छुरा (पृ.२७०), मुख देख्दा टिठ लाग्दा बानी देख्दा घिन लाग्दा (पृ.२७३), मासु खान गएकी बुढी झोलमा डुबेर मरी (पृ.२९०), जति भाडा उति चुपुर्का (पृ.२९३), हात्तीको मुखमा जिरा (पृ.२९५), वन साङला आईकन घर साङला कि उदास (पृ.२९५), जस्ता टुक्काको प्रयोगले उपन्यासको भाषाशैली अझ सरल बनेको छ । उपन्यासमा उखान टुक्काका साथै गीतको पनि प्रयोग गरिएको छ । गीतको अंश यस प्रकार छ ।

डाहा भएर आयो यो निर्लज्ज हावासँग
कमलो जीउमा छायो चुमेर वेसुरसँग । (पृ.२४७)
नहराउ आहामा फैलाउँदै ओठहरु
आँखा लुकाउँदै परेलीमा नउडाउ चेतहरु

बोलाए बोल दौडिएर दिलसँग

जवानीको गन्ध उडाई नफैलाउ हावासँग (पृ.२४८)

उपन्यासमा पात्रको स्तर अनुसारको मौलिक भाषाको प्रयोगले उपन्यासको भाषा सुबोधता र सौन्दर्ययुक्त देखिन्छ ।

### ४.२.१.७ निष्कर्ष

**परदेश** उपन्यास बखतबहादुर थापाको पहिलो उपन्यास हो । यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा धन कमाउन परदेश जाने नेपालीहरूले परदेशमा भोग्नुपरेको दुःख पीडालाई प्रस्तुत गरिएको छ । उपन्यासको विषयवस्तु वास्तविक छ । पात्रहरू काल्पनिक भए पनि वास्तविक जस्तो लाग्दछ । विभिन्न घटनायुक्त कथानक आदि मध्य र अन्त्यको रैखिक ढाँचामा कार्यकारणको उचित विन्यास भएको यो उपन्यासमा तारतम्य मिलेको शृङ्खलायुक्त विषयवस्तु पाइन्छ ।

यस उपन्यासमा पात्र बहुलता देखिन्छ । प्रमुख पात्र प्रेम हो । ऊ परदेश जाने र दुःख सहने नेपालीको प्रतिनिधि पात्र हो । परदेशमा सीप सिकेर स्वदेशमा नै पसिना बगाउनुपर्छ भन्ने सकारात्मक सोच भएको पात्र हो । उपन्यासकी प्रमुख नारी पात्र सविता  हो । जो आफ्नो देशमा नै केही गर्नुपर्छ भन्ने मान्यता राख्छे । उपन्यासमा आएका अनुकूल र गतिशील पात्रहरू परदेशमा अत्यन्त ठूला दुःख कष्ट सहन सक्षम छन् । प्रेम आर्थिक उन्नती गर्न परदेशमा जस्तोसुकै दुःख गर्न पछि हट्दैन । दुःखका साथ सीप सिकेर नेपाल फर्केर व्यावसाय गर्न थाल्छ । व्यावसायमा सफल बनेपनि मायाप्रेममा सधै पीडित नै बनिरहेको हुन्छ । ऊ गतिशील, अनुकूल, वर्गीय, मञ्च, बद्ध पात्र हो । ऊ दैलेख जन्मथलो भई भारतका विभिन्न स्थान र काठमाडौँलाई कर्मथलो बनाउने जीवनका धेरै जसो घडी दुःखमा बिताउने दुःखी पात्र हो । उपन्यासकी प्रमुख नारी पात्र सविता अरुको दुःखमा सधै साथ दिने, दुःखसँग लड्नुपर्छ भन्ने मान्यताकी प्रमुख गतिशील, अनुकूल, वर्गीय, मञ्चीय र बद्ध पात्र हो । ऊ अपाङ्ग प्रेमलाई माया गरी उसैसँग जीवन विताउन अहमवाद देखि काठमाडौं आउँछे । प्रेमसँग विवाह गरी सुखसँग जीवन विताउन चाहने सविता छोरा जन्माएपछि यो संसारबाट बिदा हुन्छे । विष्णु र सविताको बुवा सहायक पात्र बनेर उपन्यासमा उपस्थित बनेका छन् । अन्य पात्रहरूको भूमिका उपन्यासमा गौण रहेको छ ।

उपन्यासको परिवेश भारतका विभिन्न स्थानहरू, काठमाडौं हुदै दैलेखसम्म पुगेको छ । नेपालका दैलेख, सुर्खेत, नेपालगञ्ज हुँदै काठमाडौंसम्मको स्थानिक परिवेश पाइन्छ । भारतका

रुपैडिया, रानीखेत, वाँकेश्वर, उत्तरकांशी, मायापुरी, दिल्ली, वरेली, विर्लामन्दिर, नानपारा, अहमवादसम्मको स्थानिक परिवेश उपन्यासमा पाइन्छ । कालिक परिवेशका रूपमा पश्चिम नेपालको सामाजिक परिवेश, त्यस समाजमा युवायुवतीहरू गाउने खेलोको परिवेश, धन कमाउन विदेश गएर घरको आर्थिक अवस्था सुधार गर्नु पर्ने आर्थिक परिवेश पाइन्छ । काठमाडौँको सामाजिक परिवेश, भारतका विभिन्न स्थानको सामाजिक परिवेश पाइन्छ । तत्कालीन सामाजिक वातावरण र त्यसले समाजमा पारेको असरले पश्चिम नेपालका युवाहरू सानोतिनो काम गर्न पनि परदेश जाने गरेकोले नेपाली युवाहरूले सीप सिकेर स्वदेशमा नै पसिना बगाएर आफ्नो देशको भविष्य उज्ज्वल बनाउनुपर्छ भन्ने सोच मानसिक परिवेश हो ।

**परदेश** उपन्यासलाई आन्तरिक केन्द्रीय दृष्टिविन्दु भएको उपन्यास मान्न सकिन्छ । उपायासकारले यस उपन्यासमा उपन्यासको प्रमुख पात्र प्रेमलाई प्रथम पुरुष 'म' बनाई कथावाचक बनाएर घटनाहरू प्रस्तुत गराएका र उसैलाई भोक्ता पात्र बनाएकाले यसलाई आन्तरिक केन्द्रीय दृष्टिविन्दु भएको उपन्यास मानिन्छ । कुनै कुनै ठाउँमा म पात्र उपन्यास बाहिर रहेर पनि उपन्यासको कथावस्तु अगाडि बढेकाले तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ ।

**परदेश** उपन्यास लेख्नुको मुख्य उद्देश्य पश्चिम नेपालमा व्याप्त गरिबी, बेरोजगारी, बिहान बेलुकाको छाक टार्न पनि नसक्ने अवस्थाले युवावर्गहरु विदेश पलायन हुन वाध्य हुनुपर्ने अवस्था, परदेशमा नेपालीले भोग्नुपर्ने दुःख कष्ट पाठक समक्ष पुऱ्याउनु हो । यस उपन्यासको अर्को मुख्य उद्देश्य परदेशमा सीप सिकेर पसिना चहाउनु भन्दा स्वदेशमा नै पसिना चुहाउनुपर्छ र आफ्नै देशमा नै सानोतिनो जेजस्तो हुन्छ नोकरी गर्नुपर्छ भन्ने हो ।

यस उपन्यासको भाषाशैली सरल र सहज छ । उपन्यासमा उखान टुक्काको पनि प्रयोग गरिएको पाइन्छ । भारतका विभिन्न स्थानमा उपन्यासको परिवेश रहेकाले हिन्दी भाषाको प्रयोग अधिक पाइन्छ । कतै कतै अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ । उपन्यासमा प्राय सरल वाक्यहरूको प्रयोग गरिएको छ । भाषागत आधारमा हेर्दा हिन्दी, अङ्ग्रेजी भाषाका साथै नेपाली कथ्य भाषा प्रयोग भएको **परदेश** उपन्यास स्वभाविकै स्तरको पाइन्छ ।

## ४.३ कुहिरो र काग उपन्यासको विश्लेषण

### ४.३.१ परिचय

बखतबहादुर थापाको दोस्रो प्रकाशित उपन्यास **कुहिरो र काग** हो । यो उपन्यास २०६१ सालमा प्रथम पटक मध्यपश्चिमाञ्चल साहित्य परिषदले प्रकाशित गरेको हो । यस उपन्यासको

आवरण पृष्ठको सिरानमा उपन्यासको नाम कुहिरो सेतो अक्षरमा र रातो अक्षरमा काग कालो अक्षरमा लेखेर रङ्गीन बनाइएको छ । आवरण पृष्ठभरी वादल लागेको आकाशमा काग उडिरहेको देखिएको छ । ३०५ पृष्ठमा संरचित यो उपन्यास ३० शीर्षकमा आवद्ध रहेको छ । मध्यम आकारको यो उपन्यास मध्यपश्चिमको समाजको यथार्थता को प्रस्तुति हो ।

### ४.३.१.१ कथावस्तु

दलानमा टुकी बालेर पढ्न बसेको उमेशको ध्यान पढाइमा खासै नदेखिए पनि किरा, फट्याङ्ग्रा र पुतलीहरू बत्तीलाई नै चुम्लान झैं गरेर टुकीको वरिपरि झुमिरहेका छन् । पढाइप्रति ध्यान नदिने उमेशको उसका बाबा आमा विवाह गरीदिने सोचमा पुग्छन् । बजारबाट फर्कदा उमेशको बुबाले काँइला खत्रीसँग उसकी छोरी इन्द्राको कुरा उमेशसँग चलाउँछ । काइँला खत्रीले छोरी जागिरेलाई दिने भनेकाले इन्द्रासँग उमेशको विवाह सम्भव भएन । केही समयपछि उमेशको विवाह पारी गाउँकी रमासँग हुन्छ । विवाह अगाडि भेटघाट बोलचाल नभएका उमेश र रमा बीचमा धेरै समयसम्म बोलचालसम्म हुँदैन । उमेश रमासँग नजिकिन खोज्छ, रमा उमेशबाट टाढै रहन खोज्छे । एवम् प्रकारले समय बितिरहेको हुन्छ । रमा घर र माइत गर्दै गरेकी हुन्छे । ऊ महिनाको तीन चौथाई माइत र एक चौथाई घरमा बिताउने गर्थी । एकपटक माइत गएकी रमा लामो समयसम्म घर फर्कन्न । रमा घर आउन मान्दिन । जति चोटी लिन गए पनि रमा आउँदिन । सौतेनी आमा र बाबुको जालमा फसेकी रमा माइतमा नै गाउने खेलो गर्ने गरेको हुन्छे । श्रीमतीको चाला मालादेखि विरक्त भएको उमेश पागल जस्तो बनेर आफ्नो घर छाडेर हिड्न थाल्छ । आफ्नो साथमा केही पनि नबोकेको उमेश भोकले आत्तिदै र मात्तिदै, कहिले जाडोले कठ्याङ्ग्रदै आफ्नो भोक टार्न घाँस खान पनि पछि पर्दैन । कोही बाटोमा भेट्यो भने लाटो बनेर आफ्नो बाटो काटिरहेको हुन्छ । भोकले हिड्न नसक्ने बनेको उमेश बाटोमा भेटिएका मानिसले बोकेर ल्याएको रोटी चुपचाप खाइदिन्छ । एवम् रितले दिन काट्दै उमेश शहरमा पुग्छ । बिना लक्ष्य बिना उद्देश्य घरबाट हिडेको उमेश भोकभोकै दाङ पुग्छ । एक दिन उमेशको भेट उज्ज्वल नाम गरेको जमिन्दारसँग हुन्छ । उज्ज्वलले उमेशलाई बैधवाको घरमा पुऱ्याउँछ । वैधवाको घरमा बाबु छोरी मात्र हुन्छन् । बीस बाइस वर्षकी जवान छोरी रोजीसँग उमेशको भेट हुन्छ । वैद्यकामा उमेशले जडीबुटीबाट औषधी बनाउनेसम्मको काम सिक्न पाएको हुन्छ । रोजी र उमेश एकै घरमा बस्ने, काम गर्ने गर्न थाले । बेला बेलामा उमेश उज्वललाई भेट्न जाने, उतै खाने पिउने रमाइलो गर्ने गर्न थाल्यो । वैद्यकामा काम गर्दै रोजीसँग मिठामिठा गफगाफ गर्दै उमेशको दिन वित्तै थियो ।

जडीबुटी खोज्ने क्रममा एक दिन वैद्यको खुट्टामा चोट लाग्यो । निकै दिनसम्म ठीक नभएकाले रोजी र उमेश जडीबुटी खोज्न जङ्गलतर्फ लागे । जडीबुटी खोजेर भारी मिलाएपछि दुवै जनाले आफ्नो विगतका सुख दुःखका कुरा एक आपसमा बाँडे । एकपटक विवाह भइसकेकी रोजी श्रीमान् छाडेर माइतीमा नै बसेकी हुन्छे । राम्रै घरमा परेकी रोजी साँचो र झुटो छुट्याउन नसकेर श्रीमान् छोडेर बसेकी छे । आफूलाई माया गर्ने आमाको बिरामीले थलिएपछि उपचार गर्न असमर्थ झट्केलो बुबालाई राहत दिन आफ्नो बुबासँग सहयोग माग्न सहर आएकी रोजी बुबा र पैसा लिएर आमाका घरमा पुग्दा आमाको मृत्यु भइसकेको हुन्छ । सधैँ आमाको साथमा रहेकी रोजी आमाको अन्तिम अवस्थामा टाढा हुन्छे । आमाको शास र लास भेट्न पाउँदिन । आमाको मृत्युपश्चात झट्केलो बुबाको हेला र श्रीमान्को घरबाट वेवास्ता गरेपछि रोजी आफ्नो बुबाको घरमा आएर बसेकी हुन्छे । रोजी उसको विगतको कहानी उमेशलाई सुनाउँछे । उमेश रोजीलाई आफ्नो विगत सुनाउँछ । आफ्नी श्रीमतीले आफूलाई छाडेर माइत बसेकी र आफू गाउँघर छाडेर हिडेको सुनाउँछ । दुवैले एक अर्कालाई आफ्ना विगतका तिता मिठा क्षणहरू बाँडे पछि जडीबुटी लिएर घर आए ।

केही समय पछि उमेश जडीबुटी पुऱ्याउन काठमाडौँ आयो । उमेशलाई काठमाडौँमा नै काम गरेर बस्ने रहर नजागेको होइन । सेठले अर्को चोटी जडीबुटी लिएर आएपछि काम खोजी दिने भनेकाले जडीबुटी सङ्कलन गर्न फर्कियो । जडीबुटी सङ्कलन पश्चात फेरि ऊ काठमाडौँ आउँदा मासिक पन्ध्र सय तलबमा काम गर्न थाल्यो । पैसा बचाउन नसकेपछि काम परिवर्तन गरी २ हजार तलब पाउन थाल्यो । उमेश काठमाडौँमा जडीबुटीबाट औषधी बनाउने फ्याक्ट्रीमा काम गर्न थाल्छ ।

दाङबाट वैद्यबाले पनि त्यही फ्याक्ट्रीमा जडीबुटी पठाउने गरेका हुन्छन् । उमेश पैसा कमाउन फुर्सदको समयमा जङ्गलबाट जडीबुटी ल्याउने काम गर्न थाल्छ । जङ्गलबाट जडीबुटी ल्याएर उमेश चाडै पैसा कमाउँछ । घरपरिवारका सबै सदस्यलाई लुगा कपडा किनेर ऊ घर तिर लाग्छ । एक हप्ताको बिदामा घर पुगेको उमेशले रमा घर र माइत आउने जाने गरेको थाहा पाउँछ । उमेश रमालाई लिन ससुराली पुग्छ । रमा माइत नभएर मावलमा बसेकी थाहा पाएर मावलतिर लाग्छ । रमाले यसपटक उमेशसँग राम्ररी बोलचाल गरी । उसले उमेशको सुर्ता गरेको समेत बताउँन पछि परिन । मावलबाट रमालाई लिएर उमेश घर आईपुग्यो । उमेश बिरामी भएकी रमालाई लिएर काठमाडौँ आईपुग्छ । उपचार पछि रमाको रोग निको हुन्छ । केही समय पछि रमा गर्भवती हुन्छे । रमालाई देखेर उमेश विगत सम्झन पुग्छ । उमेशले माया गर्दागर्दै पनि

रमाले उसलाई तिरस्कार गरेकी, प्रायः अन्य मानिससँग लसपस गर्ने गरेकीले उमेशको मनमा रमाका लागि त्यही दिनको याद आईरहेको हुन्छ । एवम् प्रकारले नौँ महिना बित्न लाग्दछन् । रमा बिरामी भएर डाक्टर कहाँ पुग्छन् । केही समय पश्चात रमाको छोरो जन्मन्छ । उमेश रमा र छोरालाई लिएर डेरामा आउँछ । उमेशलाई छोरा जन्माउने रहर हुदैन । रमाको करले छोरा जन्माउँछ । विस्तारै उनीहरु बीचमा सम्बन्ध विग्रदै जान्छ । केही समयपछि छोरालाई दैलेख गाउँ पुऱ्याउँछन् र उमेश र रमा मात्र काठमाडौँमा बस्ने गरेका हुन्छन् ।

उमेश राती टि.भि. हेर्ने, तास खेल्ने वहानाले छिमेकीको घरमा आउने जाने गर्छ । छिमेकीको छोरी उमासँग उमेशको प्रेम बस्न थाल्छ । उमासँगको भेटघाट र स्पर्शले आनन्दित उमेश उमासँग रमाको तुलना गर्न थाल्छ । रमाले पनि उमाले जस्तै बनेर अरुलाई माया गरी होला की गरिन होला । उमेश रमालाई उमाको र आफ्नो सवै कुराकानी सुनाउँछ । रमा विश्वास नभएर टि.भी हेर्ने बहानाले उमाको घरमा पुग्छे र उमा र उमेशको नाटक थाहा पाउँछे ।

अचानक एक दिन उमेशको रोजीको श्रीमान दीपकसँग भेट हुन्छ । दीपकसँग चिनजान पछि उमेश दीपकको घरमा पुग्छ । दीपकले दोस्रो विवाह गरेछ । उसकी कान्छी श्रीमती डल्ली रोकायासँग दीपकले उमेशको परिचय गरायो । उमेशले दीपकको बारेमा जे जति जान्यो सबै कुरा समेटेर रोजीलाई चिठी लेखेर पठाउँछ । एक दिन फ्याक्ट्रीको कामबाट उमेश बेङ्गलोर जान्छ । रमालाई घर पठाइदिन्छ । बेङ्गलोर जाने बेलामा उमालाई चिठी लेखेर छोड्छ । तालिमका लागि बेङ्गलोर पुगेको उमेश एक जना बैद्य कहाँ पुगी उसकै औषधी पसलमा काम गर्न थाल्छ । वैद्यकी जेठी छोरी प्रमीलाले उसलाई मन पराउन थाल्छे । उमेश वैद्यकै घरमा बस्न थालेको हुन्छ । प्रमिला उमेशले खाए नखाएको ध्यान दिन थालेकी हुन्छे । एक दिन वैद्यवाका नाममा आफूलाई भुलिदिन र आफू प्रमिलाको योग्य नभएको जानकारी गराउँदै चिठी लेखेर छोडेर काठमाडौँ फर्कन्छ । बेङ्गलोरबाट काठमाडौँ आईपुगेको उमेश सरासर आफ्नो कोठामा पुग्छ । तीन महिनादेखि बन्द कोठाको सरसफाइ गरेर सफा बनाउँछ । बेलुका उमाको घरमा टि.भी. हेर्न पुग्छ । एक दुई दिनपछि उमाको विवाह भइसकेको थाहा पाउँछ । उमाको विवाहले उदास बनेको उमेश अपिस पुग्दा रोजीसँग भेट हुन्छ । रोजीलाई कोठामा लिएर आउँछ । रोजी र उमेशसँगै बस्न थाल्छन् । घर जाने बन्दोवस्त मिलाउदा मिलाउदै शिक्षण अस्पतालमा बिरामी भेट्न जानुपर्ने हुन्छ । शिक्षण अस्पतालको आकस्मिक कक्षमा जमिन्दार उज्ज्वल बिरामी परेको भेट्छ । उज्ज्वलको आफन्त कोही नभएकाले उमेशले नै सबै बन्दोवस्त मिलाउँछ । उपचार गराइरहेको उज्ज्वलको दुर्भाग्यवश अस्पतालमा नै मृत्यु हुन्छ । उज्ज्वलको दाहसंस्कार उमेशले नै गर्छ । बिना

विवाहसँगै बसेका उमेश र रोजीबाट छोरा जन्मन्छ । दुवैको सल्लाह अनुसार दसैंको समयमा उनीहरू आ-आफ्नो घर जान भनेर हिड्छन् । रमा र छोरो लिएर घरबाट आउने र सँगै बसेर दोकान वा अन्य कुनै व्यापार व्यवसाय गर्ने सोचले घर पुगेको उमेशले रमा घरमा नआईपुगेको थाहा पाउँछ । रोजी घर पुग्दा उसको बुबाको मृत्यु भइसकेको हुन्छ । बुबाको मृत्युले विरक्तिएकी रोजी छोरो लिएर काठमाडौँ फर्कन्छे । रमा घरमा नभएर विरक्तिएको उमेश पनि छोरा लिएर काठमाडौँ फर्कन्छ । उमेश भन्दा अगाडि नै रोजी काठमाडौँ पुगिसकेकी हुन्छे । उमेश रमाको खोजीमा निस्कन्छ । रमालाई कतैपनि भेट्दैन । रोजी र उमेश बीचमा पनि मनमुटाव बढ्दै जान्छ । उमेश अफिस गएको मैका पारी छोराहरूलाई घरमा एक्लै छाडेर रोजी घर छाडेर हिन्छे । उमेश अफिसबाट घर आउँदा छोराहरू मात्र देखेर रोजीको खोजीमा निस्कन्छ । रोजीलाई कतैपनि फेला पार्न सक्तैन । रमा हराएकाले दुःखी उमेशलाई रोजी बेपत्ता भए पछि छोराहरूको सबै भार आफै माथि थपिन्छ । छोराहरूलाई खुवाउने, विद्यालय पठाउने काम सकेर अफिस जान थाल्छ ।

जडीबुटी बटुल्ने क्रममा राजुको गाउँमा पुग्छ । रोजी गाउँमा नगएको, राजुको काठमाडौँमा कार दुर्घटनामा परी मृत्यु भएको हुन्छ । सबैलाई भुल्ने प्रयत्न गरी छोराको हेरचाह गर्दै आफ्नो काममा लागेको उमेशले छोराहरूलाई ट्युसन पढाउने मिस पवीलाई मन पराउन थाल्छ । एकदिन उमेशको नाममा स्याङजाबाट चिठी आउँछ । चिठी रोजीले पठाएको हुन्छ । स्कूलमा केटाकेटी देखेर आफ्नो छोराहरूको सम्झना मेटाउने रोजी दुब्ली, पातली भएको र आफू दुःखी भएको बताएकी हुन्छे । काठमाडौँमा छोराहरूको लागि केही बन्दोबस्त गरेर उमेश स्याङ्जा पुग्छ । स्याङजामा उमेशले रोजीलाई अस्पतालको बेडमा भेट्छ । राम्रोसँग उपचार गर्न रोजीलाई काठमाडौँ ल्याउँछ । उपचार पश्चात रोजी तन्दुरुस्त हुन्छे । छोराहरूको स्याहार चाकरमा लाग्छे । रोजीको एकदिन बजारमा दीपकसँग भेट हुन्छ । दीपकले रोजीलाई केही समय पिछा गर्छ । रोजी छक्याएर घर पुग्छे । आफ्नो बिरामी भेट्न वीर अस्पताल पुगेको उमेशले रोजीको लास देख्छ । शोकमा परेको उमेशले दीपकले रोजीलाई टयाक्सीले किचेर मारेको थाहा पाउँछ । दुर्घटनामा पाउनुपर्ने क्षतिपूर्ति बुझ्केको दिन दुवै छोराहरु राखेर पैसा देखाउछ र भन्छ - "देख्यौ छोरा हो ? कति छन्   कति ! अफसोच गन्ती गर्न मन पनि लाग्दैन ।" (पृष्ठ २५५) विरक्त बनेको उमेश रक्सी खाएको झोकमा मेटासिट किनेर ल्याउँछ । छोरा सुताएर खाने सुरले छोराहरू सुताउँदा आफै सपनामा पुग्छ । सपनामा राजु र रोजीको आत्मासँग कुरा गर्दै रमाको खोजीमा निस्केको उमेश सपनाबाट ब्यूँझेपछि छोराहरूको स्याहार सुसारमा लाग्छ र अब नमर्ने र छोराहरूको खुशीका लागि बाँच्ने सोच्छ । उमेश दीपकको घर पुगेर दीपकलाई भेट्छ । ऊ राजु, र रोजीको मृत्युमा

दीपकको हात रहेको बताउँछ । रमाको बारेमा जानकारी लिन चाहन्छ । दीपक उमेशलाई पशुपति माथिको डाँडामा आउनु रमालाई त्यही लिएर आउँछु भन्छ । उमेश पशुपति जाँदा दीपक काठमाडौँमा नैं नभएको र थाहा पाउँछ । उमाको सहायताले रमा भारतको बेश्यालयमा बेचिएको थाहा पाउँछ ।

रमालाई खोज्न बेङ्गलोरतर्फ लाग्छ । वेश्यालयमा पुग्दा त्यहाँबाट रमालाई निकालिदिएको थाहा पाउँछ । वैद्यकी छोरी प्रमिलाको सहयोगले रमालाई अस्पतालमा उपचार गराइरहेको भेट्छ । रमालाई लिएर काठमाडौँ फर्कन्छ । रमालाई एच.आई.भी. एड्स रोग लागेको हुन्छ । रमालाई लागेको यस्तो रोग सुन्ने सामर्थ्य उमेशमा हुँदैन । उसका कान फुटेर रगत बग्न थाल्छन् । अब उमेश बहिरो बन्छ । उमेश दीपकसँग बदला लिने सङ्कल्प छाड्दैन । यसले दैलेखबाट आमा बुबालाई बोलाउँछ । आमाबुबा आएपछि केही दिन काठमाडौँ घुमाएर सबैजनालाई घर पु¥याउँछ । उमेश दीपकसँग बदला लिन काठमाडौँ फर्कन्छ । काठमाडौँ आएको उमेश उमासँग फोनमा आफ्नो कथा व्यथा सुनाएर दीपकको घरमा पुग्छ । दीपकसँग बदला लिन गएको उमेश आफैँ दीपकद्धारा काटिएर वीर अस्पतालमा भर्ना भएको हुन्छ । दीपकलाई पुलिसले जेल चलान गर्छ । अस्पतालबाट निस्कदा उमेशको काटिएको घाउ निको हुनुको साथै कान पनि सुन्न थाल्दछ । दीपकलाई सजाय दिलाउन सफल भएकोमा खुशी देखिएको उमेश उमाको सल्लाह अनुसार दैलेख फर्कन्छ । यतिकैमा यस उपन्यासको कथानक समाप्त भएको छ ।

यस उपन्यासको मुख्यपात्र उमेशको सेरोफेरोमा उपन्यास तयार भएको छ । प्रस्तुत उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा अगाडि बढेको छ । समाजिक विषयवस्तुमा लेखिएको कुहिरो र काग उपन्यासको मूल कथानक उमेशको जीवनसँग सम्बन्धित छ । उमेशको जीवनमा आएका उतावचडाव, उसले जीवनमा भोग्नुपरेको दुःख पीडा सङ्घर्षको कथा नै उपन्यासको मूल कथा हो । यस उपन्यासको कथानकमा द्वन्द्वको प्रयोग पर्याप्त देखिन्छ । मूलतः यस उपन्यासमा आन्तरिक द्वन्द्व बढी पाइन्छ । उमेश र रमाका बीच, उमेश र रोजीका बीचको आन्तरिक द्वन्द्व देखिन्छ । उमाको, प्रमिलाको आन्तरिक द्वन्द्व पनि उपन्यासमा प्रस्तुत छ । उमेश र दीपकका बीचको बाह्य द्वन्द्व उमेश र राईका बीचको बाह्य द्वन्द्व पनि उपन्यासमा पाइन्छ ।

### ४.३.१.२ सहभागी

**कुहिरो र काग** बहुल पात्र भएको उपन्यास हो । सहभागीका कार्य भूमिकाका आधारमा उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी विभाजन गर्न  सकिन्छ । भूमिकाका

आधारमा यस उपन्यासमा उमेश र रमा प्रमुख पात्र हुन् । यी दुई पात्रको जीवनमा आएका दुःख, पीडा, कथानकको सुरुदेखि अन्त्यसम्म पाइन्छ । सहायक पात्रहरूमा रोजी, उमा, प्रमिला, वैद्यवा उज्ज्वल, दीपक रहेका छन् । यिनीहरूले उपन्यासलाई उत्कर्षमा पुऱ्याउन सहयोग गरेका छन् । रमाका आमा, बुबा, रमाका भाइ, बहिनी, उमेशका आमा, बुबा, उमेशका भाइ, बहिनी, उमाकी आमा, प्रमिला, पवी, रमाका मामा, माइजू, केशव, बुद्धिराज, गोपाल, मनमोहन, मोहन, राजु आदि गौण पात्रका रूपमा रहेका छन् ।

लिङ्गका आधारमा यस उपन्यासमा स्त्रीका तुलनामा पुरुष पात्र बढी छन् । उपन्यासमा आएका पुरुष पात्रहरूमा उमेश, वैद्यवा, उज्ज्वल, दीपक, बुद्धिराज, गोपाल, मोहन, मनमोहन, राजु आदि रहेका छन् रमा, रोजी, उमा, प्रमिला, पवी आदि स्त्री पात्र रहेका छन् ।

स्वभावका आधारमा गतिशील र स्थिर पात्रहरू रहेका छन् । उपन्यासमा आएका गतिशील पात्रहरूमा उमेश, रमा, उमा, रोजी रहेका छन् । स्थिर पात्रहरूमा वैद्यवा, प्रमिला, उज्ज्वल, दीपक, गोपाल, मोहन, मनमोहन, उमेशका बा, आमा, रमाका बा, आमा आदि रहेका छन् ।

प्रवृत्तिका आधारमा उपन्यासमा अनुकूल र प्रतिकूल चरित्र भएका पात्र छन् । उमेश, रमा, रोजी, उमा, वैद्यवा, प्रमिला उज्ज्वल, शङ्करनाथ, गोपाल उमेशका बा, आमा, पवी, मोहन, मनमोहन आदि अनुकूल पात्र हुन् । दीपक, रमाको बुबा, आमा प्रतिकूल पात्र हुन् ।

जीवनचेतनाका आधारमा पात्रलाई वर्गगत र व्यक्तिगत गरी विभाजन गरिन्छ । उपन्यासमा वर्गगत पात्रका रूपमा रमा, वैद्यवा, प्रमिला, पवी, शंकरनाथ रहेका छन् । व्यक्तिगत पात्रका रूपमा उमेश, उमा, रोजी, उज्ज्वल, दीपक, गोपाल, उमेशका आमा, बुवा, रामाका बा, आमा, मोहन, मनमोहन आदि देखिएका छन् ।

आसन्नताका आधारमा मञ्चीय पात्रहरूमा उमेश, रमा, रोजी, उमा, वैद्यवा, प्रमिला उज्ज्वल, दीपक आदि रहेका छन् । नेपथ्य पात्रहरूमा शंकरनाथ, गोपाल, उमेशका बा आमा, रमाका बा, आमा, पवी, मोहन, मनमोहन आदि रहेका छन् ।

आबद्धताका आधारमा बद्ध पात्रहरूमा उमेश रमा, रोजी, वैद्यवा, उज्ज्वल आदि रहेका छन् । दीपक, शंकरनाथ, उमा, गोपाल, प्रमिला, उमेशका बा, आमा रमाका बा आमा, पवी, मोहन, मनमोहन आदि मुक्त पात्रका रूपमा देखिएका छन् ।

उपन्यासमा प्रस्तुत भएका यी पात्रहरूलाई तालिकामा देखाइएको छ ।

| क्र.सं. | आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पात्र | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | उमेश | $ | - | $ | - | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| २ | रमा | - | $ | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| ३ | रोजी | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ४ | उमा | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | - | - | $ | - |
| ५ | वैधवा | $ | - | - | $ | - | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| ६ | प्रमिला | - | $ | - | $ | - | $ | - | - | $ | $ | - | - | $ | - | $ |
| ७ | उज्ज्वल | $ | - | - | $ | - | $ | - | - | $ | - | $ | - | $ | $ | - |
| ८ | दीपक | $ | - | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | $ |
| ९ | शंकरनाथ | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| १० | गोपाल | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| ११ | उमेशकी आमा | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| १२ | उमेशका बुवा | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| १३ | रमाको बुवा | $ | - | - | - | $ | - | $ | - | $ | - | $ | $ | - | - | $ |
| १४ | रमाकी आमा | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| १५ | पवी | - | $ | - | - | $ | $ | - | - | $ | $ | - | $ | - | - | $ |
| १६ | मोहन | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| १७ | मनमोहन | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |

## १. उमेश

उमेश यस उपन्यासको प्रमुख पुरुष पात्र हो । उमेशकै जीवनको अगाडि पछाडि उपन्यासका घटनाहरु घटेका छन् । सानो उमेरमा नै रमासँग विवाह गरेको उमेश रमासँगको वैवाहिक सम्बन्ध राम्रो नभएपछि, आमा, बुबा, रमा गाउँघर छाँडेर हिन्छ । घर छाडेर हिड्दा उमेशमा कुनै लक्ष्य हुँदैन, कुनै उद्देश्य हुँदैन । धेरै दुःख र कष्टका साथ भोक भोकै पागल जस्तो बनेर हिन्दै जादा दाङ पुगेको उमेश वैद्यवाको घरमा जङ्गलबाट जडीबुटी भेला पारेर ल्याउने र कुटपिट गरी औषधी बनाउने काम गर्छ । वैद्यवाकी छोरी रोजीसँग हेलमेल हुदाहुदै काठमाडौं आई यही काम गर्न थाल्छ । केही पैसा कमाएर आफ्नो घर गई बिरामी श्रीमती रमालाई काठमाडौंमा ल्याएर उपचार गर्छ । उपचार पछि रमालाई काठमाडौंमा आफूसँग राख्छ ।

रमाबाट एउटा छोरा जन्मिएपछि कामको शीलशिलामा भारत जाँदा श्रीमती गुमाउन पुग्छ । रोजी काठमाडौँ आएर उमेशसँग बस्ताबस्तै एउटा छोरा जन्मन्छ । रोजीले रमा र उमेशका बारेमा थाहा पाए पश्चात रोजी घर छाडेर हिड्छे । दुवै श्रीमतीबाट बिछोडिएको उमेश छोराहरूको स्याहार सुसार गर्दै दिन कटाउदै गर्छ । स्याङ्जामा बिरामी अवस्थामा रहेकी रोजीलाई काठमाडौँ ल्याइ उपचार गरेर निको पार्छ । रोजीलाई दीपकले ट्याक्सीले कुल्चाएर मार्छ । रोजीको मृत्युपछि शोकाकूल उमेश रमालाई भारतको बेश्यालायबाट नेपाल फर्काउन सफल हुन्छ । रोजीलाई मारेको र रमालाई बेचेको बदला लिन दीपकसँग सफल बन्छ ।

उमेश यस उपन्यासको केन्द्रीय पुरुष मात्र हो । उमेश प्रवृत्तिका हिसावले अनुकूल चरित्रको पात्र हो । उसको जीवनमा आएका उताडचडावले गर्दा उसको स्वभावमा परिवर्तन आएकाले गतिशील पात्र हो । जीवनचेतनाका आधारमा उमेश व्यक्तिगत पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । उमेशलाई उपन्यासबाट निकाल्दिँदा उपन्यास लङ्गडो हुने भएकाले बद्ध पात्र हो ।

### २. रमा

यस उपन्यासकी प्रमुख नारी पात्र रमा हो । उपन्यासका घटना रमाको सेरोफेरोमा सञ्चालित छन् । उमेशकी विवाहित श्रीमती हो । आमा-बा को कुरा बढी सुन्ने, साँचो र झुटो छुट्याउन नसक्ने, माइतीमा बसेर गाउने, खेलो गर्न रमाउने पात्र हो । अतिशय माया गर्ने आफ्नो पति उमेशलाई छाडेर माइतीमा नै गाउने, खेलो गरेर, घास दाउरा गरेर बसेकी हुन्छे । उमेशले उसलाई बा, आमालाई छोडेर हिँडेपछि माइती र घर गर्न थालेकी रमा रोगले थलिएर मावलमा बसेकी हुन्छे । समय र परिस्थितिसँगै उसमा चेतना आउन थालेपछि उमेशलाई माया गर्छे । समय अनुसार परिवर्तन भएकाले रमा गतिशील पात्र हो । उमेशसँग काठमाडौँ आएर बसेकी रमा भारतको बेश्यालयमा बेचिन पुग्छे । वेश्यालयबाट छुटकारा पाउँदा एच.आई.भी. एड्स जस्तो भयानक रोगको शिकार बन्न पुगेकी रमा उमेशसँग काठमाडौँ आएर उपचार पछि दैलेख गएर बस्न थाल्छे । रमा सम्पूर्ण नारीहरुको प्रतिनिधित्व गर्ने भएकाले वर्गीय पात्र हो । उपन्यासमा रमाको कार्यव्यापार प्रत्यक्ष रहेको छ । ऊ मञ्चीय पात्र हो । रमा नहुँदा यस उपन्यासको कथानक खलबलिने हुन्छ । कथानक अगाडि बढ्नमा अबरोध उत्पन्न हुन्छ । रमा यस उपन्यासकी बद्ध पात्र हो ।

### ३. रोजी

रोजी यस उपन्यासकी सहायक नारी पात्र हो । उपन्यासमा रोजी विवाहित भएर पनि श्रीमान् छोडेर माइतमा बाबुको शरणमा बसेकी छे । यस उपन्यासमा ऊ उमेशकी कान्छी श्रीमती बनेर देखापरेकी छे । रोजीले उमेशलाई मन पराउँछे । दाङ छाडेर काठमाडौँ आएको उमेशलाई खोज्दै काठमाडौँ आईपुगेकी रोजी बिना विवाह उमेशकै कोठामा बस्न थाल्छे । उमेशको छोरो पनि जन्माउछे । समय वित्तै जादा रोजीले उमेश र रमाको सम्बन्धको बारेमा थाहा पाउँछे । यस्तो खवरले दुःखी रोजी घर छाडेर हिड्छे । स्याङ्जा पुगेर वसेकी रोजी बिरामीले थलिएकी अवस्थामा उमेशले भेटेर काठमाडौँ ल्याएर उपचार गर्छ । रोजी तन्दुरुस्त हुन्छे । एक दिन रोजीको पहिलो श्रीमान दीपकले ट्याक्सीले किचेर रोजीको हत्या गर्छ । समय अनुसार परिवर्तन हुने रोजी गतिशील स्वभावकी पात्र हो । जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत पात्र हो । उपन्यासमा रोजीको कार्यव्यापार प्रत्यक्ष छ । ऊ मञ्चीय पात्र हो । उसको उपस्थित बिना उपन्यासको कथानक खलबलिने हुँदा ऊ बद्ध पात्र हो ।

### ४. उमा

उमा यस उपन्यासकी सहायक पात्र हो । काठमाडौँमा डेरा गरी बसेको विवाहित उमेशलाई उसकी श्रीमती हुदाहुदै पनि मन पराउँछे । उमेशलाई मन पराए पनि अर्कै केटासँग विवाह बन्धनमा बाँधिन विवश पात्र हो । यस उपन्यासमा उमाको भूमिका थोरै छ । रमा र उमेश काठमाडौँमा बस्ता उमेशलाई मन पराउने उमा रमाको खोजी गर्न उमेशलाई सघाउँछे । थोरै भए पनि उमाको भूमिका महत्त्वपूर्ण छ । उमेशको घाउमा मलमपट्टी लगाउन भूमिका खेलेकी छे । पहिला उमेशलाई मन पराउने उमा पछि अर्कै केटासँग विवाह गरेर पनि उमेशलाई सहयोग गर्ने गतिशील स्वभावकी देखिन्छे । प्रवृत्तिका दृष्टिले अनुकूल प्रवृत्तिकी देखिन्छे । जीवनचेतनाका दृष्टिले उमाको जीवनले समाजका कुनै पनि वर्गको प्रतिनिधित्व नगर्ने भएकाले व्यक्तिगत पात्र हो । उमाको उपस्थिति उपन्यासमा नभए पनि खासै फरक नपर्ने भएकाले ऊ मुक्त पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो ।

### ५ वैद्यवा

यस उपन्यासको वैद्यवा सहायक पुरुष पात्र हो । उपन्यासमा रोजीको बुवाको रूपमा परिचित छ । श्रीमती अर्कैसँग गएपछि एक्लै जीवन गुजारिरहेको वैद्यवा जङ्गलबाट जडीबुटी ल्याएर जडीबुटीको औषधी बनाउने गर्छ । औषधीको रूपमा रहेका जडीबुटीलाई काठमाडौँ

पठाउने काम पनि गर्छ । आमाको घरबाट विवाह भएकी छोरी रोजीको वैवाहिक जीवन असफल बनेपछि आफ्नै घरमा ल्याएर छोरीलाई पालेको हुन्छ । खान लगाउन नपाएर भोकभोकै हिडेको उमेशलाई काम लगाएर जीवन जिउने बाटो बनाइदिन्छ । उमेशलाई जडिबुटी लिएर काठमाडौँसम्म पुऱ्याउने श्रेय पनि वैद्यवाको नै छ । प्रवृत्तिगत आधारमा यस उपन्यासमा वैद्यवा अनुकूल चरित्रको पात्र हो । उपन्यासको कथानकमा समयानुसार परिवर्तन हुन नसकेकाले ऊ स्थिर स्वभावको पात्र हो । जीवनचेतनाका आधारमा वैद्यवा वर्गीय चरित्रको पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । उपन्यास वैधवालाई निकाल्दा उपन्यायको कथानक खल्बलिने भएकाले बद्ध पात्र हो ।

**६. दीपक**

दीपक यस उपन्यासको सहायक पुरुष पात्र हो । ऊ रोजीको विवाहित श्रीमान् हो । सानै उमेरमा रोजीसँग विवाह गरेको दीपक रोजीलाई छाडेर अर्को विवाह गर्छ । ऊ काठमाडौँमा नै घर बनाएर डल्लीसँग विवाह गरी बसेको छ । चेलीवेटी वेचविखन जस्ता अनौतिक काम गरेर धन कमाएको हुन्छ । उसले रमालाई पनि भारतको वेश्यालयमा लगेर बेचेको हुन्छ । रमा नै वेश्यालयबाट फर्केर आएको सम्झेर रोजीको हत्या गर्छ । रमालाई भारतबाट ल्याएपछि उमेश दीपकसँग बदला लिन्छ र जेल चलान गर्छ । प्रवृत्तिका दृष्टिमा दीपक प्रतिकूल पात्र हो । उपन्यासमा दीपकको स्वभावमा परिवर्तन आएको देखिदैन । स्वभावका आधारमा ऊ स्थिर पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । उपन्यासबाट दीपकलाई अलग्याउदा पनि उपन्यासको कथानक नखलबलिने हुँदा मुक्त पात्र हो ।

उपर्युक्त प्रमुख र सहायक पात्रहरुका साथै उपन्यासमा गौण पात्रहरुको पनि उपस्थिति रहेको छ । शंकरनाथ, गोपाल, उमेशका आमा, बुबा, रमाका आमा, बुबा, मामा, माइजू, साथीहरू, भरियाहरू, पवी, मोहन, मनमोहन, राजु, रोजीका बुबा, आमा, झट्केलो बुबा, भाइ, बहिनी, हर्के, उमाकी आमा आदि पात्रहरू यस उपन्यासमा गौण पात्रका रूपमा देखा परेका छन् । शंकरनाथ काठमाडौँमा उमेशलाई जागिर दिलाउने फ्याक्ट्रीको सेठ हो । ऊ काठमाडौँमा जडीबुटीबाट औषधी बनाउने फ्याक्ट्री सञ्चालन गरेर बसेको छ ।

**४.३.१.३ परिवेश**

**कुहिरो र काग** उपन्यासको परिवेश नेपालको मध्यपश्चिमको दैलेख, दाङ स्याङ्जा, काठमाडौँदेखि लिएर नेपाल बाहिर भारतको बेङ्गलोर, मुम्बईसम्म फैलिएको छ । यस उपन्यासमा

नेपालको मध्यपश्चिमको दुर्गम पहाडी जीवनशैलीको झलक पाइन्छ । दुर्गम पहाडमा सामान्य परिवारमा जन्मे हुर्केको मानिस र उसले भोगेको जीवनका कठीन परिस्थिति माझ सामाना गर्नु परेका विभिन्न समस्या र व्यावधानलाई उपन्यासमा उतारिएको छ । मध्यपश्चिम पहाडको समाज, त्यहाँको जीवनशैली, रहनसहन, परम्परा, त्यस वरपरको दृश्यको चित्रण यस उपन्यासमा पाइन्छ । यसको घटना समय यति नै हो भन्ने नतोकिए पनि उमेशको जीवनको युवावस्था घटित भएको समय हेर्दा १५ देखि २० वर्षको अनुमान लगाउन सकिन्छ । सानै उमेरमा विवाह गरिदिने, विवाह गरेर श्रीमान् पढ्न जाने, श्रीमती घर र माइत गर्दै माइत गएको बखत रातको समयमा गाउनेखेलो गर्ने समाज यस उपन्यासमा पाइन्छ । आफ्ना माइती पक्षको कुरा बढी सुन्ने वा आमाले कामको लोभले छोरीलाई घर नपठाउने, विवाह भइसकेकी छोरीलाई रातको समयमा अन्य केटाहरूसँग दोहोरी गाउन जानदिने चलन मध्यपश्चिममा रहेको पाइन्छ । एक जना छोडेर अर्कोसँग विवाह गर्ने महिलाहरू पनि प्रसस्त पाइन्छन् । छोरा मानिसहरू पनि घरमा श्रीमती हुँदाहुदै अरुसँग पनि सम्बन्ध राख्न जाने हुन्छन् । सम्पति कमाउन र मोजमस्ती गर्न चेलीबेटी बेच्न पनि पछि नपर्ने र आफ्नो कर्तुत समाजमा आउला भन्ने डरले हत्या गर्न पनि पछि नपर्ने समाज पनि पाइन्छ । उपन्यासका अधिकांश घटनाहरू नेपालका विभिन्न जिल्लामा घटेका छन् । कतिपय घटना भारतका विभिन्न ठाउँमा घटेका छन् ।

उपन्यासको वातावरण दुःखपूर्ण रहेको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्मको वातावरण दुःखद नै रहेको छ । विवाह गरेर पनि श्रीमान् श्रीमती बीच बोलचालसम्म हुन नसक्नु, श्रीमतीले श्रीमान्लाई मतलब नै नगर्नु, माया, प्रेमबाट टाढा नै रहन खोज्नु र एकले अर्कालाई बुझ्न नसक्दा पात्रहरूमा नैरश्यता छाएको छ । दीपकका माध्यमबाट नारीलाई खेलौना सम्झने, पैसा कमाउने माध्यम ठानेर वेश्यालयमा बेच्ने प्रवृत्ति झल्किएको छ । रोजी, रमा र उमेश प्रति दयाको भाव झल्किए पनि सम्पूर्ण उपन्यासको परिवेश दुःख पूर्ण रहेको छ ।

### ४.३.१.४ उद्देश्य

यस उपन्यासको उद्देश्य मध्यपश्चिम नेपालको सामाजिक सांस्कृतिक र आर्थिक पक्षको चित्रण गर्नु रहेको छ । समाजमा विद्यमान अन्धविश्वासका कारण सानै उमेरमा विवाह गर्दा उत्पन्न हुने समस्याको चित्रण यस उपन्यासका माध्यमबाट गरिएको छ । बालविवाह, बहुविवाहले निम्त्याउने नकारात्मक असरले समाजमा विकृति फैलिएको देखाइएको छ । बाबा आमाले आफ्नो स्वार्थ परिपूर्तिको लागि छोरी माथि गरिने व्यवहार समाजका वास्तविक व्यावहार हुन् । विवाह गरेका छोरीलाई उनीहरूको कामको मायाले बाबुआमाले माइतमा राख्ने, घर नपठाउने र आफू

उनीहरूको काममा रमाउनाले छोराछोरीको भविश्य विग्रेको छ । मध्यपश्चिमको कथावस्तु भएपनि यसले नेपालको सम्पूर्ण भूभागको प्रतिनिधित्व गरेको छ । बालबालिकाले आफ्ना बाबा आमाको माया नपाउदा उनीहरूले दुःख कष्ट भोग्नुपर्ने, हण्डर ठक्कर खानुपर्ने अवस्था आउन सक्छ  भन्ने विचार उमेशले पाएको दुःख हण्डरबाट देखाइएको छ । बाबा आमाका मात्र कुरा सुन्ने, श्रीमान्लाई बेवास्ता गर्दा जीवनमा आएका दुःख पीडा रमा र रोजीका माध्यमबाट देखाइएको छ । मानिसको धन प्रतिको लोभ मोजमस्ती प्रति आशक्ति दीपकले रमालाई वेश्यालयमा बेचेको र आफू मोजमस्तीमा डुबेको प्रसङ्गबाट व्यक्त गरिएको  छ ।

प्रस्तुत उपन्यासको मुख्य उद्देश्य समाजका बालविवाह, वहुविवाहले उत्पन्न गरेका विकृति, विसङ्गतिलाई पाठक समक्ष पुऱ्याउनु हो । यस्ता विकृति विसङ्गतिबाट समाज माथि उठ्नु पर्छ भन्ने हो । सामाजिक यथार्थको चित्रण गर्नु यस उपन्यासको उद्देश्य हो । पैसाका लागि मानिस जस्तोसुकै कुकर्म गर्न पनि पछि पर्दैनन् भन्ने देखाउनु पनि उपन्यासको उद्देश्य रहेको छ । नेपालको पश्चिमी पहाडी जीवनशैली त्यहाको समाजमा व्याप्त बालविवाह, बहुविवाह, त्यसबाट उत्पन्न समस्या, रुढीवादी अन्धविश्वास, बाबा आमाको माया ममता र श्रीमतीको हेला, तिरस्कारले निम्त्याउने दुःख, दर्दलाई देखाउनु पनि उपन्यासको उद्देश्य रहेको  छ । समस्यासँग जुध्दै जीवनलाई क्रियाशील तुल्याउनुपर्छ भन्ने उपन्यासको उद्देश्य पाइन्छ ।

### ४.३.१.५ दृष्टिविन्दु

**कुहिरो र काग** उपन्यासको दृष्टिविन्दु तृतीय पुरुष सर्वज्ञ रहेको छ । उपन्यासमा उपन्यासकार स्वयम्ले उपन्यासको प्रमुख पुरुष पात्र उमेशका माध्यमबाट सम्पूर्ण घटना क्रियाव्यापार, द्वन्द्व, परिवेशको वर्णन गरेका छन् । उमेशका माध्यमबाट उपन्यासको कथानकको वर्णन गराइएकाले तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको हो । उमेश, रमा, रोजी, उमा, उज्ज्वल, दीपक जस्ता पात्रहरू उपस्थित गराएर उमेशका माध्यमबाट उपन्यासको कथावस्तु, परिवेश ओकलेका छन् । उमेश, रमा उपन्यासमा प्रमुख पात्रका रूपमा आएका छन् । यिनीहरूकै केन्द्रीयतामा उपन्यासको कथावस्तु घुमेको छ । यिनीहरूले जीवनमा भोग्नुपरेको दुःख पीडा, सङ्घर्ष, उपन्यासमा वर्णन गरिएको छ ।

### ४.३.१.६ भाषाशैलीय विन्यास

प्रस्तुत उपन्यासको भाषा कथ्यस्तरको सरल ग्रामिण परिवेश युक्त छ । यस उपन्यासमा पात्रानुकूल सरल, सहज स्वभाविक भाषिकविन्यास पाइन्छ । नेपाली भाषा साहित्यमा प्रचलित

तत्सम, तत्भव र आगन्तुक एवम् झर्रा नेपाली शब्दको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीका साथै संवादात्मक शैलीले पनि उपन्यासलाई रोचक बनाएको छ ।

उपन्यासमा प्रयोग भएका झर्रा नेपाली शब्दहरुमा स्वास्नी, नेप्टो, चेप्टो, पन्युँ, पिठ्युँ, सोल्टी आदि रहेका छन् । आगन्तुक शब्दहरूमा स्टाफ, टेबुल, टेलिफोन, डाक्टर, फ्याक्ट्री स्कूल, ट्रेन आदि रहेका छन् । उपन्यासमा टुलुटुलु, सुरुसुरु, छलछल, झसङ्ग खुरुखुरु, थरथर जस्ता अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । छोटा मिठा सरल वाक्य, उखान टुक्काको प्रयोग भएकाले उपन्यास रोचक बनेको छ । उपन्यासमा प्रयोग भएका उखान टुक्का यस प्रकार छन् : आकाशे फल आँखा तरी मर (पृष्ठ २), रिस खा आफू, बुध्दि खा अर्को (पृष्ठ ११), कुरा गरौँ कुरैको दुःख (पृष्ठ १२), चौटा खान गएकी बुढी झोलमा डुवेर मरी (पृष्ठ १४), जसो होला उसै टर्ला (पृष्ठ १५), काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर (पृष्ठ १७), मुखदेख्दा टीठ लाग्दो, बानी देख्दा घीन लाग्दो (पृष्ठ ११७) जस्ता उखानको प्रयोगले उपन्यासको भाषाशैली अझ सरल बनेको छ ।

उपन्यासमा प्रयोग भएका नेपाली झर्रा शब्द आगन्तुक शब्दका साथै उखानटुक्काले मौलिक बनाएका छन् । उपन्यासमा प्रयोग भएका पात्रहरूको स्तर अनुसार पात्रलाई सुहाउने भाषाको प्रयोगले उपन्यास रोचक बन्न पुगेको छ ।

### ४.३.१.७ निष्कर्ष

**कुहिरो र काग** सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासमा मध्यपश्चिमी पहाडको सेरोफेरोमा त्यहाको यथार्थ जीवनको चित्र उतारिएको छ । यस उपन्यासको मूल कथानक उमेश र रमासँग सम्बन्धित रहेको छ । उनीहरूको जीवनमा आएको उतारचडाव, दुःख, पीडा, हण्डर, ठक्करका कथा उपन्यासमा आएका छन् । सबै वर्ग, क्षेत्रका प्रमुख, सहायक, गौण सत्, असत, पुरुष, स्त्री पात्रको चयनले उपन्यास स्तरीय बनेको छ । उपन्यासमा मध्यपश्चिम दैलेखको रहनसहन, रीतिरिवाज, सामाजिक सास्कृतिक परम्परा, आर्थिक अवस्था, त्यहाको जीवनशैलीका साथै दाङ, स्याङजा, काठमाडौँदेखि नेपाल बाहिर भारतका बैङ्गलोर, मुम्बइसम्मको परिवेश समेटिएको छ । मूल रूपमा दैलेखको रीतिरीवाज, संस्कृति, सभ्यताको चित्र उतारिएको छ । उपन्यासमा अन्धविश्वास र अशिक्षाका कारण सानैमा विवाह गर्ने परम्पराले विवाहित श्रीमान् श्रीमती बीचमा माया प्रेमको सट्टा जीवन नै बर्बाद हुने अवस्था आउने, सामाजिक परम्परा अनुसार रातको समयमा छोरीचेली घरदेखि बाहिर गई केटाहरूसँग गीत गाउने मोजमस्ती गर्ने,

छोरीलाई आफ्नो स्वार्थ पुरा गर्नको लागि घर नपठाउने गर्नाले छोरीहरूको भविश्य नै तहसनहस हुन सक्ने देखिएको छ । आफ्नी श्रीमती माइत बसेर गाउनेखेलो गर्नाले श्रीमती प्रति श्रीमानको विश्वास नरहनु र श्रीमान्ले अर्को विवाह गर्नु, श्रीमान्ले छोडे पछि सासूससुरा घर परिवारले वास्ता नगर्नु, घरमा श्रीमती छदाछदै बाहिर अरु केटीसँग सम्बन्ध राख्नु, नारीलाई कठपुतली ठानी प्रयोग गर्नु र पैसा कमाउने साधनको रूपमा प्रयोग गरी वेश्यालयमा लगेर बेच्नु जस्ता यथार्थ घटना उपन्यासमा प्रस्तुत भएका छन् । आफ्नो श्रीमान्को अर्की श्रीमती छ भन्ने थाहा पाएपछि घर छाडेर हिडेकी रोजी काठमाडौं फर्के पछि रमा सम्झेर दीपकले रोजीलाई मार्नु, रोजीलाई मार्ने र रमालाई वेच्ने दीपक नै हो भन्ने थाहा पाएर उमेशले दीपकलाई मार्न खोज्दा आफैं काटिनु र दीपकलाई जेल चलान गर्नु उपन्यासका यथार्थ घटना हुन् ।

हार्दिक स्वच्छन्द प्रेमको अभिव्यक्ति पाइने यस उपन्यासमा बालविवाह, बहुविवाह, चेलीवेटी बेचविखान, मदिरापान, व्यभिचार जस्ता सामाजिक समस्याबाट उत्पन्न मानसिक पीडाको प्रस्तुति पाइन्छ । मानव जीवनका आरोह अवरोह, वैयक्तिक अनुभूति र भ्रमणका विविध सन्दर्भ आदिलाई कतै यथार्थ र कतै स्वच्छन्द ढङ्गले प्रस्तुत गरिएको यस उपन्यासमा सत्को विजय र असत्को पराजय देखाएर जीवनप्रति आशावादी एवम् मानवतावादी दृष्टिकोणको अभिव्यक्त गरिएको छ ।[६१]

## ४.४ कालचक्र उपन्यासको विश्लेषण

### ४.४.१ परिचय

बखतबहादुर थापाको **कालचक्र** २०६४ सालमा प्रकाशित तेस्रो उपन्यास हो । आकार प्रकारका दृष्टिले यो उपन्यास मध्यम आकारको छ । १२ परिच्छेदमा विभाजन गरिएको यस उपन्यासमा २०३ पृष्ठ रहेका छन् । कुनै लामा कुनै छोटा परिच्छेद रहेकाले परिच्छेदको आईम विस्तारमा सन्तुलन देखिदैन । उपन्यासमा दुर्गम ग्रामिण भेगमा जनताको गरिबी, बेरोजगारी, कम्प्युटर व्यवसाय तथा नेपाली राजनीति, र माओवादी युद्वसँग सम्बद्व विषयवस्तुलाई कथ्य बनाइएको छ । उपन्यासका सबैजसो भागहरु एउटा एउटा पात्रको गतिविधि र तिनकै चरित्र चित्रणमा केन्द्रित रहेका छन् ।

#### ४.४.१.१ कथानक

**कालचक्र** उपन्यासको सुरुवात सनराइज कम्प्युटर सेन्टरको सञ्चालक अमनलाल आफ्नो पसलमा कालो रङ्गको घुम्ने कुर्सिमा गजधम्म परेर बसिरहेको प्रसङ्गबाट भएको छ । ऊ

६१. ऐजन पृ. २८३ ।

कामदारलाई बिना कारण दुःख दिइरहने अलि कडा स्वभाव भएको छ । कामदारको श्रेणी विभाजन गरेको छ । दोस्रो र तेस्रो श्रेणीका कामदारलाई बढी पेल्ने गर्छ । अमनलाल अरुलाई इख्याउन पैसाले प्राप्त गर्ने सुख देखाउँछ । कामदारहरू पैसाका सपना देखुन भन्ने मनासयले पैसा कम दिन्छ र अनावश्यक अर्ती उपदेश छाँट्छ । जस्तै चप्पल लगाएर अफिस नआउनु, कपाल लामो नबनाउनु, दारी सधै काट्नु, जिउ गनाउँछ, दिनदिनै नुहाउने गर्नु, बास्नादार तेल लगाउने गर्नु, खानपिनमा ध्यान दिने गर्नु, आलश्यता बोकेर अफिस नआउनु ..... ।[६२] इलेक्ट्रोनिक्स कारोबारमा आएका भारतीय नागरिकसँग अमनलालको आफ्नै कम्प्युटर सेन्टरमा चियापान हुन्छ । भारतीय नागरिकको इच्छा अनुसार आफ्नो कामदार कह्नैयालाई एक रातको लागि दुईवटी केटीको बन्दोवस्त गर्न लगाउँछ । सनराइज कम्प्युटर सेन्टरमा काम गर्ने समय विहान १० बजेदेखि बेलुका ७ बजेसम्म हो । विमलले अमनलालको बाबु खपतलालको बारेमा बोल्दा एउटा खुट्टामा चप्पल र अर्को छिनिएको चप्पल हातमा लिएर डोरी कस्तै नेपाल आएको बताउँछ । खपतलालले नेपालबाट सुन जापानिज क्यामेरा, घडी रेडियो जस्ता विदेशी सामानहरू भारतमा पठाउने गर्थ्यो । पाँच, सात लाख जम्मा हुने वित्तिकै वीरगञ्जमा अफिस खोलेर व्यवस्थित ढङ्गबाट कारोबार सञ्चालन गरी करोडपति बनेको बताइएको छ । अमनलालको रीतिरिवाज, नीतिनियम भित्र रहने कामदार पहिलो श्रेणीका हुन्छन् । यिनीहरू हिसाव किताव राख्ने देखि लिएर बजारमा पैसा उठाउने जस्तो विश्वासिलो काममा मात्र खटिन्थ्ये । भनसुनद्धारा आएका कामदारलाई दोस्रो श्रेणीका कामदार भनिन्थ्यो । बढार कुँढार गर्ने चियापानी खुवाउने र सामान बोक्नेलाई तेस्रो श्रेणीमा राखिन्थ्यो । अमनलाललाई आफ्ना कामदारले वेश्यावृत्तिमा जाने र अफिसको फोन नम्वर दिएकाले दिक्दार लाग्यो । फोनमा केटीहरुले बोल्ने नानाभाति शब्दबाट घृणित हुन्थ्यो र अफिसको फोन नम्बर नदिन भन्थ्यो । कम्प्युटरको खुला सामान ल्याएर नेपालमै जोड्न थालेपछि सनराइज कम्प्युटर सेन्टरले सहरबजारमा तहल्कै मच्चाएको थियो । यसका शाखाहरू समेत फैलिसकेका थिए । प्रदिपले पैसा उठाएर केटी खेलाउन थाल्यो भन्ने चाल नपाएपछि राजेशलाई पैसा उठाउन राखियो । प्रतिदिन झोलाका झोला पैसा उठाउन थाले पछि दुई तीन महिनामा नै राजेशको पनि मति विग्रन पुग्यो । राजेशले १२ लाख हिनामिना गरेको थाहा भयो । राजेशको यस कामले अमनलालले उसलाई न्यूरोडको अफिसमा सरुवा गरिदियो । एक दिन नयाँ ग्राहककोमा पुगेको राजेशले अमनलालको नामबाट तीन लाख बराबरको सामान लिई अर्को ठाउँमा बेचेर बेपत्ता हुन्छ । राजेश पछि ललित पैसा उठाउनेमा पर्छ । अमनलाल कामदारलाई श्रेणी विभाजन

---

६२. बखतबहादुर थापा, कालचक्र, पृ. २ ।

गरेर श्रेणी अनुसारको काम दिन्थ्यो । पहिलो श्रेणीको कामदार प्रेम कमिसन खानको लागि फोटोकपि बनाउन न्यूरोडमा मेसिन पुऱ्याउँछ । आफ्नो अफिसमा मर्मत गर्न ल्याइपुऱ्याएका सामानहरू हेरेर काम बीस दिन पछि मात्र बन्ने भएकाले पन्ध्रौ दिनमा जादा पसल नै उठाएर भागी सकेको थाहा पायो । प्रेमको यो कुरा चाल पाएपछि अमनलालले ग्राहकलाई भरे भोलि भनेर पुरै एकवर्ष नै लाग्नेछ् नयाँ किन्दा हुन्छ भनेर लगाउँछ र त्यही सामान मर्मत गर्न लगाएर नयाँको मूल्यमा बेच्छ । थोरै बिग्रेको कम्प्युटर बनाउन ल्याएर थोत्रो कम्प्युटर दिएर पठाउँछ । अमलालको कडा स्वभाव र अनावश्यक गाली गलौजले गर्दा कामदारहरू ग्राहकको घरघरमा नै गएर सामान बनाएर पैसा उठाउने काम गर्न थाल्छन् ।

अमनलालको मन खाएको कामदार कह्नैया हो । कह्नैया जस्तोसुकै काम गर्न पनि अग्रसर हुन्थ्यो । चम्चागिरी गर्न र कामदारमा फाटो ल्याउन पनि ऊ खप्पिस थियो । कह्नैया सामान बनाउन ग्राहकको घरघरमा पुग्छ । उसँग सधै एउटा बिग्रेको सि.पि.यु, हुन्छ । ग्राहकको घरमा पुगेर ऊ जलेको सि.पि.यु, ग्राहकको कम्प्युटरमा खुसुक्क राखेर नयाँ सि.पि.यु किन्न लगाउँछ र नयाँ सि.पि.यु. आफूसँग राख्छ । यसरी ऊ दिन प्रतिदिन ग्राहकलाई ठगी रहेको थाहा पाएर अमनलालले कह्नैयासँगको सि.पि.यु. आफै लिन्छ । सि.पि.यु नभएपछि ठग्न नपाएको कह्नैयाले अमनलालको भाइसँग त्यो सि.पि.यु पुनः लिन सफल हुन्छ । आफ्नो काम धन्दालाई निरन्तरता दिन्छ । कह्नैया रेस्टुरेन्ट तिर पनि धाउने गर्थ्यो । जहाँ रक्सीको स्वादसँगै केटीहरू पनि हुन्थे । राती दस बजे रेष्टुरेन्ट पुगेको कह्नैयालाई एक जना केटी सहित प्रहरीले छापा मारी हिरासतमा पुऱ्याउँछन् । कह्नैयाको जस्तै सोच भएको असइले कह्नैयासँग बसेर रक्सी खाएपछि असइले भ्यानमा राखेर उसको कोठासम्म पुऱ्याए ।

कह्नैयासँग भाँचिएको सि.पि.यु मात्र छ उसले नयाँ सि.पि.यु साट्न पाएन । अमनलालसँग फोन नम्बर लिएर मनिकाले फोन गरेपछि कह्नैया मनिकाको घरतिर जान्छ । कम्प्युटरको किबोर्डमा खराबी भए पनि सि.पि.यु निकालेर आफूसँग भएको सि.पि.यु राखी सि.पि.यु को खराबी देखाउँछ । यसैगरी ठगेर कह्नैया रेस्टुरेन्टमा मोजमस्तीमा डुबिरहेको हुन्छ । कह्नैयालाई प्रहरीले पनि साथ दिइरहेका हुन्छन् । प्रहरीले कह्नैयालाई रेस्टुरेन्टमा आपत्तिजनक अवस्थामा भेटेर पनि सजाय दिनुको सट्टा उसैसँग मोजमस्ती गरेर बस्छन् ।

कह्नैयाले सि.पि.यु सँग आफ्नो सम्बन्धको रहस्य धनेशसँग बताउँन थाल्यो । प्रायः जसो निजी कम्पनी सञ्चालकहरु कामदारमाथि भेदभाव राख्छन्, त्यसैमथि आफ्नो नातेदारहरूलाई काममा राख्दा वेग्लै व्यवहार देखाउँछन् । दोस्रो कुरा पहिलो तहका कामदारहरू साहुको विगत

थाहा पाएका कारण यिनीहरूलाई टेर्दैनन् । अचानक थुप्रिएको धन देखेर यिनीहरू पुलपुलिएका छन् । अमनलाल कमदारको तलब बढाउने कुरा कहिल्यै गर्दैन । कसैले तलब बढाउने कुरा गऱ्यो भने उल्टै हप्काएर पठाउँछ ।

सनराइज कम्प्युटर सेन्टर खोलेको एक वर्ष नवित्दै काममा आएको कामदार नागेन्द्र सिधासाधा स्वभावको कामदार हो । वि.ए. पास गरेको नागेन्द्र कम्प्युटरमा दक्ष हुने उद्देश्यले कम्प्युटर पसलमा काम गर्न थालेको हुन्छ । उसको लवाइखुवाई देख्दा विहान वेलुकाको छाक टार्न पनि कठिन देखिन्छ । नागेन्द्र आफूलाई रिटे (गोरु) सँग तुलना गर्छ । रिटे दरो, बलियो भए पनि लड्ने भिड्ने कुरा म अल्छीपना देखाउथ्यो । त्यस्तै वि.ए. पास गरेको नागेन्द्रको जम्मा तलब २५०० थियो । कोठाभाडा ५०० बुझाउँथ्यो मिठो मसिनो खान, राम्रा कपडा लगाउन कहिल्यै सक्दैन थियो । १० वर्ष देखि काम गरिरहेको कामदार नागेन्द्रको हालसम्म तलब बढेको थिएन । तलब बढाउने कुरा गरेमा अमनलाल काम नै छाडेर जान भन्थ्यो । तिम्री स्वास्नीलाई मेरो घरमा पठाइदेउ, मन लगाएर काम गरेमा खान लगाउन दिएर महिनाको २-४ सय जम्मा पनि गरिदिएँला भन्ने अमनलालको जवाफले नागेन्द्रको मुखबाट कुनै वाक्य नै फुटेन । अमनलालकोमा काम गर्ने दोस्रो तेस्रो श्रेणीका कामदारले तलब बढाउने कुरा गर्न डराउँथे । उनीहरूलाई लाग्थ्यो अरुको पीडामा अमनलाल रमाउने गर्छ । त्यहाँ काम गर्ने कामदारहरू बाध्यतावश काम गर्न विवश हुन्छन् । अमनलाल आफ्नोमा काम गर्दै गरेका कामदारलाई अन्यत्र जान पनि दिदैनथ्यो । अमनलाल अत्यन्तै कठोर स्वभावको थियो । ऊ बिरामी भएका कामदारलाई आराम गर्ने समय दिदैन थियो । उपचार खर्च दिदैन थियो । उल्टै हप्काउथ्यो । अमनलालको व्यवहार देखि दिक्क बनेको नागेन्द्र माओवादी बनेर जङ्गल पस्यो ।

गाउँघरमा बढेको माओवादीको बिगबिगी, गरिबी, बेरोजगारीले युवाहरुमा माओवादी प्रति आकर्षण बेढेको भेटिन्छ । कतिपय युवाहरु माओवादीबाट बच्न अमनलालकोमा आएर काम गर्न बाध्य बनेका छन् । देशमा सरकारी कार्यालयमा बढ्दै गएको घुसखोरी भ्रष्टाचारले चारैतिर जकडेको थियो । घुस नखाईकन कार्यालयमा पियन स्तरको कर्मचारी पनि नियुक्त हुन सक्दैन थियो । आफ्ना आफन्त भनिएन, दाजु, भाइ भनिएन, जोसँग पनि घुस खाने प्रचलन नै चलेको थियो । जनसरकारले गाउँघरमा फटाहा, जँड्याहा, जुवाडे, हैकमी जस्तालाई लिएर आफ्नो पार्टीगत दृष्टिकोण बुझ्ने, नीति नियमहरू बुझाउने र समाजमा नकारात्मक प्रभाव पार्ने सबै खाले काम देखि सावधान गराउन थालेको थियो । रातभरी घनघोर जङ्गलमा हिडाउने, कारवाही गर्ने र उसैको घरमा लगेर छोडिदिने पनि गर्थे । माओवादीको यस्तो काम गराईले गाउँमा

अशान्ति फैलिन थालेको हुन्छ । गाउँघरका कतिपय मानिसहरू गाउँमा बस्न नसक्ने भएर काठमाडौँ तिर पस्न थालेका हुन्छन् भने कतिपय मानिसहरू विभिन्न रिसिवी राखेर माओवादीमा प्रवेश गरेका हुन्छन् । यस्तै काठमाडौँ पस्ने मध्येको एक पदम पनि हो । गाउँमा पदम जिल्ला वन कार्यालयको मुखिया थियो । कर्मचारी नियुक्ति गर्दा हुने घुसखोरी प्रवृत्तिले पदमलाई पनि छाडेको थिएन । माओवादीको सूचीमा आफ्नो नाम परेको थाहा पाएपछि गाउँमा बस्न नसक्ने भएर काठमाडौँमा आई सनराइज कम्प्युटर सेन्टरमा काम गर्न थालेको हो । त्यस्तै गाउँमा काम गर्न नसकेर काठमाडौँ आएको कालु एउटा घरमा नोकरको काम गर्न थाल्छ । आफ्नै काकाको साथी कहाँ बसेको कालु आफ्नी बहिनी पनि त्यही आएर काम गर्न थालेपछि साहुले बहिनी माथि अनैतिक व्यवहार गर्न थालेको देख्न सक्दैन र साहुसँग बदला लिन कालु माओवादीमा प्रवेश गर्छ । सरकार र माओवादी बीचको युद्धमा कालुको मृत्यु हुन्छ । होटलमा केही महिना काम गरेर घर पुगेकी रत्नालाई विवाहको तीन दिन अगाडि ५-७ जना मानिसले रातको समयमा बलात्कार गरे पछि गाउँमा बस्न नसक्ने भएर काठमाडौँ नै फर्केर रेस्टुरेन्टमा काम गर्न थाल्छे । पदमको इमान्दारिता र लगनशीलता देखेर अमनलालको दाजु रइसलालले पदमको तलव वर्षको १० प्रतिशतका दरले बढाइदिने वचन दिएको थियो । तलब नबढेपछि काम छोड्न लागेको पदमलाई पाँचसय बढाइदिएर रइसलालले काममा लगायो ।

कामबाट छुट्टि लिएर केही दिनका लागि घर गएको सनराइजको कामदार धनेश पुनः काठमाडौँ फर्कन्छ । मनका कुरा स्पष्ट राख्ने भएकाले धनेशको हेलमेल सवैसँग राम्रो नै हुन्छ । धनेश पुनः सनराइज सेन्टरमा नै काम गर्न थाल्छ । धनेशले हातमा लामा-लामा नङ पालेको छ । सनराइजबाट छुट्टि लिएर घर गएको धनेश माओवादीको बिगबिगीको कारण विवाह गरेर घरमा नै बस्न थाल्छ । नेताका भाषण सुनेर राजनीतिमा लाग्छ । देशलाई विकसित बनाउने कल्पना गर्दै हिरासतका अध्यारा कालकोठरीहरूमा कयौँ पटक बितायो । सनराइजमा नै काम गर्दा गर्दै एक दिन काठमाडौँमा जताततै भाषण, पार्टी एकताका जुलुसले बाटो पाउन सकेन । ऊ पनि भाषण सुन्दै सनराइज पुग्ने बाटो खोज्दै थियो । त्यतिकैमा एक महिला आफ्नो छोरा पछ्याउदै कराउदै आउदै थिइन । धनेश त्यस बच्चालाई वीर अस्पताल पुऱ्याउँछ । बच्चा मरिसकेको हुन्छ । धनेश महिलाको दुःखको कहानी सवै सुन्छ । यसबाट धनेशले माओवादी द्वन्द्वले नेपाली समाजमा पारेको नकारात्मक प्रभाव देख्न थाल्छ । श्रीमान्ले हेला गरेर काठमाडौँमा आई त्यही एउटा छोराको आशामा बाँचेकी आमाले छोरा समेत गुमाउन पुगिन् र आफू बेसहारा बन्न पुगिन् । गरिबी हटाउने, कुना कुनामा शिक्षाको ज्योति बाल्ने, जातभात विभेद हटाउने धनी, गरिब बीचको

खाडल हटाउने, अहंतावाद, हैकमवाद नै निर्मुल पार्नुपर्छ भन्ने भाषण गर्ने नेताहरूले गरिबहरूलाई झन दु:ख, वेदना, पीडा दिइरहेका छन् । जनताको घाउमा मलम लगाउने नेताहरु उनीहरुको घाउमा नुन छर्किरहेका छन् । आज उनीहरूकै कारणले बाटो नपाएर र उनीहरूद्धारा पड्काइने बममा परी एक अबोध बालकको ज्यान गयो । एक आमाको एक मात्र सहारा आमालाई वेवारिसे बनाएर गयो । यो सबै माओवादी द्वन्द्वले निम्त्याएको नकारात्मक असर हो ।

श्याम सनराइजको इमान्दार कर्मचारी हो । ऊ इलेक्ट्रोनिक्समा इन्जिनियर गरेको व्यक्ति हो । ऊ आडम्बरी कुरासँग घृणा गर्ने अमनलालद्धारा कामदार माथि भएको भेदभावको सख्त विरोधी हो । आखिर ऊ पनि त्यही चपेटामा पिरोलिएको थियो । धेरै भाषा जान्ने भएकाले ग्राहकले एउटा भाषा बोलेमा ऊ अर्को भाषा बोल्थ्यो ।

गाउँमा दिन प्रतिदिन बढिरहेको माओवादी द्वन्द्वले समाजमा राम्रो काम बन्न सकेको थिएन । गाउँलेहरू माओवादी देखि दिनरात डराएर बस्थे । खड्गबहादुरको छोरो कुलबहादुर देवीदेवता भाकल गरेर जन्मिन्छ । विवाह गरेको २० वर्षसम्म कुल देवताको भाकल गरेर जन्मिएकाले उसको नाम पनि कुलबहादुर राखियो । कुलबहादुर दुई वर्ष नपुग्दै उसकी बहीनी देवकीले यस धर्तीमा पाइला टेकी । १८ वर्ष पुरा भएपछि कुल बहादुर लाहुरे बन्न सेनामा भर्ना हुन गयो । माओवादीले कुलबहादुर सेनामा भर्ना भएको थाहा पाउँछन् । जागिरबाट फर्काउन धम्की दिन थाल्छन् । कुलबहादुर छिमेकी गाउँकी कमलासँग विवाह गर्न गाउँ जान्छ । विवाह गरेको चार दिनमा माओवादी गाउँमा गएको चाल पाएर कुलबहादुर रातारात त्यहाँबाट बाटो लाग्छ । एक दिन राती सात आठ जना गुण्डाले देवकीलाई घरबाट केही टाढा बलात्कार गरेर छोड्छन् । उसले आफूलाई यस्ता अवस्थामा पुऱ्याउनेहरूसँग बदला लिने चाहना गरी । देवकी माओवादीमा प्रवेश गरेको चाल पाएर सुरक्षाकर्मी आएर छोरीलाई फिर्ता बोलाउन धम्की दिन्छन् । केही दिन पछि पाँच-सात जना आएर बुहारी कमलालाई जवरजस्ती गर्छन् । बुढाबुढीले विरोध जनाउँदा घर बाहिर निकालेर घरमा आगो लगाइ दिए । बुढाबुढी बुहारीलाई लिएर भोकै नाङ्गै छोराको अफिसतर्फ लागे । छोरो खोज्दै काठमाडौंको आर्मी हस्पिटल पुग्दा छोरो युद्धमा मरेको थाहा पाउँछन् । छोराको मृत्युले शोकमा डुवेका बुढाबुढी र बुहारी एक महिना पछि छोराको पैसा पाउँछन् । त्यही पैसाले राजमार्गको छेउमा चियापसल गरेर बस्न थाल्छन् । बुढाबुढीलाई त्यहाँ वस्ने वातावरण असजिलो भएकाले पशुपति बृद्धाश्रममा गएर बस्न थाले । गाउँमा लालसेनाको राज चलेको थियो । गाउँघरका युवाहरू काठमाडौंमा गएर बस्न थाले । अमनलालले सस्तोमा कर्मचारी पाउन थाल्यो । दोस्रो र तेस्रो श्रेणीका कर्मचारीलाई आपत आईपर्दा अमनलाल दु:खी

हुनुको सट्टा खुशी हुन्थ्यो । छुट्टी दिनुको सट्टा कामबाट निकाल्न सजिलो हुन्थ्यो । बहिनीलाई घर पुऱ्याउन गएको श्याम घर पुगेपछि माओवादीको बारेमा विस्तृत जानकारी लिन्छ । जनसेना, लालसेना, भन्ने सुनेको श्यामले आफ्नै काकाको छोरा गोफ्ले दाइलाई लालसेनाको रूपमा पाउँछ । गोफ्लेलाई देखेर श्यामले आफ्नो बालापन सम्झन पुग्यो । ठाउँठाउँमा माओवादी चर्केपछि प्रहरीहरू गाउँतिर जान छाडे । गोफ्ले गाउँमा नैं बस्ने गर्छ । जाँडरक्सी खाने, जुवातास खेल्ने, लडाई झगडा गर्नेहरूलाई सम्झाउथ्यो । श्याम गोफ्लेलाई लालसेनाको रूपमा पाउदा सोच्दै थियो जनसरकारको उच्च निकायद्धारा लालसेनामा नियुक्ति भएको हो या तल्लो निकायद्धारा हाउभाउले त्यस्तो केही देखिदैन ? न हावाको लालसेना हो ।[६३] श्याम गाउँघरमा बिदा भएर काठमाडौँ आयो । जनसरकारले गा.वि.स. लाई गा.ज.स. नामाकरण गरेर अध्यक्ष, सदस्यहरू चुन्ने र सीपमूलक तालिम दिन सुरु गऱ्यो ।[६४] पैसाको लोभले गाउँलेले धमाधम नाम दर्ता गराए । सरकारले माओवादीलाई आतङ्ककारी घोषित गऱ्यो । यस निर्णयले सरकारी कर्मचारीका घरमा रुवावासी मच्चियो ।[६५] सरकारको यस निर्णयले गोफ्लेलाई पनि विचलित तुल्यायो । गाउँठाउँका धनीमानीहरू गोफ्लेका निम्ति धुताहा नै लाग्दथे । सबैबाट सकेजति पैसा बटुलेर एक दिन ऊ वेपता भयो ।[६६]

तुलाराम म्याथमा मास्टर डिग्री हासिल गरेको र आधुनिक प्राविधिक कम्प्युटर सम्बन्धी हार्डवेयर र सफ्टवेयरमा डिप्लोमा गरेको व्यक्ति हो । इन्स्टिच्युटमा तालिम गर्दा कम्प्युटरबाट पुरै संसार चिहाउन सकिन्छ भन्ने विश्वासले दुर्गम गाउँमा कम्प्युटर सम्बन्धी सबैखाले सुविधा पुऱ्याउन चाहन्थ्यो । नोकरी खोज्दै सनराइज कम्प्युटर सेन्टरमा आईपुग्यो । तुलारामले नोकरी पायो । तेस्रो श्रेणीको कामदार भएपनि दोस्रो श्रेणीका टेक्निसियनहरूले गरेको सहयोगबाट केही महिनामै कम्प्युटर फोटोकपी, फ्याक्स जस्ता मेसिनहरू बनाउन सुरु गऱ्यो । एक दिन अमनलाल आफ्ना कर्मचारीको घरमा खनतलासी लिन्छ । कसको घरमा कम्प्युटर सम्बन्धी कस्तो समान छ, कहाँबाट ल्यायो सबै सोधिखोजी गर्छ । तुलारामको कोठाबाट एक बोरा सामान बरामद गर्छ । यी सामानहरू तुलारामले गाउँमा लगेर कम्प्युटर सम्बन्धी सुविधा पुऱ्याउन जुटाएको हुन्छ । अमनलाललाई कर्मचारीहरूको घरमा गएर खोजतलास गरेको आरोप लाग्न थालेपछि तुलारामका सामान फिर्ता गरीदिन्छ । सामान फिर्ता पाएपछि तुलारामले नोकरी नै छोडिदिन्छ । तुलारामले घरको चलअचल सम्पति बेच्छ । घरखेत बैङ्कमा धितो राख्छ । छिमेकीबाट ऋणपान गरेर छ लाख

६३. ऐजन, पृ. १३८ ।
६४. ऐजन ।
६५. ऐजन ।
६६. ऐजन ।

जम्मा गरी गाउँको सानो बजारमा कम्प्युटर सम्बन्धी हार्डवेयर, सफ्टवेयर तथा इन्टरनेट जस्ता सबै खाले सुविधा दिँदै आईरहेको हुन्छ ।

गाउँ ठाउँमा पुऱ्याएको अत्याधुनिक सुविधाले गर्दा धन्यवाद पाउन थालेको तुलारामले पैसा पनि राम्रै कमाउन थालेको हुन्छ । गाउँघर जतासुकै माओवादीको बिगबिगी बढेकाले सुरक्षाकर्मीले माओवादीको सहजताका लागि खोलेको भन्ठानेर सबै कम्प्युटर उठाएर भ्यानमा तुलाराम समेतलाई लगे । तुलाराम जमानतमा रिहा भयो । उसले फेरि कम्प्युटर पसल राख्न सकेन । ऋण तिर्न मुग्लान पस्यो । त्यहाँ पनि भने जस्तो काम पाएन । वसन्तको सहयोगले मुग्लानबाट खाडी मुलुक दुबई लाग्छ । दुई वर्ष दुबईमा बसेर फर्किए पनि सबै ऋण तिर्न सक्तैन । ऊ पुनः दुबई नै फर्कन्छ । तुलाराम सँधै चिन्तित देखिन्छ । एक दिन सपनामा कङ्काल देखेर वडवडाउन थाल्छ । ऊ आफूलाई अस्तित्वविहीन भएको नेपाली भन्छ । आफ्नो घरबारी बैङ्कमा धितो राखेको, गाउँघरमा ऋण लिएर काम थालेको तुलाराम आफ्ना सपनामा कङ्काल बनेका आफ्ना साहुहरू हुन कि आफ्ना बाबा आमा सोच्न थाल्छ । सबै सपना भएकोमा शान्तिको सास फेर्छ ।

सनराइजको एकाउन्ट सम्बन्धी काम गर्ने जगत पोखरेल निम्न श्रेणीको कामदार हो । हुम्लामा शिक्षकको रूपमा काम गरेको जगत काठमाडौं आएर तीन वर्षे वन कार्यालयमा काम गरेको अस्थायी कर्मचारी हो । तीन वर्षे कार्यालय सकेर गाउँ फर्केको जगत देखेर घरमा कसैलाई खुशी मिल्दैन । गाउँघरमा माओवादीको बिगबिगीले युवावर्गलाई आफूसँग लैजान थाल्छन् । जगतको सानो छदाको साथी हर्के हो । हर्के जनसेना भइसकेको हुन्छ । ऊ माओवादीको ठूलो नेता भएर हिडेको हुन्छ । गाउँघरमा हुनेखाने ठूलो जातकालाई सामन्ती ठान्छ र समय अनुसार सबैले परिवर्तन हुनु पर्ने भाषण दिन्छ । माओवादीबाट बच्नको लागि जगत काठमाडौँ तर्फ लाग्छ । बाटोमा उसले दुईजना सुरक्षाकर्मी जस्ता मानिस देख्छ । जनसरकारका बारेमा उनीहरूले सोध्दा सुरक्षाकर्मी ठानेर माओवादीको विरुद्धमा बोल्छ । बलबहादुरले यिनीहरू माओवादी हुन भनेपछि माओवादीकै तारिफ गर्न थाल्छ । जगतले त्यहाँबाट ज्यान जोगाएर काठमाण्डौं आईपुग्छ ।

अमनलाल लक्ष्मीपूजा धुमधुमसँग मनाउँछ । लक्ष्मीपूजाका दिन कामदारलाई आफ्ना घरमा प्रसाद, खाना खुवाउने गर्छ । अमनलालका घरमा प्रसाद खान पुगेको जगत त्यहाँ काम गर्ने गुरुङसेनी देखेर आफ्नो साथी मानबहादुरलाई सम्झन्छ । गुरुङसेनीको श्रीमान् मानवहादुर गुरुङसेनी कै कारण टाउकोमा कफन बाधेर जङ्गल पस्छ ।

गगन अमनलालको कार चलाउने ड्राइभर हो । तीन छोराछोरी लिएर काठमाडौँ छिरेको हुन्छ । सुर्खेतको डाँडागाउँमा घर भएको गगनको माओवादी भिडन्तमा श्रीमती मिनाको बलात्कार भएको हुन्छ । धामीझाँक्रीबाट उपचार गराउने क्रममा धामीको तातो पुन्यूँको डाम र खोर्सानीको धुवाले निसासिएर मृत्यु हुन्छ । घरबारी साहुलाई जिम्मा लगाएर गगन छाराछोरी लिएर काठमाडौँ पुग्छ । अमनलालको कार चलाउन थाल्छ ।

गाउँमा नै एस.एल.सी. पास गरेको शिवराम काठमाण्डौँ आएर अमनलालको पसलमा काम गर्न थाल्छ । अमनलालसँग काम गर्दै कलेज पढेर स्नातक पास गर्छ । कम्प्युटर सम्बन्धी ज्ञान हासिल गर्न चाहने शिवरामले कम्प्युटर सम्बन्धी जानकारी पाउनु भनेको राख्नु, उठाउनु, सार्नुमा नै सीमित रहन्छ । केशव विदेश जानको लागि दलालकोमा पुग्छ । दलालले पैसा बढी खाने एउटा कार्यमा भनेर अर्को काममा लगाउने बुझ्रेर जान मान्दैन । अर्कोतर्फबाट केशव कुवेतका लागि उड्छ । एक महिनासम्म केशवको केही खवर आउदैन । केशव उडेको महिना दिन पछि बाह्र जना नेपाली इराकी विद्रोहीको कब्जामा रहेका खवर इन्टरनेट मार्फत आउँछ । कब्जा गरेको कारण नै नखुलाई नरसंहकारीले नेपालीको निर्ममतापूर्वक हत्या गरे । जसमा एउटा हत्या भएको नेपाली केशव पनि थियो । आफू पनि विदेश जाने चक्करमा रहेको शिवराम यस घटनाले गर्दा जान मन गरेन । रइसलालले सनराइज कम्प्युटर सेन्टर नै कुकुरको हाडजस्तो बनेको बताएपछि कुकुरको हाडको अर्थ खोज्दै आफ्नो बाटो लाग्छ ।

बजारमा बढ्दै गएको कम्प्यूटर पसलको प्रतिस्पर्धाले सनराइज कम्प्युटर सेन्टरको अवस्था दिनादुदिन दयनीय हुँदै जान थाल्छ । दिनप्रतिदिन घाटा बढ्न थालेपछि अमनलाल कामदारलाई जागिरबाट निकाल्न अनेक जुक्ति सोच्न थाल्छ । एक दिन सनराइज अफिस बन्द हुन्छ । अफिस अर्कोलाई बेचेर अमनलाल आफ्ना भाइहरूसँग मिलेर औषधी फ्याक्ट्री खोल्छ । माओवादी द्वन्द दिनप्रतिदिन बढिरहेको हुन्छ । राजा सत्ता आफ्नो हातमा लिन थाल्छन् । नेताहरू एकजुट बनेर राजाबाट सत्ता सहित सबै अधिकार खोस्न लागे । देशमा आन्दोलन सुरु भयो । मजदुरहरु प्रहरीका शिकार बने । गगनलाई अमनलालले तरकारी, फलफूल खोज्ने डिउटी लगाउँछ । तरकारी खोजीमा निस्केको गगन प्रहरीद्वारा चलाएको गोलीको शिकार भयो । कयौँ मानिसले ज्यान दिएर लोकतन्त्र ल्याए । जनताले ल्याएको लोकतन्त्र नेतालाई सत्तामा पुगर कुर्सीमा राज गर्नमा सीमित भयो । जनताले केही पाएनन् । देशमा लोकतन्त्र त आयो । अमनलालको औषधी नबिकेर सडिएर जान थाल्छ । बजारमा डुब्लिकेट, स्तरहीन भन्ने हल्लाले औषधी सबै फिर्ता आएर गोदाममा थुप्रिन थालेपछि अमनलालको दिमागले सन्तुलन गुमाउँछ । अत्यधिक पानपरागको सेवनले

रइसलालको घाटीमा क्यान्सर भई दिल्लीमा मृत्यु हुन्छ । पागलजस्तो बनेको अमनलाललाई उसैका कामदारहरू पदम, श्याम, धनेशले बाटोमा भेट्टाएर अस्पताल पुऱ्याएपछि मृत्यु हुन्छ । यत्तिकैमा कथानकले विश्राम लिएको छ। यो उपन्यास दुःखान्तमा टुङ्गिएको छ।

कथानकको आरम्भ नै अमनलालले आफ्ना कामदारलाई गर्ने निर्दयी व्यवहारबाट भएको छ। खाली खुट्टा नेपाल छिरेको रोडपति व्यापार व्यवसायी नामधारी आफ्नो मन खुशी व्यापार गर्ने गर्छ । आफ्ना कामदारलाई उचित तलव कहिल्यै दिदैन । ग्राहकलाई पनि राम्रो सेवा सुविधा दिदैन। उल्टो ठगेर खान्छ। यो उपन्यास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा अगाडि बढेको छ। उपन्यासको कथानकको स्रोत कम्प्युटर व्यवसाय र नेपालको राजनीति र माओवादी युद्धसँग सम्बद्ध छ। यस उपन्यासको आदि भाग अमनलालको दम्भी उदयलाई, मध्यभाग उसका अनेकौ घृणित क्रियाकलाप र माओवादी गतिविधि आदिलाई र अन्त्य भाग उसको दुःखद अवसानलाई मान्न सकिन्छ । यस उपन्यासमा दुर्गम ग्रामीण भेगका जनताहरूको गरीवी, विवशता बाध्यता एवम् बिरहव्यथाको प्रस्तुति, माओवादी सेना र सरकारी सेना छुट्याउन नसक्दाको त्रासद चित्रण, युद्धको भयावह र विभत्स रुप, आफन्त मारिएका बुढाबुढीको वेहाल स्थिति आदिको मार्मिक चित्रण पाइन्छ । अमनलालको विश्वासिलो कारिन्दा कन्हैयाका माध्यमबाट कम्प्युटर सम्बन्धी ठगीको चरम नमुना प्रस्तुत गरिएको छ। अनभिज्ञ ग्राहकलाई विश्वासमा पारेर ठगी गर्ने उसको चर्तिकला सारै विचित्रको र अकल्पनीय छ। उपन्यासमा कन्हैया ठगको मात्र होइन ढाँटको समेत राजा रहेको देखिएको छ। ऊ विश्वासिलो पाराले दारा धसेर मुटु निकाल्ने खालको पात्रको रूपमा चित्रित छ । कम्प्युटर प्राविधिकले गरेको ठगी थाहा पाएपछि कुनै पनि ग्राहकले प्राविधिकलाई विश्वास नगर्ने अवस्थाको चित्रण गरिएको छ। कम्प्युटर व्यवसाय सञ्चालन गरेर सोझा साझा कामदारलाई अनावश्यक दुःख, पीडा दिने र आफू पैसा कुम्ल्याएर करोडपति बन्ने अमनलाल जस्ताको अन्त्य दुःख नै हुन्छ। धन सम्पतिले मानिसलाई सुखी तुल्याउनुको साटो निर्दयी र कठोर तुल्याउँछ भन्ने सङ्केत अमनलाल पात्रको माध्यमबाट देखाइएको छ । माओवादी र सरकार दुवैको चपेटामा जनता परेका छन् भन्ने पनि देखाइएको छ।

यस उपन्यासमा द्वन्द्व पनि प्रसस्त मात्रामा रहेको छ। उपन्यासमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको प्रयोग पाइन्छ। आन्तरिक द्वन्द्वको रूपमा अमनलालको पसलमा काम गर्ने कामदारहरूको आफ्नो मनोद्वन्द्व बढी देखिन्छ। देशको भयावह स्थितिले काठमाडौँ आएर तल्लो स्तरको काम गर्न बाध्य नेपाली युवाहरू आफ्नो कामबाट बिहान बेलुकाको छाक टार्न असमर्थ जस्तै छन्। आफ्नो मालिकसँग बोल्न नसक्ने कामदारहरू आफ्नो मनसँग वार्तालाप गर्छन । बाह्य द्वन्द्वको रूपमा

सरकारी सेना र माओवादी सेना बीचको द्वन्द्व, अमनलाल र कामदार बीचको द्वन्द्व, इराकमा भएका बार नेपालीको विभत्स हत्या र नेपालमा भएको तोडफोड, विदेश पठाउने दलाल र सोझासाझा मानिस बीचको द्वन्द्व, सिधा नेपाली चेली र बलत्कारी बीचको द्वन्द्व आदिलाई उपन्यासमा चित्रण गरिएको छ । यस उपन्यासमा आन्तरिक द्वन्द्व भन्दा बढी बाह्य द्वन्द्व पाइन्छ ।

### ४.४.१.२ सहभागी

सहभागीका दृष्टिले **कालचक्र** उपन्यास बहुपात्रीय उपन्यास हो । यस उपन्यासमा सहभागीका कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गर्न सकिन्छ । उपन्यासमा प्रमुख पात्रको भूमिकामा अमनलाललाई मात्र देख्न सकिन्छ । अन्य पात्रहरू सहायक र गौण पात्रको रूपमा आएका छन् । यस उपन्यासमा सहायक पात्रका रूपमा कह्नैया, दीपक, धनेश, पदम, विमल, राजेश, ललित, प्रेम, श्याम नागेन्द, हर्के रहेका छन् । गौण पात्रका रूपमा रइसलाल, गम्भीरलाल, कमला, रत्ना, देवकी, केशव, खर्के, कुलबहादुरकी श्रीमती, गगन, रेस्टुरेन्टका केटीहरू, रेस्टुरेन्ट सञ्चालक, भारतीय, माओवादी सेना, सरकारी सेना, मानबहादुर आदि रहेका छन् । लिङ्गका आधारमा यस उपन्यासमा स्त्रीको तुलनामा पुरुष पात्रको सङ्ख्या बढिरहेको छ । उपन्यासमा आएका पुरुषपात्रहरूमा अमनलाल, रइसलाल, खपतलाल, गम्भीरलाल, कह्नैया, शिवराम, तिलक, पदम, विमल, प्रदिप, धनेश, राजेश, ललित, श्याम, जगत्, गगन, सुरेश, वलबहादुर, केशव, मानवहादुर, रामनाथ, रतन, कालु आदि रहेका छन् । कमला, रत्ना, देवकी, अपर्णा, रीता, पदमकी, श्रीमती, शीला आदि स्त्री पात्रका रूपमा रहेका छन् ।

कार्यका आधारमा अमनलाल एक मात्र प्रमुख पात्र हो । कह्नैया, दीपक, राजेश, ललित, प्रेम, श्याम, नागेन्द्र, विमल, प्रदीप जगत, हर्के, शिवराम आदि सहायक पात्रका रूपमा रहेका छन् । उपन्यासमा प्रयुक्त अन्य सवै पात्रहरू गौण पात्रका रूपमा रहेका छन् ।

प्रवृत्तिका आधारमा अमनलाल र कह्नैया प्रतिकूल पात्र हुन् । अनुकूल पात्रहरूमा शिवराम, तिलक, पदम, बिमल, प्रदीप दीपक, राजेश, ललित, प्रेम, नागेन्द्र, जगत, हर्के, कमला, देवकी अपर्णा, रीता, रत्ना केशव, गगन, खर्के, बलबहादुर, रेष्टुरेन्टका केटीहरू आदि रहेका छन् ।

स्वभावका आधारमा यस उपन्यासमा गतिशील र स्थिर पात्र रहेका छन् । उपन्यासमा गतिशील पात्रहरुमा कह्नैया, दीपक, राजेश, ललित, प्रेम, श्याम, विमल, प्रदीप, जगत, हर्के, देवकी, अर्पणा आदि रहेका छन् । अमनलाल रइसलाल, नागेन्द्र, कमला, रीता, रमा, केशव, खर्के, कुलबहादुर आदि स्थिर पात्रका रूपमा रहेका छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा वर्गीय र व्यक्तिगत पात्र रहेका छन् । उपन्यासमा आएका वर्गीय पात्रहरूमा, अमनलाल, रइसलाल, विमल, प्रदिप, जगत, हर्के, शिवराम, तुलाराम, कमला, देवकी, रेस्टुरेन्टका केटीहरू रहेका छन् । कह्नैया दीपक, राजेश, ललित प्रेम, तुलाराम, श्याम, अर्पणा, रीता, केशव, गगन, खुर्के, कुलबहादुर आदि व्यक्तिगत पात्रका रूपमा आएका छन् ।

आसन्नताका आधारमा यस उपन्यासमा मञ्चीय र नेपथ्य पात्र रहेका छन् । मञ्चीय पात्रहरूमा अमनलाल, रइसलाल, कह्नैया, दीपक, राजेश, ललित, प्रेम, शिवराम, श्याम, नागेन्द्र, विमल, प्रदीप, जगत, हर्के, कमला, देवकी, तुलाराम आदि रहेका छन् । अर्पणा, रीता, रत्ना, रेस्टुरेन्टका केटीहरू, केशव, गगन, खर्के, कुलबहादुर रेस्टुरेन्ट सञ्चालक आदि नेपथ्य पात्रका रूपमा रहेका छन् ।

आबद्धताका आधारमा बद्ध र मुक्त पात्रहरु रहेका छन् । अमनलाल, रइसलाल, कह्नैया, दीपक, राजेश, ललित, शिवराम, तुलाराम, विमल, प्रदीप, जगत्, हर्के, आदि वद्ध पात्रका रूपमा रहेका छन् । प्रेम, श्याम, नागेन्द्र कमला, देवकी, अर्पणा, रत्ना, रेस्टुरेन्ट सञ्चालक, रेस्टुरेन्टका मालिक, प्रहरी, केशव गगन, खर्के, कुलबहादुर आदि मुक्त पात्रका रूपमा रहेका छन् ।

उपन्यासका पात्रहरुलाई तल तालिकामा देखाइएको छ

| क्र.सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | वद्ध | मुक्त |
| १ | अमनलाल | $ | - | $ | - | - | - | $ | - | $ | $ | - | - | $ | $ | - |
| २ | पदम | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ३ | कह्नैया | $ | - | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - |
| ४ | धनेश | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ५ | राजेश | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ६ | ललित | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ७ | प्रेम | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | $ | - | - | $ |
| ८ | श्याम | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | - | $ |
| ९ | नगेन्द्र | $ | - | - | $ | - | $ | - | - | $ | - | $ | - | $ | - | $ |
| १० | बिमल | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | $ |
| ११ | प्रदिप | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| १२ | जगत | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| १३ | शिवराम | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| १४ | तुलाराम | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| १५ | हर्के | $ | - | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| १६ | कमला | - | $ | - | - | $ | $ | - | - | $ | $ | - | $ | - | - | $ |
| १७ | देवकी | - | $ | - | - | $ | $ | - | $ | - | $ | - | $ | - | - | $ |
| १८ | अर्पणा | - | $ | - | - | $ | $ | - | $ | - | - | $ | $ | - | - | $ |
| १९ | केशव | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २० | गगन | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २१ | खर्के | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २२ | हर्के | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २३ | रत्ना | - | $ | | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |

## १. अमनलाल

अमनलाल यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ सनराइज कम्प्युटर सेन्टरको सञ्चालक हो । कर्मचारीलाई श्रेणी विभाजन गरी काम गर्न लगाएको हुन्छ । खाली खुट्टा नेपाल छिरेको एउटा राडेपति व्यापार व्यावसाय नामधारी अनेक गोरख धन्दा गरेर छिट्टै करोडपति बनेको छ र कामदारलाई काम नगरी बसेको देख्न नसक्ने अनि तलब दिन गाह्रो मान्ने मानिस हो । कामदारलाई विभिन्न काममा लगाउने, बिना कारण गाली गर्ने हप्काउने निन्दनीय व्यवहार गर्ने र काम नभए ट्वाइलेट सफा गर्न लगाउन पनि पछि पर्दैन । अमनलाल अतिशय नाफाखोरी प्रवृत्ति बोकेको छ । पैसा कमाउनको लागि ग्राहकका नबिग्रेका सामानहरु बिगार्न लगाउने, ग्राहकका नयाँ सामान भए पुराना राख्न लगाएर महङ्गो बिल उठाउने गर्ने गरेको पाइन्छ । तलब नदिने, बर्षौ बित्दा पनि कामदारको तलब नबढाउने, तलब बढाउने कुरा उठेमा गाली गर्ने,

कामबाट नै निकालिदिने जस्ता क्रुर  व्यवहार आफ्ना कामदारहरु माथि गर्छ । कामदारहरु दुःखी बनेमा ऊ आफू खुशी हुन्छ । अरुको दुःखमा रमाउने अमनलाल अमानवीय व्यक्तित्व हो । बजारमा प्रतिस्पर्धा बढ्दै गइरहेको हुन्छ । मानिसहरु सचेत बन्न थालिसकेका हुन्छन् । देशमा बढ्दै गएको अशान्ति हत्या हिंसाका कारण अमनलालको व्यापार व्यवसाय घट्न थाल्छ । कम्प्युटर व्यवसाय छाडेर औषधीको फ्याक्ट्री खोलेको अमनलालको औषधी नबिकेर गोदाममा नै धन सम्पति सड्छ । पागल बनेको अमनलालको धन सम्पति डुब्नु नै उसको मृत्युको कारण बन्छ ।

यस उपन्यासको सुरुवात अमनलाल व्यापार व्यवसाय सक्रिय रहेको अवस्थाबाट भएको छ । उपन्यासको अन्त्य अमनलालको मृत्युसँगै भएको छ । उपन्यासमा उसको उपस्थिति सुरुदेखि अन्त्यसम्म सक्रिय रहेको छ । अमनलालकै केन्द्रीयतामा उपन्यासका घटनाहरु अगाडि बढेकाले ऊ केन्द्रीय पात्र हो । उपन्यासमा अमनलाल प्रतिकूल चरित्रको पात्रको रूपमा उभिएको छ । समय अनुसार आफ्नो व्यवहार परिवर्तन गर्न नचाहने ऊ स्थिर चरित्र बोकेको पात्र हो । समाजमा रहेका सबै वर्गको प्रतिनिधित्व गर्न नसक्ने धनीमानी सामन्तको मात्र प्रतिनिधित्व गर्ने अमनलाल वर्गीय पात्र हो । उपन्यासमा ऊ प्रत्यक्ष रहेकाले ऊ मञ्चीय पात्र हो । उसको उपस्थिति बिना उपन्यास तयार हुन असमर्थ हुने हुँदा ऊ वद्ध पात्र हो ।

**२. कह्नैया**

कह्नैया यस उपन्यासको सहायक पुरुष पात्र हो । उपन्यासमा ऊ सनराइज कम्प्युटर सेन्टरको सञ्चालक अमनलालको विश्वाशिलो पात्र हो । कह्नैया पहिलो श्रेणीको कामदार हो । अमलालको मन जित्न सफल कह्नैया वेश्यावृत्ति, मोजमस्तीमा रमाउने गर्छ । कह्नैया मुम्बईमा आफ्नो महाराजाको जस्तो भविश्य भए पनि आमाको मृत्युपछि बुवाले दोस्रो विवाह गरेकाले आफू हेला भएकाले दुई पैसाको काम गर्न आईपुगेको बताउँछ । कह्नैया कामदारहरू बीचमा साहुको चम्चा उपनामले चिनिन्छ । अमनलालले चाहे अनुसार पसलमा आउने ग्राहकहरूलाई अनावश्यक झन्झट दिएर र नबिग्रेको सामानलाई बिग्रिएको भनेर ठगी गर्ने प्रमुख व्यक्ति हो । कह्नैया एउटा पुरानो भाँचिएको सि.पि.यु. को सहायताले सम्पूर्ण ग्राहकहरूलाई ठग्न सफल बनेको छ । प्राविधिक विषयमा दक्ष रहेको कह्नैया प्रविधि नजानेका सोझा सिधा मानिसलाई ठगेर कमाएको पैसाले मोजमस्ती र वेश्यावृत्तिमा उडाउने गर्छ । आफ्नो बारेमा मात्र सोच्ने कह्नैया मोजमस्तीलाई नै आफ्नो जीवन ठान्छ । कह्नैयाले ग्राहकलाई विश्वासमा पारेर गर्ने ठगी विचित्रको र अकल्पनीय छ । ठगको मात्र होइन ढाँटको समेत राजा रहेको कह्नैया विश्वासिलो

पाराले दारा धसेर मुटु निकाल्ने खालको निर्दयी छ । समय र परिस्थिति अनुसार परिवर्तन हुन सक्ने कह्नैया गतिशील पात्र हो । उपन्यासमा उसको प्रवृत्ति हेर्दा उ प्रतिकूल पात्र हो । जीवनचेतनाका आधारमा आफ्नो मात्र प्रतिनिधित्व गर्ने ऊ व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा कह्नैयाको कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । आवद्धताका आधारमा कह्नैया बिना उपन्यासको कथानक खल्बलिने हुनाले बद्ध पात्र हो ।

**३. नागेन्द्र**

नागेन्द्र यस उपन्यासको सहायक पुरुष पात्र हो । सनराइज कम्प्युटर सेन्टरको स्थापना भएको वर्ष दिन देखि यस कम्प्युटर सेन्टरमा कार्यरत छ । ऊ सिधा स्वभावको छ । ऊ गोरुसँग तुलनीय साह्रै निरीह कामदार हो । उसँग लगाउनको लागि एक जोर भन्दा बढी कपडा छैन, खान पुग्ने र स्वास्नी पाल्न सक्ने सामर्थ्य छैन । नडराईकन अमनलालसँग तलव बढाइ माग्न सक्तैन । आफूले थालेको काम पुरा गरेर छाड्ने गर्छ । उपन्यासमा देखिएको प्रवृत्तिका आधारमा नागेन्द्र अनकूल चरित्रको पात्र हो । नागेन्द्र स्वभावका आधारमा स्थिर पात्र हो । यसको अवस्थामा परिवर्तन आएको देखिदैन । नागेन्द्रको जीवनले समाजका कुनै पनि वर्गको प्रतिनिधित्व नगर्ने हुँदा ऊ व्यक्तिगत पात्र हो । कार्यव्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । नागेन्द्र नभए पनि उपन्यासको विकासक्रममा कुनै असर नपर्ने हुँदा मुक्त पात्र हो ।

**४. पदम**

पदम प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । पदम सनराइज कम्प्युटर सेन्टरमा काम गर्नु भन्दा अगाडि आफ्नो जिल्लाको वन कार्यालयको मुखिया हो । पदम इमान्दार कामदार हो । सरकारी कार्यालयमा दिन प्रतिदिन बढ्दै गइरहेको भ्रष्टाचार, अनियमितता, घुसखोरी प्रवृत्तिले पदमको अफिसमा समेत जरा गाडिसकेको थियो । मिनबहादुरलाई जागिर खुवाउन बीस हजार घुस खुवाउनुपर्ने भएकाले आमासँग सुन धरौटी राख्न माग्न लगाएकाले सबैबाट घृणित बनेको पदम सरकारी जागिर छाडेर अमनलालको पसलमा जागिर खान आईपुगेको हो । पदम अमनलालले जे अरायो त्यही काम गर्ने गर्छ । ऊ ढाँट्न, छल्न  जान्दैन । ग्राहक र मालिक दुवैसँग सिधा कुरा गर्छ । पदम अनुकूल पात्र हो । समय र परिस्थिति अनुसार परिवर्तन हुन सक्ने गतिशील पात्र हो । यसको जीवनले समाजका कुनै पनि वर्गको प्रतिनिधित्व नगर्ने हुदा व्यक्तिगत पात्र हो । कार्य व्यापार प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । यसको उपस्थिति बिना पनि कथानक अगाडि बढ्ने भएकाले मुक्त पात्र हो ।

## ५. धनेश

धनेश प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । धनेशको शैक्षिक योग्यता बी.ए. पास र कम्प्युटर सफ्टवेरमा दक्ष रहेको छ । धनेश सनराइज कम्प्युटर सेन्टरको प्रथम श्रेणीको कामदार हो । ऊ इमान्दार र कर्तव्यनिष्ट कामदार हो । सनराइज कम्प्युटर सेन्टरमा टेक्निसियनका रूपमा कार्यरत छ । अरुको सहयोग गर्न सधै तत्पर रहन्छ । मनका कुरा स्पष्ट राख्ने भएकाले सबैसँग राम्रो हेलमेल हुन्छ । आफूले जानेको कुरा सबैलाई सिकाउने भएकाले ग्राहकहरूले पनि मन पराउथे । धनेश चाकरी, ठगी गर्न मन पराउँदैन । धनेश स्वभावका हिसावले स्थिर चरित्र भएको पात्र हो । समाजमा उसको प्रतिनिधित्व कुनै वर्गसँग नभएर उसको आफ्नो व्यक्तिगत प्रतिनिधित्व भएकाले ऊ व्यक्तिगत पात्र हो । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । धनेश नभए पनि उपन्यासको कथानक नखलबलिने हुँदा ऊ मुक्त पात्र हो ।

## ६. श्याम

श्याम प्रस्तुत उपन्यासको सहायक पुरुषपात्र हो । श्याम इलेक्ट्रोनिक्समा इन्जिनियर गरेको पात्र हो । चन्डीगढमा इन्जिनियर पढ्दा उसलाई मिस्टर नेपालको नामले पुकारिन्छ । ऊ शिक्षकहरूको प्रिय विद्यार्थी हो । श्याम आडम्बरी कुराको घृणा र विरोध गर्छ । अमनलालले कामदारमाथि गरेको भेदभावको सख्त विरोधी पात्र हो । श्यामले चाकरी गर्न कहिल्यै मन पराएन । कह्नैया र श्यामको कहिल्यै मेल भएन । श्यामले जतिसुकै राम्रो गरे पनि अमनलाल कह्नैयाको पक्षमा नै बोल्छ । अमनलाललाई कसैले नराम्रो भनेको सुन्न सक्तैन । श्याम अनुकूल चरित्रको पात्र हो । स्वभावका आधारमा श्याम गतिशील पात्र हो । श्याम व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा उपन्यासमा उसको उपस्थिति बिना चल्न सक्ने भएकाले मुक्त पात्र हो । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष भएकाले ऊ मञ्चीय पात्र हो ।

## ७. जगत

जगत प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । ऊ सनराइज कम्प्युटर सेन्टरमा अकाउन्ट सम्बन्धी काम गर्छ । भनसुनबाट आएको हुनाले निम्न श्रेणीको कामदार हो । सनराइजमा आउनुभन्दा अगाडि कर कार्यालयमा तीन वर्षे अस्थाइ नोकरी गरेको छ । यस उपन्यासमा ऊ इमान्दार कामदारको रूपमा रहेको छ । उपन्यासमा जगतको प्रवृत्ति हेर्दा ऊ अनुकूल चरित्रको देखिन्छ । समय र परिस्थिति अनुसार जीवन परिवर्तन गर्न सक्ने भएकाले

उसको स्वभाव गतिशील देखिन्छ । आसन्नताका आधारमा उसको उपस्थिति प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । जगत उपन्यासको मुक्त पात्र हो ।

## ८. हर्के

हर्के प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । सनराइज कम्प्युटर सेन्टरमा एकाउन्टेन्टको रूपमा कार्यरत कामदार जगत पोखरेलको घरमा खेतबारीमा काम गर्ने खर्केको छोरो हर्के हो । हर्के जगतसँगै खेल्दै हुर्केको हो । जगतका जडौरी कपडा लगाएर बचेकुचेको खाएर हुर्केको हो । जगतको घरमा गएर गाग्रीबाट पानी सारेर खाने हर्के तल्लो जातको मानिस हो । हर्के माओवादीमा प्रवेश गर्छ । गाउँघरमा जातभातको अन्त्य गर्ने प्रयासमा हर्के लागि परेको छ । तल्लो जात र माथिल्लो जात भनेको ऊ सुन्न मान्दैन । गाउँ घरमा सामन्ती र शोषकबाट मुक्ति पाउनुपर्छ । अब चुपलागेर अन्याय अत्याचार सहनुहुँदैन आफ्नो लागि आफैले लड्नुपर्छ भन्ने मनसाय बोकेको जनतालाई माओवादीतर्फ आकर्षित गर्ने पात्र हो । ऊ माओवादीले गरेको कामहरू सबै ठिक छन् माओवादी जनताको हितमा काम गर्ने सरकार भएकाले हामी सबैले यसलाई स्वीकारेर अगाडि बढ्नुपर्छ भन्ने सोच राख्ने पात्र हो । आफ्नो भाषणले उपस्थिति सबै मानिसलाई आफ्नो विचार तर्फ आकर्षित गर्ने सफल पात्र हो । माओवादीको प्रतिनिधि पात्र समेत हो । प्रवृत्तिका आधारमा हर्के अनुकूल पात्र हो । समय र परिस्थिति अनुसार आफ्नो जीवन परिवर्तन गर्न सक्ने हर्के स्वभावका आधारमा गतिशील पात्र हो । समाज रुपान्तरणमा लागेको हेर्के वर्गीय चरित्रको पात्र हो । उसको कार्य व्यापार मञ्चमा प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । हर्केलाई उपन्यासबाट निकाल्दा कथानक लङ्गडो हुने भएकाले बद्ध पात्र हो ।

उपन्यासमा अन्य पनि सहायक पात्ररू रहेका छन् । यस्ता पात्रहरूमा प्रदीप, दीपक, राजेश, राजेन्द्र, शिवराम, तुलाराम आदि रहेका छन् । यिनीहरु सबै अमनलालका कामदार हुन् । अमनलालको अन्याय, अत्याचार सहेर बस्न बाध्य बनेका छन् । अमनलालले तलब नबढाए पश्चात ग्राहकलाई ठगेर आफ्नो गुजारा चलाएका छन् । तीन चार महिना अगाडि सम्मको तलब नपाउदा पनि सहेर बस्छन् । सनराइज कम्प्युटर सेन्टर बन्द भएपछि कोही काठमाडौँमा नै अन्य नोकरी गरेर बस्छन्, कोही आफ्नो गाउँ फर्कन्छन्, कोही माओवादीमा प्रवेश गर्छन् । उपन्यासमा आएका यस्ता पात्रहरूले उपन्यासलाई जीवन्त तुल्याउन, आफ्नो कथा व्यथा सुनाउन र माओवादी युद्धको वर्णन गर्न सहयोग पुऱ्याएका छन् ।

### ९. गौणपात्र

प्रस्तुत उपन्यासमा आएका प्रमुख र सहायक पात्र बाहेकका अन्य पात्रहरू गौण पात्रको रूपमा आएका छन् । कमला, देवकी, अर्पणा, रत्ना, केशव, गगन, खर्के, कुलबहादुर, नैना, मिना, धनेशका बुबाआमा, जगतका बुबाआमा आदि पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यी पात्रहरू मञ्चमा प्रत्यक्ष रूपमा उपस्थित भएका छैनन् । अधिकांश नारीपात्र बलात्कारका शिकार बनेका, रेस्टुरेन्ट र होटेलतिर काम गर्न बसेका छन् । पुरुष पात्रहरू गाउँघरमा बस्ने, उतै काम गरी खाने, अमनलालको चाकडी गर्न नसकेर माओवादीमा प्रवेश गर्ने र विदेश गएर उतै मृत्युवरण गर्ने चरित्रका छन् । उपन्यासमा यी पात्रहरूको भूमिका गौण भए तापनि पुरुष पात्रहरू अमनलालको अन्याय, अत्याचारको शिकार बनेर अमनलालदेखि टाढा भएका छन् । बहुपात्रीय उपन्यास कालचक्रले धेरै पात्रको प्रयोग गरेको भएपनि उपन्यासको कथावस्तु सरल बनाएको छ । सम्पूर्ण पात्रको उपयुक्त वातावरण तय गरी प्रस्तुत गरिएको छ ।

### ४.४.१.३ परिवेश

प्रस्तुत उपन्यास काठमाडौँ सञ्चालनमा रहेको सनराइज कम्प्युटर सेन्टरको क्रियाकलापमा केन्द्रित रहेको छ । विशेषतः यस उपन्यासको परिवेश स्थानका रूपमा नेपालको काठमाडौँ देखि पश्चिमका दुर्गम गाउँ र भारतका विभिन्न स्थानसम्म रहेको छ । कम्प्युटर व्यवसायसँग सम्बन्धित यस उपन्यासको घटना काठमाडौँका विभिन्न स्थानमा घटेका छन् । माओवादी युद्धले पश्चिम नेपालका दुर्गम जिल्लाहरूलाई समेटेको छ । कम्प्युटर व्यवसायमा प्राविधिकहरूले गर्ने गरेको ठगीको चित्रण उपन्यासमा प्रमुख रूपमा उतारिएको छ । प्राविधिक विषय जानेका मानिसहरू प्रविधि नजानेका मानिसहरूलाई विश्वासिलो पाराले ठग्ने गर्छन् । यस उपन्यासको समय यति नै हो भनेर तोक्न नसकिए पनि काठमाडौँमा भरखर-भरखर कम्प्युटर पसल सञ्चालन गर्ने सुरुवातको समय बुझिन्छ । अमनलालले काठमाडौँमा कम्प्युटर सेन्टर सञ्चालन गर्न थालेको समय देखि उसको व्यवसाय डुवेर अमनलालको मृत्यु भएको समयसम्म हेर्दा करिब १०-१५ वर्षको समय हुन सक्ने अड्कल गर्न सकिन्छ । अमनलालको माध्यमबाट नेपाली समाजमा रहेका शोषक, सामन्ती हुनेखाने र आफूलाई ठूलाबडा भन्न रुचाउनेहरूले गरिब निमुखा मानिस माथि गर्ने अन्याय अत्याचारलाई प्रस्तुत गरिएको छ । मानिसले मानिसमाथि गर्ने अमानवीय, निर्दयी र क्रुर व्यवहार उपन्यासमा परिवेश बनेर आएको छ । प्राविधिक विषयमा प्राविधिकहरुले विश्वास दिलाएर विचित्र तवरले गरिने ठगी परिवेश बनेको छ । नेपालमा दिनप्रतिदिन बढ्दै गएको माओवादी युद्धले दुर्गम गाउँमा भित्रिएको अशान्ति, असुरक्षा,

जनमानसमा बढ्दै गएको डर, त्रास पनि उपन्समा परिवेश बनेको छ । यस उपन्यासको वातावरण आद्योपान्त, दु:खद, निरस र उराठिलो छ । केही शोषक वर्गका साहु बाहेक अधिकांश कामदार वर्गको दैनन्दिनसँग सम्बद्ध वातावरण दु:खद छ । उपन्यासका कतिपय ठाउँमा युगीन, सामाजिक, सांस्कृतिक, राजनैतिक, प्राकृतिक आदि परिवेशको वर्णन पनि सहज र स्वाभाविक रूपमा गरिएको छ ।

### ४.४.१.४ उद्देश्य

यस उपन्यासको उद्देश्य समाजमा घटेका यथार्थ घटनाको चित्रण गरी पाठक समक्ष पुऱ्याउनु रहेको छ । उपन्यास **कालचक्र**को माध्यमबाट प्राविधिक क्षेत्रमा हुने घुसखोरी, नाफाखोरी प्रवृत्तिले सर्वसाधारणलाई ठगेर आफ्नो गोजी भरेको देखिन्छ । एउटा कम्प्युटर व्यवसायका माध्यमबाट नजानिदो ढङ्गले हुने गरेका प्राविधिक डकैती, ठगी भोगे पछि ग्राहकले प्राविधिकलाई विश्वास गर्ने वातावरण नबन्न पनि सक्छ । सामाजिक, सांस्कृतिक विसङ्गतिको अभिव्यक्ति प्रस्तुत गर्नु उपन्यासको विशेषता रहेको छ । प्राविधिक विषयमा दक्षता हासिल गरेका मानिसहरूले प्रविधि सम्बन्धी ज्ञान नभएका मानिसलाई विश्वासिलो पाराले कसरी ठग्न सक्छन् भन्ने सन्दर्भको यथार्थ प्रकटीकरण गर्न खोज्नु अर्को उद्देश्य हो । माओवादी युद्धले नेपाली जनजीवनमा पारेको नकारात्मक प्रभावले नेपालीहरू आफ्नो जन्मथलो छाडेर अन्यत्र घरबार विहिन बनेर हिड्न बाध्य रहेका छन् । कोही जातभात छुवाछुत, अन्धविश्वास रुढीवादी सोचमा परिवर्तन ल्याउन स्वइच्छाले माओवादीमा प्रवेश गरेका छन् । सरकार पक्ष र माओवादी पक्ष दुवैको चपेटामा निर्दोष सर्वसाधारण नेपाली पर्ने गरेको यथार्थता प्रस्तुत गर्नु उपन्यासको अर्को उद्देश्य रहेको छ ।

मानिसको जीवनमा समय सधैँ एकैनासको रहदैन । आज उच्च शिखरमा पुगेको मानिस भोलि तल्लो तहमा पनि पुग्न सक्छ । अरुको दु:खमा सधैँ आफ्नो सुख र खुशी देख्ने गरेको मानिसले अन्त्यमा दु:ख भोग्नुपर्छ भन्ने कुरा अमनलालले आफ्ना कामदारको दु:खमा आफू खुशी भएर र आफ्ना ग्राहकहरूलाई ठगेर करोडपति बनेपनि अन्त्यमा उसको सबै सम्पति सकिएर सडकपति भई मृत्यु भएको घटनाबाट प्रष्ट हुन्छ । दुर्गम पहाडमा बस्ने युवाहरू देशको अवस्था विग्रन थालेपछि आफ्नो ज्यान जोगाउन सहर पसेर जस्तोसुकै काम गर्न वाध्य भएका छन् । शिक्षित युवाहरू आफ्नो शिक्षाको स्तरभन्दा तल्लो स्तरमा काम गर्न बाध्य छन् । माओवादी र सरकार दुवैको चपेटमा परेका युवाहरू आफ्नो जन्मथलो छाडेर मुग्लान पस्न वा खाडी मुलुक तिर जान बाध्य बनेको यथार्थता प्रस्तुत गर्नु यस उपन्यासको उद्देश्य रहेको छ । उपन्यासकार

स्वयम् कम्प्युटर प्राविधिक भएकाले प्राविधिक क्षेत्रमा हुने गरेको घुसखोरी, नाफाखोरी, ठगी जस्ता प्रवृत्तिको वास्तविक तथ्य उपन्यासमा उतार्न सफल बनेका छन् । यस उपन्यासको मूल उद्देश्य भनेको प्राविधिकहरूले प्रविधिका क्षेत्रमा गर्ने गरेको ठगी र माओवादी युद्धको कहालीलाग्दो त्रासदीपूर्ण घटनाको यथार्थता पाठक समक्ष पुऱ्याउनु रहेको छ ।

### ४.४.१.५ दृष्टिविन्दु

प्रस्तुत उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा उपन्यासकार स्वयम् समाख्याता रहेर उपन्यासमा घटेका घटनालाई विभिन्न पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । उपन्यासको सुरुवात, 'अमनलाल कालो रङ्गको घुम्ने कुर्सीमा गजधम्म परेर बसिरहेको थियो ।' भन्ने वाक्यबाट भएको छ । यहाँ अमनलाल तृतीय पुरुष हो । अमनलालको बारेमा जानकारी दिने समाख्याता उपन्यासकार स्वयम् हुन् । उपन्यासकार स्वयम्ले समाख्याताको स्थानमा बसी अमनलालको बारेमा जानकारी दिएबाट यो उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ भन्न सकिएको हो । यस उपन्यासमा घटेका सम्पूर्ण घटना, क्रियाकलाप, परिवेश द्वन्द्व आदिको वर्णन उपन्यासकार स्वयम्ले गरेका छन् । अमनलाल, कन्हैया, श्याम, नागेन्द्र, धनेश, पदम, हर्के, राजेश, कमला, देवकी, रत्ना, गगन, केशव, शिवराम, तुलाराम आदि पात्रका माध्यमबाट उपन्यासको कथावस्तु, परिवेश आदि प्रस्तुत गरेका छन् । यस उपन्यासको एकमात्र प्रमुख पात्र अमनलाल हो । अमनलालको केन्द्रीयतामा उपन्यासको सम्पूर्ण कथावस्तु उनिएको छ । अमनलालले आफ्ना कामदारलाई दिएको दुःख कष्ट, पीडा, ग्राहकसँग गरेको ठगी, कामदारले आफ्नो जन्मथलोमा देखे सुने र भोगेको जनयुद्ध घटनालाई उपन्यासकारले उपन्यासमा वर्णन गरेका छन् । उपन्यासबाट बाहिर बसेर उपन्यासकारले उपन्यासका पात्र र घटनाका बारेमा वर्णन गरेकाले उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा उपन्यास तयार भएको छ । उपन्यासको अन्त्यतिर प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको भए तापनि समग्रमा उपन्यास तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

### ४.४.१.६ भाषाशैलीय विन्यास

**कालचक्र** उपन्यासको भाषा अत्यन्त सहज, सरल र सुबोध छ । यस उपन्यासमा पात्र अनुकूल सरल, सहज र स्वभाविक भाषिकविन्यास पाइन्छ । साहित्यमा प्रचलित तत्सम, तद्भव, आगन्तुक शब्दका साथै झर्रो नेपाली शब्दको प्रयोग गरिएको छ । उपन्यासमा अफिस, डाक्टर, इलेक्ट्रोनिक्स, टेक्निकल, केजी, डाटा, हस्पिटल, फोटोकपी, प्रिन्सिपल, रेस्टुरेन्ट, होटल जस्ता

अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । चम्चा, लोग्ने, स्वास्नी, गाँठो, झटपट् जस्ता झर्रा नेपाली शब्दको प्रयोग गरिएको छ । ठाउँठाउँमा पश्चिमेली भाषिकाको गन्ध पाइए पनि यो मानक नेपाली भाषाकै वृत्तमा केन्द्रित छ ।[६७] ठाउँठाउँमा वर्णनात्मक, संस्मरणात्मक र पत्रात्मक शैलीको प्रयोग पाइए पनि यो कृति मूलतः वार्तालापीय शैलीमा संरचित छ ।[६८] जनवादी भाषण समेत प्रस्तुत गरिएको यस उपन्यासको अनावश्यक विम्व, प्रतीक, अलङ्कार, मिथ आदिले थिचिएको नभएर सर्वसाधारणका लागि समेत बोधगम्य छ ।[६९] कतिपय स्थान विशेषमा प्रचलित उखानहरूको प्रयोग गरिएको छ । सीता खोज्ने हनुमान, पकडी बाध्ने गुना (पृ.१०), भैंसीको सामुन्ने बाँसुरी बजाउनु ( पृ.११), अर्काको जिउमा जुम्रो हिँडेको देख्ने, आफ्नो जिउमा भैंसी उक्लेको नदेख्ने (पृ.१४), अगुल्टाले हानेको कुकुर बिजुली चम्कदा तर्सन्छ (पृ.१९५) सुनारको सयचोट लोहारको एकै चोट ( पृ.१२०), जस्ता उखानहरूले उपन्यासलाई रोचक बनाएको छ । ठाउँ ठाउँमा काव्यात्मक झल्झल्को दिने भाषिक विन्यास गरिएको पाइए तापनि समग्रमा यस उपन्यासमा प्रयुक्त भाषा पात्रको स्तर अनुरुपको गद्यप्रधान नै रहेको छ ।[७०]

### ४.४.१.७ निष्कर्ष

**कालचक्र** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासमा काठमाडौंको सेरोफेरोलाई घटना घट्ने थलो मानिएको छ । उपन्यासको मूल कथानक अमनलालसँग सम्बन्धित रहेको छ । अमनलाल एउटा व्यापारी हो । जो आफ्नो व्यापार व्यवसायमा सधैं नाफा चाहान्छ । आफ्नो दुनो सोझ्याउन अरुलाई अनावश्यक दुःख पीडा दिने गर्छ । खालीखुट्टा नेपाल छिरेको एउटा रोडपति व्यापार व्यवसाय नामधारी अनेक गोरखधन्दा गरेर छिटै करोडपति भई अन्ततः पतन भएको प्रसङ्गलाई यथार्थमूलक ढङ्गले वर्णन गरिएको यस उपन्यासको कथावस्तु मूलतः कम्प्युटर साहुको अतिशय नाफाखोरी वृत्ति र उसले कामदारप्रति गरेका चरम शोषण, दम, अन्याय अत्याचारसँग सम्बद्ध रहेको छ ।[७१] यस उपन्यासमा दुर्गम ग्रामिण भेगका जनताहरूको गरिबी, विवशता, बाध्यता एवम् विरह व्यथाको प्रस्तुति पाइन्छ । दुर्गम पहाडबाट काठमाडौं छिरेका युवाहरू कामको खोजीको शीलशिलामा सनराइज कम्प्युटर सेन्टरमा पुग्छन् । सनराइज कम्प्युटर सेन्टरको सञ्चालक कामदारलाई श्रेणी विभाजन गरेर काम लगाउँछ । उचित तलव

६७. खगेन्द्रप्रसाद लुइटेल, प्राविधिक ठगी र जनयुध्दको जीवन्त कथा, **कालचक्र**, पूर्ववत् , पृष्ठ ७ ।

६८. ऐजन ।

६९. ऐजन ।

७०. ऐजन ।

७१. ऐजन ।

समेत दिँदैन । ग्राहकलाई झुटो बिल बनाएर ठगी गर्छ । ढाँटेर, ठगेर, सधै नाफा खान मन पराउने अमनलाल कामदारलाई दुःख दिएर आफू खुशी बन्छ । कोही कामदार अमनलालको चाकरी गरेर उसले भने जस्तै मानेर ग्राहकलाई ठगेर आफ्नो पेट पाल्छन् । उता प्रतिदिन बढ्दै गइरहेको माओवादी युद्धले ग्रामीण भेगमा बस्न सक्ने अवस्था हुँदैन । बिहान घरबाट निस्केपछि साँझ घरमा आईपुगिन्छ या आईपुगिन्न भन्ने अवस्था छ । उपन्यासमा भर्खर कम्प्युटरले बजार पाउनथालेको अवस्थामा प्रविधि जानेका मानिसहरू आफूले जानेको प्रविधिको प्रयोगले सर्वसाधारणलाई विश्वाशिलो पारामा ठग्न खपिस भएका छन् ।

अमनलाल सम्पूर्ण कामदारलाई दुःखपूर्ण जीवन जिउन बाध्य तुल्याउँछ । ग्रामीण भेगमा बसोबास गर्ने मानिसहरूले माओवादी सेना र सरकारी सेना छुटयाउन नसक्दाका त्रासद स्थितिको चित्रण युध्दको भयावह र वीभत्स वर्णन, आफन्त मारिएका बुढा बुढीको बेहाल स्थिति आदिको मार्मिक चित्रण पाइन्छ । गाउँमा जुवाँतास र जाँडरक्सी रोकथाम गर्ने माओवादीका सकारात्मक कार्य र निर्मम एवम् अमानवीय हत्याजस्ता अनेक नकारात्मक कार्यको प्रस्तुति उपन्यासमा पाइन्छ । उपन्यासमा माओवादीका नाममा खाओवादीको वर्णन समेत पाइन्छ । एकलौटी बजारका कारण कम्प्युटर साहु र प्राविधिकहरूले अनभिज्ञ ग्राहकलाई अकल्पनीय रूपमा ठगी गर्ने गरेको यथार्थ प्रस्तुत गरिएको छ । अर्कातिर माओवादी सशस्त्र युद्ध आतङ्क, जनआन्दोलनमा सरिक जनता र सहिदहरूको अपमान आदिको यथार्थ चित्रण गरिएको छ ।[७२] बहुपात्रीय उपन्यासमा पुरुषको तुलनामा स्त्री सहभागीको संख्या ज्यादै न्यून रहेको छ । उपन्यासमा प्रेम प्रसङ्गको खासै चर्चा नभए पनि वेश्यावृत्ति र बलात्कारका घटनाहरूको चर्चा प्रसस्त नै रहेको छ । परिवेशसूचक स्थानका रूपमा विगत डेढ दसक जतिको अबधि रहेको यस उपन्यासको वातावरण आद्योपान्त दुःखद, नीरस र उराठिलो छ ।[७३] तृतीयपुरुष दृष्टिविन्दुमा संरचित यस उपन्यासको उद्देश्य वर्तमान युगीन यर्थाथको प्रकटीकरण रहेको  छ । अरुलाई रुवाएर जतिसुकै सम्पति कमाए पनि पापिष्टको अन्त्य दुःखद हुने विचार अभिव्यञ्जित भएको छ ।[७४]

७२. ऐजन ।
७३. ऐजन ।
७४. खगेन्द्रप्रसाद लुइँटेल, **नेपाली उपन्यासको इतिहास,** पूर्ववत् , पृ.२८४, ।

## ४.५ जङ्गे उपन्यासको विश्लेषण

### ४.५.१ परिचय

**जङ्गे** बखतबहादुर थापाको चौथो उपन्यास हो । यस उपन्यासलाई ओरिएन्टल पब्लिकेशनले २०७१ सालमा प्रथमपटक प्रकाशन गरेको हो । यस उपन्यासको आवरण पृष्ठमा नेपाली पोशाक दौरा, सुरुवाल टोपी, स्टकोट लगाएको एकजना मानिस पछाडि फर्केर उभिएको छ । तल उपन्यासको नाम जङ्गे लेखिएको छ ।

उपन्यासको पछाडिको आवरण पृष्ठममा प्रकाशकले उपन्यासको बारेमा लेखेको टिप्पणी छ । यस उपन्यासमा विभिन्न शीर्षकमा संरचित ३३ परिच्छेद रहेका छन् । यो उपन्यास २५६ पृष्ठमा संरचित छ । उपन्यासका परिच्छेदहरूको आयाम एकै किसिमका नभइ फरक फरक किसिमका छन् । 'आठबिसेको चौतारो' नामक पहिलो परिच्छेद दुई पृष्ठमा आवद्ध सबै भन्दा छोटो परिच्छेद हो भने 'परिवेशले दिइएको उपहार' नामक २८ परिच्छेद २० पृष्ठमा आवद्ध सबैभन्दा लामो परिच्छेद हो ।

#### ४.५.१.१ कथानक

**'आठबिसेको चौतारो'**

लगभग सत्तरीवटा घरधुरी पर्ने वडा नम्बर सात पूर्व र पश्चिमतिर पर्छ । पचास घरधुरीपर्ने वडा नम्बर छ उत्तरतर्फ पर्छ । साठीको हारहारीमा घरधुरी पर्ने वडा नम्बर तीन दक्षिणतर्फ पर्छ । यी तीनवटै गाउँलाई मिलाएर एकसय साठी घरधुरी रहने भएकाले आठबिसे भनिएको यस गाउँको बीचमा आठबिसेको चौतारो रहेको छ । यस गाउँमा विभिन्न जातका मानिसहरू बसोबास गर्छन् । आठबिसेको पूर्वतर्फ पूर्वेली भाषा र पश्चिमतर्फ पश्चिमेली भाषा बोलिन्छ । आठबिसेको चौतारोसँग भएका तीन चारवटा पसलमा जाँड रक्सी, जुवातास, चुरोट, बिँडी, चियापानी खाने, गफगाफ गर्ने समय बिताउने ठाउँ रहेका छन् । चौतारो नजिकैको प्राथमिक विद्यालयमा अध्ययन गरीसकेपछि केटाहरू मुग्लान पस्छन् । गाउँलेहरूको छोराछोरीलाई बजारमा डेरा राखेर पढाउने हैसियत छैन ।

**जीउमा देउता चढ्नु**

आठबिसेमा दुईजना धामी रहेका छन् । जेठा धामीकी एउटी छोरी मात्र भएकाले खान लगाउन दुःख छैन । कान्छा धामीका चार छोरा र पाँच छोरी छन् । परिवार ठूलो भएकाले खान लगाउन दुःख छ । परिवार पाल्न रात बिहान, घामपानी नभनी बोलाएको ठाउँमा पुग्ने गर्छन् ।

कान्छा धामीसँग वनझाँक्रीको टुप्पी छ भन्ने शङ्काले दयाराम कान्छा धामीको पछि लाग्छ । वनझाँक्रीको टुप्पी नपाए पछि दयारामले कान्छा धामीसँग बदला लिने सोचले आफ्नो घरमा देउता बस्न बोलाउँछ । दयारामकी श्रीमती साबित्री बिरामी भएको नबुझेपछि झारफुक गरेर अक्षता, पैसा झोलामा राखेर घर लाग्छन् । दयारामले कान्छा धामीलाई रोकेर झोला खोसेर भुइँमा खन्यायो । साबित्रीको सुनको औँठी भेटायो । दयारामले कान्छा धामीलाई चोर लगायो र घरबाट बाहिर निकाल्यो । दयारामले पञ्च बोलाएर कान्छा धामीले चोरेको भन्ने सुरमा थियो । पञ्चले नपत्याएपछि र देउता नबस्ने निधो भएपछि कान्छा धामी घर छाडेर हिँडे ।

**गरिबको जीवन**

चाउरीकी छोरी लफीले बाबुको माया पाउन सकिन । प्राय मुग्लानतिर नै बस्ने गोपाल चाउरी र लफीलाई मतलब गर्दैनथ्यो । जीउ ढाक्नको लागि एकसरो राम्रो कपडा थिएन । जसले जे गरेपनि बोल्ने सामर्थ्य थिएन । चुपचाप आफ्नो बाटो लाग्थी । जीउका कपडाको दयनीय अवस्था र उमेरसँगै बढ्दै गएको लाजशर्म बोधले गर्दा होला लफीको घुमफिर बन्द भयो । उसका कपडा ठाउँठाउँमा च्यातिएका हुन्थे । गाउँले ठिटाहरू च्यातिएको ठाउँबाट लाठी छिराएर घोचिदिन्थे । त्यसैले ऊ तर्केर लुखुर लुखुर बाटो लाग्थी (पृ.११) बिहान बेलुकाको छाक टार्न र एक सरो कपडाकले आङ ढाक्न नसक्ने लफीलाई दयारामले उसको यौवनता माथि आँखा गाडेर सावित्रीको फरिया दिन्छ । साबित्रीले लफीले लगाएको आफ्नो फरिया लफीमा जीउबाट खोस्छे र लफीलाई मानिसहरूको बीचमा नाङ्गै बनाएर उसको इज्जत माथि खेलबाड गर्छे । निरीह लफी थचक्क बसेर रुनुभन्दा बाहेक केही गर्न सक्दिनथी । गोरे कामीले आफ्नी श्रीमतीको टाउकाको मजेत्रो लफीलाई दिएर लफीको इज्जत बाचाइदिने कोशिस गऱ्यो । साबित्रीको यस्तो अत्याचारले आफूलाई निरीह ठानेकी लफी समाजका अगाडि उभिन नसक्ने भई । आफ्नो इज्जतको धज्जी उडेको पन्ध्र दिनमा लफीले आत्महत्या गरेर यो धर्तीबाट नैं बिदा भई ।

**भाग्न खोज्दा**

सानै देखि छिमेकी हवल्दार काका वीरवहादुर जस्तै ठूलो मान्छे बन्ने सपना देख्ने नमराज हाल प्रहरी भएको छ । नमराजको घरमा जागिरे कोही थिएन । उसका बुबा र दाजुहरू भरियाको काम गर्न भारतका विभिन्न ठाउँमा जाने गर्थे । नमराजकी बहिनी कमलालाई सदरमुकाम घर भएको केटालाई विवाह गरी दिए । सदरमुकाम घर भएकाले छोरीले सुख पाउने सबैलाई आशा थियो । नमराजको ज्वाइँ सेनामा भर्ती भई राजधानी डिउटीमा गयो । उसले राजधानीमा अर्की

केटीसँग विवाह गरी घर लिएर आयो । सौतासँग मिलेर बस्न राजी भएकी कमलालाई कान्छी श्रीमतीसँग मिलेर उसको श्रीमानले हत्या गरेर काठमाडौँ तिर हिड्यो । ज्यानमाराको अभियोगमा कमलाको ससुरो एक महिनासम्म हिरासतमा बस्यो अनि थुप्रै पैसा खर्च गरेर त्यस केसलाई मिलाए । दयारामले त्यसै समयमा बर्दियामा चालिस कठ्ठा खेत किन्यो । कमलालाई सदरमुकाम विवाह गर्न उक्साउने दयारामले नै कमला हत्याको प्रकरणमा निकै चलखेल गरेको र पैसा हात पारेको थाहा  हुन्छ । यस घटनाले नमराज विरक्तियो । आफू प्रहरी भएर पनि आफ्नी बहिनीलाई न्याय दिलाउन सकेन । दोषीलाई सजाय दिलाउन पनि सकेन ।

**अवस्थाले जुराको नाम**

चाउरीले आफ्नो छोराको नाम जङ्ग्या राखी । जेठा धामीकी छोरी जुनाले उसको नाम जुको राखी । चाउरी दिनभरी जेठा धामीका घरमा काम गर्न छोरो जङ्गेलाई लिएर  गई । जङ्गे जेठा धामीकी छोरी जुनाले पढेको हेरेर बसिरहन्थ्यो । गाउँलेको खेतालो नभई अरुको घरमा गएर भाँडा नमाझी जाउरीका घरको चुलो बल्दैन । उमेरले दुई बीस पनि नपुगेकी चाउरीलाई मृत्युले जिस्क्याउन थालिसकेको छ । बिहान बेलुकाको छाक टार्न नसक्ने चाउरी खान नपाएर नै उसको जिउको रगत सुक्तै गएको छ । उसको आङ्को छाला खुम्चिदै गएकाले मुजा पर्न थालेको देखिन्छ । उसको एक छाक मासु खान सक्ने हैसियत छैन । चप्पल लगाएर हिड्न जान्दिन । अरुले फालेका कपडा लगाउँछे । उसका नाक, कानले सुनको अनुहार देख्न पाएका छैनन् । भगवान पनि हुने खानेलाई मात्र हेर्छन् । गरिबलाई हेर्ने भनेको रोगले मात्र हो । चाउरी बाख्रालाई हेरेर आफू पनि पशु भएको भए जीउ ढाक्न रौं त हुन्थे भन्ने सोच्न थाल्छे । जवानी छउन्जेल तन्नेरीहरूको लर्को हुने जवानी सकिएपछि कोही नहुने हुनाले चाउरीलाई देख्न कोही आउँदैनन् । चाउरीको गरिबीको कुरा गरेर साध्य नै छैन । ऊ मरे पछि पनि नयाँ कात्रो ओढ्न पाउने हो कि होइन ।

**गरिबको प्रीति**

जेठा धामीकी छोरी जुना र चाउरीको छोरो जङ्गे एक अर्कालाई खुब मन पराउँछन् । जुनाको बारेमा कसैले नराम्रो बोलेको जङ्गेलाई मन पर्दैन । जङ्गे योगीको छोरो हो । जुना क्षेत्रीकी छोरी हो । यिनीहरूको जात मिल्दैन । अर्को समस्या के छ भने जुना हुने खानेकी छोरी हो । जङ्गे हुँदा खानेको छोरो हो । जेठा धामीको घरमा खनजोतको काम गर्ने भएकाले जङ्गे कमारो जस्तै छ । जुना प्रति आकर्षित बनेको जङ्गे आफूलाई जुनाले राखिदिएको नाम जुको भनेर आफ्नो परिचय दिन थाल्छ । घरज्वाइँ खोजीरहेका जेठाधामी घरज्वाइँ बस्ने मानिस नपाएर

जुनाको विवाह गरिदिएका हुँदैनन् । जङ्गेका लागि यो खुशीको कुरा बन्थ्यो । जुनाले एकदिन "अब हामी भागेर देश जाऔँ है ?" भनेपछि जङ्गेका खुट्टा भुइँमा रहेनन् । जुनासँग भागेर देश जाने, आमालाई फरिया किनेर पठाइदिने सपना देख्न थाल्छ । आमाको दुःख, दर्द, सम्झिन थाल्छ । आमाले आफ्ना लागि आफू सानो छदा गरेको दुःख सम्झन्छ । आफ्ना घरमा खाने कुरा नहुँदा गाउँभरी डुलाएर खुवाउने गरेको, आफ्नो कपाल लामो हुँदा हसिँयाले काटिदिएको, दाउरा बेचेर बिस्कुट किनिदिएको, आफूलाई किनेको चोलाको कपडा उबारेर कट्टु बनाइदिएको आदि । आफू देश गएपछि आमाले झन् दुःख पाउने हुन् कि भनेर जङ्गे दुःखी भएको छ ।

**लालच**

जुनासँग देश जाने सपना देखेको जङ्गे बैदारले दोकान खोल्नका निम्ति घर बनाउन थालेपछि त्यही ज्यामीको काम गर्छ । जेठा धामीका छोराछोरी अरु नभएकाले आफूलाई जेठा धामीले घरज्वाइँ राखे पनि हुने भन्ने सोच्न थाल्छ । दिनभरि काम गरे पनि काम सकिएपछि जङ्गेका आँखा जुनालाई खोज्नमा व्यस्त हुन्छन् । दयारामले जङ्गेलाई काठमाडौँ जान हौस्यायो । काठमाडौँबाट गैँडाको पिसाव ल्याएर आमाको रोग निको हुन्छ भनेकाले जङ्गे काठमाडौँ जान तयार भयो । एक डोको सामान बोकेर जङ्गे काठमाडौँ लाग्यो । दयारामले आफ्नो साथी मानबहादुरको कुरा सुनाउँदै जङ्गेलाई काठमाडौँ पुऱ्यायो ।

**कन्जुस दयाराम**

दयारामले दुईजना हाकिमलाई भेटेपछि आफ्नो मामाको छोरो गणेशको कोठामा जङ्गेलाई पुऱ्यायो । दयारामको काम सकिएकाले घर फर्कने कुरा भयो । दयारामले जङ्गेलाई गैँडा मऱ्यो पिसाव पाउदैन भनेपछि जङ्गे आफै गैँडाको पिसाव खोज्न तर्फ लाग्छ ।

**जङ्गेको सङ्गत**

जङ्गे दयारामलाई गणेशको कोठामा छोडेर गैँडाको पिसाव खोज्न चिडायाखानातर्फ लाग्छ । चिडियाखानामा बिना टिकट भित्र पस्न नपाइने हुनाले जङ्गेले फुटपाथमा रात बिताउने निधो गर्छ । रातमा जङ्गेको सङ्गत खातेहरूसँग हुन्छ । जसको जिउमा एकसरो लुगा हुँदैन, पेटभरी खाने खाना हुँदैन । धुमपान, मध्यपान जे पायो त्यही खान्छन् । गन्हाउने मोजा भिजाएर त्यसको पानी समेत खान्छन् । रात फुटपाथमा नै काट्छन् । तिनै खातेहरूले खोजी दिएको होटलमा एक महिना काम गर्छ । काम गरेको पैसाले चिडियाखानामा गएर गैँडाको पिसाव लिन खोज्दा गैँडाको पिसावले दमको रोग बढ्ने थाहा पाएर बाहिरिएको जङ्गेको भेट तिनै खातेहरूसँग

हुन्छ । जङ्गेले केही पैसा तिनीहरूलाई दिन्छ । रातमा बाँकी सबै पैसा चोरेर खातेहरू जङ्गेबाट टाढा भाग्छन् । यसबाट भौतारिदै पशुपति भजन किर्तनमा लाग्छ । पेटभरी खान र आङ ढाक्न कपडा पाउन थाले पछि त्यहीको काममा लाग्छ । काठमाडौँमा केही वर्ष बिताएर जङ्गे घर फर्कन्छ ।

**जङ्गे घर पुग्दा**

चाउरी रोगले झन थलिएकी छ । खोकीले ऱ्याल सिगान बनाउन थालेछ । जङ्गेले ल्याइदिएको नयाँ कपडा र खानेकुरा देखेर चाउरीले हर्षका आँशु झारी । जुनाको सम्झनामा जेठाधामीका घर पुगेको जङ्गे जुनाको दर्सन पाउन सक्तैन । जुनाले आत्महत्या गरीसकेकी हुन्छे । जङ्गे जुनाको सम्झनामा रक्सीको साहारा लिएर घर पुग्छ ।

**स्मृति**

आफ्नो घरमा बसेर जङ्गे जुनासँग आफूले बिताएको विगत सम्झिरहेको हुन्छ । जुनाले 'जुको' भन्दै आफ्नो नाक समाएर निधार ठोक्काएको, अनि मेरो जुको भनेर आँखा सन्काएको सम्झेर एक्लै गदगद हुन्छ । जङ्गे काठमाडौँ पशुपतिमा रहेकी एक दुःखी महिलालाई सम्झन पुग्छ । आफ्नी आमालाई त्यही महिलासँग तुलना गर्न पुग्छ । दयारामको कुदृष्टि आफूमाथि परेर जुना र आफ्नो वियोग भएको कुरा सम्झन्छ ।

**मन्त्रीको कुरा**

मन्त्री चुनावको समयमा भोट माग्न आउदा जनतालाई विभिन्न किसिमका आश्वासन दिन्छन् । गाउँमा स्कूल बनाइदिने, औषधी पसल र अहेवको व्यवस्था गरीदिने, गाउँ गाउँमा खानेपानीको व्यवस्था गरीदिने, बाटोघाटोको व्यावस्था गरीदिने आदि । जब चुनाव जित्छन् त्यसपछि गाउँमा आफ्नो अनुहार देखाउँदैनन् । गाउँमा आएका बखत सबै प्रस्ताव मन्त्री परिषदमा राखेको बताउँछन् । पहिलो मन्त्री परिषद् परिवर्तन भएकाले काम हुन नपाएको दोस्रो बजेटमा आफ्नो पार्टी सम्मिलित हुन नपाएको र यसपटक फेरि पेस गरेको बताउँछन् । काम गर्ने आश्वासन मात्र दिन्छन् काम गर्दैनन् ।

**जीवन तनाव मुक्त हुन सक्दैन**

आठबिसेको चौताराको छेवैमा लालु घर बनाउँछ । लालुले सोचेको भन्दा कम पैसामा घर तयार हुन्छ । लालुले घर बनाउँदा जति ऋण लाग्ला भनेर सोचेको थियो त्यो भन्दा कम ऋणमा

घर सकिँदा पनि लालुको जीवन तनावयुक्त हुन सक्दनै । उसलाई घर बनाउदा लागेको ऋण कसरी तिर्ने भन्ने तनाव रहिरहन्छ ।

**जङ्गे विचलित हुन्छ**

जङ्गे जुनासँग बिताएका अतितको स्मरण गर्न थाल्छ । ऊ सम्झनामा जुनाले गीत गाएको, जुको भनि आफूसँग टाँसिन आएकाले खुशी हुन्छ । एकरात तमाखु खाँदै दोहोरी गाउन खोलातिर जुना र जङ्गे झर्छन् । एउटा गोठमा तीनजना केटाहरूसँग जुनाले दोहोरी गाउन थालेको देखेर जङ्गे विचलित हुन्छ  । रात बित्न लागे पछि जुना र जङ्गे घर तिर लाग्छन् ।

**राजनीति प्रति चासो**

चौतारामा पाँच सातजना बसेर देशको अवस्थाबारे विचार विमर्श गर्दै छन् । जोहो राजाले देश र परिस्थितिलाई कुल्चेर आफैले शासन सञ्चालन गरेकाले राजनेताले उनलाई सत्ताच्युत गरेर राम्रो गरेको बताउँछ । भीमबहादुर राजालाई आज्ञा पालनकर्ता मानेर राजाले जनताको आज्ञापालन गरेको बताउँछ । राजा र प्रजाबीचको दूरी बढाउने काम राजनेताहरूले गरेको बताउँछ । जङ्गे विकासको नाममा सम्पन्न राष्ट्रहरूबाट हाम्रो देशलाई दिएको ऋणमा दस प्रतिशत रकम बराबर काम गरेर बाँकी रकम आफ्नो खल्तीमा हाल्छन् । सरकारी छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरू अध्ययन पश्चात आफ्नो देशमा काम गर्नुको सट्टा विदेशमा काम गर्न जान्छन् भन्ने बताउँछ । राजा र राजनेताको मात्र नभएर थिचोमिचो, अन्याय, अत्याचार, बरालिने, काम नगर्ने मानिस नेता बन्ने गरेकाले त्यस्ता मानिसबाट राम्रो कामको अपेक्षा गर्न सकिदैन । काम गर्ने शैली ढिलासुस्ती भएकाले देश पछाडि परेको छ ।

**प्रेमिकाको सम्झना**

जङ्गे जुनासँगको आफ्नो अतित सम्झन पुग्छ । जुनासँग दोहोरी गाउन जङ्गलको बीचमा रहेको गोठमा पुग्छन् । जहाँ जुना अरु तीनजना केटाहरुसँग दोहोरी गाउने गर्थी । एक दुई दिन बिराएर जुनालाई दोहोरी गाउन गोठमा पुऱ्याई दिन्थ्यो । एकदिनको राती ती केटाहरुले जङ्गेलाई गोठ बाहिर रुखमा बाँधिदिए । जब जङ्गेले जुनालाई देख्यो जुना एउटा कुनामा अडेसा लागेर सुस्ताउदै थिई । जङ्गेले जुनालाई आड भरोसा दिदै घरसम्म ल्याइपुऱ्याउँछ । जङ्गे आज जुनालाई सम्झीरहेको छ । जुनाले तँ र म भागेर देश जाउँला भनेकी थिई ।

**जङ्गेको राजनीतिक विश्लेषण**

जोहोको मुखबाट नेपाल बिगारेका नेताले हुन् भन्ने सुनेको जङ्गे नेता भनको हामीले चुनावमा जिताएर पठाएका हाम्रा प्रतिनिधि हुन् भन्छ । चुनावमा जितेर काठमाडौँ पुग्न नपाउदै जनतामध्ये कसैले सरकारी जागिरको माग गर्छन्, कसैले छोराछोरीलाई विदेश पढ्न पठाउन पहल गर्न आग्रह गर्छन्, कसैले ठेक्कापट्टा आफूलाई हुनुपर्ने माग गर्छन् । पछाडि लाग्नेहरू नै लोभीपापी भएर आफ्नो मात्र पेट भर्न थालेपछि नेता स्वार्थी बनेको बताउँछ । जनता सचेत बनेर आफ्नो स्वार्थ बोकेर नेताका सामु नगए नेतालाई जनताका सामु आउन कर लाग्छ । आम जनताले आफ्नो व्यक्तिगत स्वार्थका लागि चाप्लुसी नगरेर साझा समस्याकै चिन्ता गर्ने हो भने नेताले देशका निम्ति नसोचेर सुखै छैन । पढाइमा राम्रो भएका विद्यार्थीलाई डाक्टर इन्जिनियर पढाएर पढाइमा कमजोर भएका विद्यार्थीलाई राजनीतिमा लगाउने भएकाले देशको राजनीति बिग्रिएको हो ।

**लिनेभन्दा दिने ठूलो**

सरकारी कार्यालयमा काममा ढिलासुस्ती प्रसस्त पाइन्छ । कर्मचारीहरु जनताको काम गर्न कार्यलयमा रहे पनि जुनसुकै काम गर्दा आफ्नो खल्ती भर्ने गर्छन् । सानो ठूलो जस्तोसुकै काम गर्दा मानिसहरुबाट घुस नखाइ गर्न मान्दैनन् । मालपोत कार्यालयमा लेखनदास देखि सरकारी कर्मचारी सबैले काम गरे बापत पैसा माग्छन् । पैसा नदिने मानिसको काम गर्दैनन् । भोलि आउनु, पर्सि आउनु भनेर टार्न खोज्छन् । कम्प्युटर बिग्रेको छ भन्छन् आफ्नो खल्तीतिर आँखा पुऱ्याए पछि मात्र काम गरिदिन्छन् । सरकारी कार्यालयमा काम गर्दा घुस लिने दिने कार्यले कर्मचारीको मनोबल खस्केको छ । घुस लिने भन्दा दिने ठूलो हो । दिनेले नदिने हो भने लिनेले लिन पाउने थिएन ।

**बाबुलाई पनि छाडेन**

दयाराम मतलबी र कन्जुस स्वभाव भएको मानिस हो । आफ्नो भाइलाई पढ्न दिएन । बाबुसँग निहुँ खोजी खोजी पैतृक सम्पतिको भागबन्डा लगायो । बृद्ध बाबुको वास्ता गर्दैन । बृद्ध बाबुले आफूले काम गर्न नसकेर बेचेको खेत प्रहरी लगाएर मुद्दा मामिला गरेर बेच्न दिदैन । बाबुसँग खेत खोसेर आफ्नो नाममा पास गर्छ । बाबु र भाइलाई केही नदिएर सबै आफ्नो बनाउँछ । खराब नियत भएको दयाराम साने गिरीकी श्रीमती चौँठीलाई समेत आफ्नो हातमा लिन्छ । सधैँ अर्काको कुभलो चिताउने दयारामको छोरो बाबु जस्तै खराब सोच भएको छ । उसले

बादीकी छोरी लिएर हिड्छ । श्रीमती बिरामी भएर सबै धन सम्पति सकिन्छ । श्रीमती पनि मर्छे । आफ्नो बाबुलाई जस्तोसुकै कर्तुत गर्न पछि नपरेको दयाराममलाई पाप लागेको गाउँलेहरुको धारणा रहेको छ ।

**कर्मको फल**

आठबिसेमा तीन कक्षा सम्मकालाई पढाउने बस्नेत मास्टर बस्छन् । तीन पटकसम्म विवाह गर्दा पनि वैवाहिक सम्बन्ध राम्रो हुन सकेन । जौमा जनयुद्धताका विधुवा भएकी महिला हो । दयाराम विधुर भएपछि जौमालाई पछ्याउन थाल्छ । जौमाले वास्ता नगरेपछि दयाराममले जौमालाई जवरजस्ती करणी गऱ्यो भन्ने बनावटी हल्ला फिजाँउछ । यस्तो हल्लाबाट जौमाको बेइजत भएर आफूसँग आउछे भन्ने सोचेको दयाराममले जैमाले आफैँलाई दोषी देखाएपछि अक्क न वक्क हुन्छ । पञ्चले दोष जौमाको नभई दयाराममले नै जौमालाई पाउन रचेको चाल हो भन्ने पक्का मानेपछि दयाराममले जौमालाई बहिनी मानेर पञ्चहरूको सामुन्ने टीकाटालो गरेर खुट्टा ढोग्नुपर्ने भयो । दयाराम मास्टरसँग बदला लिन आफ्नै घरमा आगो लगाउँछ । मास्टरसँग बदला लिन नसकेपछि आफ्नो सखाप आफै पार्छ ।

**पाँच रुपैयाको महत्त्व**

जङ्गे काठमाडौँमा आफूले बिताएको अतितलाई गाउँलेहरू माझ कथात्मक ढङ्गले सुनाउँछ । नेपाल बन्दको दिन जङ्गे बाटोमा हिडिरहेको बेला एउटा भिखारीले आफूलाई कसले पाँच रुपैयाँ दिएको हो बुझ्न चाहिरहेको देख्छ । दुवै हातका औँला नभएको बूढी औँलाले डल्लिएका हत्केलामा नोटको छेउ च्यापेको, खुट्टा साना घुमेका, आँखा नदेखिने, झुत्रेझाम्रे कातीपरेका लुगा लगाएको भिखारी पाँच रुपैयाँ पाएर एकदम खुशी देखिन्छ । जङ्गे आँखा नदेख्ने भिखारीले पाँच रुपैयाँको नोट कसरी चिन्यो भन्ने बारेमा सोच्न थाल्छ । दस रुपैयाको नोट दिए चिन्छ कि चिन्दैन होला भन्ने सोचमा डुबेको जङ्गेलाई आनन्द दाइले आँखा नदेख्ने अन्धा मानिसले प्रत्येक नोटको खेमा छुटयाउन सक्छन् भनेकाले आश्चर्य मान्छ । बिहान बासस्थानबाट निस्कदा आफ्नो अवस्था सम्झेर घृणित हुने भिखारी पाँच रुपैयाँको नोट आफ्नो हातमा परेपछि खुशी हुन्छ । यस्ता गरिबहरूलाई पाँच रुपैयाको यति धेरै महत्त्व हुन्छ ।

**ठग रामकुमार**

रामकुमार एस.एल.सी उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि काठमाडौँ पसेर दस बाह्र वर्षपछि थुप्रै पैसा कमाएर गाउँ फर्किन्छ । चौतारोको छेउमा जग्गा किनेर भव्य घर बनाएर ठूलो

पसल खोलेको छ । रामकुमारको कमाइको बारेमा जङ्गेलाई थाहा हुन्छ । जङ्गेले गाउँलेलाई बताउँछ । सत्सङ्ग समितिको कम्प्युटर बिग्रकाले जङ्गे टेक्निसियन नरेन्द्रको पसलामा पुग्छ । नरेन्द्र र प्रेमले रामकुमारको बारेमा बताउन थाल्छन् । पुतलीसडक चोकको उत्तर पश्चिमपट्टि रामकुमारको फोटोकपी पसल छ । पसलमा तीनवटा फोटोकपी मेसिन, एउटा कम्प्युटर प्रिन्टर छ । रामकुमारले प्रेमलाई साथी बनायो । प्रेमले आफूसँग पैसा नभए पनि आफू जमानी बसेर साथी नरेन्द्रबाट पचास हजार रामकुमारलाई दिलाइदिन्छ । एक महिनाको भाकामा दिएको पैसा भाका नागेपछि रामकुमार प्रेम र नरेन्द्रबाट भाग्न थाल्छ । रामकुमारलाई समात्ने अठोटले एक साँझ नरेन्द्र र प्रेम रामकुमारको पसल नजिकै लुकेर बसेका बेलामा एक जना सुटुबुटवालाले आफू पनि पैसा उठाउन आएको बताउँछ । भोलि बागबजार सेवा कम्प्युटर इन्स्टिच्युटमा आउन भन्छ ।

**फन्दामा तारा**

नरेन्द्र र प्रेम बागबजार सेवा कम्प्युटर इन्स्टिच्युटमा पुगेपछि सुटवाला तारा हो भन्ने थाहा पाउछन् । तीन वर्ष देखि तारा र रामकुमारको चिनजान छ । रामकुमारको भनाई अनुसार नै ताराले कम्प्युटर सम्बन्धी काम गर्न छोडयो । रामकुमारसँग मिलेर स्कूल खोल्ने मनसायले बैंकमा घर राखेर पैसा निकाल्यो र रामकुमारलाई बुझायो । आफ्नो साथी रहिमसँग डेढ लाखको जोहो गरीदियो । पैसा आफैँले कुम्ल्याए पछि केही दिन हराएको रामकुमार तारासँग स्कूल नखोल्ने गाई पाल्ने योजना सुनाउँछ । रामकुमार फेरि जग्गा बेच्ने कुरा गर्छ । रामकुमार तारादेखि भागेर हिड्न थालेको धेरै भइसक्यो । एकदिन ताराले डेढ लाखको तमसुक बनाउँछ । रामकुमारले यसलाई पनि वस्ता नगरेपछि प्रहरीको डर देखाउदा रामकुमार जेलमा बस्न तयार पर्छ । ताराले रामकुमारको पसलबाट फोटाकपी मेसिन उठाउन लाग्दा मेसिन काम नलाग्ने पाँउछ ।

**काली माता**

प्रेमले रामकुमारको फोटोकपी मेसिन ल्याएर आफ्नो पैसा असुल गऱ्यो । ताराले रामुकमारको कानमा एक झापड हान्यो । रामकुमारले अरुको पनि पैसा खाएको रहेछ । उनीहरूले चार दिनसम्म ट्वाइलेटमा थुनेछन् । रामकुमार पैसा तिर्छु भन्दै ढाँट्दै गर्न  थाल्छ । ऊ भोलि पैसा लिएर आउछु भन्दै महिना दिनसम्म पनि देखापर्देन । तारा उसलाई खोज्दै उसको अफिस, घर सबैतिर पुग्छ । एकाबिहानै रामकुमारको डेरामा पुगेको तारालाई देखेर कोठाको कुनामा पुग्छ । कोठाको कुनामा काली माताको फोटो टाँसेको रहेछ । काली मातालाई पुकार्दै आफूलाई

बचाइदिन अनुरोध गर्छ र काली माता कै शरणमा पर्छ । ताराले पछाडिबाट कपालमा समातेर तानेपछि काली माताको तस्वीर यथास्थानमा राखेर आउँछु भन्दै भित्र पसेको माताका सामुन्ने हात जोडेर गीत गाउन थाल्छ । रामकुमार आफू ऋण तिर्न तयार भएकाले भोलि विहान पैसा बोकेर आउँछु भन्दै तारालाई पठाउँछ तर ऊ पैसा लिएर जादैन ।

**यमदूतहरु**

यमदूतहरू रामकुमारलाई खोज्दै तराकहाँ पुग्छन् । श्याम र किरण नै यमदूतहरू हुन् । रामकुमारले श्याम र किरणसँग अस्पतालमा छिमेकी बिरामी छ भन्दै उसको अप्रेसन गर्न पैसा नपुगेकाले पचास हजारका दरले मागेर ठगेको हुन्छ । श्यामसँग पचास हजार किरणसँग पचास हजार ठग्छ । दुवैसँग पैसा लिएपछि ऊ तिनीहरूसँग भेटघाट गर्न बन्द गरिदिन्छ ।

**नक्कलीले डुबाइ**

काठमाडौँमा रामकुमारले एक रोपनी जग्गा किनेको छ । त्यो जग्गा उसले नक्कली नाम गरेकी आफ्नी रखौटीको नाममा किनेको छ । राकुमारले तारालाई साँवा ब्याज दिने हिसाबले बैङ्कमा खाता खोल्न लगाउँछ । खाता खोलेपछि रामकुमारले चेक तारालाई दिन्छ । बैङ्कमा पैसा झिक्न जाँदा खातामा पैसा हुँदैन । बैङ्कमा कर्मचारीबाट थाहा हुन्छ नक्कली आफ्नो लालपूर्जा लिएर हिँडेकी फर्केर आएकी छैन । दुवैजना नक्कलीको खोजीमा निस्के पाउन सकेनन् ।

**दुर्गन्ध**

जङ्गे एउटा धार्मिक किताब किन्न माइतीघर मण्डला नजिकै रत्न पुस्तक भण्डारतर्फ जाँदै गर्दा मैंतीदेवीको सेतोपुलबाट दक्षिणतर्फ खोलाको तीरमा पुराना खाते साथीहरूलाई भेट्छ । तिनीहरूलाई देखेपछि आफ्नो मोजा भिजाएर गन्हाउने झोल पिएको दृष्य उसको आँखामा नाच्न थाल्छ । उनीहरु फोहोर खाएर नै बाच्ने गर्छन् भन्ने ठूलीको भनाइबाट प्रष्ट हुन्छ । “हिउँदमा हामीलाई मालको निम्ति भौंतारिनै पर्दैन । काठमाडौँका खोलानालाहरूले हाम्रा लागि बहार ल्याएर आउछन् । त्यसैले त हामीहरू खानाको बस्दोवस्त गर्न भुलिदिन्छौं ।” (पृ. १९३) काठमाडौं बासीहरू आफ्नो मलमूत्रको जिम्मा तिनै खोलालाई लगाइदिन्छन् । त्यसमाथि भैंसीका आन्द्राभुडी, सिङ, हड्डी, छाला, रौं ...... आदि आदि खोलामा नै फ्याकिदिन्छन् दुर्गन्ध फैलाउँछन् (पृ.१९३) ।

**परिवेशले दिएको उपहार**

रामकुमार एस.एल.सी मा सेकेण्ड डिभिजन आएपछि पढ्ने आशामा काठमाडौं पुग्छ । काठमाडौंको माया रेस्टुरेन्ट एण्ड बारमा भाँडा माज्ने काम गरी मर्निङ कलेज पढ्न थाल्छ । ६ महिना पछि रेस्टुरेन्टको वातावरणले कलेज पढ्न छोडिदियो । होटलमा सडेगलेका सागसब्जीको प्रयोग गर्ने, फोहोर मिसाएर बनाएको रक्सीलाई स्पेसल भन्दै खाने, राम्रा-राम्रा केटीहरू ग्राहकको सन्तुष्टी पुरा गर्न प्रोत्साहित बन्ने दृष्य रामकुमारले देख्छ । जेजस्तो परिवेश भएपनि काम गरिरहेको रामकुमारलाई डगीले कुट्छ । रामुकमारले प्रहरीलाई होटलको आन्तरिक रहस्य बताइदिए पनि साहुनी र डगीलाई कारबाही गर्नुको सट्टा रामकुमारलाई हाप्ता दिनसम्म थुनेर कुट्छन् । छुटेपछि होटलमा काम गर्न पनि दिदैनन् । होटलमा आउने एउटा हाकिमले खानेपानीमा अस्थायी जागिरमा लगाइ दिन्छन् । जङ्गेले तारालाई फोन गरेर रामकुमारको बारेमा सोध्दा रामकुमारले एनजिओ दर्ता गरेर थुप्रै कामदारका निम्ति भ्याकेन्सी निकालेर फर्म भर्नेहरूबाट पन्ध्र बीस लाख उठाएर वेपत्ता भएको जानकारी पायो ।

**चुसाहा नेताहरू**

प्रकाश सानैदेखि चलाख स्वभावको मानिस हो । काठमाडौं आएर ठूलो नेता बनेको प्रकाश नेपाल वनजङ्गल पार्टीको अध्यक्ष बनेछ । तन्नेरी पार्टीको नेता रामकुमार र नेपाल जन जङ्गल पार्टीको नेता प्रकाश एकआपसमा मिले । परम्परागत पाटीको नेता दयाराम विपक्षमा रहयो । गाउँमा आएको बजेटबाट दयाराम, प्रकाश र रामकुमार गाउँलेका अगुवालाई रक्सी खुवाइदिएर तास खेल्ने पैसा दिएर उनीहरूलाई खुशी पारी ठेक्का आफ्नो हातमा लिन्थे । आधा काम गरेर यसपालीको बजेट सकियो बाँकी अर्को बजेटमा पुरा गरौला भनि गाउलेको मुखमा बुजो लगाउँछन् । गाउँमा जे कामका लागि बजेट आएपनि तीन जनाकै अगुवाइमा आधा काम गरेर बाँकी अर्को बजेटलाई साँचिन्छ । जङ्गेलाई तिनै नेताको दबाबमा पूजारीमा नियुक्त गरिएको रहस्य खुल्छ ।

**प्रकाशको विगत**

काठमाडौंमा घुमघामको क्रममा जङ्गेको नवीनसँग भेट हुन्छ । आफ्नो पसलमा कम्प्युटर सम्बन्धी काम गरिरहेको नवीनलाई प्रकाशले फोन गरेर आफ्नो अफिसमा भेट्न बोलाउँछ । नवीन र जङ्गे प्रकाशको अफिसमा पुग्छन् । चिया खादै प्रकाश नवीनसँग खानबस्न देखि लिएर

कमाइसम्बन्धी सोधपुछ गर्छ । रत्नालाई बोलाएर कम्प्युटरमा भएको खराबी ठीक गराउन अराउदै मिटिङका लागि निस्कन्छ ।

**प्रकाशको षडयन्त्र**

प्रकाशले नवीनसँग एउटा कम्प्युटर पैतिस हजारमा किन्यो । पैँतिसहजार नवीनलाई दिनुको सट्टा दुवै जना मिलेर इलेक्ट्रोनिक्स सामान बेच्ने उद्योग सञ्चालन गर्ने बताउँछ । नवीनलाई सामानको लिस्ट बनाउने देखि सटर भाडामा खोज्नेसम्मको काम लगाउँछ । नवीन आफूले गर्दै गरेको काम छोडेर प्रकाशले अह्राएको काम मात्र गर्न थाल्छ । सबै काम ठिकसँग गरेर प्रकाशलाई फोन गर्दा दिल्ली गएको थाहा पाउँछ । प्रकाशको कार्यालयमा पुग्दा गेटमा ताला झुण्डिएको हुन्छ । प्रकाशले फर्निचरवालाको पाँचलाख डुबाएको हुन्छ । प्रकाशको गेटपालेले प्रकाशले आफूले काम गरेको पैसा पनि नदिएको बताउँछ । प्रकाश घरबेटीलाई भाडा नदिएर विभिन्न वहाना बनाउदै ठग्दै गर्छ ।

**नेताहरूको कर्तुत सार्वजनिक**

जङ्गे चौतारोमा बसेर नेताहरूको कर्तुतको भण्डाफोर गर्दैछ । प्रकाशले गाउँका केटीलाई विदेश पठाउने काम गर्छ । विदेशमा केटीहरूलाई गाईवस्तुको चाकर गर्न नभई मान्छेको सेवा गर्न पठाईन्छ । उनीहरूले विदेशमा निम्नस्तरको काम गर्नुपर्छ । विदेशमा केटी पठाए वापत विदेशी एजेन्ट मार्फत घुस खाने गर्छन् । दयाराम, रामकुमार र प्रकाश तीन जनाको गोप्य बैठकले गाउँमा निकासा भएको बजेटबाट कति काम गर्ने कति खाने भन्ने निर्णय बजेटबाट आधा रकम आफ्नो खल्तिमा राख्ने सहमति हुन्छ । नेताहरू पैसा बोकेर आफ्नो मन बहलाउन सुरासुन्दरीहरूसँग रम्न पुग्छन् । खानेपानीका लागि आएको बजेट आफ्ना खल्तीमा राखेर अर्को बजेटमा खानेपानी आयोजना पूरा गर्ने आश्वासन दिन्छन् । जङ्गेलाई मन्दिरको पूजारी बनाइए पनि देवी देवताको दर्सन गराउने र भेटी उठाउने काम प्रकाशको सालो सेवकरामलाई दिइएको छ । जङ्गेको काम विहान बेलुका धूप सल्काएर घण्ट बजाउने मात्र हो । नेताहरूले वनजङ्गल मासेर विदेश पठाउँछन् र पैसा आफ्नो हातमा लिन्छन् । विदेश कमाउन गएका युवाहरूले पैसा घरमा पठाएपछि श्रीमतीले पैसा लिएर अर्कोसँग जाने र घर लथालिङ्ग बनेको घटना पनि प्रस्तुत छ ।

**जनताको न्याय**

जङ्गेका कुरा सुनेर गाउलेहरु आक्रोशित बनेर आफ्ना चेलीबेटी तुरुन्त फर्काउन लगाउँछन् । कसैसँग चेलीबेटीको सम्पर्क नम्बर हुँदैन । गाउँलेहरू मिलेर तीनै जना नेताहरूलाई कालोमोसो दलेर जुत्ताको माला लगाएर भैंसीमा चढाएर गाउँ निकाला गर्छन् । यतिकैमा यस उपन्यासको कथानक समाप्त हुन्छ ।

यस उपन्यासमा कथानकको आरम्भ आठबिसेको चौतारोको परिचयबाट भएको छ । कथानकको अन्त्य पनि आठबिसेको चौतारोमा नेताहरुलाई कालोमसो दलेर जुत्ताको माला लगाएर गाउँ निकाला गरेकोबाट भएको छ । यो उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलमा अगाडि बढेको छ । सामाजिक विषयवस्तुमा लेखिएको यस उपन्यासमा आदिदेखि अन्त्यसम्म जङ्गेको जीवनसँग सम्बन्धित कथावस्तु रहेको छ । जङ्गेको जीवनमा आएका उतारचढाव, सुखदुःख, पीडा, सङ्घर्ष आदि प्रस्तुत उपन्यासको मूल कथा हो । आठबिसेको एउटा गरिब परिवारमा जन्मेको जङ्गेको जीवन गरिबीमा नै वितेको छ । आर्थिक रूपमा गरिब मानिसले अनेक किसिमका हण्डर ठक्कर खानुपर्छ । आमाको रोग निको बनाउन औषधी लिन काठमाडौं आएको जङ्गेले खातेहरुको सङ्गतमा पर्नु, होटलमा भाँडा माझेर वस्नु, पशुपतिमा गएर काम गर्नु, जङ्गे फर्केर नआएपछि जुनाले आत्महत्या गर्नु, जङ्गेले राजनीतिप्रति चासो देखाउनु, दयारामले आफ्नो बाबुबाट सम्पति खोस्नु, रामकुमारले ठगेर खानु, नक्कलीले रामकुमार समेतलाई धोका दिनु, नेताहरुको कर्तुत जङ्गेद्धारा सार्वजनिक हुनु, जनताले नेतालाई कालोमसो दलेर, जुत्ताका माला लगाएर गाउँ निकाला गर्नु यस उपन्यासका मुख्य कथानक हुन् ।

उपन्यासको कथनकमा द्वन्द्वको प्रयोग प्रसस्त छ । मूलतः बाह्य द्वन्द्व कान्छा धामी र दयारामका बीचमा, लफी र सावित्रीका बीचमा, नमराज र दयारामका बीचमा, प्रहरी र खातेका बीचमा, दयाराम र बाबुका बीचमा, जौमा र दयारामका बीचमा, रामकुमार र ताराका बीचमा, नरेन्द्र र ताराका बीचमा, श्याम, किरण, प्रेम र रामकुमारका बीचमा, रामकुमार र होटल सञ्चालकका बीचमा डगी र रामकुमारका बीचमा, नेता-नेता बीचमा, नेता र गाउलेहरू बीचमा बढी पाइन्छ । आन्तरिक द्वन्द्वमा लफीको मनोद्वन्द्व, जुनाको मनोद्वन्द्व, जङ्गेको मनोद्वन्द्व पाइन्छ ।

### ४.५.१.२ सहभागी

**जङ्गे** बहुलपात्र भएको उपन्यास हो । भूमिकाका आधारमा जङ्गे यस उपन्यासको प्रमुख पात्र हो । जङ्गेले भोगेको दुःख, पीडा सङ्घर्षको कथा नै यस उपन्यासको प्रस्तुति  हो । जुना,

लफी, दयाराम, रामकुमार, प्रकाश, जोहो, तारा, नवीन, चाउरी आदि सहायक पात्र हुन् । नमराज, कमला, जेठा धामी, कान्छा धामी, सावित्री, वीरवहादुर, कमलाको छोरो, कमलाको सुसुरो, बैदार, खातेहरू, गणेश, गणेशको घरवेटी, मन्त्री, लालु, दयारामको बाबु, भाई, जौमा, वस्नेत मास्टर, भिखारी, नक्कली, बैंकका कर्मचारी, प्रहरी, डगी, सिकुटे, मालकर, प्रयोग थापा, रत्ना, हरि, रीता, टिना, गोविन्द, पाले, हीरा आदि गौण पात्र हुन् ।

लिङ्गका आधारमा स्त्री पात्रको तुलनामा पुरुषपात्र बढी रहेका छन् । उपन्यासमा जङ्गे, दयाराम, रामकुमार, प्रकाश, जोहो, तारा, नवीन, प्रेम, नरेन्द्र, श्याम, वीरवहादुर जेठाधामी, कान्छा धामी, वैदार, गणेश, डगी, हरि, लालु, मालकर, प्रयोग थापा, गोविन्द, हीरा आदि पुरुषपात्र हुन् । कमला, लफी, जुना, रत्ना, रीता, टिना, नक्कली, चाउरी आदि स्त्री पात्र हुन् ।

प्रवृत्तिका आधारमा उपन्यासमा अनुकूल, प्रतिकूल पात्रहरू रहेका छन् । अनुकूल पात्रहरूमा जङ्गे, चाउरी, तारा, नवीन, प्रेम, श्याम, लफी, जुना, कमला आदि रहेका छन् । दयाराम, प्रकाश रामकुमार, डगी, प्रयोग थापा, गोविन्द, हिरा, रत्ना, रीता, टीना, आदि प्रतिकूल पात्र हुन् ।

स्वभावका आधारमा गतिशील र स्थिर पात्र रहेका छन् । गतिशील पात्रहरूमा जङ्गे, प्रकाश, तारा, नवीन, जुना, प्रेम, श्याम आदि रहेका छन् । स्थिर पात्रहरूमा दयाराम, चाउरी, लफी, नक्कली, नमराज, कमला, रीता, टीना, गोविन्द, हिरा आदि रहेका छन् ।

जीवनचेतनाका आधारमा यस उपन्यासमा वर्गीय र व्यक्तिगत पात्र रहेका छन् जङ्गे, चाउरी, लफी वर्गीय पात्र हुन भने दयाराम, रामकुमार, प्रकाश, तारा, नवीन, जुना, कमला, रीता, टीना, गोविन्द आदि व्यक्तिगत पात्र हुन् ।

आसन्नताका आधारमा प्रस्तुत उपन्यासमा नेपथ्य र मञ्चीय पात्र रहेका छन् । जङ्गे, दयाराम, रामकुमार, प्रकाश, जुना, जोहा, तारा, चाउरी, नवीन, प्रेम, श्याम, आदि मञ्चीय पात्र हुन् । लफी, कमला, जेठाधामी, कान्छा धामी, कमलाको छोरो, कमलाको ससुरो, कमलाको श्रीमान्, खातेहरू, गणेश, गणेशको घरवेटी आदि नेपथ्य पात्र हुन् ।

आवद्धताका आधारमा प्रस्तुत उपन्यासमा बद्ध र मुक्त पात्र रहेका छन् । बद्ध पात्रहरूमा जङ्गे, दयाराम, रामकुमार, प्रकाश, तारा, जुना, प्रेम, आदि रहेका छन् । जेठाधामी, कान्छा धामी, सावित्री, कमला, लफी, कमलाको छोरो, कमलाको श्रीमान् कमलाको सुसुरो, खातेहरू, गणेश, हीरा, टीना, रीता, रत्ना, नक्कली, चाउरी आदि मुक्त पात्र हुन् ।

## उपन्यासका पात्रहरुलाई तल तालिकामा देखाइएको छ

| क्र.सं. | आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गगत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| १ | जङ्गे | $ | - | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | $ | - |
| २ | दयाराम | $ | - | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | $ | - |
| ३ | रामकुमार | $ | - | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | $ | - |
| ४ | तारा | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ५ | प्रकाश | $ | - | - | $ | - | - | $ | $ | - | - | $ | - | $ | $ | - |
| ६ | जुना | - | $ | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ७ | नगेन्द्र | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ८ | श्याम | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | $ | - |
| ९ | किरण | $ | - | - | $ | - | $ | - | - | $ | - | $ | - | $ | $ | - |
| १० | नवीन | $ | - | - | $ | - | $ | - | $ | - | - | $ | - | $ | - | $ |
| ११ | चाउरी | - | $ | - | $ | - | $ | - | - | $ | $ | - | - | $ | $ | - |
| १२ | कमला | - | $ | - | - | $ | $ | - | - | - | - | $ | $ | - | - | $ |
| १३ | लफी | - | $ | - | - | $ | $ | - | - | $ | $ | - | $ | - | - | $ |
| १४ | गोविन्द | $ | - | - | - | $ | - | $ | - | - | - | $ | $ | - | - | $ |
| १५ | हिरा | $ | - | - | - | $ | - | $ | - | $ | - | $ | $ | - | - | $ |
| १६ | रत्ना | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | $ | - | - | $ |
| १७ | रिता | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | $ | - | - | $ |
| १८ | टिना | - | $ | - | - | $ | - | $ | - | $ | - | $ | $ | - | - | $ |
| १९ | जेठा धामी | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २० | कान्छा धामी | $ | - | - | - | $ | $ | - | $ | —- | - | $ | $ | - | - | $ |
| २१ | सावित्री | - | $ | - | - | $ | $ | $ | - | $ | - | $ | $ | - | - | $ |
| २२ | लालु | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २३ | गणेश | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | - | - | $ |
| २४ | हरि | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | | - | $ |
| २५ | वीर वहादुर | $ | - | - | - | $ | $ | - | - | $ | - | $ | $ | | - | $ |

### १. जङ्गे

जङ्गे प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र हो । निम्नवर्गीय परिवारको जङ्गे यस उपन्यासको केन्द्रीय पात्र हो । उपन्यासको कथानक जङ्गेको जीवनको वरिपरि घुमेको छ । निम्नवर्गीय जङ्गे जुनालाई मन पराउँदा पराउँदै दयारामको सल्लाहमा आमाको खोकी निको पार्ने मनाशयले औषधी लिन काठमाडौं आउँछ । दयारामले काठमाडौंमा नै छाडेर हिँडेपछि खातेको जीवन जिउन बाध्य हुन्छ । जङ्गे पशुपतिमा केही वर्ष वसेर घर गएको हुन्छ । ऊ घर पुग्दा जुना मरिसकेकी हुन्छे । जुनासँगको विछोडले छटपटिएको जङ्गे सामाजिक कार्यमा लाग्छ । जङ्गे राजनीतिप्रति गाउँलेहरूलाई सचेत गराउन थाल्छ । राजनीति गर्ने नेताहरूले विदेशबाट आएको

पैसा देश विकासमा खर्च गर्दा आधाजसो आफ्नो खल्ती भर्ने गर्छन् र जनतालाई झुक्याउने काम गर्छन् । गाउँघरमा नेता बनेर गाउँको विकास गर्नेहरू पनि गाउँलेलाई ठग्ने मात्र हुन्छन् । हामीले चुनावमा जिताएर पठाएका नेताहरूलाई आफ्नो समस्या सुनाउनु भन्दा समाजको हितमा हुने सामाजिक समस्या सुनाएर समाजको विकास गर्नुपर्छ । जनता सचेत बनेर आफ्नो स्वार्थ बोकेर नेताका सामु नगए नेतालाई जनताका सामु आउन कर लाग्ने बताउँछ । गाउँघरमा नेता बनेर गाउँलेहरूलाई ठग्ने नेताहरूको कर्तुत सार्वजनिक गर्छ । गाउँमा नेता बनेर हिँडेका दयाराम, रामकुमार र प्रकाशको विगत सबै सामु राख्छ । दयारामले गाउलेहरूलाई ठगेर कमाएको रामकुमारले काठमाडौँमा तारा, प्रेम, श्याम, किरण, नरेन्द्रलाई दुःख दिएर ठगेर पैसा कमाएको हुन्छ । गाउँमा आएर मोजमस्ती गर्छ । जङ्गेले रामकुमारको वृतान्त समाजमा पुऱ्याउछ । प्रकाशले, नवीनलाई ठगेर, गेटपालेलाई तलव नदिएर दुःख दिएको हुन्छ । यिनीहरूको पर्दाफास गाउँलेहरूको सामुन्ने जङ्गेले गर्छ । जङ्गे यस उपन्यासमा अनुकूल पात्र हो । उसको जीवनमा आएका उत्तारचडावले गर्दा उसको स्वभावमा पनि परिवर्तन आएकाले ऊ उपन्यासको गतिशील पात्र हो । जङ्गेलाई यस उपन्यासबाट निकालिदिने हो भने उपन्यासको संरचना खलबलिने हुनाले ऊ बद्ध पात्र हो । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो ।

**२. दयाराम**

दयाराम यस उपन्यासको सहायक पुरुषपात्र हो । प्रस्तुत उपन्यासको सुरुवातमा नै दयारामको प्रवेश भएको छ । दयाराम यस उपन्न्यासमा खलपात्रको रूपमा प्रस्तुत छ । कान्छा धामीलाई घरमा देउता बस्न बोलाएर चोरको दोष लगाई गाउँबाट नै निस्कासन गर्छ । कमलाको हत्यामा दयारामको पनि हात देखिन्छ । लफीले आत्महत्या दयारामकै कारणले गरेकी छ । जङ्गे र जुनाको विछोड दयारामले गर्दा नै भएको छ । कठोर मन भएको दयारामले आफ्नै बाबु र भाइको गाउँघरबाट उठीबास लगाएको छ । आफ्नो भाइलाई पढ्न दिदैन, अंश पनि दिदैन । बाबुको हेरचाह गर्दैन् । बाबुको जिउनी बेच्न नदिएर आफैँ लिन्छ । आफ्नो बाबुलाई दिनुसम्म दुःख दिन्छ । जौमालाई आफ्नो बनाउन जबरजस्ती करणी जस्तो नचाहिदो हल्ला फिजाउँछ । नेता बनेर गाउँको विकास भन्दा बढी आफ्नो विकासमा जोड दिन्छ । प्रवृत्तिका आधारमा दयाराम प्रतिकूल पात्र हो । उसको स्वभावमा कुनै परिवर्तन नदेखिएकाले ऊ स्थिर पात्र हो । जीवनचेतनाका आधारमा कुनै पनि वर्गको प्रतिनिधित्व नगर्ने ऊ व्यक्तिगत पात्र हो । उपन्यासमा उसको उपस्थिति प्रत्यक्ष भएकाले मञ्चीय पात्र हो । दयारामलाई यस उपन्यासबाट झिकिदिँदा

उपन्यासको कथानक खलबलिने हुँदा बद्ध पात्र हो । अन्त्यमा गाउँलेहरूद्धारा कालोमसो दलेर र जुत्ताको माला लगाएर गाउँबाट निकालिन्छ ।

### ३. रामकुमार

रामकुमार प्रस्तुत उपन्यासको सहायक पुरुष पात्र हो । रामकुमारको प्रवेश यस उपन्यासमा मध्यभाग तिर भएको छ । प्रस्तुत उपन्यासमा रामकुमार खलपात्रको रूपमा आएको छ । एस.एल.सी. उत्तीर्ण पश्चात उच्च शिक्षाका लागि काठमाडौँ छिरेको रामकुमार होटलमा भाँडा माझ्रेर पढ्न थाल्छ । पढाइ पुरा नगरी बीचमा नै छोडेको होटलमा पनि काम गर्न नपाएर बाहिरिएको रामकुमारलाई एकजना हाकिमले खानेपानी अफिसमा अस्थायी जागिरमा लगाइदिन्छन् । केही वर्ष खानेपानी अफिसमा काम गरेपछि कम्प्युटर पसल खोलेर बस्छ । ठूलाठूला काम गर्ने सपना देखाउदै मानिसहरूलाई ठग्ने काम गर्छ । तारालाई स्कूल खोल्ने बाहना बनाउदै नराम्रो किसिमले ठग्छ । प्रेम, नगेन्द्र, श्याम, किरण जस्ता व्यक्तिलाई आफ्नो जालमा फसाउन सफल हुन्छ । अरुलाई ठगेर किनेको जग्गा नक्कली नामकी रखौटीका नाममा पास गरेकाले नक्कलीबाट आफै ठगिन पुग्छ । एन जि.ओ अफिस दर्ता गराएर फर्म भरेको धेरै पैसा असुलेपछि काठमाडौँ छोडेर आफ्नो गाउँमा गई पसल खोलेर बस्छ । तन्नेरी पार्टीको अध्ययन बनेर गाउँको विकास गर्ने बाहनामा गाउँलेलाई पनि ठग्न थाल्छ । अन्त्यमा गाउँलेद्धारा अनुहारमा कालोमोसो जुत्ताको माला लगाएर गाउँबाट निकालिन्छ । उसको जीवनमा आएका उतारचडावले उसको स्वभावमा पनि परिवर्तन आएकाले गतिशील पात्र हो । जीवनचेतनाका आधारमा रामकुमार व्यक्तिगत पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष भएकाले ऊ मञ्चीय पात्र हो । उसलाई उपन्यासबाट झिकिदिँदा उपन्यास खल्बलिने हुदा बद्व पात्र हो ।

### ४. तारा

तारा यस उपन्यासको सहायक पुरुष पात्र हो । राामकुमारद्धारा ठगिने र धेरै दुःख पाउने पात्र हो । काठमाडौँमा कम्प्युटर चलाएर आफ्नो जीवन धानिरहेको तारालाई रामकुमारले स्कूल खोलेर धेरै पैसा कमाउने सपना देखाइ ठग्छ र धेरै दुःख दिन्छ । रामकुमारको योजना अनुसारको काम गर्न थाल्छ । स्कूल खोल्नको लागि आवश्यक पर्ने सबै सामान जुटाएपछि रामकुमार वेपत्ता भइदिन्छ । रामकुमारको असली रुप थाहा पाएपछि रामकुमारसँग पैसा उठाउन खोज्दा अनेक दुःख, कष्ट पाउँछ । पैसा उठाउन सक्तैन । तारा उपन्यासको अनुकूल पात्र हो । उसको स्वभावमा

परिवर्तन आएकाले ऊ गतिशील पात्र हो । उपन्यासमा उसको कार्यव्यापार प्रत्यक्ष रहेकाले ऊ मञ्चीय पात्र हो । ऊ बिना उपन्यास लङ्गडो हुने हुँदा ऊ बध्द पात्र हो ।

**५. प्रकाश**

प्रकाश यस उपन्यासको सहायक पुरुषपात्र हो । आठबिसेबाट काठमाडौँ आएर कहिले नेताको रूपमा, कहिले डाक्टरको रूपमा देखापरेको प्रकाश काठमाडौँमा नेपाल वनजङ्गल पार्टीको अध्यक्ष बनेर बसेको छ । कप्युटर चलाएर जिविकोपार्जन गर्ने नवीनलाई इलेक्ट्रोनिक्स सामान बेच्ने उद्योग खोल्नलाई उक्साएर ठग्न थाल्छ । नवीनसँग किनेको कम्प्युटरको पैसा दिँदैन । करौडौँको व्यापार गर्ने सपना देखाउँछ । अनावश्यक दुःख दिन्छ । प्रकाशले फर्निचरवालाको पाँचलाख ठगेको हुन्छ । गेटपालेलाई तलब दिँदैन । घरबेटीलाई घरभाडा दिँदैन । नेता बनेर गाउँमा आएपछि चेलीबेटी विदेश पठाउने गर्छ । गाउँको विकासमा भन्दा बढी आफ्नो विकासमा जोड दिन्छ । गाउँलेहरूद्धारा कालोमसो दली जुत्ताको माला लगाएर गाउँबाट निस्काशित हुन्छ । प्रकाश प्रकृतिका आधारमा प्रतिकूल चरित्रको पात्र हो । स्वभावका आधारमा गतिशील चरित्रको पात्र हो । जीवनचेताका आधारमा व्यक्तिगत पात्र हो । उपन्यासमा प्रत्यक्ष उपस्थिति रहेकाले मञ्चीय पात्र हो । ऊ बिना उपन्यास लङ्गडो हुने भएकाले बद्ध पात्र हो ।

उपर्युक्त पात्रहरूका साथै उपन्यासमा जुना, चाउरी, प्रेम, नरेन्द्र, श्याम, किरण, नवीन, जस्ता पात्रहरू सहायक पात्रको रूपमा रहेका छन् । यस्ता पात्रहरूले उपन्यासको घटना विस्तारमा सहयोग पुर्‍याएका छन् । जुना जङ्गेकी प्रमिका हो । धनी परिवारमा जन्मेर पनि विवाह गर्न असमर्थ छे । विवाह नभएका कारण तल्लो जातको जङ्गेलाई मन पराई भागेर देश जाने सपना देखेकी जुना जङ्गे काठमाडौँबाट फर्केर नआएकाले आत्महत्या गर्न पुग्छे । जुना उपन्यासकी मञ्चीय पात्र हो । आवद्धताका आधारमा मुक्त पात्र हो । जङ्गेकी आमा चाउरी निम्नवर्गीय गरिब पात्र हो । खानलगाउन नपुग्ने, छाक टार्न अर्काको घरमा काम गर्ने, छोराको खुशीमा रामाउने चाउरी वर्गीय, पात्र हो । प्रवृतिका आधारमा अनुकूल चरित्र भएकी, स्थिर स्वभावकी पात्र हो । ऊ मञ्चीय र मुक्त पात्र हो । प्रेम काठमाडौँमा कम्प्युटर चलाएर जिविकोपार्जन गर्ने गर्छ । ऊ रामकुमारद्धारा ठगिएको छ । नरेन्द्र काठमाडौँमा कम्प्युटर चलाएर जीवन जिउने मानिस हो । रामकुमारको कुरामा विश्वास गर्ने र ऊ द्धारा ठगिने पात्र हो । नवीन प्रकाशद्धारा ठगिएको छ । कमला, लफी, जेठाधामी, कान्छा धामी, सावित्री, वीरवहादुर, नमराज, बैदार, मानबहादुर, गणेश, खातेहरू, लालु, जोहो, दयारामको बाबु प्रहरी, बस्नेत, मास्टर, जौमा,

भिखारी, नक्कली, पाले, डगी, माकर, प्रयोग थापा, टीना, रीना, आदि गौण पात्रका रूपमा उपन्यासमा उपस्थित भएका छन् ।

### ४.५.१.३ परिवेश

**जङ्गे** उपन्यास मध्यपश्चिमको आठबिसे सुर्खेत, काठमाडौँ, दिल्लीको सेरोफेरोमा घुमेको छ । यसमा मध्यपश्चिम पहाडको समाज, त्यहाँको जीवनशैली, रहनसहन, परम्परा, त्यस वरपरको दृश्य मुख्य रूपमा चित्रण गरिएको छ । मध्यपश्चिमको आठबिसेको चौतारोमा गाउँलेहरू भेला हुने, गफगाफ गर्ने, समस्या परे छिनोफानो गर्ने गरिन्छ । गाउँहरूमा देउता राख्ने परम्परा, हुने खानेले निम्न वर्गकालाई अनावश्यक, हुदै नभएका दोष लगाएर गाउँ निकाला गर्ने चित्र परिवेश बनेर आएको छ । गरिबीका कारण पेटभरी खान नपाउने, एकसरो आङ ढाक्न लुगा लगाउन नपाउने, हुने खानेले दिएका थोत्रा लुगा लगाउनुपर्ने, आफ्नो लाज ढाक्न नसकेर आत्महत्या गर्न विवश हुनुपर्ने दुखद घटना उपन्यासको परिवेश बनेर आएको छ । यस उपन्यासको समय यति नै हो भनेर नतोकिए पनि जङ्गेको जन्मदेखि युवा हुँदासम्मको अवधिलाई हेर्दा २०-२५ वर्ष सम्मको देख्न सकिन्छ । काठमाडौँका सडकमा जीवन विताउने बालबालिकाको कहाली लाग्दो जीवनशैली, खान नपाएर मोजा भिजाएर गहनाउने फोहोर पानी खानुपर्ने, सडकपेटीमा रात बिताउनुपर्ने अवस्था उपन्यासमा परिवेश बनेर आएको छ । कम्प्युटर चलाएर जीवन जिउने मानिसलाई ठगहरूले विश्वासिलो पाराले ठगिरहेको वातावरण यस उपन्यासमा परिवेश बनेर आएको छ । बहुविवाह गर्ने र मन नपरेकालाई हत्या गर्ने वातावरण पाइन्छ । मध्यपश्चिम पहाडमा व्याप्त रातको समयमा केटा र केटी भेला भएर रमाइलो गर्ने मोजमस्ती गर्ने, दोहोरी गाउने प्रचलन रहेको छ । चुनाव जित्नको लागि गाउँमा गएर विविध काम गर्ने, आश्वासन दिने मन्त्रीहरू चुनाव पछाडि गाउँलाई वास्ता गर्दैनन् । केही काम गर्नको लागि बजेट छुटयाउन सके पनि आधा बजेट आफ्नो खल्तीमा राख्छन् । चुनाव जितेर काठमाडौँ पुग्न नपाउदै नेतालाई चाकरी गरेर आफ्नो काम सल्टाउनेको लस्कर लाग्न थाल्छ । सरकारी कार्यालयमा मौलाएको घुसखोरी तन्त्रले काममा ढिलासुस्ती बढेको, घुस नखाइ काम नगर्ने प्रवृत्ति बढेको छ । गाउँघरमा बाबुआमालाई वेवास्ता गर्ने उनीहरूको जिउनीका लागि बाबुआमालाई दुःख दिने प्रवृतिको बढेको छ । माओवादी युद्धले जमिनदारहरूले जग्गा छोड्न थाले । दलितहरूले आफ्नो इच्छा अनुसार चल्न थाले । आफ्नो गाउँमा दुःख गर्नुको साटो काठमाडौँ छिरेर कम्प्युटर पसल खोलेर सिधा मानिसहरूलाई ठगेर खाने मनोवृत्तिलाई उपन्यासमा यथार्थ चित्रण गरिएको छ । नेता बनेर गाउँका चेलीबेटीलाई विदेश पुऱ्याउने जस्तोसुकै काम गर्न वाध्य बनाइएको यथार्थता

प्रस्ट्याइएको छ । नेताहरूको कर्तुत थाहा पाएपछि जनताहरू चुप लागेर नबस्ने कुरा पनि व्यक्त गरिएको छ । मध्यपश्चिमको समाजको यथार्थता झल्कने यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो ।

समाज रुपान्तरणको प्रस्तुति पाइने यस उपन्यासको वातावरण दुःखद छ । निम्नवर्गीय नेपाली परिवारको यथार्थको उद्घाटन गरिएको यस उपन्यासमा निराश जीन्दगीको वातावरण छाएको पाइन्छ । दुःख, पीडा, गरिबीले पात्रहरूको जीवन अस्तव्यस्त देखिन्छ ।

### ४.५.१.४ उद्देश्य

उपन्यास **जङ्गे**को मूल उद्देश्य भनेको समाजमा रहेका विकृति विसङ्गतिको चित्रण गर्नु हो । समाजमा रहेको हुनेखाने र हुँदा खानेका बीचको खाडलको चित्रण गर्नु हो । चुनावका समयमा गाउँ जाने र चुनाव जितेपछि वेवास्ता गर्ने नेताहरूको पवृत्तिको चित्रण गर्नु हो । नेपालका विकट जिल्लाहरूमा व्याप्त रहेको गरीवी, बेरोजगारी, अशिक्षा, अज्ञानताबाट ग्रसित मानिसहरूले भोगेका दुःख कष्ट, पीडा, व्यथाको, यथार्थ ढङ्गले चित्रण गर्नु यस उपन्यासको उद्देश्य हो । मानिस आफूले चाहेको व्यक्तिलाई नपाए आत्महत्यासम्म गर्न पछि पर्दैन भन्ने कुरा जुनाले देखाएकी छ । एक छाक मिठो खान नपाएका चाउरी र लफी चरम गरिबीमा डुब्ने पात्र हुन् । आफ्नो लाज ढाक्न नसकेर लफीले आत्महत्या गरेकी छे । यसबाट गरिबीले मानिसलाई बाच्न नदिएर आत्महत्या गर्न विवश बनाउँछ भन्ने देखाउनु हो । गरिबीसँग जुद्धाजुद्धै मानिस सडकपेटीमा बस्ने र फोहोर खान बाध्य हुने जङ्गे काठमाडौं आएर खातेहरूसँग दिन बिताएको प्रसङ्गले देखाएको छ । सरकारी कार्यालयमा हुने घुसखोरी प्रवृत्तिले काममा ढिलासुस्ती हुने, घुस नलिइकन काम नगर्ने प्रवृत्ति बढेको देखाउनु यस उपन्यासको उद्देश्य हो । समाजमा आफ्नो नाता, सम्बन्ध, माया, ममता भन्दा माथि रहेर पैसाको लागि आफ्नो आफन्तलाई जस्तोसुकै काम गर्न पछि पर्दैनन् भन्ने देखाउनु यसको उद्देश्य रहेको छ । दयारामले धन सम्पतिका लागि आफ्नो बाबुलाई जेल हाल्न पछि नपर्नु र बाबुको जिउनी आफ्नो नाममा पास गरी घरबाट बाहिर निकाल्नुबाट थाहा हुन्छ । समाजमा सबै असल मानिस मात्र हुदैनन् । खराब र ठग मानिस पनि हुन्छन् । जो अरुलाई ढाँटेर, ठगेर आफ्नो जीवन चलाइरहेका हुन्छन् भन्ने रामकुमार र प्रकाशले ठगेको प्रसङ्गबाट थाहा हुन्छ । नराम्रो नियत भएका मानिसहरूले जतिसुकै ठगेर खाएपनि उनीहरूको अन्त्य दुःखद हुन्छ भन्ने प्रसङ्ग देखाउनु यस उपन्यासको उद्देश्य रहेको छ । माओवादी युद्धले समाजमा पारेको प्रभाव देखाइएको छ ।

### ४.५.१.५ दृष्टिविन्दु

प्रस्तुत उपन्यास तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा रचना गरिएको छ । यस उपन्यासमा उपन्यासकार स्वयम्ले उपन्यासका सम्पूर्ण घटना, क्रियाव्यापार, द्वन्द्व, परिवेशको वर्णन गरेका छन् । जङ्गे, दयाराम, जुना, रामकुमार, तारा, प्रकाश जस्ता पात्रका माध्यमले सारा उपन्यासको कथावस्तु, परिवेश आदि ओकलेका छन् । कुनै पात्रमा केन्द्रित नभएर सबै घटना, प्रकृतिचित्रण, संवाद तथा पात्रका मानसिक उथलपुथल समेत उपन्यास भन्दा बाहिरै बसेर कथयिताले वर्णन गरेका हुनाले यस उपन्यासमा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दु रहेको छ । उपन्याको प्रमुख पात्र जङ्गेले जीवनमा भोगेका दुःख पीडा, सङ्घर्षलाई सरल ढङ्गबाट उपन्यासमा प्रस्तुत गरिएको छ । सामान्य पात्र जङ्गेका माध्यमबाट समाजमा रहेका ठग, फटाहाहरुलाई समाजबाट नै बहीस्करण गर्नुपर्छ र समाजको विकासमा गाउँले सबै एक साथ जुट्नुपर्छ भन्ने देखाइएको छ । उपन्यासमा घटेका सम्पूर्ण घटनाहरु गाउँलेहरु समक्ष बेलिविस्तार लगाउने काम जङ्गेले नै गरेको छ । रामकुमार, दयाराम र प्रकाशलाई कालो मोसो दलेर जुत्ताको माला लगाएर गाउँबाट बहिस्कार गर्न गाउँलेलाई उत्प्रेरित गर्ने काम पनि जङ्गेको नेतृत्वमा नै भएको छ ।

### ४.५.१.६ भाषाशैलीय विन्यास

प्रस्तुत उपन्यासको भाषा सरल, सहज र ग्रामीण परिवेशले युक्त छ । यस उपन्यासमा पात्रअनुकूल सरल, सहज र स्वभाविक भाषिकविन्यास पाइन्छ । वर्णनात्मक शैलीका साथै सम्वादात्मक शैलीले उपन्यासलाई रोचक बनाएको छ । “तेरो के विचार हो, धने ? के भन्न खोज्दै छस् हँ ?” दयाराम चिच्यायो । पाप धुरीबाट कराउँछ भनेको यही हो ! हेरुला अब म पनि ।” धने उठेर अर्कोतिर हिडयो (पृ.१३६) ।

उपन्यासमा ठाउँठाउँमा संवाद, थेगो, उखानहरूको प्रयोग पनि गरिएको छ । मोती थापाले गफगर्दा बीचबीचमा जोहो भन्ने थेगो घुसाउने भएकाले उसको नाम नै जोहो बन्न गएको छ । जवानीमा राँडका दस पोइ, मर्ने बेलामा कोइ न कोइ (पृ.२७) वृद्धि आमा गुन, बल बाबु गुन ( पृ.२७), मुखमा रामराम, बगलीमा छुरा (पृ.१०७), जसको जोत उसैको पोत (पृ.११५), जस्तो बिउ उस्तै फल (पृ.१३०), एकातिर बाघ कराउनु, अर्कोतिर बाखा हराउनु (पृ.१३५), आफू छ राँड, जगतै भाँड (पृ.२१३) जस्ता उखानहरुको प्रयोग उपन्यासमा भएको छ । त्यस्तै उपन्यासमा ग्रामीण, वातावरण, दम्पति, मृत्यु, गति, दृश्य जस्ता तत्सम शब्द, आफू, बाबु आमा, भाइ, गाउँ, दिदी, पानी जस्ता तद्भव शब्द, लुखुरलुखुर, घरायसी, घरघर, लसपस, जुठोफुठो, तँछाडमछाड,

लवाइखवाइ, ठाउँबाट जस्ता अनुकरणात्मक शब्द र इज्जत, डाक्टर, गरिब, सम्पति, अस्पताल, इलेक्ट्रोनिक्स, कम्प्युटर, क्याम्पस, होटल, अफिस जस्ता आगन्तुक शब्दको प्रयोगले उपन्यास विशिष्ट बन्न पुगेको छ । उपन्यासमा प्रयोग गरिएको गीतले उपन्यास रोचक बन्न पुगेको छ । उपन्यासमा प्रयोग गरिएको गीतमा मध्यपश्चिमी क्षेत्रको भाषिकाको प्रयोग गरिएको छ । गीतको अंश यसप्रकार रहेको छ -

घरघडी छटपटाई रहन्छ क्या नयाँ तैँकन

खोलीके मनका गाँठा भन्नै क्य मैकन (पृ.७६)

न्याउलै ऐले जुम्लाई रैगो साइअ मैकन नुन दिन्या,

न्याउलै यै ठोर कोइ पनि साइअ मनको सुन्दिन्या (पृ.८९)

यस उपन्यासमा तत्सम, तद्भव, अनुकरणात्मक, आगन्तुक शब्द, विभिन्न किसिमका उखान, टुक्का, गीत आदिले अलङ्कारमय भाषा र वर्णनात्मक शैलीले उपन्यासलाई काव्यात्मक बनाएको छ । पात्रहरूको सरल, सहज भाषाशैलीका साथै स्थानीय भाषिकाको समेत प्रयोग गरिएको छ । उपन्यासमा प्रस्तुत गरिएको सथनीय भाषिकाको अंश यसप्रकार रहेको छ । "हेर ..... किन्या ? म आफ्नु मृत्युको बाजो बजाईकन कैलेतक बाँचूँ ? क्या आजसम्म तेरा कानौनो पुगोन मैले खोक्याको ? लैजा न हो ....... किस्न्या लैजा । किन जात्तु बनाइ रहयाको छै ?" ( पृ.७८) । यस किसिमका भाषिकाको प्रयोगले उपन्यास बुझ्न केही असहज भएपनि समग्रमा उपन्यासको भाषाशैली सरल, सहज, सम्प्रेश्य रहेको छ ।

### ४.५.१.७ निष्कर्ष

**जङ्गे** सामाजिक उपन्यास हो । उपन्यासमा मध्यपश्चिम पहाडको सरोफेरोमा त्यहाँको यथार्थ जीवनको चित्र उतारिएको छ । उपन्यासको मूल कथानक जङ्गेसँग सम्बन्धित रहेको छ । जङ्गेको जीवनमा आएको उतारचढाव, दुःख पीडा, सङ्घर्षका कथा नै उपन्यासमा आएको छ । उपन्यासमा सबै वर्ग, क्षेत्र, प्रमुख सहायक, गौण, सत्, असत्, पुरुष तथा स्त्री पात्रको चयन गरिएको छ । उपन्यासमा मध्यपश्चिम पहाडी जिल्ला दैलेखको रहनसहन, परम्परा, त्यहाँका जीवनशैलीका साथै काठमाडौँसम्मको परिवेश उतारिएको छ । मूल रूपमा दैलेखको आठबिसेको सेरोफेरो त्यहाँको रीतिरिवाज, संस्कृति, भाषा, सभ्यता, प्राकृतिक वातावरणको चित्र उपन्यासमा पाइन्छ । उपन्यासमा दुर्गम पहाडको सङ्घर्षपूर्ण जीवन, सामन्ती सामुहहरूको शोषण, अत्याचार, गरिबी, बेरोजगारी, अन्धविश्वास, नेताहरूको असुहाउँदो आश्वासन, ठगेर खाने प्रवृत्ति आदिको

चित्रण पाइन्छ । उपन्यासमा निम्नवर्गीय पात्रहरुको चयन गरिएको छ । जुनासँग प्रेम गरी विवाहको सपना देख्न थालेको जङ्गे दयारामको जालमा परी काठमाडौं आएर खातेहरूको सङ्गतमा पुग्छ । जङ्गे काठमाडौंबाट नफर्केकाले जुनाले आत्महत्या गर्छे । जुनासँग सधैंका लागि बिछोडिएको जङ्गे राजनीतिक विचार राख्न थाल्छ । गाउँबाट चुनाव जितेर काठमाडौं पुग्न नपाउदै नेतालाई स्वार्थी मानिसले आफ्नो समस्या राख्न थाल्छन् । सामाजिक समस्यालाई वास्ता गर्दैनन् । गाउँको विकास नहुनुमा नेताको साथसाथै जनताको पनि दोष रहेको बताउँछन् । दयाराम आफ्नो स्वार्थ पुरा गर्न अरुको घर उजाड्न अरुको हत्या गराउन, आफ्नै बाबुलाई घरबार विहिन बनाउँन पनि पछि पर्दैन र नेता बनेर गाउँलेको आँखामा छारो हाल्न पनि पछि पर्दैन । काठमाडौंमा कम्प्युटर पसल खोलेर बसेको रामकुमार आफूजस्तै कम्प्युटर चलाएर जीवन चलाउने साथीहरूलाई ठगेर आफू मोजमस्ती गर्छ । साथीहरूलाई घरको न घाटको बनाउँछ । प्रकाश गाउँबाट काठमाडौं पसेर कहिले नेताको रूपमा त कहिले डाक्टरको रूपमा देखापर्छ । गाउँमा गएर राजनीति गर्न थालेको प्रकाश काठमाडौंमा नवीनलाई इलेक्ट्रोनिक्स सामान खपत गर्ने भन्दै ठगेर हिनेको हुन्छ । गाउँमा दयाराम, रामकुमार र प्रकाश राजनीति गर्न थाल्छन् । दयाराम सरकारी कर्मचारी भएपनि फटाहा चरित्रको छ । कान्छा धामी र साने गिरीलाई अनेक झन्झटमा फसाईरहन्छ । नगेन्द्र, प्रेम, ताराले रामकुमारबाट तथा घरबेटी, नवीन र आफ्नै कर्मचारीले प्रकाशबाट पाएको दुःख, पीडाको साक्षी जङ्गेले नै गाउँलेहरूलाई उनीहरूका कर्तुतको पर्दाफास गरेको छ । उपन्यासमा दुर्गम गाउँ आठबिसेका साथै राजधानीको विसङ्गत, विकृत, रङ्गरौसपूर्ण छाडापनको चित्र उतारिएको छ । वैदेसिक रोजगार र चेलीहरूको दर्दनाक कथा पनि प्रस्तुत गरिएको छ । सुधारवादी, सङ्घर्षशील, सचेत पात्र जङ्गेको नायकत्वमा संरचित प्रस्तुत उपन्यासको पात्रहरू सशक्त छन्, जीवन्त छन् । स्थानीय समस्यामा केन्द्रित रहेर राष्ट्रको राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक र शैक्षिक सुधार समय सापेक्ष नभएकाले जनता बढी पीडित भइरहेको सङ्केत गरिएको छ । गाउँलेहरूलाई अत्याधिक दुःख दिई ठगी गर्ने र तिनको सोझोपनको फाइदा उठाई स्वार्स्थ पूर्तिमा अहोरात्र सङ्लग्न हुने तथाकथित नेताहरू दयाराम, रामकुमार र प्रकाशलाई कालोमोसो दली जुत्ताको माला लगाई भैंसीमा चढाएर गाउँबाट निकाल्न जङ्गे र गाउँलेहरू सफल बनेका छन् । जङ्गे, दयाराम, चाउरी, जुना, लफी, कमला, जेठाधामी, कान्छा धामी, सावित्री, नमराज, रामकुमार, तारा, प्रेम, नगेन्द्र,, प्रकाश, नवीन, श्याम, किरण, डगी, रत्ना, रीता जस्ता सबै वर्ग क्षेत्र, स्तरका प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, स्थिर, गतिशील, बद्ध, मुक्त, मञ्चीय, नेपथ्य पात्रहरूको उपस्थिति उपन्यासमा रहेको छ । उपन्यासको

घटनावलीहरु दैलेखको आठबिसेको सेरोफेरो हुदै काठमाडौँसम्म घटेका छन् । उपन्यास तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा संरचित छ । वर्णनात्मक र संवादात्मक शैलीको प्रयोगले उपन्यास रोचक बनेको छ । सरल र सहज भाषाको प्रयोग गरिएको यस उपन्यासमा ठाउँ ठाउँमा स्थानीय भाषिकाको पनि प्रयोग गरिएको छ । ठाउँ ठाउँमा प्रयोग गरिएको स्थानीय भाषाको गीतले उपन्यासलाई संगीतमय बनाएको छ । पश्चिम नेपालको वास्तविकता र त्यसलाई पन्छाउदै अगाडि बढ्न सधैं प्रयासरत जङ्गे सामान्य युवा हो । उसकै नेतृत्वमा गाउँलेलाई चेतना फैल्याउन थालिएको छ । त्यस क्षेत्रमा ठग, धूर्त, फटाहालाई मौलाउन नदिन गाउँबाट निकालिएको छ । स्थानीय भाषिकाको प्रयोग गरिएको भएपनि यस उपन्यासको भाषा सरल, सहज र सम्प्रेश्य रहेको  छ ।

# पाँचौं परिच्छेद

# बखतबहादुर थापाका औपन्यासिक प्रवृत्ति

## ५.१ परिचय

बखतबहादुर थापा सामाजिक विषयवस्तुमा उपन्यास लेख्ने उपन्यासकार हुन् । सामाजिक विषयवस्तुलाई आधार बनाएर लेखिएका उनका हालसम्म चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । २०५८ सालमा **परदेश** नामक सामाजिक उपन्यास लिएर नेपाली उपन्यास जगतमा देखापरेका थापाका **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४) र **जङ्गे** (२०७१) जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यिनै उपन्यासका आधारमा थापाका औपन्यासिक प्रवृत्तिहरूको निरुपण गरिएको छ ।

## ५.२ बखतबहादुर थापाका औपन्यासिक प्रवृत्ति

### ५.२.१. सामाजिक यथार्थवादी दृष्टिकोण

बखतबहादुर थापा मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका सवै उपन्यासहरू सामाजिक पृष्ठभूमिमा रचिएका छन् । उनका उपन्यासमा मध्यपश्चिम पहाडका नेपालीको दुःख, पीडा, सङ्घर्ष, बिहान बेलुकाको छाक टार्न मुग्लान पस्नुपर्ने बाध्यता, बालविवाह, बहुबिवाह, त्यसबाट उत्पन्न समस्या शोषक सामान्तहरूको सोझा सिधा मानिसमाथि गर्ने अन्याय, अत्याचार, नारीमाथि हुने यौन शोषण, चेलीबेटी बेचबिखनको समस्या, अशिक्षा, गरिबी, बेरोजगारी, विदेशमा नेपाली कामदारले भोग्नु परेको दुःख पीडा, युवायुवतीको शारीरिक आत्मिकप्रेम, निम्नवर्गीय नेपाली जीवनको दुःख, पीडा, सङ्घर्ष, सोझा मानिसलाई ठगेर खाने प्रवृत्ति, माओवादी युद्धको चित्रण, माओवादी सेना र सरकारी सेनाको चपेटामा परेका निर्दोष नेपालीको दुःखपूर्ण अवस्थाको चित्रण, दुर्गम पहाडी जिल्लामा नेताहरूले गर्ने वेवास्ता, युवावर्गमा बढ्दै गएको उत्साह, उमङ्गजस्ता घटनाहरूको यथार्थ चित्रण गरिएको छ ।

**परदेश** उपन्यासमा मध्यपश्चिम पहाडको सामाजिक जीवनशैली परम्परा, संस्कृति, युवावर्ग मुग्लान पस्नुपर्ने बाध्यता, मुग्लानमा नेपालीले भोग्नुपर्ने दुःख, पीडा, सङ्घर्ष, पश्चिमी समाजमा रातको समयमा युवायुवती दोहोरी गाउने परम्पराको प्रस्तुति गरिएको पाइन्छ । प्रेम घरको दुःख देखेर धन कमाउन मुग्लान पस्नु, हिन्दी भाषा बोल्न नजान्दा अनेक किसिमका दुःख, कष्ट, पीडा पाउनु, सङ्घर्ष गरेर टाइप सिक्नु, कम्प्युटर, फोटोकपि मर्मत गर्न सिक्नु, गौरी

टीकासँग गई भन्ने कुरा सुनेर गौरीको बारेमा नराम्रो सोच्नु, नर्सिङ् होममा सवितासँग भेट हुनु, दुर्घटनामा परेको प्रेमको स्याहार सुसार सविताले गर्नु, निको भएपछि प्रेम काठमाडौं आउनु, कम्प्युटर पसल खोल्नु, सविता काठमाडौं आउनु, प्रेम र सविताले विवाह गरी उनीहरूको छोरा जन्मनु, सविताको मृत्यु हुनु, आमा बुबा लिन दैलेख गएको प्रेमले गौरी टीकासँग पोइल नगएर घरमा नै भएको थाहा पाउनु जस्ता घटना उपन्यासमा घटेका छन् । यी सबै घटनाहरू यथार्थ घटना हुन् । यस्ता घटनाहरू समाजमा घट्न सक्छन् । **कुहिरो र काग** उपन्यासमा बालविवाह, बहुविवाह, चेलीबेटी बेचबिखान, मदिरापान, व्यभिचार जस्ता सामाजिक समस्याबाट उत्पन्न मानसिक पीडाको प्रस्तुति पाइन्छ । अशिक्षाका कारण विवाह गरेका छोरीलाई घर नपठाई माइतमा राख्ने, अज्ञानताका कारण रातको समयमा युवा युवतीहरू दोहोरी गाउने, रङ्गरौसमा भुल्ने, मोजमस्ती गर्ने कार्यहरू गर्दछन् । **कालचक्र** उपन्यासमा दुर्गम ग्रामीण भेगका जनताहरूको गरिबी, विवशता, बाध्यता एवम् पीर व्यथाको प्रस्तुति, माओवादी सेना र सरकारी सेना छुट्याउन नसक्दाको त्रासद स्थितिको चित्रण, युद्धको विभत्स वर्णन, आफन्त मारिएका, बुढाबुढीको वेहाल स्थिति आदिको मार्मिक चित्रण पाइन्छ । एकलौटी बजारका कारण कम्प्युटर साहु र प्राविधिकहरूले अनभिज्ञ ग्राहकलाई अकल्पनीय रूपमा ठगी गर्ने गरेको यथार्थ प्रस्तुत गरिएको छ । माओवादी सशस्त्र युद्ध, आतङ्क, जनआन्दोलनमा सारिक जनता र सहिदको अपमान आदिको यथार्थमूलक चित्रण गरिएको छ । **जङ्गे** उपन्यासमा अशिक्षा, विपन्नता, ठग, धूर्त, फटाहाहरू मौलाउने र सोझा सिधा मानिसहरू ठगिने गरेको छ । गरिबीका कारण लफीले आत्महत्या गर्नु, कान्छा धामी गाउँ छाडेर हिड्नु, चाउरी भोकै नाङ्गौ दिन बिताउनु जङ्गेले जुनालाई विवाह गर्न नसक्नु, दयारामले आफ्नो मनखुशी काम गर्नु, जस्ता घटनाहरूले समाजिक यथार्थको प्रकटीकरण गरेको छ । रामकुमार र प्रकाशले सधैं ठगेर खानु, राजनीतिको नाममा जनताको आँखामा छारो हाल्नु, सामान्य युवा जङ्गे उनीहरूको कर्तुत समाजमा ल्याएर समाजबाट उनीहरूलाई पन्छाउने प्रयास गर्नु जस्ता घटना समाजमा घट्ने यथार्थ घटना हुन् ।

**परदेश** उपन्यासमा पश्चिम नेपालबाट कामको शीलशिलामा मुग्लान छिरेको प्रेमले मुग्लानमा धेरै दुःख कष्ट सहेर काम गर्नु, आफ्ना गाउँका थुप्रै दाजुभाइ मुग्लानमा गएर दुःख कष्ट गर्नु, मोजमस्तीमा भुल्नु, काठमाडौं आएर सङ्घर्ष गर्नु जस्ता घटनाले यथार्थको प्रकटीकरण गरेका छन् । **कुहिरो र काग** उपन्यासमा कलिलै उमेरमा विवाह गरेका उमेश र रमा, रोजी र दीपकको वैवाहिक जीवन सफल बन्न नसक्नु उमेश र रोजीले विवाह गर्नु, रमा वेश्यालयमा बेचिनु जस्ता घटना समाजमा घट्ने यथार्थ घटना हुन् । **कालचक्र** उपन्यासमा अमनलालले

कामदारलाई उचित तलव नदिनु, ग्राहकहरूलाई ठग्नु, माओवादी युद्धका कारण गाउँमा बस्न नसकेर काठमाडौँमा थोरै तलवमा युवाहरू काम गर्नु तत्कालीन समयका यथार्थ घटना हुन् । उपर्युक्त आधारमा थापालाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा हेर्न सकिन्छ ।

### ५.२.२ आदर्शवादी दष्टिकोण

बखतबहादुर थापाका उपन्यामा सत् पात्रको विजय र असत् पात्रको पराजय भएको देखाएकोले उनका उपन्यासमा आदर्शवादी प्रवृत्ति पनि पाइन्छ । सामाजिक विषयवस्तुको चयन गरिए पनि काल्पनिक आदर्शको व्याख्या उपन्यासमा भएको देखिन्छ । **परदेश** उपन्यासमा दुर्घटनामा परी अपाङ्ग भएको प्रेमलाई सविताले विवाह गरेर जीवन बिताउनु, विष्णुले आफ्नो भविश्यको बारेमा नसोची सविता र प्रेमको लागि काम गर्नु, सविता र प्रेमको खुशिमा रमाउने गर्नु जस्ता घटनाले आदर्शवादको झल्को दिन्छ । **कुहिरो र काग** उपन्यास बालविवाह र बहुविवाहबाट ग्रसित छ । एकजनासँग विवाह गरी रातको समयमा अन्य युवासँग मोजमस्ती गर्ने र आफ्नो श्रीमान्लाई वेवास्ता गर्ने युवतीलाई आफ्नै श्रीमान्ले साथ दिनु, वेश्यालयमा बेचिएकी श्रीमती फिर्ता ल्याएर आफ्नै घरमा सहजतापूर्वक राख्न सक्नु, आफ्नो दुई श्रीमती रोजी र रमाको बदला लिन उमेशले दीपकलाई जेल चलान गर्न सफल हुनुले सत्यको विजय र असत्यको पराजय देखाई आदर्शवादको झल्को देखिएको छ । **कालचक्र**मा कामदारहरु अमनलालको क्रुर व्यवहार सहेर आफ्नो पीडा लुकाएर बस्नु, वेश्यावृत्तिमा सङ्लग्न मानिसलाई प्रहरीले पनि छुट दिनु, अरुलाई रुवाएर कमाएको सम्पतिले सधैंभरी साथ नदिने, जसरी कमाएको थियो सम्पति पनि त्यसैगरी सकिदै जाने, यसरी सम्पति कमाउने करोडपति नै भए पनि उनीहरूको दुःखद अन्त्य हुने घटनाले आदर्शवादी विचार अभिव्यञ्जित भएको छ । जीवनका दुःखद घडीमा आफन्त ठानिएकाहरुबाट बेवास्ता हुने र पहिले आफूद्धारा हेपिएकाहरूबाटै मानवीय संवेदना र सहयोग प्राप्त हुने स्थितिको चित्रणले आदर्शवादी दृष्टिकोण देखिएको छ । **जङ्गे**मा तल्लो जातको गरिब जङ्गेले माथिल्लो जात र धनीकी छोरी जुनालाई आफ्नो लागि सपना देख्न थाल्नु, छोराले गरेको अन्याय, अत्याचार दयारामको बाबुले सहनु, सावित्रीले लफीलाई नाङ्गै बनाउदा गोरे कामीले आफ्नी श्रीमतीको मजेत्रोले लफीको इज्जत बचाउनु, सामान्य युवक जङ्गेले गाउँलेको मन जित्न सफल हुनु, ठग धूर्त र फटाहालाई गाउँबाट निकाल्न सफल हुनुजस्ता घटना आदर्शवादी देखिन्छन् । उपर्युक्त घटनाहरूको आधारमा बखतबहादुर थापालाई आदर्शोन्मुख यथार्थवादी उपन्यासकारको रूपमा हेर्न सकिन्छ ।

### ५.२.३. आलोचनात्मक यथार्थवादी दृष्टिकोण

बखतबहादुर थापाका उपन्यास **कालचक्र** र **जङ्गे**मा आलोचनात्मक यथार्थवाद देखिन्छ । उपन्यास **कालचक्र**मा एकलौटी व्यापार व्यवसाय सञ्चालन गर्न पाएको अमनलालले बजार व्यवस्थापनको फाइदा उठाउदै आफू करोडपति बनेको छ । अमनलाल कामदारलाई उचित तलब दिँदैन, कामदारको दुःखमा आफू खुशी हुने गर्छ । कामदारलाई अनावश्यक दुःख दिइरहन्छ । ग्राहकलाई ठगेर पैसा कमाउने गर्छ । आफ्नो फाइदाको लागि हुँदै नभएको सामानको बिल बनाएर पैसा लिने गर्छ । अमनलाल आफ्ना कामदारलाई पहिलो, दोस्रो, तेस्रो श्रेणीमा विभाजन गरी श्रेणी अनुसारका काममा लगाउँछ । आफ्नो व्यावसाय बिस्तार गर्न चेलिबेटी बेचबिखान गर्न समेत पछि पर्दैन । कम्प्युटर सम्बन्धी जानकारी नभएका ग्राहकलाई ठग्दा पछि आफ्नो अवस्था बिग्रन सक्ने विचार प्रस्तुत गरिएको छ । कामदारको कुनै मूल्य नभएको र वेइमानको प्रभुत्व रहेको छ । चरम भ्रष्टाचार भएको देखि सरकारी नोकरी र श्रीमती छोडेर अन्यत्रै काममा लाग्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण, गरिबीका कारण साहुको घरमा तल्लो तहको काम गर्नुपर्ने, रेस्टुरेन्टमा देह व्यापार गर्नुपर्ने बाध्यता जस्ता घटनाहरूलाई उपन्यासमा तीब्र ब्यङ्ग्य प्रहार गरिएको छ । उपन्यास **जङ्गे**मा, दयाराम, रामकुमार र प्रकाशले गरेका नकारात्मक कार्यहरूमा ब्यङ्ग्य प्रहार गरिएको छ । दयारामले लफी र कमलाको हत्यामा उसको हात देखिनु, आफ्नो बुवालाई घर न घाटको बनाउनु, नेता बनेर जनताको आँखामा छारो हाल्नु, रामकुमारले तारा, प्रेम, नगेन्द्रलाई ठगेर हिड्नु, प्रकाशले, नवीन, घरवेटी, आफ्नै कर्मचारीलाई ठगेर हिड्नुजस्ता घटनालाई आलोचनात्मक रुपमा प्रस्तुत गरिएको छ । उपर्युक्त आधारमा थापालाई आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा हेर्न सकिन्छ ।

### ५.२.४ हार्दिक र स्वच्छन्द प्रेमप्रणय

बखतबहादुर थापाका सबै उपन्यासमा हार्दिक र स्वच्छन्द प्रेमप्रणय पाइन्छ । **परदेश** उपन्यासमा गौरी र प्रेम बीचको प्रेम प्रसङ्ग स्वच्छन्द पाइन्छ । प्रेम र सविता बीचको प्रेम प्रसङ्ग हार्दिक र स्वच्छन्द छ । स्वच्छन्द प्रेममा डुबेकी सविता अपाङ्ग प्रेमलाई माया गरी उसँगै जीवन बिताउन पुग्छे । **कुहिरो र काग** उपन्यासमा रमा र रातको समायमा गाउने केटाहरू बीचको प्रेम प्रसङ्ग, रोजी र राजु बीचको प्रेम प्रसङ्ग, रोजी र उमेश बीचको प्रेम प्रसङ्ग हार्दिक र स्वच्छन्द छ । यिनीहरूलाई प्रेम गर्न कसैको रोकावट छैन, कसैको डर धम्की छैन । आफूलाई मनपरेको मानिसलाई आफूखुशी प्रेम गर्ने गर्छन् । **कालचक्र** उपन्यासमा रेस्टुरेन्टमा काम गर्ने केटीहरू र कह्नैया बीचको प्रेम प्रसङ्ग,**जङ्गे** उपन्यासमा जुना र जङ्गे बीचको प्रेम, जुना र

रातको समयमा गाउने केटाहरू बीचको प्रेम स्वन्छन्द छ । आफूले चाहेको मानिससँग कसैको रोकावट बिना सबै उपन्यासका पात्रहरु प्रेममा डुवेका छन् । बालविवाह, बहुविवाह पाइने थापाका **कुहिरो र काग** उपन्यासमा कलिलै उमेरमा विवाह बन्धनमा बाँधिएका रमा र उमेशका बीचमा रमाले उमेशलाई नचाहँदा पनि उमेशले एकलौटी रुपले रमालाई प्रेम गर्नु, रातको समयमा अरुसँग गाउन जाने रमालाई प्रेमपूर्वक काठमाडौं ल्याएर आफूसँग राख्नु, वेश्यालयमा वेचिएकी रमालाई वेश्यालयबाट फर्काएर ल्याएर आफ्नै घरमा राख्ने उमेशको स्वच्छन्द प्रेम हो । यस्ता प्रेम प्रसङ्गको आधारमा थापालाई हार्दिक र स्वच्छन्द प्रेमप्रणय प्रस्तुत गर्ने उपन्यासकारका रूपमा हेर्न सकिन्छ ।

### ५.२.५ राष्ट्रवादी चिन्तन

बखतबहादुर थापाको **परदेश** उपन्यासमा राष्ट्रवादी चिन्तन पाउन सकिन्छ । परदेशमा सीप सिकेर उत्तै पैसा कमाउन थालेको प्रेम परदेश छोडेर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोच राखेर काठमाडौं फर्कन्छ । नेपाल र भारतको सीमानामा आएपछि प्रेम नेपाल आमासँग क्षमा माग्छ । “हे मातृभूमि मलाई क्षमा गर, दसाले कुत्कुत्याएर कुन दिन यो गेटबाट छिरेछु (पृष्ठ २७५) ।” आफ्नो मातृभूमिमा पाइला टेकेपछि आफ्नी आमाको काखमा पल्टेजस्तो आनन्द मानेर काठमाडौं आएर कम्प्युटर पसल खोलेर बस्छ । भारतको एक नर्सिङ्होममा नर्सको रूपमा काम गर्दै गरेकी सविता आफ्नो जागिर छोडेर काठमाडौं आएर काम गर्न थाल्छे । भारतमा चौकीदारीको रूपमा कार्यरत विष्णु प्रेम र सवितासँगै काठमाडौं आएरसँगै काम गर्न थाल्छ । यी सबै पात्रहरु राष्ट्रवादी सोच भएका पात्रहरु हुन् । **कालचक्र** उपन्यासमा दुर्गम पहाडी जिल्लाका युवाहरू आफ्नो समस्यासँग जुध्दै काठमाडौं आएर सानोतिनो नोकरी गरेर बसेका छन् । म्याथमा डिग्री गरेको तुलाराम होस कर कार्यालयमा काम गरेको जगत होस्, इलेक्ट्रोनिक्समा इन्जिनियर गरेको श्याम, वन कार्यालयमा काम गरेको पवन जो भएपनि अमनलालको पसलमा तल्लो दर्जामा काम गरेर बसेका छन् विदेश गएका छैनन् । विदेश गएका भए राम्रो काम र दाम दुवै पाउन सक्थे । आफ्नै देशमा सानोतिनो काम गरेर स्वदेशमा नै बस्नु उनीहरूको राष्ट्रभक्ति हो । उपन्यास **जङ्गे**मा सामान्य युवा जङ्गेको नेतृत्वमा गाउँलेहरू एक भई ठग धुर्त, फटाहा नेताहरू दयाराम, रामकुमार र प्रकाशलाई उनीहरूले गरेको कर्तुतको कारण कालोमोसो दलेर जुत्ताको माला लगाएर भैंसीमा चढाएर गाउँ निकाला गरिनुले देशप्रेम, राष्ट्रभक्ति देखिएको छ । उपर्युक्त आधारमा थापालाई राष्ट्रवादी चिन्तन प्रस्तुत गर्ने उपन्यासकार मान्न सकिन्छ ।

### ५.२.६ मानवतावादी चिन्तन

बखतबहादुर थापाको **परदेश** उपन्यासमा मानवतावादी चिन्तन पाइन्छ । घरबाट परदेश लागेको प्रेमलाई भारतका विभिन्न ठाउँमा उसका आफन्तले सहयोग गरेका छन् । भारतको अल्मोडामा, बाँकेश्वरमा साँहिल्दाइले, रानीखेतमा हर्कबहादुरले, मायापुरीमा फूलबहादुरले, दिल्लीमा चक्रनाथ शास्त्री र राजेन्द्रले मानवीयताको नाताले सहयोग गरेका हुन्छन् । दुःख परेको बेलामा एकले अर्कोलाई सहयोग गर्नुपर्छ भन्ने मानवीय धारणाले प्रेमलाई आफ्ना आफन्तले सहयोग गरेका हुन्छन् । प्रेमले मानवीय नाताले नै गौरीलाई सहयोग गरेको हुन्छ । आफ्नी श्रीमती गौरी ठानेर गोरीको अनुहार नहेरी सहयोग गर्नु प्रेमको मानवतावादी सोच हो । सविताले दुर्घटनामा परी बेहोस बनेको प्रेमलाई सक्दो सहयोग गर्नु, माया ममताको कमि हुन नदिनु, सविताका बाबुआमाले प्रेमको रेखदेख हेरचाह गर्नु, सविताको बुबाले ट्रकवालासँग प्रेमको उपचार खर्च मिलाइदिनु, काठमाडौँमा सविताको मृत्युपछि प्रेमलाई प्रकाशले सम्हाल्नु मानवतावादी सोचले नै हो । उपन्यास **कुहिरो र काग**मा रमाले बेवास्ता गरेपछि घर छाडेर हिँडेको उमेशलाई भोकभोकै बोल्न नसक्ने अवस्थामा बाटो हिड्ने मानिसले खानेकुरा दिनु, आफ्नो खानेकुरा सबै खाइदिँदा पनि माया गर्नु, बेहोस बनेर लडेको उमेशलाई बोकेर ल्याई सहयोग गर्नु, जमिन्दार उज्जलले वैद्यवाको घरमा काम लगाइदिनु, वेश्यालयमा बेचिएकी रमालाई रोग लागेपछि प्रमिलाले अस्पतालमा स्याहार गर्नु, रमालाई खोज्न उमेशलाई उमाले सहयोग गर्नु मानवीयता हो । **कालचक्र** उपन्यासमा धनेशले एकजना महिलालाई सहयोग गरी उनको छोरो बोकेर अस्पताल पुग्नु, छोराको मृत्युपछि आमालाई सहानुभूति प्रकट गर्नु मानवीयता हो । जङ्गे उपन्यासमा सावित्रीले लफीको शरीरबाट कपडा तानेर बेइज्जत गर्दा गोरे कामीले आफ्नी श्रीमतीको मजेत्रो दिनु, काठमाडौँका सडकमा भिखारीलाई मानिसहरूले पैसा दिनु, सवैजना गाउँलेहरू मिलेर फटाहा, धूर्त ठग नेताहरूलाई गाउँबाट बाहिर निकाल्नु गाउँलेहरू बीचको मानवीयता हो । उपर्युक्त घटनाहरूका आधारमा थापालाई मानवतावादी उपन्यासकारका रूपमा चिन्न सकिन्छ ।

### ५.२.७ वर्गीय सहभागीको प्रयोग

बखतबहादुर थापाका सबै उपन्यासमा वर्गीय सहभागीको प्रयोग गरिएको छ । उनका सबै उपन्यासमा अशिक्षित र निम्नवर्गीय पात्रको प्रयोग गरेको पाइन्छ । उपन्यास **परदेश**मा उपस्थित भएका सवैजसो पात्रहरू वर्गीय छन् । मध्यपश्चिम पहाडका निम्नवर्गीय पात्रहरू भारतका विभिन्न स्थानमा ज्याला मजदुरी गर्न गएका छन् । यी पात्रहरू अशिक्षित छन् । उपन्यास **कुहिरो र काग**मा उपस्थित भएका रमा, वैद्यवा, प्रमिला, पवी जस्ता पात्रहरू वर्गीय पात्रका रूपमा

आएका छन् । वैद्यवा, उमेश र रमा निम्नवर्गीय गरिब परिवारका पात्र हुन् । प्रमिला र पवी शिक्षित वर्गका पात्र हुन् । वैद्यवा औषधी बनाउने बेच्ने वर्गीय पात्र हो । उपन्यास **कालचक्र**को प्रमुखपात्र अमनलालले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । अन्य पात्रहरू पदम, धनेश, विमल प्रदीप, जगत्, शिवराम, तुलाराम, हर्के, कमला, देवकीजस्ता पात्रहरूले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । **जङ्गे** उपन्यासका जङ्गे, चाउरी, लफी जस्ता पात्रले निम्नवर्गीय चरित्रको प्रतिनित्व गरेका छन् । यी पात्रहरू विहान बेलुकाको छाक टार्ने धौ धौ पर्ने अवस्थाका पात्रहरू हुन् । बखतबहादुर थापाका सबैजसो उपन्यासका पात्रहरूमा निम्नवर्गीय पात्रहरू बढी रहेका छन् ।

### ५.२.८ द्वन्द्वको सघन प्रयोग

बखतबहादुर थापाका सबै उपन्यासहरू द्वन्द्वका दृष्टिले सफल छन् । उनका उपन्यासमा आन्तरिक भन्दा बाह्य द्वन्द्व बढी रहेको पाइन्छ । उपन्यास **परदेश**मा प्रेमले हिन्दी भाषा बोल्न नजान्दा बसमा कन्डक्टरले गाली गरेको, चिया पसलले गाली गरेको, यात्रामा विविध किसिमका दुःख पाएको, ट्रकले हानेर अपाङ्ग बनाएको, जस्ता दृश्यबाट उपन्यासमा बाह्य द्वन्द्व रहेको छ । **कुहिरो र काग** उपन्यासमा उमेश र रमाको बोलचाल नभएको, सँगै बस्न नसकेको, उमेश घर छोडेर भोकभोकै हिडेको, रोजी र दीपकको वैवाहिक जीवन असफल नबनेको, रोजी र उमेशका बीचमा मन मुटाव बढेपछि रोजीले घर छोडेर हिँडेकी, राजुको कार दुर्घटनामा मृत्यु भएको, दीपकले रोजीलाई ट्याक्सीले कुल्चाएर मारेको, दीपकले रमालाई वेश्यालयमा बेचेको, उमेश र दीपक बीचमा काटाकाट भएको, उमेश वीर अस्पतालमा भर्ना भएको र दीपक जेलचलान भएको जस्ता दृश्यहरूले उपन्यासमा वाह्य द्वन्द्व रहेको छ । उपन्यास **कालचक्र**मा अमनलालले कामदारलाई श्रेणी विभाजन गरी कामदार बीच भेदभाव गरेको, कामदारलाई उचित तलब नदिएको, शिक्षित, अशिक्षित सबै कामदारलाई एउटै दर्जामा राखेको, साहुहरूले घरमा काम गर्ने केटीलाई गर्ने शोषण, इराकमा भएको बाह्र नेपालीको हत्या, अमनलाल र कामदार बीचको द्वन्द्व, कामदार कामदार बीचको द्वन्द्व, रइसलाल र कामदार बीचको द्वन्द्व, माओवादी सेना र सरकारी सेना बीचको द्वन्द्व, माओवादी र गाउँले बीचको द्वन्द्व, दुवै सेनाको बीचमा पिल्सिएका निर्दोष नेपालीको दःखद अवस्था, सत् पात्रको विजय र असत् पात्रको पराजय देखाएर सत्. र असत् बीचको द्वन्द्व सिर्जना गरिएकोले द्वन्द्वको सिर्जना गरिएको छ । उपन्यास **जङ्गे**मा कान्छा धामी र दयाराम बीचको द्वन्द्व, दयारामले चोर लगाएपछि कान्छा धामी घर छोडेर हिडेका, सावित्रीले, लफीको फरिया तानेर नाङ्गै बनाउँनु, सावित्रीले गोरे कामीलाई गाली गर्नु, कमलाको श्रीमानले कान्छी श्रीमतीको कुरा सुनेर कमलाको हत्या गर्नु, दयारामले जङ्गेलाई काठमाडौं पुऱ्याएर

अलपत्र बनाएर छोड्नु, जङ्गे नआएपछि जुनाले आत्महत्या गर्नु, जङ्गेले सडकमा खातेहरूसँग रात बिताउदा आफ्नो मोजाको गन्नाउने पानी खादा घृणित हुनु, मन्त्रीको अनावश्यक आश्वासनले जनता दुःखी वन्नु, रातको समयमा दोहोरी गाउँदा जङ्गेलाई रुखमा बाँधेर अन्य केटाहरूले जुनालाई जबरजस्ती शारीरिक सम्बन्ध राख्नु, सरकारी कार्यालयका कर्मचारीले पैसा बिना काम नगर्दा मानिस हैरान बन्नु, दयारामले सम्पतिको लोभमा आफ्ना बाबु र भाइलाई घरबार बिहिन बनाउनु, साने गिरीलाई अनावश्यक झन्झट दिनु, जौमालाई जबरजस्ती गर्न खोज्नु, रामकुमारले तारा, प्रेम, नगेन्द्र, श्याम, किरणलाई ठगेर खानु उनीहरूलाई सधैँ दुःख कष्ट दिनु, रामकुमारलाई काम गरेको होटलबाट निकालिदिनु, प्रहरीले पिट्नु, प्रकाशले नवीन, घरवेटी, कर्मचारीलाई ठग्नु, दुःख दिनु, दयाराम, प्रकाश, रामकुमार सबैजना नेता बनेर गाउँलेलाई ठग्नु, जङ्गेले नेताहरूको कर्तुत गाउँलेहरू समक्ष राखेपछि गाउँ निकाला गर्नु जस्ता दृश्यबाट उपन्यासमा बाह्य द्वन्द्व रहेको देखिन्छ । परदेश उपन्यासमा प्रेमले हिन्दी भाषा बोल्न नजान्दा उसका मनमा उब्जेको द्वन्द्व, प्रेम काठमाडौँ आएपछि सविताको मनमा उब्जेको द्वन्द्व, सविताको मृत्युपछि प्रेमका मनमा सवितालाई बिर्सन नसकेर आईघाटमा गएर बसेको छ । **कुहिरो र काग**मा रमाले वेवास्ता गरेपछि मनमा रमाप्रति ईश्या लिएर उमेश घर छोडेर हिडेको छ । रोजीले वेवास्ता गरेपछि दीपकले रोजीलाई छोडेर हिडेको छ । दीपकले छोडे पनि रोजीका मनमा उत्पन्न मनोद्वन्द्व, उमेश घर नफर्के पछि रमाका मनमा उत्पन्न द्वन्द्व, उमेश काठमाडौँ आएपछि रोजीका मनमा उत्पन्न द्वन्द्व, उमेश र रमाको सम्बन्ध थाहा पाए पछि रोजी घर छोडेर हिड्नु, रोजीले छोडे पछि उमेशका मनमा उत्पन्न द्वन्द्व, रोजीलाई रमा सम्झेर दीपकका मनमा द्वन्द्व सिर्जना भई रोजीलाई मार्नु, रोजी मरेपछि उमेशले दीपकलाई मार्ने योजना बनाएको छ । उपन्यास **कालचक्र**मा अमनलालको भेदभावपूर्ण व्यवहारले कामदारका मनमा उत्पन्न द्वन्द्व, उचित तलब नपाएकाले उत्पन्न द्वन्द्व, गरिबीका कारण अर्काको घरमा काम गर्न बसेका दाजु बहिनीमा साहुले बहिनीलाई जबरजस्ती गर्दा दाजु बदला लिने सोचले माओवादीमा प्रवेश गर्नु, सरकार र माओवादी दुवैको चपेटामा परेका निर्दोष नेपालीको बिहान घरबाट निस्केपछि बेलुका घर फर्कन्छ की फर्कन्न भन्ने द्वन्द्व, अमनलालसँग जसरी पनि तलब लिन खोज्ने कर्मचारीको द्वन्द्व, व्यवसाय घाटामा गएपछि अमनलाल र रइसलालको मानसिक समस्या बढेको छ । उपन्यास जङ्गेमा गरिब चाउरी र लफीको जीवन कसरी जिउने भन्ने द्वन्द्व, जुनाको मृत्युले विक्षिप्त बनेको जङ्गेको मनोद्वन्द्व, छोरीको मृत्युले शोकाकूल जेठाधामीको मनोद्वन्द्व, कसरी खाना खाने भन्ने खातेहरूको द्वन्द्व, दयारामले दुःख दिएपछि साने गिरी र चौँठीको मनोद्वन्द्व, दयारामको बाबुको मनोद्वन्द्व,

रामकुमारले धोका दिएपछि ताराका मनमा उत्पन्न द्वन्द्व, नागेन्द्र, प्रेम, श्याम, किरणका मनमा उत्पन्न द्वन्द्व, प्रकाशले धोका दिएपछि नवीनका मनमा उत्पन्न द्वन्द्व, दयाराम, रामकुमार र प्रकाशका गतिविधि थाहा पाएपछि गाउँलेका मनमा उत्पन्न द्वन्द्व आदि आन्तरिक द्वन्द्व हुन् । थापाका उपन्यासमा बाह्य द्वन्द्वका साथै पात्रहरूको आन्तरिक द्वन्द्व पनि सघन रहेको छ ।

### ५.२.९ परिवेश चित्रणमा विविधता

बखतबहादुर थापाले आफ्ना उपन्यासमा ग्रामीण र सहरिया दुवै परिवेशको चित्रण गरेका छन् । **परदेश** उपन्यासमा सहरिया परिवेश बढी पाइन्छ भने ग्रामिण परिवेश कम पाइन्छ । ग्रामीण परिवेशका रूपमा दैलेख, सुर्खेत जिल्लाको चित्रण पाइन्छ भने सहरिया परिवेशका रूपमा भारतका रुपडिया, नानापारा, बलेरी, विर्लामन्दिर, रानीखेत, बाँकेश्वर, मायापुरी, उत्तरकांशी, दिल्ली, अहमवाद, नेपालगञ्ज, काठमाडौँ जस्ता ठाउँको चर्चा पाइन्छ । **कुहिरो र काग** उपन्यासमा दैलेखका विभिन्न गाउँहरू, दाङ, स्याङजाको ग्रामीण परिवेशका साथै नेपाल तथा भारतका विभिन्न सहरिया परिवेशको चित्रण गरिएको छ । **कालचक्र** उपन्यासमा पश्चिम नेपाल, हुम्ला, दैलेख, सुर्खेत जिल्लाको ग्रामीण परिवेश, काठमाडौँ र भारतका केही ग्रामीण तथा सहरिया परिवेशको चित्रण पाइन्छ । **जङ्गे** उपन्यासमा दैलेख जिल्लाको आठबिसेको सेरोफेरो ग्रामीण परिवेश, काठमाडौँको सहरिया परिवेश र भारतको दिल्लीको सहरी तथा ग्रामीण परिवेशको चित्रण पाइन्छ । बखतबहादुर थापाका उपन्यासमा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गरिएको छ । त्यसैले उनका उपन्यासमा परिवेश चित्रणमा विविधता पाउन सकिन्छ ।

### ५.२.१० सरल भाषाशैलीको प्रयोग

बखतबहादुर थापाका उपन्यासहरुमा सरल र सहज भाषाशैलीको प्रयोग पाइन्छ । उनका उपन्यासमा नेपाली ग्रामीण तथा तत्कालीन परिवेशको बोलचालको भाषाका साथै स्थानीय भाषिका तथा हिन्दी भाषाको पनि प्रयोग पाउन सकिन्छ । यतिमात्र नभएर उनका उपन्यासमा बढी भन्दा बढी उखान टुक्काको पनि प्रयोग पाइन्छ । जसले गर्दा उनका उपन्यास पात्रका लागि रुचिको विषय बन्न पुगेका छन् । जस्तो देश उस्तै भेष (पृ.९), मरेको बाघको जुँघा उखेल्ने ( पृ.५९), हात्तिको मुखमा जिरा (परदेश, पृ.९५) । आकाशको फल आँखा तरी मर (कुहिरो र काग पृ.२), सीता खोज्ने हनुमा पकडी बाँध्ने गुना (कालचक्र, पृ.१०) । सुनारको सयचोट लोहारको एकैचोट (पृ.२०), मुखमा रामराम बगलीमा छुरा (पृ.१०७), । एकातिर बाघ कराउनु अर्कातिर बाखा हराउँनु (जङ्गे पृ.१३५) । यसका साथसाथै उनका उपन्यासहरूमा स्थानीय भाषिकाको पनि

प्रयोग पाइन्छ । हरे ....... किस्न्या ? म आफ्नु मृत्युको बाजो बजाइकन कैलैतक बाँचु ? लैजा न हो किस्न्या लैजा । किन जातु बनाइरह्याको छै ? (जङ्गे, पृ. ७८) । उपन्यासमा स्थानीय भाषिकाको छनक पाइए तापनि मूलतः मानक भाषाको परिवृत्तमा उपन्यासको रचना गरिएको छ । उपन्यासमा हिन्दी भाषाको पनि प्रयोग प्रयोग गरिएको छ । "अच्छा सुना आप लोगो ने, क्या क्या बोलता तु है ?(परदेश, पृ.३९) । झट्ट हेर्दा हिन्दी भाषाको प्रयोग अस्वभाविक लागे पनि भारतीय प्रसङ्गमा गरिएकोले यसले स्थानीयताको दिग्दर्सन गरेको हुँदा खासै अस्वभाविक देखिदैन । उपन्यासमा गीतको प्रयोगले सङ्गीतमय बनाएको छ ।

डाहा लागेर आयो यो निर्लज्ज हावासँग

कमलो जिउमा छायो चुमेर बेसुरसँग (परदेश, पृ.२४७) ।

हरघडी छटपटाइ रहन्छ क्या भयो तैंकन

खोलिकै मनका गाँठा भन्ने क्या मैकन (जङ्गे, पृ.७६) ।

उपन्यासमा आगन्तुक शब्द, तत्सम, तद्भव शब्द, झर्रा नेपाली शब्दको पनि प्रयोग गरिएको छ । उनका उपन्यासमा संवादात्मक, वर्णनात्मक, पत्रात्मक शैलीको प्रयोग गरिएको छ । उपन्यासमा बोलचालको भाषा, रसिलो शैली र साना साना वाक्यको प्रयोग गरिएको छन् । भाषा प्रयोगका दृष्टिले उपन्यास स्वभाविक रहेका छन् । यिनै भाषाशैलीका आधारमा थापालाई सरल भाषाशैलीका उपन्यासकार भन्न सकिन्छ ।

## ५.३ निष्कर्ष

बखतबहादुर थापा मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले आफ्ना उपन्यासमा समाजको यथार्थ चित्र उतारेका छन् । उनका सबैजसो उपन्यासमा निम्नवर्गीय नेपालीको दुःख, पीडा र सङ्घर्षको यथार्थता पाउन सकिन्छ । हर्कबहादुर, प्रेम, सविता, चाउरी, लफी, जङ्गे, उमेश, रमा, जगत, शिवराम, तुलाराम जस्ता निम्नवर्गीय ग्रामीण पात्रको चयनले उनका उपन्यास यथार्थ बनेका छन् । उपन्यासमा गरिबीका कारण परदेसिन बाध्य ग्रामीण नेपाली युवाहरूको  दुःख, पीडा, सङ्घर्ष, अशिक्षा, सामन्तहरूको शोषण, अन्याय, सामाजिक विकृति, विसङ्गति, बालविवाह, बहुविवाह, नारीका पीडा, चेलीबेटी बेचबिखन, मदिरापान जस्ता सामाजिक समस्याबाट उत्पन्न मानसिक पीडाको प्रस्तुति, कम्प्युटर साहुको अतिशय नाफाखोरी प्रवृत्तिले कामदारप्रति गरेको चरम शोषण, दमन, अन्याय, अत्याचारको चित्रण, माओवादी सेना र सरकारी सेना छुट्याउन नसक्दा त्रासद स्थितिको चित्रण, युद्धको भयावह र विभत्स वर्णन,

आफन्त मारिएका बुढाबुढीको बेहाल स्थितिको मार्मिक चित्रण आदि विभिन्न प्रसङ्गहरूलाई यथार्थरूपमा प्रस्तुत गरिएको छ । समाजका ठग, धूर्त, फटाहाहरूलाई गाउँबाट निकालेर सुधारवादी चिन्तन प्रस्तुत गरेका छन् । उनका उपन्यासमा सामाजिक विषयवस्तुको प्रस्तुति, आलोचनात्मक यथार्थवादी चिन्तन, देशप्रेम, हार्दिक र स्वच्छन्द प्रेमप्रणय, मानवतावादी चिन्तन, सुधारवादी चिन्तन पाइन्छ । विविध उखान टुक्का, स्थानीय भाषिकाको प्रयोग, मिश्रित सरल, सुवोध भाषिक विन्यासको निर्माण गरिएको छ । उनका उपन्यास सरल, सरस, सम्प्रेषणीय भाषामा लेखिएका छन् । प्रायजसो उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ । उनको **परदेश** एकमात्र उपन्यासमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । समग्रमा उनका उपन्यास सामाजिक विषयवस्तुमा आधारित छन् ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यसमा शोधशीर्षक, शोधपरिचय, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, शोधकार्यको सीमाङ्कन, सामाग्री सङ्कलन,  शोधविधि र शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा बखतबहादुर थापाको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ । बखतबहादुर थापाको जन्म २०२२ साल माघ २९ गते मध्यपश्चिम भेरी अञ्चल दैलेख जिल्लाको दुल्लु भेगमापर्ने गमौडी ८ राजाकाँध गाउँको सामान्य परिवारमा भएको हो । बाबु मोतीराम थापा र आमा विस्ना थापाका छोराका रूपमा जन्मिएका बखतबहादुर थापाले प्रवेशिकासम्मको औपचारिक अध्ययन गरेका छन् । बखतबहादुर थापाको परिवार ठूलो भएको र पारिवारिक आर्थिक अवस्था सामान्य रहेको हुँदा बाल्यकाल त्यति सुखपूर्वक बितेको देखिँदैन । गाउँघरमा गाई, बाख्रा चराउँदै, घाँस दाउरा गर्दै बितेको देखिन्छ । यिनको बाल्यकालको स्वभाव मिलनसार थियो । यिनी आँटिलो र साहसी स्वभावका थिए । अनौपचारिक शिक्षाको रूपमा कम्प्युटर सम्बन्धी अध्ययन गरेर कम्प्युटर प्राविधिक बनेका छन् । थापाले साहित्य सिर्जनामा पचासको दसकको उत्तरार्द्धदेखि कलम चलाउन थालेका  हुन् ।

साहित्यकार थापाले सर्वप्रथम २०५५ सालमा **ज्वाला सन्देश** पत्रिकामा **दैलेख** शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्य क्षेत्रमा लागेका हुन् । आख्यानका क्षेत्रमा सक्रिय थापाका **परदेश** (२०५८), **कुहिरो र काग** (२०६१), **कालचक्र** (२०६४) र **जङ्गे** (२०७१) शीर्षकका चार उपन्यास तथा **आघात** (२०६२) र **कम्प्युटर आतङ्क** (२०६९) कथा सङ्ग्रह प्रकाशित छन् । प्रवेशिका परीक्षा पछि ड्राईभिङ सिक्ने रहर बोकी दिल्ली तिर लागेका थापा भारतमा धेरै हण्डर ठक्कर खाएर कम्प्युटर मर्मत गर्ने काम सिकेर काठमाडौं फर्किए । हाल काठमाडौंमा कम्प्युटर प्राविधिक बनेर आफनो जीवन गुजारा गरिरहेका छन् । हाल यिनी काठमाडौं गुहेश्वरी फाँटमा श्रीमती र दुई छोराका साथमा आफ्नैं घरमा रहेका छन् ।

तेस्रो परिच्छेदमा बखतबहादुर थापाको औपन्यासिक यात्राको बारेमा चर्चा गरिएको छ । **परदेश, कुहिरो र काग, कालचक्र, जङ्गे** गरी चारवटा उपन्यासको आधारमा उनको उपन्यासकारितालाई तीन चरणमा विभाजन गरिएको छ ।

चौथो परिच्छेदमा बखतबहादुर थापाका उपन्यासहरूको औपन्यासिक विधातत्वका आधारमा विश्लेषण गरिएको छ । बखतबहादुर थापाले उपन्यास **परदेश**मा आफूले परदेशमा भोगेको दु:ख, पीडा, सङ्घर्ष, वेदना आदिलाई साहित्यिक रुप दिएर पाठक समक्ष पुऱ्याएका छन् । यस उपन्यासमा पश्चिम नेपालका नेपालीको दु:ख, पीडा, धन कमाउन भारत गएर जस्तोसुकै काम गर्न बाध्य हुनुपर्ने अवस्थाको चित्रण गरेका छन् । भारतीयले नेपालीलाई गर्ने दुर्व्यवहार यस उपन्यासमा पाइन्छ ।

**कुहिरो र काग** सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासमा मध्यपश्चिमी पहाडको सेरोफेरोमा त्यहाको यथार्थ जीवनको चित्र उतारिएको छ । यस उपन्यासको मूल कथानक उमेश र रमासँग सम्बन्धित रहेको छ । उनीहरूको जीवनमा आएको उतारचडाव, दु:ख, पीडा, हण्डर, ठक्करका कथा उपन्यासमा आएका छन् । सबै वर्ग, क्षेत्रका प्रमुख, सहायक, गौण सत्, असत्, पुरुष, स्त्री पात्रको चयनले उपन्यास स्तरीय बनेको छ । उपन्यासमा मध्यपश्चिम दैलेखको रहनसहन, रीतिरिवाज, सामाजिक, सास्कृतिक परम्परा, आर्थिक अवस्था, त्यहाँको जीवनशैलीका साथै दाङ स्याङजा, काठमाडौँ देखि नेपाल बाहिर भारतका बैङ्गलोर, मुम्बइसम्मको परिवेश समेटिएको छ । मूल रूपमा दैलेखको रीतिरिवाज, संस्कृति, सभ्यताको चित्र उतारिएको छ । उपन्यासमा अन्धविश्वास र अशिक्षाका कारण सानैमा विवाह गर्ने परम्पराले विवाहित श्रीमान् श्रीमती बीचमा माया प्रेमको सट्टा जीवन नै वर्वाद हुने अवस्था आउने, सामाजिक परम्परा अनुसार रातको समयमा छोरीचेली घरदेखि बाहिर गई केटाहरूसँग गीत गाउने मोजमस्ती गर्ने, छोरीलाई आफ्नो स्वार्थ पुरा गर्नको लागि घर नपठाउने गर्नाले छोरीहरूको भविष्य नै तहसनहस हुन सक्ने देखिएको छ ।

**कालचक्र** उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासमा काठमाडौँको सेरोफेरोलाई घटना घट्ने थलो मानिएको छ । उपन्यासको मूल कथानक अमनलालसँग सम्बन्धित रहेको छ । अमनलाल एउटा व्यापारी हो । जो आफ्नो व्यापार व्यावसायमा सधै नाफा चाहान्छ । आफ्नो दुनो सोझ्याउन अरुलाई अनावश्यक दु:ख पीडा दिने गर्छ । खालीखुट्टा नेपाल छिरेको एउटा रोडपति व्यापार व्यावसाय नामधारी अनेक गोरखधन्दा गरेर छिटै करोडपति भई अन्तत: पतन भएको प्रसङ्गलाई यथार्थमूलक ढङ्गले वर्णन गरिएको यस उपन्यासको कथावस्तु

मूलतः कम्प्युटर साहुको अतिशय नाफाखोरी वृत्ति र उसले कामदारप्रति गरेका चरम शोषण, दमन्, अन्याय अत्याचारसँग सम्बद्ध रहेको छ ।यस उपन्यासमा दुर्गम ग्रामिण भेगमा जनताहरूको गरिबी, विवशता, बाध्यता एवम् विरह व्यथाको प्रस्तुति पाइन्छ ।

**जङ्गे** सामाजिक उपन्यास हो । उपन्यासमा मध्यपश्चिम पहाडको सरोफेरोमा त्यहाँको यथार्थ जीवनको चित्र उतारिएको छ । उपन्यासको मूल कथानक जङ्गेसँग सम्बन्धित रहेको छ । जङ्गेको जीवनमा आएको उतारचढाव, दुःख पीडा, सङ्घर्षका कथा नै उपन्यासमा आएको छ । उपन्यासमा सबै वर्ग, क्षेत्र, प्रमुख सहायक, गौण, सत्, असत्, पुरुष तथा स्त्री पात्रको चयन गरिएको छ । उपन्यासमा मध्यपश्चिम पहाडी जिल्ला दैलेखको रहनसहन, परम्परा, त्यहाँको जीवनशैलीका साथै काठमाडौँसम्मको परिवेश उतारिएको छ । मूल रूपमा दैलेखको आठबिसेको सेरोफेरो त्यहाँको रीतिरिवाज, संस्कृति, भाषा, सभ्यता, प्राकृतिक वातावरणको चित्र उपन्यासमा पाइन्छ । उपन्यासमा दुर्गम पहाडको सङ्घर्षपूर्ण जीवन, सामन्ती साहुहरूको शोषण, अत्याचार, गरिबी, बेरोजगारी अन्धविश्वास, नेताहरूको असुहाउँदो आश्वासन, ठगेर खाने प्रवृत्ति आदिको चित्रण पाइन्छ ।

पाँचौँ परिच्छेदमा बखतबहादुर थापाको औपन्यासिक प्रवृत्तिको चर्चा गरिएको छ । बखतबहादुर थापा मूलतः सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनले आफ्ना उपन्यासमा समाजको यथार्थ चित्र उतारेका छन् । उनका सबैजसो उपन्यासमा निम्नवर्गीय नेपालीको दुःख, पीडा र सङ्घर्षको यथार्थता पाउन सकिन्छ । हर्कबहादुर, प्रेम, सविता, चाउरी, लफी, जङ्गे, उमेश, रमा, जगत, शिवराम, तुलाराम जस्ता निम्नवर्गीय ग्रामीण पात्रको चयनले उनका उपन्यास यथार्थ बनेका छन् । उपन्यासमा गरिबीका कारण परदेसिन बाध्य ग्रामीण पात्रहरूको चयनले उपन्यास यथार्थ बनेका छन् । उपन्यासमा गरिबीका कारण परदेशिन बाध्य ग्रामीण नेपाली युवाहरूको दुःख, पीडा, सङ्घर्ष, अशिक्षा, सामन्तहरूको शोषण, अन्याय, सामाजिक विकृति, विसङ्गति, बालविवाह, बहुविवाह, नारीका पीडा, चेलीबेटी बेचबिखन, मदिरापान जस्ता सामाजिक समस्याबाट उत्पन्न मानसिक पीडाको प्रस्तुति, कम्प्युटर साहुको अतिशय नाफाखोरी प्रवृत्तिले कामदारप्रति गरेको चरम शोषण, दमन, अन्याय, अत्याचारको चित्रण, माओवादी सेना र सरकारी सेना छुट्याउन नसक्दा त्रासद् स्थितिको चित्रण, युद्धको भयावह र विभत्स वर्णन, आफन्त मारिएका बुढाबुढीको बेहाल स्थितिको मार्मिक चित्रण आदि विभिन्न प्रसङ्गहरूलाई यथार्थरूपमा प्रस्तुत गरिएको छ । समाजका ठग, धूर्त, फटाहाहरूलाई गाउँबाट निकालेर सुधारवादी चिन्तन प्रस्तुत गरेका छन् । उनका उपन्यासमा सामाजिक विषयवस्तुको प्रस्तुति,

आलोचनात्मक यथार्थवादी चिन्तन, देशप्रेम, हार्दिक र स्वच्छन्द प्रेमप्रणय, मानवतावादी चिन्तन, सुधारवादी चिन्तन पाइन्छ । विविध उखान टुक्का, स्थानीय भाषिकाको प्रयोग, मिश्रित सरल, सुवोध भाषिक विन्यासको निर्माण गरिएको छ ।

छैटौँ परिच्छेदमा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्दा बखतबहादुर थापा २०५८ सालदेखि नेपाली उपन्यासमा देखापरेका सामाजिक यथार्थवादी उपन्यासकार हुन् । हालसम्म उनका चारवटा उपन्यास प्रकाशनमा आएका छन् ।

## ६.२ निष्कर्ष

बखतबहादुर थापा नेपाली साहित्यको उत्तरार्द्ध चरणको नवचेतनावादी अनि उत्तर आधुनिकतावादी कालमा आख्यान विधामा उदाएका साहित्यकार हुन । आख्यानकार थापाका कथा, उपन्यासले सामाजिक यथार्थवादी प्रवृत्तिलाई अङ्गालेका छन् । यिनका उपन्यासहरूमा गरिबी तथा बेरोजगारीका कारण विदेसिन बाध्य नेपाली युवाहरूको दयनीय स्थिति, नेपालको दुर्गम स्थानका मानिसहरूले भोगेका दुःख पीडा, गरिबले चाहे जति शिक्षा हासिल गर्न नसक्ने अवस्था, विदेशमा नेपालीले भोगेका विविध समस्या, भाषाको कारणबाट पाईने दुःख पीडा, यसबाट उत्पन्न मानसिक समस्या, असफल प्रेम, दाम्पत्य जीवन, असफल पारिवारिक जीवनको चित्रण, नारीका पीडा, बालविवाह तथा बहुविवाह, जाँड रक्सी र चेलिबेटी बेचबिखन जस्ता कुलत र कुकर्म, पश्चिम नेपालको परम्परा, संस्कृति र त्यहाँको सामाजिक, आर्थिक परिस्थिति, नेपाली युवााहरूले विदेशलाई आफ्नो कर्मथलो बनाएर जस्तोसुकै समस्या भोग्न र जस्तोसुकै काम गर्न बाध्य भएको अवस्था, नेपालको राजनैतिक विकृति अनि प्राविधिक क्षेत्रमा हुनेगरेका प्राविधिक ठगी नेपाली जनता प्राविधिकबाट थाहै नपाई ठगिईरहेको यथार्थताको चित्रण, नेपालको राजनैतिक अवस्था कमजोर हुँदा नेपाली जनताले भोग्नुपरेको आर्थिक समस्याको त्रासदीपूर्ण प्रस्तुती, सत्ताकेन्द्रको दृष्टि नपुगेको विकट विकराल अवस्थाको चित्रण, नेपालीले भोग्नुपरेको गरिबी, बेरोजगारी, विस्थापन, अमानवीय व्यवहार र अनेकन कठिनाईको स्वभाविक चित्रण, बालवालिका र वृद्धहरूले भोग्नुपरेको पीडा, छोरी चेलीको बिडम्वना, दुर्व्यसनको शिकार भएका युवापुस्ता, राष्ट्रिय समस्याले आफ्नो परिवेश आक्रान्त भएकाले युवाहरू त्यसलाई बढारेर फाल्न लागि परेको प्रस्तुति पाउन सकिन्छ । सामान्य विषयवस्तुलाई उपन्यासको रूपमा ढाल्न सफल थापाले आफ्नो जन्म स्थानबाट नै उपन्यासको कथावस्तुलाई टपक्क टिपेका छन् । नेपालको दुर्गम पहाडी जनजीवनको झलक पहिलो उपन्यासबाट चौथो उपन्याससम्म नैं पाउन सकिन्छ । सबैजसो

उपन्यासमा मध्यपश्चिम नेपालको दुर्गम पहाडी क्षेत्रको जीवनशैलीलाई उठाइएको छ । थापाले उपन्यासमा माओवादी युद्धकालको त्रासदीपूर्ण अवस्थाको चित्रण समेत गरेका छन् ।

सामाजिक विषयवस्तुको उपन्यासीकरण, आदर्शोन्मुख यथार्थवादिता, आलोचनात्मक यथार्थवादिता, हार्दिक र स्वच्छन्द प्रेमप्रणय, राष्ट्रवादी, मानवतावादी चिन्तन, वर्गीय सहभागीको प्रयोग, द्वन्द्वात्मकता, यथार्थ र आदर्शको समन्वित प्रस्तुति, परिवेशगत व्यापकता, तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग, पश्चिमेली भाषिका मिश्रित सरल र सुबोध भाषिक विन्यास आदि बखतबहादुर थापाका औपन्यासिक प्रवृत्ति हुन् ।

यो शोधकार्य बखतबहादुर थापाको उपन्यासकारितामा केन्द्रित रहेको छ । उनका औपन्यासिक कृतिहरूका  विविध पक्षलाई केलाएर शोध गर्न चाहनेहरूले निम्नलिखित शीर्षकमा शोधपत्र तयार गर्न सक्नेछन् -

(क) बखतबहादुर थापाका उपन्यासमा पात्रविधान

(ख) बखतबहादुर थापाका उपन्यासमा परिवेशविधान

(ग) बखतबहादुर थापाका उपन्यासमा सामाजिकता

(घ) बखतबहादुर थापाका उपन्यासमा शैलीशिल्प विधान

## सन्दर्भसामग्री

### पुस्तकसूची


थापा, बखतबहादुर, परदेश, काठमाडौँ : मोतीराम थापा, २०५८ ।

……………………, **कुहिरो र काग,** काठमाडौँ : मध्यपश्चिमाञ्चल साहित्य परिषद, २०६१ ।

……………………, **कालचक्र,** काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६४ ।

……………………, **जङ्गे,** काठमाडौँ : ओरिएन्टल पब्लिकेशन, २०७१ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार,** (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६१ ।

बराल, कृष्णहरि र एटम, नेत्र, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास परम्परा,** (चौथो संस्करण.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू,** (चौथो संस्करण), ललितपुर : साझा प्रकाशन, २०६७, ।

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली उपन्यासको इतिहास,** काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, २०६९ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** (पाँचौ संस्करण), ललितपुर : साझा प्रकाशन, २०६८ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन, २०६४ ।


### शोधपत्रसूची


खरेल, लीला, "**बखतबहादुर थापाको जीवनी व्यक्तित्व र कृतित्व**", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, २०७० ।

पोखरेल, सुमित्रा, "**नीलाम्बर पन्थीको उपन्यासकारिता**", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, २०६६ ।

भट्ट, कल्पना, "**हरिभक्त बुढाथोकीको उपन्यासकारिता**", अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, २०६९ ।

## पत्रपत्रिकासूची


आरोहण शिखर, 'कालचक्र, समय', **नेपाली साहित्य नयाँ प्रकाश,** (वर्ष १ अङ्क ३८ २०६५, जेठ २०), पृ-६ ।

कार्की, प्रतिरोध, 'उपन्यासमा नयाँ फड्को', **मधुपर्क,** वर्ष ४२, अङ्क (२०६६, असार १२), पृ-१७ ।

कोइराला, राजेश, 'प्राविधिकको उपन्यास', **कान्तिपुर,** (२०६५, जेठ ४) पृ-६ ।

गिरी, मदुसुदन, 'विकृतिको कोलाज', **कान्तिपुर',** (वर्ष २२, अङ्क १८५, २०७२, भदौ ५) पृ. च ।

गिरी, शीतल, 'एक सार्थक उपन्यास : जङ्गे', **शब्द संयोजन,** (वर्ष १२, अङ्क ६, २०७२, असोज १२) पृ. ५९ ।

घिमिरे, कपिल, 'चलचित्र हेरेजस्तो पुस्तक कालचक्र', **गोरखापत्र,** (२०६५, असोज ११), पृ.ग ।

नगेन्द्र, 'आधुनिक जङ्गे', **राजधानी**, (वर्ष १५, अङ्क १६, २०७१ असार ५), पृ. १० ।

नेपाल, पारस, 'दुःख जति भोग्य सुख त्यति हुन्छ', **कान्तिपुर,** (२०६८, भदौ १), पृ.ख ।

नेपाल, शैलेन्दुप्रसाद, 'सामाजिक क्रान्तिको सूचक', **मधुपर्क,** (वर्ष **४५**, अङ्क ६, २०७२, कार्त्तिक १५), पृ.५४-५५ ।

बराल, सुनिता, 'परदेश भोका परदेशीको कथा', **लुना,** (वर्ष ४, अङ्क ३, (२०७०-२०७१, चैत - बैशाख) पृ.४५ ।

भण्डारी, श्रीष 'विपन्न नेपाली समाजको यथार्थ प्रतिबिम्ब : परदेश', **कान्तिपुर,** (२०५८, मङ्सिर ९) ।

सिलवाल, अशोक, 'प्राविधिक ठगीकाकुरा', **राजधानी दैनिक,** (२०६५, जेठ ४) पृ. ७ ।

सुवेदी, कमल, अनागरिक र सीमान्तकृतको मार्मिक गाथा जङ्गे, **लुना,** (वर्ष ५, अङ्क ३, २०७२, असोज - कार्तिक) पृ. ४९ ।